कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६

# कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६

प्रदेश सरकारबाट स्वीकृत मिति २०७६/०८/२४
पहिलो संशोधन मिति २०७७/१२/११



प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. १, विराटनगर

# कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि-२०७६

प्रदेश सरकारबाट स्वीकृत मिति २०७६/०८/२४

पहिलो संशोधन मिति २०७७/१२/११

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. १, विराटनगर

विषय सूचि

कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६


| | | |
|---|---|---|
| १ | संक्षिप्त नाम र प्रारम्भ | १ |
| २ | परिभाषा | १ |
| ३ | अनुदान उपलब्ध गराउन सक्ने | २ |
| ४ | अनुदानको सूचना र अनुदानग्राहीको छनौट | २ |
| ५ | अनुदान रकमको सीमा | २–३ |
| ६ | अनुदान रकमको निर्धारण | ३ |
| ७ | अनुदानग्राहीसँग सम्झौता गर्नु पर्ने | ३ |
| ८ | पहिलो संशोधनद्वारा हटाईएको | ३ |
| ९ | अनुदान भुक्तानी प्रक्रिया | ३–४ |
| १० | बीमा गर्नु पर्ने | ४ |
| ११ | पहिलो संशोधनद्वारा हटाईएको | ४ |
| १२ | विवरण प्रकाशन गर्नु पर्ने | ४ |
| १३ | असुल उपर गर्नु पर्ने | ५ |
| १४ | संघीय सरकार वा स्थानीय तहमा सञ्चालन हुने कार्यकमः | ५ |
| १५ | सम्झौता बमोजिम सञ्चालन हुनेः | ५ |
| १६ | अनुदानग्राहीले कृषि कर्जा प्राप्त गर्न सक्ने | ५ |
| १७ | निर्देशक समिति | ५–६ |
| १८ | निर्देशक समितिको सचिवालय | ६ |
| १९ | जिल्ला स्तरमा अनुदानग्राही छनौट समिति | ६ |
| २० | अनुदानग्राही छनौट समितिः | ६–७ |
| २१ | अनुगमन तथा मूल्याङ्कन | ७ |
| २२ | प्रतिवेदन | ७ |
| २३ | विवरण प्रकाशन गर्नु पर्नेः | ७ |
| २४ | सेवाग्राहीलाई दिइने सहुलियत उल्लेख गर्नु पर्ने | ८ |
| २५ | दोहोरो सुविधा लिन नपाउने | ८ |
| २६ | अनुदानग्राही जिम्मेवार हुने | ८ |
| २७ | अनुदान प्राप्त गर्ने परियोजना/कार्यक्रम रद्द गर्न सक्ने वा सम्झौता रद्द गर्ने | ८ |
| २८ | अनुदान कार्यक्रमको सूची सार्वजनिक सम्वन्धी | ८ |
| २९ | खारेजी वा संशोधन | ८ |
| ३० | प्रचलित कानून बमोजिम हुने | ८ |
| अनुसूची – १ | | ९–११ |
| अनुसूची - २ | | १२ |
| अनुसूची - ३ | | १३ |
| अनुसूची - ४ | | १४ |
| १ | कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम | १४-१६ |
| २ | प्रोटेक्टेड हर्टिकल्चर प्रबर्द्धन तथा प्रविधि विस्तार कार्यक्रम | १६-२१ |
| ३ | चियाखेती प्रवर्धन तथा आधुनिकिरणकार्यक्रम | २१-२५ |
| ४ | शित भण्डार घर निर्माण कार्यक्रम | २५-२७ |

| | | |
|---|---|---|
| ५ | एग्रीमार्ट स्थापना कार्यक्रम................................................................................ | २८–३१ |
| ६ | एक हेक्टर भन्दा बढि क्षेत्रफलमा किवीफल खेती विस्तारका लागि प्रस्तावनामा आधारित अनुदान कार्यक्रम................................................................................ | ३१–३३ |
| ७ | वगर खेती कार्यक्रम................................................................................ | ३३–३४ |
| ८ | स्क्रिन हाउस निर्माण कार्यक्रम................................................................................ | ३५–३७ |
| ९ | सुन्तलाजात वगैंचा व्यवस्थापन एवं सुदृढिकरण कार्यक्रम........................................ | ३७–३८ |
| १० | व्यवसायिक फलफुल वगैचा स्थापना सहयोग कार्यक्रम............................................ | ३८–४१ |
| ११ | नमूना कृषि फार्म स्थापना तथा संचालन कार्यक्रम.................................................. | ४२–४७ |
| १२ | आलु भण्डारणको लागि रष्टिक स्टोरनिर्माण कार्यक्रम............................................ | ४७–४९ |
| १३ | खेर गएका सार्वजनिक जग्गामा फलफूल खेती प्रवर्द्धन कार्यक्रम................................ | ४९–५२ |
| १४ | कागती खेती प्रवर्द्धन कार्यक्रम................................................................................ | ५३–५५ |
| १५ | किवी खेती प्रवर्द्धन कार्यक्रम................................................................................ | ५५–५८ |
| १६ | कफी खेती विस्तार कार्यक्रम................................................................................ | ५८–६१ |
| १७ | व्यवसायिक बीज वृद्धि प्रवर्द्धन तथा बीउ विजन आत्मनिर्भर कार्यक्रम......................... | ६१–६६ |
| १८ | सामुदायिक कृषि यान्त्रिकरण सेवा केन्द्र (Custom Hiring Centre) स्थापना तथा सञ्चालन कार्यक्रम................................................................................ | ६६–६९ |
| १९ | कृषि बजार तथा संकलन केन्द्र निर्माण कार्यक्रम.................................................. | ७०–७३ |
| २० | नगद प्रोत्साहनमा आधारित हिउँदे मकै खेती क्षेत्र विस्तार कार्यक्रम.......................... | ७४–७५ |
| २१ | सघन वाली विकास कार्यक्रम................................................................................ | ७६–८२ |
| २२ | उन्नत वीउ विजन तथा उत्पादन सामाग्रीमा सहयोग कार्यक्रम.................................. | ८२–८४ |
| २३ | चैते धान विशेष सहयोग कार्यक्रम........................................................................ | ८४–८५ |
| २४ | कमर्सियल एग्रीकल्चर एलायन्स (सि.ए.ए.) मार्फत संचालन हुने व्यवसायिक कृषि विकास कार्यक्रम................................................................................ | ८६–८९ |
| २५ | स्रोत केन्द्र (च्याउ र मौरी ) विकास कार्यक्रम...................................................... | ९०–९४ |
| २६ | चक्लाबन्दी खेती प्रवर्द्धन कार्यक्रम........................................................................ | ९४–९७ |
| २७ | अभियानमूखी अदुवा उत्पादन प्रवर्द्धन कार्यक्रम.................................................... | ९७–९९ |
| २८ | परिक्षण मिनिल्याब स्थापना तथा सुढृढिकरण कार्यक्रम............................................ | ९९–१०२ |
| २९ | अलैंची खेती कार्यक्रम................................................................................ | १०२–११२ |
| ३० | कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यक्रम...................................................... | ११२–११८ |
| ३१ | बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रम................................................ | ११८–१२४ |
| ३२ | मिल्किङ्ग मेशिन वितरण कार्यक्रम........................................................................ | १२४–१२६ |
| ३३ | खसीबोका संकलन केन्द्र निर्माण/सुधार कार्यक्रम.................................................. | १२६–१२९ |
| ३४ | मिटमार्ट स्थापना कार्यक्रम................................................................................ | १२९–१३१ |
| ३५ | मासु चिस्यान घर (कोल्ड रुम) स्थापना कार्यक्रम.................................................. | १३२–१३३ |
| ३६ | पशुजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरण कार्यक्रम................................ | १३३–१३६ |
| ३७ | पशु बधशालानिर्माण तथा सुधारकार्यक्रम.............................................................. | १३६–१३८ |
| ३८ | पशु बधस्थल निर्माण तथा सुधार कार्यक्रम............................................................ | १३८–१४० |
| ३९ | साईलेज प्रविधिमा अनुदान सहयोग कार्यक्रम........................................................ | १४०–१४२ |
| ४० | साना डेरी प्रशोधन केन्द्र स्थापना कार्यक्रम.......................................................... | १४२–१४४ |
| ४१ | पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थ ढुवानी साधन खरिद कार्यक्रम.......................... | १४४–१४५ |

| | | |
|---|---|---|
| ४२ | मत्स्य ह्याचरी निर्माण एवं व्यवस्थापन कार्यक्रम................................................ | १४५-१४७ |
| ४३ | मत्स्य नर्सरीनिर्माण तथा व्यवस्थापन कार्यक्रम.................................................. | १४७-१४८ |
| ४४ | मत्स्य उत्पादन कार्यक्रम........................................................................ | १४९-१५० |
| ४५ | मत्स्य यान्त्रीकरण कार्यक्रम..................................................................... | १५०-१५२ |
| ४६ | पशु हाटवजार निर्माण/सुधार कार्यक्रम.......................................................... | १५२-१५४ |
| ४७ | बाखा श्रोत केन्द्र स्थापना कार्यक्रम............................................................ | १५४-१५९ |
| ४८ | मिल्क एनालाईजर वितरण कार्यक्रम............................................................. | १६०-१६१ |
| ४९ | व्यवसायिक बंगुर फार्म खोर निर्माण/सुधार जैविक सुरक्षा कार्यक्रम........................ | १६१-१६२ |
| ५० | व्यवसायिक गाईभैसी फार्महरुलाई गोठ निर्माण/सुदृढीकरण तथा जैविक सुरक्षा कार्यक्रम.. | १६२-१६३ |
| ५१ | व्यवसायिक बाखा फार्महरुलाई खोर निर्माण/सुधार तथा जैविक सुरक्षा कार्यक्रम........... | १६३ |
| ५२ | अण्डा उत्पादन गर्ने व्यवसायिक कुखुरा फार्महरुलाई जैविक सुरक्षा तथा खोर निर्माण / सुधार कार्यक्रम.......................................................................................... | १६३-१६४ |
| ५३ | मोटर सहितको च्याफकटर मेशिन वितरण........................................................ | १६४ |
| ५४ | मासु पसल निर्माण/सुधार......................................................................... | १६४-१६५ |
| ५५ | डेरी पसल निर्माण/सुधार.......................................................................... | १६५ |
| ५६ | व्यवसायिक बाखा फार्महरुमा डिपिङ्ग ट्याङ्कनिर्माण कार्यक्रम.................................. | १६६ |
| ५७ | सामुदायीक वन तथा खेर गएको जग्गामा घाँस खेति विकास कार्यक्रम.......................... | १६६-१६७ |
| ५८ | उन्नत घाँस खेतिको आधारमा अनुदान कार्यक्रम................................................... | १६७ |
| ५९ | साईलेज घाँस प्रयोजनको लागि मकै घाँस खेतिमा अनुदान कार्यक्रम.......................... | १६७ |
| ६० | व्यवसायीक बंगुर प्रवर्द्धन प्रादेशिक अभियान कार्यक्रम........................................... | १६७-१७० |
| ६१ | हुलाकी मार्ग लक्षित दुग्ध उत्पादन तथा बजारिकरण प्रबर्द्धन कार्यक्रम........................ | १७०-१७३ |
| ६२ | मासु बजार व्यवस्थापन कार्यक्रम................................................................ | १७३-१७५ |
| ६३ | मिल्किङ्ग पार्लर स्थापना तथा संचालन कार्यक्रम.................................................. | १७५-१७७ |
| ६४ | टि.एम.आर. मेशिन अनुदानमा वितरण कार्यक्रम................................................... | १७७-१७८ |
| ६५ | गाई/भैंसी श्रोत केन्द्र विकास कार्यक्रम......................................................... | १७८-१८० |
| ६६ | चिलिङ्ग भ्याट स्थापना कार्यक्रम................................................................... | १८०-१८२ |
| ६७ | ग्रामिण कुखुराको ह्याचरीस्थापना कार्यक्रम...................................................... | १८२-१८३ |
| ६८ | अण्डामा आत्मनिर्भर तथा परिवारीक स्तरमा पोषण सुरक्षाको लागि ग्रामिण कुखुरा प्रवर्द्धन कार्यक्रम.................................................................................................. | १८३-१८५ |
| ६९ | उच्च पहाडी क्षेत्र पशु विकास कार्यक्रम......................................................... | १८५-१८९ |
| ७० | मकै उत्पादकत्व अभिवृद्धि कार्यक्रम............................................................ | १८९-१९० |
| ७१ | रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम......................................................... | १९०-१९१ |
| ७२ | विश्वविद्यालय, अध्ययन संस्थान र कलेजहरुको समन्वयमा कृषि प्रसार कार्यक्रम............ | १९१-१९३ |
| ७३ | बीउ उत्पादन, प्रशोधन तथा भण्डारण सहयोग.................................................. | १९३-१९४ |
| ७४ | हुलाकी राजमार्ग तथा मुख्य राजमार्ग लक्षित ताजा तरकारी उत्पादन कार्यक्रम.............. | १९५-१९६ |
| ७५ | युवा लक्षित कृषि विकास कार्यक्रम............................................................. | १९६-१९८ |
| ७६ | प्राङ्गारिक मल उत्पादन सहयोग कार्यक्रम भर्मिकम्पोष्ट......................................... | १९८-१९९ |
| ७७ | प्राङ्गारिक कृषि प्रवर्द्धन अभियान कार्यक्रम..................................................... | १९९-२०९ |
| ७८ | महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम................................ | २०९-२१० |
| ७९ | नमूना (Model) व्यवसायिक पशुपालन फार्म कार्यक्रम.......................................... | २१०-२१२ |

| | | |
|---|---|---|
| ८० | हुलाकी मार्ग लक्षित बाखापालन कार्यक्रम........................................................... | २१२-२१४ |
| ८१ | युवा लक्षित पशु विकाश कार्यक्रम.................................................................. | २१५-२१७ |
| ८२ | साझेदारीमा कृषि तथा पशुपन्छी पूर्वाधार विकास कार्यक्रम..................................... | २१७-२२३ |
| ८३ | सक्रिय कृषि/पशु सहकारी संस्था,समिति र अन्य संस्थाहरु संग सहकार्यमा व्यवसायीक पशुपालन.............................................................................................. | २२४-२२८ |
| ८४ | बाखाको बृहत्तर पकेट कार्यक्रम...................................................................... | २२८-२४२ |
| ८५ | एक पालिका एक नर्सरी स्थापना सहयोग कार्यक्रम.............................................. | २४३-२४५ |
| ८६ | एकिकृत कृषि सिकाइ केन्द्र (Integrated Agriculture Learning Centre ) संचालन कार्यक्रम.............................................................................................. | २४५-२४८ |
| ८७ | ग्रामिण कृषि कार्यकर्ता परिचालन कार्यक्रम......................................................... | २४८-२४९ |
| ८८ | वेरोजगार कृषि प्राविधिकलाई व्यवसायिक कृषि उद्यम विकासका लागि प्रस्तावनामा आधारित व्यवसायिक कृषि कार्यक्रम................................................................ | २४९-२५१ |
| ८९ | कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यक्रम...................................................... | २५१-२५६ |
| ९० | मागमा आधारित कृषि कार्यक्रम........................................................................ | २५६-२५७ |
| ९१ | नश्ल सुधारका लागि उन्नत माउ माछा खरिदतथा मत्स्य बिज ढुवानी अनुदान कार्यक्रम.... | २५८-२५९ |
| ९२ | वंगुर विकास कार्यक्रम................................................................................ | २५९-२६० |
| ९३ | वातावरण संरक्षण एवं पोषण सुधारका लागि करेसा पोखरी निर्माण कार्यक्रम................ | २६१ |
| ९४ | सहकारी संस्था मार्फत कृत्रिम गर्भाधान प्रवर्द्धन कार्यक्रम......................................... | २६१-२६२ |
| ९५ | द्वन्द पिडित लक्षित कृषि विकास राहत अनुदान कार्यक्रम संचालन............................ | २६३-२६४ |

# कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि,२०७६

प्रदेश सरकारबाट स्वीकृत मिति २०७६/०८/२४
पहिलो संशोधन २०७७/१२/११

**प्रस्तावना:**

प्रदेश सरकारबाट कृषि व्यवसाय प्रवर्द्धनको लागि उपलब्ध गराइने अनुदानलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, दिगो तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले, प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. १ सरकारले यो कार्यविधि बनाएको छ ।

1. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६"** रहेको छ।

   (२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

2. **परिभाषा:** विषय वा प्रसङ्गगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

   (क) **"अनुदान"** भन्नाले प्रदेश सरकारबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि उत्पादन, प्रशोधन, मूल्य अभिबृद्धि, बजारीकरण, विविधिकरण वा कृषिको आधुनिकीकरण र व्यवसायीकरणका लागि कृषकलाई प्रदान गरिने नगद सहुलियत सम्झनु पर्छ ।

   (ख) **"अनुदानग्राही"** भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी, कृषि विकाससँग सम्बन्धित समिति र कृषि व्यवसायी सम्झनु पर्छ ।

   (ग) **"कृषि व्यवसाय"** भन्नाले कृषि, पशुपन्छी, मत्स्य, खाद्यजन्य लगायत उत्पादनलाई व्यवसायीकरण, बजारीकरण, मूल्यअभिवृद्धि एंव औद्योगिकीकरण गर्ने लाई समेत बुझिन्छ।

   (घ) **"कार्यक्रम"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वा अन्तर्गतका निकायबाट सञ्चालन हुने अनुदान प्रवाह सम्बन्धी कार्यक्रम सम्झनु पर्छ ।

   (ङ) **"कार्यालय"** भन्नाले प्रदेश सरकारबाट स्वीकृत कार्यक्रम बमोजिम बजेट खर्च गर्न अख्तियारी प्राप्त निकाय सम्झनु पर्छ ।

   (च) **"निर्देशक समिति"** भन्नाले दफा१७ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ ।

   (छ) 🕮**"बैङ्क"** भन्नाले नेपाल राष्ट्रबैंकबाट मान्यता प्राप्त वाणिज्य बैङ्क सम्झनु पर्छ ।

   (ज) **"छनौट समिति"** भन्नाले दफा १९ र २० बमोजिमको छनौट समिति सम्झनु पर्छ।

   (झ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

   (ञ) **"सचिवालय"** भन्नाले दफा १८ बमोजिमको निर्देशक समितिको सचिवालय सम्झनु पर्छ ।

---

🕮पहिलो संशोधनद्वारा संशोधन गरिएको।

3. **अनुदान उपलब्ध गराउन सक्ने:** प्रदेश सरकारले बार्षिक वजेट तथा स्वीकृत कार्यक्रम बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

4. **अनुदानको सूचना र अनुदानग्राहीको छनौट:**(१) अनुदान सम्बन्धी कार्यक्रम संचालन गर्न सम्बन्धित कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम अनुसार सार्वजनिक रूपमा अधिकतम कृषकहरुसम्म सूचनाको पहुँच पुग्ने गरी आवेदन मागको लागीकम्तीमा १५ दिनको सूचना प्रकाशन प्रसारण गर्नु पर्नेछ।उक्त आवेदन सम्बन्धी सूचनाको आब्हान प्रत्येक आर्थिक बर्षको भाद्र महिना भित्रमा गरिसक्नु पर्नेछ।तर आ.ब. २०७६/०७७ को हकमा पुष मसान्त भित्र गरिसक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त आवेदन छानबिन गरी छनौटका लागि सम्बन्धित कार्यालयले छनौट समितिमा पठाउनु पर्नेछ।छनौट समिति यस कार्यविधिले तोके बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम छनौट समितिले गरेको निर्णय अनुसार कार्यालय प्रमुखले कार्यक्रमहरु कार्यान्वयन गर्नेछ ।

5. **अनुदान रकमको सीमा:** (१) प्रदेश सरकारबाट उपलब्ध गराइने अनुदान रकम कूल लागतको पच्चहत्तर प्रतिशत भन्दा बढी हुने छैन ।

✂(२) ..........................।

📖(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक विपद वा प्रचलित कानूनमा तोकिएको लक्षित समूहका लागि सरकारी संस्था आफैले वा गैह्र सरकारी संघसंस्थाको साझेदारीमा सञ्चालन हुने कार्यक्रमको हकमा यो कार्यविधि लागू हुने छैन।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि लागू हुनु अघि अनुदानग्राहीसँग सम्झौता भई कार्यान्वयनमा रहेका परियोजनाको हकमा त्यस्तो सम्झौता बमोजिम नै अनुदान उपलब्ध गराइनेछ।

✂(५) ..........................।

✂(६) ..........................।

(७) प्रदेश सरकार वा अन्तरगतका निकायबाट पाँच करोड भन्दा बढी अनुदान प्रदान गर्ने भएमा त्यस्ता अनुदान कार्यक्रमहरुमा प्रदेश सरकारको शेयर रहन सक्नेछ ।सो को संचालन प्रक्रिया समेत प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

---

✂ पहिलो संशोधनद्वारा हटाईएको ।

📖 पहिलो संशोधनद्वारा संशोधन गरिएको।

✂ पहिलो संशोधनद्वारा हटाईएको ।

✂ पहिलो संशोधनद्वारा हटाईएको ।

(८) प्रदेशले संचालन गर्ने कार्यक्रममा तीस लाख सम्मको अनुदान कृषि ज्ञान केन्द्र एवं भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट, पचास लाखसम्मको अनुदान कृषि विकास निर्देशनालय एवं पशुपन्छी तथा मत्स्य निर्देशनालयबाट र पचास लाखभन्दा माथिका अनुदान रकम भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट प्रदान गरिने छ। तर आर्थिक वर्ष ०७६/०७७ मा सम्बन्धित कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम अनुसार नै कार्यक्रमहरु संचालन गरिने छ ।

(९) अनुदानमा संचालन हुने कृषि कार्यक्रमहरु विस लाख, पचास लाख र एक करोडभन्दा माथिको लगानीमा कम्तीमा क्रमशः तिन बर्ष, पाँच बर्ष र दश बर्षको व्यवसायको निरन्तरता रहने प्रत्याभूति सम्झौतापत्रमा उल्लेख भएको हुनुपर्नेछ ।

6. **अनुदान रकमको निर्धारण:** कार्यालयले छनौट समितिको सिफारिसमा अनुदानग्राहीलाई उपलब्ध गराउने अनुदान रकम स्वीकृत कार्यक्रम अनुसार निर्धारण गर्नेछ ।

7. **अनुदानग्राहीसँग सम्झौता गर्नु पर्ने:** (१) कार्यालयले अनुदानग्राहीको छनौट र अनुदान रकमको निर्धारण भए पश्चात अनुदानग्राहीसँग सम्झौता गर्नेछ ✂.................................।

(२) उपदफा (१) बमोजिम कार्यालयले अनुदानग्राहीसँग सम्झौता गर्दा अनुदानग्राहीले आफ्नो तर्फबाट लगानी गर्न प्रस्तावित रकम नगदै वा ऋण लिई लगानी गर्ने भए ऋण स्वीकृत भएको वा हुने निश्चित भएको बैङ्कको प्रतिबद्धतापत्र✂..................पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सम्झौतामा अनुदानग्राहीले कार्य शुरु गर्नु पर्ने समय, कार्य सम्पन्न गर्नु पर्ने समय, ...................... आवधिक रूपमा कार्य सम्पन्न गर्नु पर्ने विषय र सो बमोजिम अनुदान उपलब्ध गराइने समय तालिका अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

8. ✂.........................

9. ✂........ **अनुदान भुक्तानी प्रक्रिया:** (१) कार्यालयले अनुदानग्राहीलाई देहाय बमोजिम अनुदान भुक्तानी गर्नेछः-

(क) अनुदानग्राहीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा लगानी अनुपात बमोजिमको अनुदान,

(ख) खण्ड (क) बमोजिम ✂...... भुक्तानी गर्दा बढीमा तीन किस्तामा भुक्तानी गर्ने र पहिलो किस्ता भुक्तानी माग गर्दा कूल लागतको न्यूनतम पच्चीस प्रतिशत कार्य सम्पन्न भएमा,

---

पहिलो संशोधनद्वारा संशोधन गरिएको।

✂पहिलो संशोधनद्वारा हटाईएको ।

✂पहिलो संशोधनद्वारा हटाईएको ।

✂पहिलो संशोधनद्वारा हटाईएको ।

✂पहिलो संशोधनद्वारा हटाईएको ।

पहिलो संशोधनद्वारा संशोधन गरिएको।

✂पहिलो संशोधनद्वारा हटाईएको ।

(ग) अनुदानग्राहीले शतप्रतिशत कार्य सम्पन्न गरेको कार्य प्रगति प्रमाणीकरणका आधारमा कार्यालयसँग सम्झौता भएको अनुदान रकमको बाँकी रकम दोश्रो र तेश्रो किस्ता स्वरुप लगानी अनुपातको आधारमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि लागू हुनु अघि सम्झौता भइसकेको परियोजनाको हकमा सोही बमोजिम हुनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदानग्राहीले चाहेमा शत प्रतिशत कार्य सम्पन्न गरेपश्चात अनुदानको एकमुष्ट रकम भुक्तानी गर्न बाधा पर्ने छैन।

(४) कार्यालयले ✂............ सम्बन्धित अनुदानग्राहीको बैङ्क खातामा अनुदान रकम जम्मा गरिदिनेछ ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदानग्राहीबाट कार्य सम्पन्न प्रतिवेदन ❑र कार्यसम्पन्न भएको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन प्राप्त नभई अनुदान रकमको अन्तिम किस्ता भुक्तानी हुने छैन।

(६) बहुवर्षिय कार्य-योजना/परियोजना एवं कार्यक्रमको हकमा कार्य सम्पन्नको प्रतिवेदन हेरी सालवासाली बजेट तर्जुमा हुने व्यवस्था हुनेछ ।

(७) प्रतिफलको आधारमा दिइने अनुदान रकम समूह, संस्था, सहकारीलाई अधिकतम पचहत्तर प्रतिशत अनुदान दिइने छ ।

10. **बीमा गर्नु पर्ने**: यस कार्यविधिबमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीलेअनुदान प्राप्त गरेको कृषि व्यवसायको बीमा गर्नु पर्नेछ।

11. ✂............................

12. **विवरण प्रकाशन गर्नु पर्ने:** 🕮(१) अनुदानग्राहीलाई अनुदान उपलब्ध गराउने प्रत्येक कार्यालयले अनुदानग्राहीसँग भएको सम्झौताको विवरण कार्यालयको वेबसाइटमा नियमितरूपमा अद्यावधिक गरी प्रकाशन गर्नु पर्नेछ ।

❑(२) कार्यालयले अनुदानग्राही छनौटको विवरण सम्बन्धित स्थानीय तहमा पठाई स्थानीय तहको सूचना पाटीमा सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

13. **असुल उपर गर्नु पर्ने:** 🕮(१) कार्यालयले यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकमको हिनामिना भएमा सम्बन्धित पक्षबाट सरकारी बाँकी सरह प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ ।

---

✂पहिलो संशोधनद्वारा हटाईएको ।

❑ पहिलो संशोधनद्वारा थप गरिएको

✂पहिलो संशोधनद्वारा हटाईएको ।

🕮 पहिलो संशोधनद्वारा संशोधन गरिएको।

❑ पहिलो संशोधनद्वारा थप गरिएको ।

□(२) असूल उपर हुन नसकेमा कार्यालयले सरकारी श्रोतको दुरुपयोगका सम्बन्धमा आवश्यक छानवीनका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

14. **संघीय सरकार वा स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमः** संघीय सरकारवाट सशर्त अनुदान प्राप्त गरी मन्त्रालय र मातहतका निकायवाट सञ्चालन हुने कार्यक्रमहरु संघीय सरकारवाट स्वीकृत कार्यविधि अनुसार नै सञ्चालन हुनेछन।

15. **सम्झौता बमोजिम सञ्चालन हुनेः** यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै दातृ निकायको सहयोगमा सञ्चालित कार्यक्रम वा आयोजनाका क्रियाकलाप संचालन गर्दाप्रदेश सरकार र दातृ निकायबीच भएको सम्झौता वा आयोजना कार्यान्वयन दस्तावेज बमोजिम सञ्चालन गरिनेछ।

16. **अनुदानग्राहीले कृषि कर्जा प्राप्त गर्न सक्नेः** अनुदानग्राहीले चाहेमा आफूले स्वःलगानी गर्नु पर्ने रकम अनुदानको स्वीकृती हुनुपूर्व बैङ्कको प्रचलित नियम बमोजिम कृषि कर्जा प्राप्तिको सुनिश्चितता गर्न सक्नेछन् ।

17. **निर्देशक समितिः** (१) अनुदान प्रवाहको प्रक्रिया सहजीकरण गर्नका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

(क) मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - अध्यक्ष
(ख) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य
(ग) सचिव, प्रदेश योजना आयोग - सदस्य
(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य
(ङ) सचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय - सदस्य
(च) महाशाखा प्रमुखहरु, भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य
(छ) निर्देशक, कृषि विकास निर्देशनालय - सदस्य
(ज) निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय - सदस्य
(झ) प्रतिनिधि, नेपाल राष्ट्र बैङ्क (निर्देशक वा सो सरह) - सदस्य
(ञ) प्रमुख, योजना तथा अनुगमन महाशाखा, भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय-सदस्य सचिव

(२) निर्देशन समितिको बैठकमा आवश्यकता अनुसार बढीमा दुई जना विज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

(३) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) ✂...........................

(ख) ✂...........................

---

📖 पहिलो संशोधनद्वारा संशोधन गरिएको।

□ पहिलो संशोधनद्वारा थप गरिएको ।

✂पहिलो संशोधनद्वारा हटाईएको ।

(ग) अनुदान प्रवाह सम्बन्धमा भए गरेका काम कारबाही अनुगमन तथा मूल्याङ्कन गर्ने।

(घ) 🕮अनुदान निर्धारण र भुक्तानीको प्रक्रियामा थप सहजीकरण गर्न ढाँचा स्वीकृत गरी कार्यालयमार्फत लागू गर्ने।

(ङ) यस कार्यविधिमा संशोधन गर्नु पर्ने भएमा सोको लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय समक्ष सिफारिस गर्ने।

(च) अनुदान उपलब्ध गराउने सम्बन्धमा आइपरेका समस्याको समाधान गर्ने।

(३) निर्देशक समितिको बैठक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) निर्देशक समितिको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) निर्देशक समितिको बैठक सञ्चालन तथा निर्णय सम्बन्धी अन्य व्यवस्था सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

18. <u>निर्देशक समितिको सचिवालयः</u> (१) मन्त्रालयको योजना तथा अनुगमन महाशाखाले निर्देशक समितिको सचिवालयको रुपमा कार्य गर्नेछ ।

(२) सचिवालयले निर्देशक समितिको निर्णय कार्यान्वयन गर्न सहजीकरण गर्नेछ ।

(३) सचिवालयले अनुदान सम्बन्धमा भए गरेका काम कारबाहीको अभिलेख राख्ने कार्य गर्नेछ ।

(४) सचिवालयले यस कार्यविधिमा तोकिएको जिम्मेवारीको अतिरिक्त अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यको सम्पर्क विन्दुको रुपमा समेत काम गर्नेछ ।

19. <u>जिल्ला स्तरमा अनुदानग्राही छनौट समितिः</u> (१) जिल्ला स्तरमा अनुदानग्राहीको छनौट गर्न देहाय बमोजिमको छनौट समितिको गठन गरिनेछः-

(क) प्रमुख, जिल्ला समन्वय समिति - संयोजक

(ख अधिकृत प्रतिनिधि,जिल्ला प्रशासन कार्यालय - सदस्य

(ग) सम्बन्धित कार्यालयको प्रमुख - सदस्य सचिव

(२) छनौट समितिले सम्बन्धित जिल्लाका प्रदेश सभासदस्यलाई र आवश्यकता अनुसार बढीमा दुई जना विज्ञ सदस्य समितिकोबैठकमा आमन्त्रण गर्नु पर्नेछ ।

20. <u>अनुदानग्राही छनौट समितिः</u> (१) मन्त्रालय, कृषि विकास निर्देशनालयर पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयस्तरमा अनुदानग्राहीको छनौट गर्न देहाय बमोजिमको छनौट समिति रहनेछः-

(क) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - अध्यक्ष

(ख) प्रमुख, कृषि विकास निर्देशनालय - सदस्य

---

✂पहिलो संशोधनद्वारा हटाईएको ।

🕮पहिलो संशोधनद्वारा संशोधन गरिएको।

(ग) प्रमुख,पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय - सदस्य

(घ) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) प्रमुख, योजना तथा अनुगमन महाशाखा, भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य

(च) मन्त्रालयको हकमा सम्वन्धित महाशाखा प्रमुख तथा
निर्देशनालयको हकमा सम्वन्धित शाखा प्रमुख - सदस्य सचिव

(२) छनौट समितिले आवश्यकता अनुसार बढीमा दुई जना विषय विज्ञहरुलाई समितिकोबैठकमा आमन्त्रण गर्न सक्नेछ ।

21. <u>अनुगमन तथा मूल्याङ्कन:</u> यस कार्यविधि बमोजिम संचालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन आवश्यकता अनुसारप्रदेशस्तरका सम्बन्धित मन्त्रालय, प्रदेशसभा सदस्यएवं अन्य सम्बन्धित निकायबाट हुनेछ।

22. <u>प्रतिवेदन:</u> (१)✂..............................।

(२) कार्यालयले अनुदान दिने सम्बन्धमा सम्पादित कार्यको प्रगति प्रतिवेदन अनुसूची–३ बमोजिमको ढाँचामा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३)✂...................................

23. <u>विवरण प्रकाशन गर्नु पर्ने:</u> मन्त्रालयले अनुदानग्राहीको नाम सहितको विवरण आफ्नो वेबसाइट मार्फत प्रकाशन गर्नु पर्नेछ ।

📖२३क. <u>गुनासो व्यवस्थापन:</u> (१) अनुदानग्राहीले अनुदान प्राप्तिका सम्बन्धमा कुनै गुनासो भएमा सो अनुदान उपलब्ध गराउने सम्बन्धित कार्यालय प्रमुख समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदानग्राहीबाट कुनै गुनासो प्राप्त भएमा सम्बन्धित कार्यालय प्रमुखले त्यस्तो गुनासो प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निरुपण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम भएको गुनासोको निरुपण उपर चित्त नबुझेमा अनुदानग्राहीले सचिवालय मार्फत निर्देशक समितिमा पुनरावलोकनको निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम परेको निवेदन उपर निर्देशक समितिले पुनरावलोकनले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो गुनासोको अन्तिम किनारा लगाउनेछ ।

24. <u>सेवाग्राहीलाई दिइने सहुलियत उल्लेख गर्नु पर्ने:</u> यस कार्यविधि बमोजिम अनुदान प्राप्त गरी सेवा प्रवाह गर्ने अनुदानग्राहीले सम्बन्धीत सेवामा सेवाग्राहीलाई सहुलियत दरमा सेवा प्रवाह गर्ने व्यवस्था सम्झौताका शर्तमा नै उल्लेख गरी लागू गर्नु पर्नेछ।

---

✂पहिलो संशोधनद्वारा हटाईएको ।

✂पहिलो संशोधनद्वारा हटाईएको ।

📖 पहिलो संशोधनद्वारा संशोधन गरिएको।

25. **<u>दोहोरो सुविधा लिन नपाउने</u>**ःअनुदानग्राहीले एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन। एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गरेको देखिएमा३ बर्ष सम्म उही प्रकृतिका र अन्य अनुदान समेतप्रदान गरिने छैन ।

26. **<u>अनुदानग्राही जिम्मेवार हुने:</u>** कुनै विशेष कारणवश वा काबू बाहिरको परिस्थिति परी सम्झौता अनुरुप तोकिएको समयसिमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ ।

27. **<u>अनुदान प्राप्त गर्ने परियोजना/कार्यक्रम रद्द गर्न सक्ने वा सम्झौता रद्द गर्नेः</u>** कुनै कारणवस प्रचलित ऐन कानुन विरुद्ध भएमा वा सम्झौता बमोजिम कार्यान्वयन नभएमा वा कारणवस छनौट समिति वा निर्देशक समितिले कार्यक्रम अगाडी बढाउन उपयुक्त नदेखेमा पूर्व जानकारी दिई सम्झौता रद्द गर्ने वा अनुदानको रकम पुरा भुक्तानी नदिन सक्ने सम्मको कारबाही हुनेछ ।

28. **<u>अनुदान कार्यक्रमको सूची सार्वजनिक सम्वन्धीः</u>**वार्षिक स्वीकृत कार्यक्रम अनुसार मन्त्रालय र मातहत निकायबाट संचालन गर्ने अनुदानका कार्यक्रमको सूची अनुसुची-१ बमोजिम सम्वन्धित निकायले सार्वजनिक गर्नुपर्ने छ ।

29. **<u>खारेजी वा संशोधनः</u>** (१) यो कार्यविधि स्वीकृत गर्नु भन्दा अघि प्रदेश सरकारबाट कृषि अनुदान सम्बन्धि कार्यक्रमहरु संचालन गर्न स्वीकृत भएका कृषि अनुदान सम्बन्धी कार्यविधि र निर्देशिकाहरुमा उल्लेखित छनौट एवं मूल्याङ्कनका आधारको परिमार्जन एवं संशोधन तथा आ.ब. २०७६/७७ वाट संचालन गरिने कार्यक्रमहरुकोछनौट एवं मूल्याङ्कनका आधारहरु अनुसूची–४ बमोजिम हुनेछ ।

30. 🕮**<u>प्रचलित कानून बमोजिम हुनेः</u>** प्रचलित कानूनको सर्वमान्य सिद्धान्तको प्रतिकुल नहुने गरी यस कार्यविधिमा उल्लेख भएका कुराको हकमा यसै कार्यविधि बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

---

🕮 पहिलो संशोधनद्वारा संशोधन गरिएको।

अनुसूची -१

(दफा २ को खण्ड (ग) सँग सम्बन्धित)

## अनुदान रकम उपलब्ध हुने कार्यक्रमहरु

| क.सं. | कार्यक्रम |
|---|---|
| १ | कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम |
| २ | प्रोटेक्टेड हर्टिकल्चर प्रबर्द्धन तथा प्रविधि विस्तार कार्यक्रम |
| ३ | चियाखेती प्रवर्धन तथा आधुनिकिरणकार्यक्रम |
| ४ | शित भण्डार घर निर्माण कार्यक्रम |
| ५ | एग्रीमार्ट स्थापना कार्यक्रम |
| ६ | एक हेक्टर भन्दा बढि क्षेत्रफलमा किवीफल खेती विस्तारका लागि प्रस्तावनामा आधारित अनुदान कार्यक्रम |
| ७ | वगर खेती कार्यक्रम |
| ८ | स्क्रिन हाउस निर्माण कार्यक्रम |
| ९ | सुन्तलाजात वगैंचा व्यवस्थापन एवं सुदृढिकरण कार्यक्रम |
| १० | व्यवसायिक फलफुल वगैचा स्थापना सहयोग कार्यक्रम |
| ११ | नमूना कृषि फार्म स्थापना तथा संचालन कार्यक्रम |
| १२ | आलु भण्डारणको लागि रष्टिक स्टोरनिर्माण कार्यक्रम |
| १३ | खेर गएका सार्वजनिक जग्गामा फलफूल खेती प्रवर्द्धन कार्यक्रम |
| १४ | कागती खेती प्रवर्द्धन कार्यक्रम |
| १५ | किवी खेती प्रवर्द्धन कार्यक्रम |
| १६ | कफी खेती विस्तार कार्यक्रम |
| १७ | व्यवसायिक बीज वृद्धि प्रवर्द्धन तथा बीउ विजन आत्मनिर्भर कार्यक्रम |
| १८ | सामुदायिक कृषि यान्त्रिकरण सेवा केन्द्र (Custom Hiring Centre) स्थापना तथा सञ्चालन कार्यक्रम |
| १९ | कृषि बजार तथा संकलन केन्द्र निर्माण कार्यक्रम |
| २० | नगद प्रोत्साहनमा आधारित हिउँदे मकै खेती क्षेत्र विस्तार कार्यक्रम |
| २१ | सघन वाली विकास कार्यक्रम |
| २२ | उन्नत वीउ विजन तथा उत्पादन सामाग्रीमा सहयोग कार्यक्रम |
| २३ | चैते धान विशेष सहयोग कार्यक्रम |
| २४ | कमर्सियल एग्रीकल्चर एलायन्स (सि.ए.ए.) मार्फत संचालन हुने व्यवसायिक कृषि विकासकार्यक्रम |
| २५ | स्रोत केन्द्र (च्याउ र मौरी ) विकास कार्यक्रम |
| २६ | चक्लाबन्दी खेती प्रवर्द्धन कार्यक्रम |
| २७ | अभियानमूखी अदुवा उत्पादन प्रवर्द्धन कार्यक्रम |
| २८ | परिक्षण मिनिल्याब स्थापना तथा सुदृढिकरण कार्यक्रम |
| २९ | अलैंची खेती कार्यक्रम |
| ३० | कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यक्रम |
| ३१ | बंगुर तथा बाखाको दाना उद्योग स्थापना कार्यक्रम |

| क.सं. | कार्यक्रम |
|---|---|
| ३२ | मिल्किङ्ग मेशिन वितरण कार्यक्रम |
| ३३ | खसीबोका संकलन केन्द्र निर्माण/सुधार कार्यक्रम |
| ३४ | मिटमार्ट स्थापना कार्यक्रम |
| ३५ | मासु चिस्यान घर (कोल्ड रुम) स्थापना कार्यक्रम |
| ३६ | पशुजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरण कार्यक्रम |
| ३७ | पशु बधशालानिर्माण तथा सुधारकार्यक्रम |
| ३८ | पशु बधस्थल निर्माण तथा सुधार कार्यक्रम |
| ३९ | साईलेज प्रविधिमा अनुदान सहयोग कार्यक्रम |
| ४० | साना डेरी प्रशोधन केन्द्र स्थापना कार्यक्रम |
| ४१ | पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थ ढुवानी साधन खरिद कार्यक्रम |
| ४२ | मत्स्य ह्याचरी निर्माण एवं व्यवस्थापन कार्यक्रम |
| ४३ | नर्सरी पोखरी निर्माण कार्यक्रम |
| ४४ | मत्स्य उत्पादन कार्यक्रम |
| ४५ | मत्स्य यान्त्रीकरण कार्यक्रम |
| ४६ | पशु हाटवजार निर्माण/सुधार कार्यक्रम |
| ४७ | बाखा श्रोत केन्द्र स्थापना कार्यक्रम |
| ४८ | मिल्क एनालाईजर वितरण कार्यक्रम |
| ४९ | व्यवसायिक बंगुर फार्म खोर निर्माण/सुधार जैविक सुरक्षा कार्यक्रम |
| ५० | व्यवसायिक गाईभैसी फार्महरुलाई गोठ निर्माण/सुदृढीकरण तथा जैविक सुरक्षा कार्यक्रम |
| ५१ | व्यवसायिक बाखा फार्महरुलाई खोर निर्माण/सुधार तथा जैविक सुरक्षा कार्यक्रम |
| ५२ | अण्डा उत्पादन गर्ने व्यवसायिक कुखुरा फार्महरुलाई जैविक सुरक्षा तथा खोर निर्माण/सुधार कार्यक्रम |
| ५३ | मोटर सहितको च्याफकटर मेशिन वितरण |
| ५४ | मासु पसल निर्माण/सुधार |
| ५५ | डेरी पसल निर्माण/सुधार |
| ५६ | व्यवसायिक बाखा फार्महरुमा डिपिङ्ग ट्याङ्कनिर्माण कार्यक्रम |
| ५७ | सामुदायीक वन तथा खेर गएको जग्गामा घाँस खेति विकास कार्यक्रम |
| ५८ | उन्नत घाँस खेतिको आधारमा अनुदान कार्यक्रम |
| ५९ | साईलेज घाँस प्रयोजनको लागि मकै घाँस खेतिमा अनुदान कार्यक्रम |
| ६० | व्यवसायीक बंगुर प्रवर्द्धन प्रादेशिक अभियान कार्यक्रम |
| ६१ | हुलाकी मार्ग लक्षित दुग्ध उत्पादन तथा बजारिकरण प्रबर्द्धन कार्यक्रम |
| ६२ | मासु बजार व्यवस्थापन कार्यक्रम |
| ६३ | मिल्किङ्ग पार्लर स्थापना तथा संचालन कार्यक्रम |
| ६४ | टि.एम.आर. मेशिन अनुदानमा वितरण कार्यक्रम |
| ६५ | गाई/भैंसी श्रोत केन्द्र विकास कार्यक्रम |
| ६६ | चिलिङ्ग भ्याट स्थापना कार्यक्रम |
| ६७ | ग्रामिण कुखुराको ह्याचरीस्थापना कार्यक्रम |

| क.सं. | कार्यक्रम |
|---|---|
| ६८ | अण्डामा आत्मनिर्भर तथा परिवारीक स्तरमा पोषण सुरक्षाको लागि ग्रामिण कुखुरा प्रवर्द्धन कार्यक्रम |
| ६९ | उच्च पहाडी क्षेत्र पशु विकास कार्यक्रम |
| ७० | मकै उत्पादकत्व अभिवृद्धि कार्यक्रम |
| ७१ | रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम |
| ७२ | विश्वविद्यालय, अध्ययन संस्थान र कलेजहरुको समन्वयमा कृषि प्रसार कार्यक्रम |
| ७३ | बीउ उत्पादन, प्रशोधन तथा भण्डारण सहयोग |
| ७४ | हुलाकी राजमार्ग तथा मुख्य राजमार्ग लक्षित ताजा तरकारी उत्पादन कार्यक्रम |
| ७५ | युवा लक्षित कृषि विकास कार्यक्रम |
| ७६ | प्राङ्गारिक मल उत्पादन सहयोग कार्यक्रम भर्मिकम्पोष्ट |
| ७७ | प्राङ्गारिक कृषि प्रवर्द्धन अभियान कार्यक्रम |
| ७८ | महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम |
| ७९ | नमूना (Model) व्यवसायिक पशुपालन फार्म कार्यक्रम |
| ८० | हुलाकी मार्ग लक्षित बाख्रापालन कार्यक्रम |
| ८१ | युवा लक्षित पशु विकाश कार्यक्रम |
| ८२ | साझेदारीमा कृषि तथा पशुपन्छी पूर्वाधार विकास कार्यक्रम |
| ८३ | सक्रिय कृषि/पशु सहकारी संस्था,समिति र अन्य संस्थाहरु संग सहकार्यमा व्यवसायीक पशुपालन |
| ८४ | बाख्राको बृहत्तर पकेट कार्यक्रम |

## अनुसूची-२

✂.............................................

✂पहिलो संशोधनद्वारा हटाईएको ।

अनुसूची - ३

(दफा २२ को उपदफा (२) सँग सम्बन्धित)

**कार्यालयले पेश गर्ने चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदनको ढाँचा**

आर्थिक बर्ष:

| क्रम संख्या | बजेट उपशीर्षक नम्बर | कार्यक्रम | जिल्ला | अनुदानग्राहीको नाम | अनुदानग्राहीको फर्म वा कम्पनीको नाम र ठेगाना | कार्यालयबाट जम्मा भएको अग्रिम निकासा रकम रु. | बैङ्कबाट अनुदानग्राहीलाई भुक्तान भएको रकम रु. | बैङ्कबाट फिर्ता दाखिला भएको अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसुची ४

(दफा २९ को उपदफा (१) सँग सम्बन्धित)

## १. कार्यक्रमको नाम : कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम आवश्यक योग्यता

(क) आवेदक कानून बमोजिम दर्ता भईस्थायी लेखा नंम्वर लिएको हुनु पर्नेछ।

(ख) निजी क्षेत्रबाट संचालित कृषि पर्यटन केन्द्रले आवेदन दिदा निजको नेतृत्वमा कम्तीमा १० घरधुरी लाई पनि अनिवार्य समेटेर प्रस्ताव तयार गर्नु पर्ने छ।

(ग) होमस्टे संचालन समिती / व्यवस्थापन समिती हरु वा कृषि पर्यटन प्रवर्द्धन समिती / व्यवस्थापन समिती वा कृषि पर्यटन केन्द्र यो कार्यक्रम कार्यान्वयन हुने क्षेत्रमा कानूनत दर्ता भई कार्यरत नरहेको अवस्थामा सुचना प्रवाह अनुसार पनि दर्ता गरी आवेदन दिन सक्नेछन।

(घ) आवेदकले लेखापरिक्षण/ करचुक्ता एबं नविकरण पुरा नियमित गरेको हुनु पर्नेछ ।

(ङ) होमस्टे संचालनसमिती / व्यवस्थापन समितीहरुवा कृषि पर्यटन प्रवर्द्धन समिती / व्यवस्थापन समिती वा कृषि पर्यटन केन्द्रले कृषि पर्यटन प्रवर्द्धनका लागि उक्त क्षेत्रमा सचिवालयको रुपमा व्यवस्थापकिय युनिटका रुपमा पनि कार्य गर्नु पर्ने छ भने आवद्ध घर धुरी हरुमा व्यवस्थित कृषि पर्यटन प्रवर्द्धनका लागी तिनको परिचालन नियमन अनुगमन तथा समन्वयन गर्नु पर्ने छ।

(च) आबेदकले निवेदनका साथ आफ्नो निर्माण कार्यको प्राविधिक स्टिमेट, लेआउट पेश गर्नु पर्नेछ।

**ब्यवसायिक योजना ढाँचाः** सम्बन्धित कार्यालयले तोके अनुसार

**ब्यवसायिक योजना मूल्याङ्कनका आधारहरु**

**१. कृषि पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम संचालनका प्राकृतिक सून्दरता तथा अन्य श्रोत (सिँचाई,जमिन,कृषक) को उपलब्धता (अंक १०)**

क) प्राकृतिक रुपमा सून्दर , उपयुक्त तथा अन्य श्रोतहरुको प्रचुर उपलब्धता ( अंक १०)

ख) प्राकृतिक रुपमा सून्दर , उपयुक्त तथा अन्य श्रोतहरुको न्यून उपलब्धता ( अंक ५)

ग) प्राकृतिक सून्दरताको कमि तथा जलश्रोतहरुको न्यून उपलब्धता ( अंक ०)

**२. भौतिक सुविधाको ( सडक, विजुली ,टेलिफोन, खानेपानी आदी) अवस्था (अंक १५)**

क) सबै आधारभूत भौतिक सुविधा उपलब्ध(१५)

ख) अपर्याप्त भौतिक सुविधा (१०)

ग) आधारभूत भौतिक सुविधा उपलब्ध नभएको (०)

**३. पर्यटकीय हिसाबले स्थलगत उपयक्तता ( अंक १५)**

क) पर्यटक आगमन भईरहेको स्थल (अंक १५)

ख) भविष्यमा पर्यटक आउन सक्ने (१०)

ग)  भविष्यमा पनि पर्यटक आउन सक्ने  सम्भावना नदेखिएको (०)

४. **आवेदक को अनुभव तथा व्यवस्थापन (२०)**

क)  पहिले देखि होमस्टे/कृषि पर्यटन लगायत अन्य पर्यटन व्यवसाय संचालन गरेको {सामुहिक} (अंक २०)

ख)  पहिले देखि होमस्टे / कृषि पर्यटन लगायत अन्य पर्यटन व्यवसाय संचालन नगरेको तर होटल रेस्टुरेन्ट संचालक { निजी }(अंक १५)

ग)  पहिले केहि पनि अनुभव नभएको (अंक १०)

५. **आवेदकले व्यहोर्ने आर्थिक श्रोतको सूनिश्चिता (अंक १५)**

क)  व्यहोर्न सक्ने श्रोत खुलेको (अंक १५)

ख)  व्यहोर्न सक्ने सम्भावना देखिएको (अंक १०)

ग)  व्यहोर्न सक्ने सम्भावना नदेखिएको (अंक ०)

६. **प्रस्तावित नविन एवंम प्रभावकारी क्रियाकलापहरु (२५ अंक)**

क)  धेरै नविन एवंम प्रवाभकारी (२५ अंक)

ख)  सामान्य नविन एवंम प्रवाभकारी (१५ अंक)

ग)  नविन एवंम प्रवाभकारी नदेखिएको (० अंक)

**स्थलगत प्रमाणिकरण मूल्याङ्कन फारम**

| क.सं. | मूल्याङ्कनका सूचकहरु | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | **भौतिक क्षमता** | ३० | |
| १.१ | आवेदकको पृष्ठभूमि र प्रस्तावित कार्यक्रम बिच तालमेल भए/ नभएको | ६ | |
| १.२ | भविष्यमा कार्यक्रम विस्तारका लागि संभावना छ/छैन | ६ | |
| १.३ | व्यवसाय अनुसार पूर्वाधारहरुको व्यवस्था (जग्गा तथा भवन आदि) | ६ | |
| १.४ | कार्यक्रम कार्यान्वयन स्थलमा स्थानीय बालि उत्पादन भए/नभएको | ६ | |
| १.५ | भौगोलिक उपयुक्तता | ६ | |
| २ | **प्राविधिक क्षमता** | १० | |
| २.१ | प्रस्तावित कार्यक्रमसंग मेल खाने कृयाकलापमा हाल संलग्नता छ/छैन | ५ | |
| २.३ | आवेदक सम्बन्धित विषयको तालिम/कामको अनुभव प्राप्त छ/छैन | ५ | |
| ३ | **पर्यटक आउने सम्भावना भए/ नभएको** | ५ | |
| ४ | **वित्तिय क्षमता** | ३० | |
| ४.१ | (मौजुदा पुँजि, लक्षित वर्गवाट हुने लगानी सहभागिता, प्रस्तावकले अन्य | २० | |

| क्र.सं. | मूल्याङ्कनका सूचकहरु | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| | निकायवाट जुटाउन सक्ने लगानी आदि) | | |
| ४.२ | प्रस्तावकले लागत साझेदारीको प्रतिवद्धता अनुसारको संभाब्यता | १० | |
| **५** | **संस्थागत क्षमता** | **२५** | |
| **५.१** | संस्थागत/व्यवसायिक कृयाशिलता सन्तोषजनक छ/छैन | ५ | |
| ५.२ | दर्ता/नविकरण/करचुक्ता/अडिट आदि अद्यावधिक छ/छैन | ५ | |
| ५.३ | प्रस्तावित कार्यक्रमको लाभान्वित वर्गसँगको सम्बन्ध | ५ | |
| ५.४ | खानेपानी तथा सरसफाईको अवस्था | १० | |
| | **जम्मा** | १०० | |

कूल पचास अङ्क प्राप्त गर्न सफल प्रस्तावहरुको प्राथमिकिकरण गरिने छ । अन्यथा पचास भन्दा कम अङ्क प्राप्त गरेका प्रस्तावहरु छनौटका लागि समितिमा पेश गरिने छैन ।

**स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्नेः**

**स्थलगत प्रमाणिकरण टोलको रायः**

| क्र.सं. | स्थलगत गर्ने पदाधिकारीहरुको नाम | पद | हुन्छ/हुँदैन | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## २. कार्यक्रमको नाम : प्रोटेक्टेड हर्टिकल्चर प्रबर्द्धन तथा प्रविधि विस्तार कार्यक्रम

**आवश्यक योग्यता**

क) आवेदकले कानुन बमोजिम दर्ता भई स्थायी लेखा नम्वर लिएको हुनुपर्ने छ । साथै नबिकरण गर्नु पर्ने हकमा नबिकरण, लेखा परिक्षण, करचुक्ता, समेत गरेको हुनु पर्नेछ ।

ख) आवेदक कृषि क्षेत्रमा कार्य गर्ने उद्वेश्य सहित सम्बन्धित निकायमा दर्ता भएको हुनु पर्ने छ ।

ग) हाइटेक ग्रीनहाउस, नेचुरल्ली भेण्टिलेटेड, एग्री नेट हाउस तथा जि. आइ. पाइपको प्लाष्टिक घर/टनेलको हकमा आवेदकको आफ्नै स्वामित्वमा पूर्वाधार निर्माण गर्नको लागी प्रयाप्त जमिन भएको वा कम्तीमा पन्ध्र वर्षको लागि प्रयाप्त जमिन लिजमा लिएको हुनु पर्ने छ ।

घ) प्लाष्टिक घर/टनेलको हकमा आवेदकको आफ्नै स्वामित्वमा प्रस्तावित पुर्वाधार निर्माण गर्नको लागी प्रयाप्त जमिन भएको वा कम्तीमा पाँच वर्षको लागि जमिन लिजमा लिएको हुनुपर्ने छ ।

ङ) जमिन लिजमा लिएको प्रमाण अनुमती प्राप्त गरेका कानुन व्यवसायीले प्रचलित कानुन अनुसार तयार गरेको हुनु पर्ने छ र सो अनुसार बाहेक पेश भएका लिज कागजातलाई मान्यता दिइने छैन साथै लिजमा लिएको जमिनको लालपुर्जा अनिवार्य संलग्न राख्नु पर्नेछ ।

च) हाइटेक ग्रीनहाउस, नेचुरल्ली भेण्टिलेटेड ग्रीनहाउस, एग्री नेट हाउस को हकमा भौगोलिक क्षेत्र र वालीको आधारमा उपयुक्त डिजाइन, लेआउट तथा लागत इस्टिमेट (Quotation) पेश गर्नुपर्ने छ। यसका साथै आपुर्तीकर्ताले एक बर्ष सम्म मर्मत सम्भार र प्राविधिक सेवा प्रदान गर्ने प्रतिबद्धता पत्र समेत पेश गर्नु पर्ने छ ।

छ) ग्रीन हाउस र प्लाष्टिक टनेलमा उच्च मुल्ययुक्त तरकारी उत्पादनका लागि आवश्यक जनशक्ती तथा प्राविधिक ज्ञानको व्यवस्था भएको हुनु पर्ने छ ।

ज) ग्रीन हाउस र प्लाष्टिक टनेलमा उच्च मुल्ययुक्त तरकारी उत्पादनका लागि लागत अंश व्यहोर्न सक्ने क्षमता भएको हुनु पर्ने छ र सो को प्रमाण आवेदकको बैक मौज्दातको विवरण वा बैकले लगानी उपलब्ध गराउने प्रतिवद्वता पत्र पेश गर्नु पर्ने छ ।

झ) प्रस्तावित जमिनमा सडक, सिचाई, विजुलीका सुविधाहरुको अवस्था बारे प्रमाण पेश गर्नु पर्नेछ। साथै ग्रीन हाउस र प्लाष्टिक टनेल निर्माण गर्ने प्रस्तावित स्थल (जमिन) को रंगिन फोटो पेश गर्नु पर्ने छ ।

ञ) प्रोटेक्टेड हर्टिकल्चर प्रविधिभन्नाले हाइटेक ग्रिन हाउस, नेचुरल्ली भेण्टीलेटेड ग्रिनहाउस, एग्रीनेट हाउस, प्लाष्टिक घर (जि.आइ.पाइप वा बाँसको) मा सूक्ष्म सिचाइ पूर्वाधार तथा प्लाष्टिक मल्चिङ (छापो) प्रयोग गरी उच्च मुल्ययुक्त तरकारी, मसलावाली तथा तरकारीको बेर्नाको उत्पादन तथा व्यवस्थापनलाइ सम्झनु पर्दछ ।

ट) प्लाष्टिक टनेल/घरभन्नाले जि आइ पाइप वा वास र सिलपोलिन वा UV प्लाष्टिक प्रयोग गरी बनाएको घर वा टनेललाइ सम्झनु पर्दछ ।

ठ) हाइटेक ग्रीन हाउसभन्नाले तापक्रम व्यवस्थापनको अतिरिक्त व्यवस्था सहितको परावैजनी किरण अवरोधक पोलिथिन (UV Stabilized Polythyene film) र जाली (UV Stabilized thermal net) सँगै एग्रि नेट वा इन्सेक्ट नेट ( Agri Net 0r Insect Net) को आवरण Galvanized Iorn वा Aluminium Locking Profile बाट निर्मित घरलाई सम्झनु पर्दछ ।

ड) नेचुरल्ली भेण्टीलेटेड ग्रीन हाउसभन्नाले तापक्रम नियन्त्रणको अतिरिक्त व्यवस्था नभई टप तथा साइड भेण्टीलेशनका माध्यमबाट तापक्रम व्यवस्थापन सहितको परावैजनी किरण पोलिथिन (U.V.Stsbilized Polyethylene film) र जाली (U.V.Stabilized Thermal Net) को आवरण र Galvanizied Iron वा Aluminium Locking Profile बाट निर्मित घरलाई सम्झनु पर्दछ ।

ढ) एग्रिनेट हाउसभन्नाले फ्लयाट ट्रप भई चालिस मेसको टप एग्रीनेट, एल्मुनियम शेड तथा क्रिष्टल साइड नेटको आवरण र Galvanizied Iron Aluminium Locking profile बाट निर्मित घरलाई सम्झनु पर्दछ ।

ण) ग्रीन हाउसभन्नाले हाइटेक ग्रीनहाउस, नेचुरल्ली भेण्टीलेड ग्रीन हाउस तथा एग्रीनेट हाउस सम्झनु पर्दछ ।

त) ग्रीन हाउस र प्लाष्टिक घर निर्माण गरि उच्च मुल्ययुक्त तरकारी उत्पादन गर्नका लागि छनौट भएका आवेदकहरुलाई तपशिलको तालिकामा उल्लेख भए अनुसार अनुदान उपलव्ध गराइने छ

## तपसिल

| विवरण | न्युनतम क्षेत्रफल (व.मि.) | अनुदान दर प्रती वर्ग मिटर (रु.) | अधिकतम अनुदान (रु.) | अधिकतम अनुदान प्रतिशत |
|---|---|---|---|---|
| बासको प्लाष्टिक घर | १५०० | ३६०।- | ५,४०,०००।- | ७५ प्रतिशत |
| जि.आइ.पाइपको प्लाष्टिक घर | १५०० | ५५०।- | ८,२५,०००।- | ७५ प्रतिशत |
| एग्री नेट हाउस | ३९५६ | ८५०।- | ३३,६२,६००।- | ७५ प्रतिशत |
| नेचुरल्ली भेण्टिलेटेड ग्रीनहाउस | १००८ | २०००।- | २०,१६,०००।- | ७५ प्रतिशत |
| हाइटेक ग्रीनहाउस | ५६० | ४२००।- | २३,५२,०००।- | ७५ प्रतिशत |

थ) अनुदान लिनका लागि तालिकामा तोकिएको न्युनतम क्षेत्रफल तथा तालिकामा उल्लेखीत स्पेसिफिकेशन लाई आधार मानी भौगोलिक क्षेत्र र वालीको आधारमा तथा प्राविधिक दृष्टिकोणले उपयुक्त स्पेसिफिकेशन र डिजाइनको आधारमा निर्माण गर्न् पर्ने छ । ग्रीन हाउस र प्लाष्टिक टनेल तालिकामा तोकिएको न्यूनतम क्षेत्रफल भन्दा धेरै क्षेत्रफलको वनाउन सकिने छ । तर अनुदानको सिमा तालिकामा तोकिएको भन्दा वढी हुने छैन भने सम्झौता पश्चात निर्माण गरिएको पुर्वाधारको क्षेत्रफल तोकिएको भन्दा कम पाइएमा प्रति इकाइ अनुदान दर अनुसार अनुदान रकम कट्टी गरिने छ ।

**स्पेशिफिकेशन (साधारणतया)**

१. ग्रीनहाउस

१. हाइटेक ग्रीनहाउस

## तपसिल

**Technical standerds of and pad green house / poly house**

| S.N. | Item | General Specification | | | |
|---|---|---|---|---|---|
| 1 | Size | Area=560m Lenth= Multiplees of meter+.ex.8X2 (Length is along the gable or side along the truss lines) | | | |
| 2 | Shape | Areo Dynamic along all four sides with curvantures shaped hockey pipes of 48.0mm OD GI Pipes with a view to reduce the impact of wind and consequent damage of poly House Structure<br>-Gutter 0rientation- North South and may change according to wind direction.<br>-Pad should be in wind direction and must have covered elevated balocony for shade. | | | |
| 3 | Structure | Hot Dip Galvanized Tubular Structure of BIS standards.<br>Gavanization of the structural members should not be less then 300GSM (Grams per squre meter) . | | | |
| A | Withstand to wind velocity | Structure should withstand to minimum wind velocity of 80.6 miles per /hr or130km/hr or 36 meters per second.<br>Note : in case of high wind velocity areas, structure should withstand wind velocity upto 94 miles per/hr or 150 kms/hr or 42/meter per second. | | | |
| B | Sizes of the structural members | Member name | Outside diameter (mm) | Thickness mm | Wt per meter length kg |
| | | Columns | 76 | 2 | 3.75 |
| | | Top purlins | 48( ridge) | 2 | 2.30 |
| | | Gutter purlins | 42/43(Center) | 2 | 2.10 |
| | | Top arches of the truss | 42 | 2 | 2.10 |
| | | Bottom chord of the truss Horizontal (GI pipes) | 60 | 2 | 2.85 |
| | | Top Chord and trusses members | 48/43 | 2 | 2.30/2.10 |

| S.N. | Item | General Specification | | | |
|---|---|---|---|---|---|
| | | Internal Bracings of the truss- pipe structural members to be fitted in plated nuts bolts snd washers without welding | 33 | 2 | 1.60 |
| | | Corridors/Balconies | 60 | 2 | 2.85 |
| | | Curtain Runner | 42 | 2 | 2.10 |
| | | Flap control pipe | 21 | 2 | 1 |
| | | Curtain shaft | 27 | 2 | 1.30 |
| | | Corss Bracing | 33 | 2 | 1.60 |
| | | Note : welded pipes should not be use of structures erection except bottom | | | |

द) निर्माण हुने हरेक प्लाष्टिक घर तथा ग्रीन हाउसले अनिवार्य रुपमा सुक्ष्म सिचाइ, प्लाष्टिक मल्च तथा इन्सेक्ट नेट प्रयोग गर्नु पर्ने छ ।

ध) हाइटेक ग्रीनहाउस तरकारीको वेर्ना अर्थात नर्सरी व्यवसायका लागि भएकाले प्लाष्टिक ट्रे राख्नको लागि Secondary layers Plastic tray अनिवार्य गर्नु पर्ने छ । सम्झौता गरि Secondary Layer नराख्ने अनुदानग्राहीको सम्झौता अनुसारको रकम बाट प्लाष्टिक ट्रे को रकम कट्टी गरी भुक्तानी गरिने छ ।

**व्यवसायीक योजनाको ढाँचाः** सम्बन्धित कार्यालयले तोके बमोजिम

**स्थलगत प्रमाणिकरण मूल्याङ्कन फारम**

| क्र.सं. | मूल्याङ्कनका सूचकहरु | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | **भौतिक क्षमता** | ३० | |
| १.१ | आवेदकको पृष्ठभूमि र प्रस्तावित कार्यक्रम बिच तालमेल भए/ नभएको | ६ | |
| १.२ | भविष्यमा कार्यक्रम विस्तारका लागि संभावना छ/छैन | ६ | |
| १.३ | व्यवसाय अनुसार पूर्वाधारहरुको व्यवस्था (जग्गा तथा भवन आदि) | ६ | |
| १.४ | कार्यक्रम कार्यान्वयन स्थलमा बाटो, पानी, विजुलीजस्ता पूर्वाधारको व्यवस्था | ६ | |
| १.५ | भौगोलिक उपयुक्तता | ६ | |
| २ | **प्राविधिक क्षमता** | १५ | |
| २.१ | प्रस्तावित कार्यक्रमसंग मेल खाने कृयाकलापमा हाल संलग्नता छ/छैन | ५ | |
| २.२ | आवश्यक प्राविधिक सेवाटेवा प्राप्त हुन सक्ने अवस्था छ/छैन | ५ | |
| २.३ | आवेदक सम्बन्धित विषयको तालिम/कामको अनुभव प्राप्त छ/छैन | ५ | |
| ३ | **वित्तिय क्षमता** | ३० | |
| ३.१ | (मौजुदा पुँजि, लक्षित वर्गवाट हुने लगानी सहभागिता, प्रस्तावकले अन्य निकायवाट जुटाउन सक्ने लगानी आदि) | २० | |
| ३.२ | प्रस्तावकले लागत साझेदारीको प्रतिवद्धता अनुसारको संभाव्यता | १० | |
| ४ | **संस्थागत क्षमता** | २५ | |
| ४.१ | संस्थागत/व्यवसायिक कृयाशिलता सन्तोषजनक छ/छैन | ५ | |

| क्र.सं. | मूल्याङ्कनका सूचकहरु | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| ४.२ | दर्ता/नविकरण/करचुक्ता/अडिट आदि अद्यावधिक छ/छैन | ५ | |
| ४.३ | प्रस्तावित कार्यक्रमको लाभान्वित वर्गसँगको सम्बन्ध | ५ | |
| ४.४ | उत्पादित/भण्डारण गरेको वस्तुको बजारिकरण योजना | १० | |
| **जम्मा** | | १०० | |

कूल पचास अङ्क प्राप्त गर्न सफल प्रस्तावहरुको प्राथमिकिकरण गरिने छ । अन्यथा पचास भन्दा कम अङ्क प्राप्त गरेका प्रस्तावहरु छनौटका लागि समितिमा पेश गरिने छैन ।

**स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्नेः**

**स्थलगत प्रमाणिकरण टोलको रायः**

| क्र.सं. | स्थलगत गर्ने पदाधिकारीहरुको नाम | पद | हुन्छ/हुँदैन | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**व्यवसायीक योजनाको मूल्याङ्कन का आधारहरुः**

| क्र.स. | सूचक | अङ्क |
|---|---|---|
| १ | **प्लाष्टिक घर/नेटहाउस वा ग्रीन हाउस निर्माणको लागि प्रस्तावित जमिनको उपयुक्तता** | २० |
| क | सडक सिचाइकोको श्रोत, बिजुलीको सुविधा भएको तथा प्रस्तावित जमिन प्रस्तावित पूर्वाधार निर्माणका लागि उपयुक्त रहेको | २० |
| ख | बिजुली र सडकको सुविधा तत्काल नभएको तर हुन सक्ने | १० |
| २ | **प्लाष्टिक घर/नेट हाउस वा ग्रीन हाउसको क्षेत्रफल** | २० |
| क | अनुदानको लागि तोकिएको न्युनतम क्षेत्रफल भन्दा शत प्रतिशत वा सो भन्दा बढी | २० |
| ख | अनुदानको लागि तोकिएको न्युनतम क्षेत्रफल भन्दा पचास प्रतिशत वा सव भन्दा  वढी | १५ |
| ग | अनुदानको लागि तोकिएको न्युनतम क्षेत्रफल बरावर वा न्युनतम क्षेत्रफल भन्दा उन्नचास प्रतिशत सम्म वढी | १० |
| ३ | **प्रस्तावकको आर्थिक क्षमताको अवस्था** | १० |
| क | लागत अंश व्यहोर्न सक्षम भएको प्रर्याप्त आधार देखिएको | १० |
| ख | व्यहोर्नु पर्ने लागत अँश व्यहोर्ने तथा प्राविधिक सम्भाव्य देखिएको | ५ |
| ग | व्यहोर्नु पर्ने लागत तथा प्राविधिक क्षमता नदेखिएको | ० |
| ४ | **व्यवसायिक योजना** | २० |
| क | व्यवसायिक दृष्टिले बढी मुनाफाजनक, दिगो  तथा प्रष्ट | २० |

| क.स. | सूचक | अङ्क |
|---|---|---|
| ख | व्यवसायिक दृष्टिले बढी कम मुनाफामूलक तथा कम प्रष्ट | १० |
| ग | व्यवसायिक दृष्टिले मुनाफा रहित तथा अव्यवहारिक | ० |
| **५** | **आवेदकको प्राविधिक क्षमताको अवस्था** | **१५** |
| क | आवेदक आफै कृषि स्नातक वा विदेशमा ग्रीनहाउसमा काम गरेको (प्रमाण पेश गर्नु पर्नै) | १५ |
| ख | आवेदक आफै कृषि डिप्लोमा/आइ.एस्सी. एजी./जे.टी/जे.टि.ए/कम्तीमा दुई वर्ष देखि प्लाष्टिक टनेलमा खेती गरिरहेको (प्रमाण पेश गर्नु पर्ने) | १० |
| ग | प्रस्तावित जनशक्तिमा कृषि प्राविधिक (स्नातक वा जे.टि/जे.टि.ए) भएमा प्रमाण पेश गर्नु पर्ने | ५ |
| **६** | **जमिनको अवस्था** | **१५** |
| क | आफ्नै नाममा | १५ |
| ख | पन्ध्र वर्ष वा बढीको लिज (ग्रीन हाउस र जि आई पाइपको प्लाष्टिक घर) | १० |
| ग | पावर्ष वा वढिको लिज ( बाँसको प्लाष्टिक घर) | १० |
| | **कुल जम्मा** | १०० |

## ३ . कार्यक्रमको नाम :चियाखेती प्रवर्धन तथा आधुनिकिरण कार्यक्रम

**आवश्यक योग्यता**

क) आवेदक सहकारीको हकमा चिया खेति उत्पादन तथा प्रशोधन सहकारी सम्बन्धित निकायमा दर्ता भई नियमित रुपमा नविकरण तथा लेखा परिक्षण गराएको हुनु पर्ने छ ।

ख) निजि ब्यबसाय / कम्पनीघरेलु तथा साना उद्योग कार्यालय वा कम्पनि रजिष्टारको कार्यालयमा दर्ता भई नियमित रुपमा नविकरण तथा लेखा परिक्षण गराएको हुनु पर्ने छ ।

ग) चिया खेती विस्तारको लागि कम्पनी हरुको हकमा न्युनतम पचास हेक्टर जग्गा हुनु पर्ने छ । साना कृषक तथा सहकारीको हकमा कम्तीमा दश हेक्टर जग्गामा चिया खेति विस्तार गर्नु पर्नेछ ।

घ) चिया प्रशोधन कारखाना निर्माणको लागी सहकारी/निजी व्यवसायी/कम्पनीको स्वामित्वमा जग्गा भएको हुनु पर्ने छ । सहकारी/निजी व्यावशायी/कम्पनीको नाममा जग्गा नभएमा कम्तीमा बीस वर्ष को लागी लिजमा जग्गा लिएको हुनु पर्ने छ ।

ङ) चिया कारखाना निर्माणको लागि चियाको हरियोपत्ती उत्पादन शुरु भएको हुनु पर्दछ ।उक्त स्थानमा बिजुली, पानी, बाटो आदिको व्यवस्था भएकोवा आवेदक आफैले गर्नुपर्ने छ ।

**ब्यवसायिक योजना ढाँचाः** सम्बन्धित कार्यालयले तोके बमोजिम

| २ | झापा, मोरङ्ग सुनसरी, उदयपुर | आँप, लिची, केरा, मेवा, कागती, सुपारी, भूईकटहर |

मूल्याङ्कनका आधारहरु :

| क.सं. | मूल्याङ्कनका आधार | मूल्याङ्कन | | | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| पूर्व छनौटका आधार | | | | | |
| १ | क्षेत्र विस्तारको प्रस्ताव | दुई हेक्टर भन्दा कम | दुई हेक्टर देखि चार हेक्टर भन्दा कम | चार हेक्टरवा सो भन्दा बढी | |
| | **अङ्क भार** | ८ | १४ | २० | |
| २ | फलफुल खेती विषयमाप्राविधिक ज्ञान सीप, अनुभव | सामान्य तालिम प्राप्त गरेको | न्यूनतम दुई वर्षको अनुभव | दुई वर्षभन्दा बढि अनुभव | |
| | **अङ्क भार** | ८ | १४ | २० | |
| ३ | विरुवाको श्रोत तथा उपलब्धता | मान्यता प्राप्त नभएका र स्थानीयस्तरमा उत्पादित | मान्यता प्राप्त नभएका तर निजीस्तरमा स्थापित नर्सरी | सरकारी फार्म वा मान्यता प्राप्त श्रोत केन्द्र | |
| | **अङ्क भार** | ८ | १४ | २० | |
| ४ | फलफूल वगैचाको संरक्षण तथा दिगोपना | पेश नगरेको भए | मध्यम स्तरको योजना पेश गरेको | उत्तम स्तरको योजना पेश गरेको | |
| | **अङ्क भार** | ८ | १४ | २० | |
| | **पूर्व छनौटको जम्मा** | ३२ | ५६ | ८० | |
| स्थलगत प्रमाणिकरणका आधार | | | | | |
| १ | भौगोलिक र वातावरणीय उपयुक्तता | सन्तोषजनक | मध्यम | उत्तम | |
| | **अङ्क भार** | ८ | १४ | २० | |
| | **पूर्व छनौट तथा स्थलगत प्रमाणिकरणको जम्मा** | ४० | ७० | १०० | |

* यसमा प्रस्तुत आधारहरुलाई मुल्याङ्कन प्रयोजनका लागिसमितिलेSub Criteria बनाउन तथा सो अनुसार अङ्कभार प्रदान गर्न सकिनेछ ।

** पूर्व छनौटका आधारहरुमा साठी अंङ्क ल्याउने प्रस्तावहरुलाई मात्र स्थलगत प्रमाणिकरणमा लगिनेछ।

*** प्रस्ताव मूल्याङ्कन प्राविधिक उपसमितिलेस्थलगत प्रमाणिकरणका आधारहरुलाई वाली अनुसार Sub Criteria बनाउन तथा सो अनुसार अङ्कभार प्रदान गर्न सक्ने छ ।

## १४. कार्यक्रमको नामः कागती खेती प्रवर्द्धन कार्यक्रम

**उद्देश्यः**

(१) कागतीको क्षेत्र विस्तार तथा पुराना वगैंचा सुदृढिकरण गर्ने ।

(२) कागतीको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।

(३) किसानहरुको आय आर्जनमा वृद्धि तथा कागतीको आयात प्रतिस्थापनामा सघाउ पु¥याउने ।

(४) कागतीको मूल्य श्रृङ्खला अभिवृद्धि गर्ने ।

**अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः** कृषक समूह/कृषि सहकारी संस्था/कृषि फार्म/कृषि उद्यमीहरु

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(१) संस्था/समुह दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

(२) संस्था/समुह नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि .

(३) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(४) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।

(५) सहकारी संस्थाको हकमा गत आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि ।

(६) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(७) स्थानीय तह कृषि शाखाको सिफारिश

(८) कार्यक्रम सञ्चालनको लागि आवश्यक जग्गाको लालपुर्जाको प्रतिलिपि वा करारमा लिएको जग्गा हो भने न्यूनतम दश वर्ष करार सम्झौता गरेको सम्झौता पत्र को प्रतिलिपि ।

(९) प्राविधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाणको प्रतिलिपि ।

(१०) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र पेश गर्नु पर्ने छ ।

**सहजीकरण सेवा तथा सुविधाः**

**१. नयाँ वगैंचा स्थापनाका लागि**

| सि. नं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| १. | कागती बगैंचा क्षेत्र विस्तार | श्रोत विरुवा खरिद तथा ढुवानी अनुदान | ▪ श्रोत बिरुवा खरिदमा पचास प्रतिशत र विरुवा ढुवानीमा शत प्रतिशत अनुदान दिइनेछ । | श्रोत केन्द्रबाट विरुवा व्यवस्थापन गर्नु पर्ने । सो नभएमा स्थानीय दररेट तथा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुनेछ । |
| २. | कागती बगैंचा स्थापना | बगैंचा रेखाङ्कन, विरुवा | प्रति हेक्टर रु. चालिस | |

| सि. नं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| | प्रोत्साहन | रोपण, खाडल खन्ने तथा मलखाद व्यवस्थापन | हजार अनुदान दिइनेछ । | |
| ३. | कृषि औजार उपकरण खरिद तथा वितरण | खाडल खन्ने मेशिन, पावर/मिनि टिलर, घाँस काट्ने र गोड्ने मेशिन आदि | प्रचलित बजार मुल्यमा पचहत्तर प्रतिशत अनुदान दिइनेछ । | |
| ४. | उन्नत प्रविधि अनुसरण | मल्चिङ तथा थोपा सिंचाई जडान | प्रचलित बजार मुल्य अनुसार तयार भएको लागत अनुमानको पचहत्तर प्रतिशत अनुदान दिइनेछ । | |
| ५. | सिंचाईव्यवस्थापन | पोखरी (प्लाष्टिक तथा सिमेन्ट), भूमिगत सिँचाई, पाईप, कुलो निर्माण, नविनतम प्रविधिमा आधारित सिंचाई(सौर्य सिंचाई) | प्रचलित बजार मुल्यमा पचासी प्रतिशत अनुदान दिइनेछ । | |

**२. पूराना कागती बगैंचाका लागि देहाय बमोजिमका क्रियाकलापहरु संचालन हुनेछः-**

| सि.नं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि औजार उपकरण खरिद तथा वितरण | पावर टिलर, मिनि टिलर, घाँस काट्ने र गोड्ने मेशिन आदि | प्रचलित बजार मुल्यमा पचास प्रतिशत अनुदान | |
| २ | उन्नत प्रविधि अनुसरण | मल्चिङ तथा थोपा सिचाई जडान | लागत अनुमानमा पचहत्तर प्रतिशत अनुदान | |
| ३ | सिंचाईव्यवस्थापन | पोखरी (प्लाष्टिक तथा सिमेन्ट),भूमिगत सिँचाई,पाईप, कुलो निर्माण,नविनतम प्रविधिमा आधारित सिंचाई सौर्य सिंचाई | प्रचलित बजार मुल्यमा पचासी प्रतिशत अनुदान दिइनेछ । | |
| ४ | मूल्य अभिवृद्धि कार्यक्रम | फलफूल प्रशोधन, बजारीकरण आदि | लागत अनुमानको पचास प्रतिशत | |

**कार्यक्रम संचालनका आधारभूत पक्षहरु तथा मूल्याङ्कनका आधारहरु :**

(१) कार्यक्रम संचालन गर्न मध्य पहाडमा कम्तीमा पाँच रोपनी र तराईमा दश कठ्ठाको ब्लक हुनु पर्नेछ ।

(२) बिरुवा रोप्दा वगैंचाको रेखाङ्कन अनिवार्य रुपमा गर्नु पर्ने छ र प्राविधिक मापदण्ड अनुसार विरुवा रोप्नु पर्नेछ।

(३) लगाएको विरुवा मरेमा सम्बन्धित किसानले नै पुनःरोपण  गर्नुपर्ने प्रतिवद्धता गरेको हुनु पर्नेछ।

**मूल्याङ्कनका आधारहरु :**

| क्र.सं. | मूल्याङ्कनका आधार | मूल्याङ्कन | | | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| **पूर्व छनौटका आधार** | | | | | |
| १ | क्षेत्र विस्तारको प्रस्ताव | मध्य पहाडमा पाँच रोपनी र तराईमा दश कट्ठा | मध्य पहाडमा छ देखि दश रोपनी र तराईमा ११-२० कट्ठा | मध्य पहाडमा दश रोपनी र तराईमा बीस कठ्ठा भन्दा बढी | |
| | **अङ्क भार** | ८ | १५ | २० | |
| २ | कागती खेती विषयमाप्राविधिक ज्ञान सीप, अनुभव | सामान्य तालिम प्राप्त गरेको | न्यूनतम दुई वर्षको अनुभव | दुई वर्षभन्दा बढि अनुभव | |
| | **अङ्क भार** | ४ | ७ | १० | |
| ३ | विरुवाको श्रोत तथा उपलब्धता | मान्यता प्राप्त नभएका र स्थानीयस्तरमा उत्पादित | मान्यता प्राप्त नभएका तर निजीस्तरमा स्थापित नर्सरी | सरकारी फार्म वा मान्यता प्राप्त श्रोत केन्द्र | |
| | **अङ्क भार** | ८ | १५ | २० | |
| | **पूर्व छनौटको जम्मा** | २० | ३७ | ५० | |
| **स्थलगत प्रमाणिकरणका आधार** | | | | | |
| १ | भौगोलिक र वातावरणीय उपयुक्तता | सन्तोषजनक | मध्यम | उत्तम | |
| | **अङ्क भार** | २० | ३७ | ५० | |
| | **पूर्व छनौट तथा स्थलगत प्रमाणीकरणको जम्मा** | ४० | ७४ | १०० | |

* यसमा प्रस्तुत आधारहरुलाई मूल्याङ्कन प्रयोजनका लागिसमितिलेSub Criteria बनाउन तथा सो अनुसार अङ्कभार प्रदान गर्न सकिने छ।

** पूर्व छनौटका आधारहरुमा तिस अंङ्क ल्याउने प्रस्तावहरुलाई मात्र स्थलगत प्रमाणीकरणमा लगिनेछ।

*** प्रस्ताव मुल्याङ्कन प्राविधिक उपसमितिलेस्थलगत प्रमाणीकरणका आधारहरुलाई Sub Criteria बनाउन तथा सो अनुसार अङ्कभार प्रदान गर्न सक्ने छ ।

## १५. कार्यक्रमको नामः किवी खेती प्रवर्द्धन कार्यक्रम

**उद्देश्यः**

(१) किवीफलको क्षेत्र विस्तार तथा पुराना वगैंचा सुदृढिकरण गर्ने ।

(२) किवीफलको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।

(३) किसानहरुको आय आर्जनमा वृद्धि तथा किवीफलको आयात प्रतिस्थापनामा सघाउपुऱ्याउने ।

(४) किवीफलको मूल्य श्रृङ्खला अभिवृद्धि गर्ने ।

**अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः** कृषक समूह/कृषि सहकारी संस्था/कृषि फार्म/कृषि उद्यमीहरु

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(१) संस्था/समुह दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

(२) संस्था/समुह नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि .

(३) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(४) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।

(५) सहकारी संस्थाको हकमा गत आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि ।

(६) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(७) स्थानीय तह कृषि शाखाको सिफारिश

(८) कार्यक्रम सञ्चालनको लागि आवश्यक जग्गाको लालपुर्जाको प्रतिलिपि वा करारमा लिएको जग्गा हो भने न्यूनतम दश वर्ष करार सम्झौता गरेको सम्झौता पत्र को प्रतिलिपि ।

(९) स्थानीय तहवाट लागत साझेदारीमा हुने भए लागत साझेदारी रकम उल्लेख गरिएको सिफारिस पत्र।

(१०) प्राविधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाणको प्रतिलिपि ।

(११) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र पेश गर्नु पर्ने छ ।

**सहजीकरण सेवा तथा सुविधाः:**

(१) **नयाँ किवि खेती विस्तार कार्यक्रम**

| क्र. सं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजिकरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| १. | किवी बगैंचा क्षेत्र विस्तार | श्रोत विरुवा खरिद तथा वितरण | ▪ श्रोत बिरुवा खरिदमा पचास प्रतिशत अनुदान दिईनेछ | श्रोत केन्द्रबाट विरुवा व्यवस्थापन गर्नु पर्ने । सो नभएमा स्थानीय दररेट तथा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम। |
| २. | विरुवा सपोर्ट सिस्टममा निर्माण | सपोर्ट सिस्टममा निर्माण | लागत अनुमानको पचास प्रतिशत अनुदान दिईनेछ । | |
| ३. | कृषि औजार उपकरण खरिद तथा वितरण | खाडल खन्ने मेशिन, मिनि टिलर, घाँस काट्ने गोड्ने तथा काँटछाँट गर्ने मेशिन आदि मागका आधारमा | प्रचलित बजार मूल्यमा पचहत्तर प्रतिशत अनुदान दिईनेछ । | |
| ४. | सिंचाई व्यवस्थापन | पोखरी (प्लाष्टिक तथा | प्रचलित बजार मूल्यमा | |

| क्र. सं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजिकरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| | | सिमेन्ट), पाईप, कुलो निर्माण, थोपा सिंचाई | पचासी प्रतिशत अनुदान दिईनेछ । | |

(२) **पुराना किवी बगैंचाका लागि देहाय बमोजिमका क्रियाकलापमा सहजिकरण सेवा उपलब्ध हुनेछः**

| सि.नं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि औजार उपकरण खरिद तथा वितरण | झार/घाँस काट्ने र गोड्ने तथा काँटछाँट गर्ने मेशिन आदि | प्रचलित बजार मूल्यमा पचहत्तर प्रतिशत अनुदान दिईनेछ । | |
| २ | विरुवा सपोर्ट सिस्टममा निर्माण | सपोर्ट सिस्टममा निर्माण | लागत अनुमानको पचास प्रतिशत अनुदा दिईनेछ । | |
| ३ | सिंचाई व्यवस्थापन | पोखरी (प्लाष्टिक तथा सिमेन्ट), पाईप, कुलो निर्माण, थोपा सिचाई जडान | प्रचलित बजार मूल्यमा पचासी प्रतिशत अनुदान दिईनेछ । | |
| ४ | मूल्य अभिवृद्धि कार्यक्रम | फलफूल प्रशोधन, ग्रेडिङ्ग, प्याकिङ्ग,लेवलिङ्ग तथा बजारीकरण आदि | लागत अनुमानको पचास प्रतिशत अनुदान दिईनेछ । | |

**कार्यक्रम संचालनका आधारभूत पक्षहरु तथा मूल्याङ्कनका आधारहरु :**

(१) कार्यक्रम माग गर्दा कम्तीमा पनि तिन रोपनीको ब्लक हुनु पर्नेछ।

(२) सिफारिस जातको विरुवा प्रयोग गर्नुपर्ने छ ।

(३) कलमी विरुवाको प्रयोग गरेको हुनुपर्नेछ ।

(४) बिरुवा रोप्दा वगैंचाको रेखाङ्कन अनिवार्यरुपमा गर्नु पर्नेछ र प्राविधिक मापदण्ड अनुसार विरुवा रोप्नु पर्नेछ।

(५) लगाएको विरुवा मरेमा सम्बन्धित कृषकले नै पुनःरोपण गर्नुपर्ने प्रतिवद्धता गरेको हुनु पर्नेछ।

**मूल्याङ्कनका आधारहरु :** किवीखेती प्रवर्द्धन कार्यक्रमको फिल्ड निरिक्षण तथा प्रस्ताव मूल्याङ्कनका आधारहरुः

| क्र.सं. | मूल्याङ्कनको आधार | मूल्याङ्कन | | | प्रासाङ्क |
|---|---|---|---|---|---|
| **पूर्व छनौटका आधार** | | | | | |
| १ | क्षेत्र विस्तारको प्रस्ताव | तिन रोपनी | चार रोपनी देखि पाँच रोपनीसम्म | पाँच रोपनीभन्दा बढी | |
| | **अङ्क भार** | **८** | **१५** | **२०** | |
| २ | किवी खेती विषयमा ज्ञान सीप, अनुभव | सामान्य तालिम प्राप्त गरेको | न्युनतम २ वर्षको अनुभव | २ वर्षभन्दा बढीको अनुभव | |

| क्र.सं. | मूल्याङ्कनको आधार | मूल्याङ्कन | | | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| | **अङ्क भार** | ४ | ७ | १० | |
| | **पूर्व छनौटको जम्मा** | १२ | २२ | ३० | |
| **स्थलगत प्रमाणीकरणको आधार** | | | | | |
| १ | भौगोलिक र वातावरणिय उपयुक्तता | सन्तोषजनक | मध्यम | उत्तम | |
| | **अङ्क भार** | २० | ३७ | ५० | |
| | **पूर्व छनौटको र स्थलगत प्रमाणिकरणको जम्मा** | २४ | ५९ | ८० | |

(१) यसमा प्रस्तुत आधारहरुलाई मूल्याङ्कन प्रयोजनका लागि समितिले sub criteria बनाउन तथा सो अनुसार अङ्कभार प्रदान गर्न सकिनेछ।

(२) पूर्व छनौटका आधारहरुमा बाईस अङ्क ल्याउने प्रस्तावहरुलाई मात्र स्थलगत प्रमाणीकरणमा लगिनेछ।

(३) प्रस्ताव मूल्याङ्कन प्राविधिक उपसमितिले स्थलगत प्रमाणीकरणका आधारहरुलाई sub criteria बनाउन तथा सो अनुसार अङ्कभार प्रदान गर्न सक्नेछ।

## १६. कार्यक्रमको नामः कफी खेती विस्तार कार्यक्रम

**उदेश्यः**

(१) कफीको क्षेत्रफल र उत्पादन वृद्दि गरी उद्यमशिलता र रोजगारी बढाउने ।

(२) व्यवसायीक कफी खेतीको विस्तारलाई प्रवर्द्धन गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने।

**अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः** कृषक/समुह/ सहकारी/फार्म/उद्यमीहरु

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(१) संस्था/समुह दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

(२) संस्था/समुह नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि .

(३) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(४) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।

(५) सहकारी संस्थाको हकमा गत आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि ।

(६) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(७) स्थानीय तह कृषि शाखाको सिफारिश

(८) कार्यक्रम सञ्चालनको लागि आवश्यक जग्गाको लालपुर्जाको प्रतिलिपि वा करारमा लिएको जग्गा हो भने न्यूनतम दश वर्ष करार सम्झौता गरेको सम्झौता पत्र को प्रतिलिपि ।

(९) स्थानीय तहवाट लागत साझेदारीमा हुने भए लागत साझेदारी रकम उल्लेख गरिएको सिफारिस पत्र।

(१०) प्राविधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाणको प्रतिलिपि ।

(११) प्राङ्गारिक कफी खेति गर्ने कृषकलाई विषेश प्राथमिकता दिईने हुनाले प्राङ्गारिक कफी खेति गर्ने आधारहरु पेश गर्नुपर्नेछ।

(१२) वैदेशिक रोजगारीवाट फर्केका युवा वर्ग शिक्षित वेरोजगारलाई प्रथमिकता दिईने हुनाले प्रमाण खुल्ने आवश्यक कागजात पेश गर्नुपर्नेछ।

(१३) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र पेश गर्नु पर्ने छ ।

**सहजीकरण सेवा तथा सुविधाः**

| सि.नं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजीरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| १ | कफी बगैंचा क्षेत्र विस्तार | श्रोत विरुवा खरिद तथा वितरण | श्रोत बिरुवा खरिदमा पचास प्रतिशत अनुदान दिईनेछ । | नेपाल सरकारले तोकेको श्रोत केन्द्रबाट विरुवा व्यवस्थापन गर्नु पर्ने।सो नभएमा स्थानीय दररेट तथा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम।(छहारी व्यवस्थापन भैसकेको हुनु पर्नेछ) |
| २ | छहारी व्यवस्थापन | छहारी दिने विरुवा जस्तै एभोकाडो, मिकेडिमिया नट, रुखकटहर, मोरिङ्गा, इपिल इपिल, सिरिष आदि छिटो बढ्ने रुख १:६ अनुपातमा रोप्ने कार्य | श्रोत बिरुवा खरिदमा पचास प्रतिशत अनुदान दिईनेछ । | •विरुवा रोप्नु अगावै अर्थात पहिलो वर्षमा छहारी व्यवस्थापन कार्य गर्नु पर्नेछ।<br>•फलफुल र कफी खेती संगै लैजान प्रोत्साहन गरिनेछ। |
| ३ | कफी नर्सरी स्थापना | • श्रोत विउ खरिद तथा वितरण<br>• पोलिब्याग, ग्रिन नेट आदि | • श्रोत वीउ खरिदमा पूर्ण अनुदान<br>• पोलिब्याग, ग्रिन नेट आदिमा पचहत्तर प्रतिशत अनुदान दिईनेछ । | • कफी विरुवाको माग कति आउन सक्छ र लाभान्वित कृषक कति हुन सक्छ भनेर अग्रिम पहिचान गर्नु पर्नेछ।<br>• सम्बन्धित निकायबाट तोकिएको मूल्यमा वीउ खरिद गर्नु पर्नेछ । |
| ४ | कृषि औजार | खाडल खन्ने मेशिन, | प्रचलित बजार मूल्यमा | |

| सि.नं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजीरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| | उपकरणखरिद तथा वितरण | मिनिटिलर, घाँस काट्ने र गोड्ने मेशिन | पचहत्तर प्रतिशत अनुदान दिईनेछ । | |
| ५ | सिंचाई व्यवस्थापन | पोखरी (प्लाष्टिक तथा सिमेन्ट), पाईप, कुलो निर्माण,थोपा सिँचाई जडान | प्रचलित बजार मुल्यमा पचासी प्रतिशत अनुदान दिईनेछ । | |

**कार्यक्रम संचालनका आधारभूत पक्षहरु तथा मूल्याङ्कनका आधारहरु :**

(१) कार्यक्रम माग गर्दा कम्तीमा पनि दश रोपनीको ब्लक हुनु पर्नेछ ।

(२) छहारी व्यवस्थापन कार्य विरुवा रोपण गर्नु अगावै पुरा गरीसकेको हुनु पर्नेछ ।

(३) बिरुवा रोप्दा बगैंचाको रेखाङ्कन अनिवार्य रुपमा गर्नु पर्नेछ र प्राविधिक मापदण्ड अनुसार विरुवा रोप्नु पर्नेछ ।

(४) कफी नर्सरी स्थापना गर्नको लागि कफी विरुवाको माग कति आउन सक्छ र लाभान्वित कृषक कति हुन सक्छ भनेर अग्रिम पहिचान गर्नु पर्नेछ।

(५) लगाएको विरुवा मरेमा सम्बन्धित कृषकले नै पुनःरोपण गर्नु पर्ने प्रतिवद्धता गरेको हुनु पर्नेछ ।

(६) समुद्र सतहवाट आठ सय मिटर भन्दा माथि कफी खेती गर्नु पर्नेछ।

(७) प्राङ्गारिक कफी खेती गर्ने कृषकलाई विशेष प्राथमिकता दिईनेछ।

**मूल्याङ्कनका आधारहरु :**

**फिल्ड निरिक्षण तथा प्रस्ताव मूल्याङ्कनका आधारहरुः**

| क्र.सं. | मूल्याङ्कनको आधार | मूल्याङ्कन | | | प्रासाङ्ग |
|---|---|---|---|---|---|
| पूर्व छनौटका आधार | | | | | |
| १ | क्षेत्र विस्तारको प्रस्ताव | दश रोपनी | एघार रोपनी देखि पन्ध्र रोपनीसम्म | पन्ध्र रोपनी भन्दा बढी | |
| | **अङ्क भार** | ८ | १५ | २० | |
| २ | विरुवाको श्रोत तथा उपलब्धता | मान्यता प्राप्त नभएका र स्थानीयस्तरमा उत्पादित | मान्यता प्राप्त नभएका तर निजीस्तरमा स्थापित नर्सरी | सरकारी फार्म वा मान्यता प्राप्त श्रोत केन्द्र | |
| | **अङ्क भार** | ८ | १५ | २० | |
| ३ | कफी खेती विषयमा ज्ञान सीप, अनुभव | सामान्य तालिम प्राप्त गरेको | न्युनतम दुई वर्षको अनुभव | दुई वर्षभन्दा बढीको अनुभव | |

| | | | | | |
|---|---|---|---|---|---|
| | **अङ्क भार** | ४ | ७ | १० | |
| | **पूर्व छनौटको जम्मा** | २० | ३७ | ५० | |
| **स्थलगत प्रमाणीकरणको आधार** | | | | | |
| १ | भौगोलिक र वातावरणीय उपयुक्तता | सन्तोषजनक | मध्यम | उत्तम | |
| | **अङ्क भार** | २० | ३७ | ५० | |
| | पूर्व छनौटको र स्थलगत प्रमाणिकरणको जम्मा | ४० | ७४ | १०० | |

(१) यसमा प्रस्तुत आधारहरुलाई मूल्याङ्कन प्रयोजनका लागी समितिले sub criteria बनाउन तथा सो अनुसार अङ्कभार प्रदान गर्न सकिनेछ।

(२) पूर्व छनौटका आधारहरुमा तिस अङ्क ल्याउने प्रस्तावहरुलाई मात्र स्थलगत प्रमाणीकरणमा लगिनेछ।

(३) प्रस्ताव मूल्याङ्कन प्राविधिक उपसमितिले स्थलगत प्रमाणिकरणका आधारहरुलाई sub criteria बनाउन तथा सो अनुसार अङ्कभार प्रदान गर्न सक्नेछ।

## १७. कार्यक्रमको नामः व्यवसायिक बीज वृद्धि प्रवर्द्धन तथा बीउ विजन आत्मनिर्भर कार्यक्रम

**उद्देश्यः**

(१) प्रदेशलाई खाद्यान्न बीउमा आत्मनिर्भर बनाउन कृषकहरूको सहभागितामा व्यवसायिक बीज वृद्धिकार्यक्रममा सहयोग गर्ने ।

(२) राष्ट्रिय बीउ बिजन समितीबाट पछिल्ला समयमा सूचित (उन्मोचित तथा पञ्जिकृत) भएका उच्च उत्पादन दिने जातका बीउको सुलभ रुपमा आपूर्ति गरी उत्पादकत्व वृद्धि गर्ने ।

(३) व्यवसायीक बीज वृद्धि कार्यक्रमको प्रवर्द्धन गरी प्रदेश नं. १ लाई बीउ व्यवसाय केन्द्र (Seed Hub) को केन्द्रको रुपमा विकास गर्ने ।

(४) ब्यवसायिक बीज वृद्धि प्रवर्द्धनका लागि पूर्वाधार निर्माणमा सहयोग गर्ने ।

(५) खाद्यान्न बालीहरुका स्थानीय रैथाने जातहरुको घरखेती स्थलीय (on-farm) र परस्थानीय (ex-situ) संरक्षणमा सघाउ पुऱ्याउने ।

**(क) श्रोत बीउ (मूल तथा प्रमाणित) उत्पादन प्रोत्साहन कार्यक्रम**

**अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः** कृषकसमुह/ सहकारी/नीजि कम्पनी /उद्यमीहरु

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(१) संस्था/समुह दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

(२) संस्था/समुह नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि .

(३) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(४) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।

(५) सहकारी संस्थाको हकमा गत आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि ।

(६) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(७) स्थानीय तह कृषि शाखाको सिफारिश

(८) पुर्व जानकारी फारमहरु

(९) खडा बाली निरीक्षण फारमहरु

(१०) प्रयोगशाला परीक्षण प्रतिवेदनहरु

(११) बीउ उत्पादनमा संलग्न कृषकको स्थान, क्षेत्रफल, बाली तथा बीउको स्तर खुल्ने नामावली

**सहजीकरण सेवा तथा सुविधाः**

(१) प्रमाणीकरण भएको बीउ परिमाणमा नेपाल सरकारबाट गत आ.व.मा तय भएको सम्बन्धित बीउको स्तरको मुल्य को बीस प्रतिशत मात्र प्रोत्साहन अनुदानको रुपमा उपलब्ध गराईनेछ ।

**कार्यक्रम संचालनका आधारभूत पक्षहरु तथा मूल्याङ्कनका आधारहरु :**

(१) आफ्नै साधन श्रोतको प्रयोग गरी बीउ विजन उत्पादन, प्रशोधन तथा बजारीकरणको कार्य गर्ने नीजि कम्पनी तथा सहकारी, समूह तथा नीजि उद्यमीहरुले मूल तथा प्रमाणित बीउ उत्पादनमा प्रदेश सरकारले उपलब्ध गराउने प्रोत्साहन अनुदान प्राप्त गर्न सक्नेछन् ।

(२) अनुमति पत्र प्राप्त मूल तथा प्रमाणित बीउ उत्पादकहरुले बीउ प्रमाणीकरणको टयाग लगाउने कार्य भैसकेपछि आफूले प्रमाणित गराएको मूल तथा प्रमाणित बीउको परिमाण खुलाई चाहिने अन्य आवश्यक विवरण-पुर्व जानकारी फारम, खडा बाली निरीक्षण प्रतिवेदन, बीउ विश्लेषण प्रतिवेदन टयागको विवरण आदि सहित कृषि विकास निर्देशनालयमा प्रोत्साहन अनुदान पाउँ भनी निवेदन दिनुपर्नेछ ।

(३) कृषि विकास निर्देशनालयले निवेदकबाट प्राप्त विवरण बीउ विजन प्रयोगशालाबाट प्राप्त विवरणसँग भिडान गर्नेतथा प्रोत्साहन अनुदान उपलब्ध गराउने प्रक्रियमा लैजाने । विवरण भिडान गर्दा फरक विवरण पाइएमा बीउ विजन प्रयोगशालाबाट प्राप्त विवरणलाई आधिकारिक मानी सोही अनुसार प्रोत्साहन अनुदान उपलब्ध गराउने।

(४) खाद्यान्न बालीको श्रोत बीउमा मात्र प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ ।

(५) प्रोत्साहन अनुदान उपलब्ध गराउने मूल आधार नेपाल सरकारबाट गत आ.व.मा तय भएको सम्बन्धित बीउको स्तरको मुल्य हुनेछ ।सो मुल्य नेपाल कृषि अनुसन्धान परिषदबाट प्राप्त गरिनेछ।

(६) प्रत्येक बालीको बीउको मुल्य जात तथा भौगोलिक क्षेत्र अनुसार फरक नभई एकै नासको उपलब्ध हुनेछ।

(७) उपलब्ध बजेटलाई दृष्टिगत गरी कृषि विकास निर्देशनालयले बाली अनुसार बजेट सिमा तोक्न सक्नेछ ।बाली अनुसार तोकिएको बजेट सिमा भन्दा आवेदकबाट बढी प्रमाणीकरण भएको बीउ परिमाण प्राप्त भएमा उपलब्ध बजेटलाई बीउ परिमाणको समानुपातिक तवरले प्रोत्साहन अनुदान वितरण हुनेछ।

(८) प्रोत्साहन अनुदान उत्पादक नीजि कम्पनी तथा सहकारी, समूहले बैंक खातामा प्राप्त भैसकेपछि ती नीजि कम्पनी, सहकारी तथा समूहसँग किसानहरुलाई प्रमाणीकरण भएको बीउ परिमाणको आधारमा प्राप्त अनुदानको पचास प्रतिशत वितरण गर्नुपर्नेछ ।सो भए नभएको अनुगमन कृषि ज्ञान केन्द्र, कृषि विकास निर्देशनालय तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट हुनेछ ।

(९) कृषि विकास निर्देशनालयले बीउ उत्पादक सम्बन्धी विवरण र ट्याग लगाईएको बीउको परिमाण यकिन गर्न आवश्यक ठहर्‍याएको खण्डमा प्राविधिक परिक्षण समेत गर्न सक्नेछ ।

(क) **बीउ विजन आत्मनिर्भर कार्यक्रम**

**अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः**बीउ उत्पादक कृषक समूह, नीजि बीउ उत्पादक उद्यमी र सहकारी संस्थाहरु

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(१) संस्था/समुह दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

(२) संस्था/समुह नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि .

(३) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(४) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।

(५) सहकारी संस्थाको हकमा गत आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि ।

(६) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(७) स्थानीय तह कृषि शाखाको सिफारिश

(८) बीउ उत्पादकको आधिकारिक दर्तासँग सम्बन्धित कागजात

(९) नीजि बीउ उत्पादन उद्यमी/ नीजि कम्पनीको हकमा कर चुक्ताको विवरण

(१०) पुर्व जानकारी फारमहरु

(११) खडा बाली निरीक्षण फारमहरु

(१२) प्रयोगशाला परीक्षण प्रतिवेदनहरु

(१३) बीउ उत्पादनमा संलग्न कृषकको स्थान, क्षेत्रफल, बाली तथा बीउको स्तर खुल्ने नामावली

(१४) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र पेश गर्नु पर्ने छ ।

**सहजीकरण सेवा तथा सुविधाः**

| क्र.स. | विवरण | सेवा सुविधा विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | तेश्रो वर्षपछि | |
| १ | मूल तथा प्रमाणित बीउ | पचहत्तर प्रतिशत मुल्य अनुदान | पचहत्तर प्रतिशतमुल्य अनुदान | पचहत्तर प्रतिशतमुल्य अनुदान | पचहत्तर प्रतिशतमुल्य अनुदान | नेपाल सरकारले निर्धारण गरेको मुल्यमा |
| २ | बीउ उत्पादन उपकरण खरिद (चिस्यानमापक यन्त्र, बोरा सिलाउने मेशिन, डिजिटल तराजु, नमूना लिने प्रोवआदि) | कुल लागतको पचासी प्रतिशत वा बढीमा पचहत्तर हजार प्रति समूह | | | | |
| ३ | बीउ प्याकेजिङ्ग सहयोग | प्रति समूह दश हजार | प्रति समूह दश हजार | प्रति समूह दश हजार | | |
| ४ | गोदाम घर निर्माण (पच्चिस मे. टन क्षमताको) | | स्थानिय दररेट अनुसार कुल स्टिमेट अंङ्कको पचासी प्रतिशत वा बढीमा आठ लाख पचास हजार । | | | * कम्तिमा सात वर्षसम्म निरन्तर बीउ उत्पादन गर्ने भएमा ।<br>* जग्गा बीउ उत्पादकको नाममा हुनुपर्ने |
| ५ | बीउ प्रशोधन यन्त्र | | | कुल लागतको ८५ प्रतिशत वा बढीमा ८ लाख मात्र | | |
| ६ | बीउ उत्पादनको आधारमा प्रोत्साहन | | | | धान – ६,००० प्रति मे.टन<br>मकै - ८००० प्रति मे.टन<br>गहुँ – १०,००० प्रति मे.टन | |

**कार्यक्रम संचालनका आधारभूत पक्ष तथा मूल्याङ्कनका आधारहरुः**

(१) स्थानीय स्तरमा बीज बृद्धि कार्यक्रम तर्जुमा गर्न सर्वप्रथम कृषि ज्ञान केन्द्रहरुले आफ्नो कार्यक्षेत्रमा रहेका स्थानीय तहहरुका लागि आवश्यक उन्नत बीउको परिमाण यकिन गर्न तथ्याङ्क संकलन गर्नु पर्नेछ ।

(२) प्राप्त तथ्याङ्कको आधारमा खाद्यान्न बीउमा आत्मनिर्भर हुने दिशामा बीउ उत्पादन कृषक समूह, नीजि बीउ उत्पादक उद्यमीर सहकारी संस्थाहरुलाई बीउ बिजन उत्पादन कार्यक्रममा संलग्न गराउने । सकभर एक ज्ञानकेन्द्र अन्तरगत तिन देखि चार बीउ उत्पादक समूह/सहकारी/ नीजि उद्यमीमा सिमित हुन प्रयास गर्ने ।

(३) बीउ उत्पादक छनौटका आधार

(क) बीउ संचय गर्न सक्ने क्षमता भएका ।

(ख) बीउ उत्पादन क्षेत्रमा पृथकता दुरी कायम गर्न सकिने ।

(ग) उत्पादन साधन प्रयोग गर्न सक्ने क्षमता भएका ।

(घ) बीउ उत्पादन कार्यमा सहयोगी भावना भएका ।

(ङ) बीउ उत्पादन सम्बन्धी तालिम प्राप्त तथा कार्य अनुभव भएका ।

(च) पहाडमा न्यूनतम् आठ हेक्टर र तराईमा पन्ध्र हेक्टरमा वीउ उत्पादन कार्यक्रम संचालन गर्न सक्ने ।

(४) विभिन्न हिउँदे र वर्षे बालीहरूको बीज बृद्धि कार्यक्रम सञ्चालन गर्न क्षेत्रफल तोके पश्चात् आवश्यक श्रोत बीउ (मूल बीउ र प्रमाणित बीउ) को जात तथा परिमाण राष्ट्रिय बीउ बिजन समिति र कृषि विकास निर्देशनालयलाई एक वर्ष अगावै पठाउनुपर्ने छ ।

(५) बीज बृद्धि कार्यक्रम सञ्चालनको लागि मूल बीउको श्रोत नेपाल कृषि अनुसन्धान परिषद अन्तर्गत तोकिएका केन्द्रहरू हुनेछन् । मूल बीउ केन्द्रहरूबाट सम्बन्धित कृषि ज्ञान केन्द्रले समयमै उत्पादन स्थलसम्म ढुवानी गर्नु पर्नेछ । दैवी प्रकोप अथवा अन्य कारणबाट मूल बीउ विग्रन गई पर्याप्त मात्रामा उपलब्ध हुन नसकेको खण्डमा प्रमाणित प्रथम पुस्ताबाट पनि कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(६) कृषक समूह/सहकारी तथा नीजि बीउ उत्पादक उद्यमीले मुल तथा प्रमाणित बीउ प्राप्त गरी कार्यक्रम संयोजकको निर्देशन अनुरुप बीउ उत्पादन गर्नु पर्नेछ ।

(७) बीउ तयार भए पछि भण्डारण गर्नु भन्दा अगाडि बीउको नमूना संकलन गरी बीउ परीक्षणको लागि सम्बन्धित बीउ बिजन प्रयोगशालामा पठाउने । साथै भण्डारण अवस्थामा र बीउ बिक्री गर्ने समयमा पुनः बीउ परीक्षणको लागि नमूना संकलन गरी प्रयोगशालामा पठाउने ।

(८) बीउ परिक्षणबाट न्युमतम स्तर कायम भएका बीउ लटलाई अनिवार्य रुपमा यथार्थ संकेत पत्र अनुरुप बोरा बन्दी तथा सिलबन्दी गरी बेच विखन गर्नु पर्नेछ ।

(९) उत्पादित बीउको वेच विखनको पुर्वअनुमान एवं बीउको स्थिति सम्बन्धित उत्पादकले कृषि ज्ञानकेन्द्रमा र कृषि ज्ञानकेन्द्रको कार्यक्रम संयोजकले कृषि विकास निर्देशनालयलाई नियमित रुपमा पठाउनुपर्ने छ।

(१०) यो कार्यक्रम संचालन गर्न सम्बन्धित कृषि ज्ञान केन्द्रको वाली विकास अधिकृत/कृषि प्रसार अधिकृत (पहाडी क्षेत्रमा)ले संयोजकको काम गर्नुपर्नेछ ।

(११) संयोजकले बीउ उत्पादक समूहवा सहकारीको अध्यक्ष, स्थानीय तहको कृषि शाखा प्रतिनिधि समेतको सहभागिता तथा समन्वयमा बीउ उत्पादन कार्यक्रम सञ्चालन गर्न कार्यतालिका Calendar of Operation तयार गरी लागु गर्नेछ साथै बीउ उत्पादन कार्यक्रमको निरीक्षण, प्राविधिक सहयोग, बीउ उत्पादनहरु बीच समन्वय कार्य गर्ने छ ।

कार्य तालिकामा कमसेकम तल दिएका बुँदाहरू समावेश भएको हुनुपर्दछ ।

| | |
|---|---|
| क) कृषकको नाम, थर, ठेगाना | ख) बीउ उत्पादन गर्ने थलोको ठेगाना |
| ग) बाली तथा जातको विवरण | घ) बाली पाक्ने अवधि |
| ङ) बीउ रोपाई, गर्ने मिति | च) सिंचाई गर्ने मितिहरू (संभावित) |
| छ)गोडमेल गर्ने मितिहरू | ज) Rouging गर्ने मितिहरू |

(१२) कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथातालिम केन्द्रले, बीउ बिजन प्रयोगशालाको समन्वयमा बीउ उत्पादन गर्ने वीउ उत्पादक तथा कार्यक्रममा संलग्न प्रा.स./ना.प्रा.स.हरूको लागि बीउ उत्पादन प्रविधि, भण्डारण, गुणस्तर नियन्त्रण, प्याकिङ्ग र बजार व्यवस्था सम्बन्धी तालिमको आयोजना गर्नेछ।

(१३) बालीको गुणस्तर नियन्त्रण गर्न जिल्लाका तालिम प्राप्त प्राविधिकहरूले कमसेकम दुई पटक बीउ बाली निरीक्षण गर्ने र प्रथम तथा अन्तिम निरीक्षण फार्महरू भरी सम्बन्धित बीउ बिजन प्रयोगशालामा पठाउने । बीउ बिजन प्रयोगशालाले सम्पूर्ण बीउ उत्पादन क्षेत्र मध्ये कम्तिमा ५-१०% क्षेत्रमा बीउ बाली निरीक्षण गर्नु पर्ने छ । बीउको गुणस्तर जोगाउनका लागि विशेष गरी बाली कटानी, चुटानी, सुकाउने र भण्डारण अवस्थामा प्राविधिकहरूले निरन्तर निरीक्षण गरी कृषकहरूलाई सुझाव दिनुको साथै बीउको निगरानी राख्नुपर्दछ ।

## १८. कार्यक्रमको नामः सामुदायिक कृषि यान्त्रिकरण सेवा केन्द्र (Custom Hiring Centre) स्थापना तथा सञ्चालन कार्यक्रम

**उदेश्यः**

(१) साना तथा सिमान्त कृषकहरुमा कृषि यान्त्रिकरण सेवा पुर्‍याउने ।

(२) एकै थलोवाट कृषि यन्त्र, औजारउपकरण तथा कृषि यान्त्रिकरण सम्वद्ध सूचनाहरु उपलव्ध गराउने।

(३) युवा जनशक्तिलाई कृषि पेशामा आकर्षित गराउने ।

(४) वाली वस्तुको उत्पादकत्व वृद्धि गर्ने तथा उत्पादन लागत घटाउने ।

**अनुदान प्राप्त गर्न सक्ने साझेदारहरु** :कृषि सहकारी संस्था/फर्म/कम्पनी

**संलग्न गर्नुपर्ने आवश्यककागजातहरु**

(१) संस्था/फर्म/कम्पनी दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

(२) संस्था/फर्म/कम्पनी नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नु पर्नेछ।

(३) संस्था/फर्म/कम्पनीको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(४) संचालक कार्य समितिका सदस्यहरु (५जना पदाधिकारी) को नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

(५) पछिल्लो तीन आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि ।

(६) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(७) सामुदायिक कृषि यान्त्रिकरण सेवा केन्द्र(Custom Hiring Centre) स्थापना तथा सञ्चालनका लागि तीन देखि पाँच कठ्ठा क्षेत्रफल भएको जग्गाको धनीपूर्जाको प्रमाणित प्रतिलिपि। संस्था/फर्म/कम्पनीको आफ्नै जग्गा नभएमा जग्गा धनी र प्रस्तावक संस्था/फर्म/कम्पनी वीच अधिकार प्राप्त कानुन व्यवसायीले तयार गरेकोकम्तिमा पन्ध्र वर्ष कार्य अवधिरहेको करार नामाको प्रमाणित प्रतिलिपी।

(८) सामुदायिक कृषि यान्त्रिकरण सेवा केन्द्र(Custom Hiring Centre) संचालन पद्धति सहितको प्राविधिक संहिता (technical Code of conduct) l

(९) कृषि ज्ञान केन्द्रको सिफारिस

(१०) स्थानीय तह कृषि शाखाको सिफारिस

(११) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र पेश गर्नु पर्ने छ ।

**सहजीकरण सेवा तथा सुविधा** :सामुदायिक कृषि यान्त्रिकरण सेवा केन्द्र(Custom Hiring Centre) स्थापना तथा सञ्चालनका लागि देहाय बमोजिमका क्रियाकलापमा तोकिए बमोजिम सहजिकरण सेवा उपलब्ध हुनेछन्

| सि.नं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजिकरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| १. | सामुदायिक कृषि यान्त्रिकरण सेवा केन्द्र(Custom Hiring Centre) स्थापना | सेड घर निर्माण | पचास प्रतिशत लागत साझेदारी वा बढीमारु. बीस लाख सम्म | सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम । |
| २. | कृषि यन्त्र उपकरण मर्मत केन्द्र स्थापना(कार्यालय कोठा तथा शौचालय समेत) | यन्त्रशाला घर निर्माण | पचास प्रतिशत लागत साझेदारीवा बढीमा रु.बीस लाख सम्म | सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम । |
| ३. | विभिन्न कृषि यन्त्र | जग्गा तयारीदेखि | एट्याचमेन्टहरुमा पचहत्तर | |

| सि.नं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजिकरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| | उपकरण खरिद | उत्पादनप्रशोधन सम्मका कृषि यन्त्र उपकरण खरिद | प्रतिशत तथा ट्र्याक्टर, पावर टिलर, मिनी टिलर ,कम्बाईन्ड हार्भेष्टर आदिमा पचास प्रतिशत वा बढीमा एक करोड सम्म | |

**कार्यक्रम संचालनका आधारभूत पक्ष तथा मूल्याङ्कनका आधारहरु :**

सामुदायिक कृषि यान्त्रिकरण सेवा केन्द्र(Custom Hiring Centre) स्थापना तथा सञ्चालनका लागि विभिन्न चरणमा देहाय बमोजिमका कार्यहरु गर्नुपर्नेछः

(१) पहिलो वर्षः संस्था/फर्म/कम्पनी छनौट, सम्झौता, भौतिक पूर्वाधारहरुको सिमाङ्कन योजना तथा निर्माण कार्य प्रारम्भ गर्ने, कृषि यन्त्र उपकरण प्रयोगको भाडा दर तोक्ने तथा कृषि कर्ममा मात्र सिमित यन्त्र तथा उपकरण खरिद ।

(२) दोश्रो वर्षः निर्माणसम्बन्धी कार्यहरुको निरन्तरता, सेवा केन्द्र संचालन गर्न अन्य आवश्यक यन्त्र उपकरणहरु खरिद।

(३) कृषि यन्त्र उपकरणहरु खरिद गर्दा कृषि यन्त्रसँग सम्बद्ध सम्पुर्ण एट्याचमेन्ट सहितको सेट नै खरीद गर्नु पर्नेछ।

(४) सामुदायिक कृषि यान्त्रिकरण सेवा केन्द्र(Custom Hiring Centre) स्थापना पछि कृषकहरुलाई भाडामा कृषि यन्त्र उपकरण उपलब्ध गराउँदा सहुलियत दर (प्रचलित दररेट भन्दा कम्तिमा पन्ध्र प्रतिशतकम) मा उपलब्ध गराउनु पर्नेछ साथै सेवा केन्द्र संचालन पद्धति सहितको प्राविधिक संहिता (technical Code of conduct) अनिवार्य रुपमा तयार गरी लागूगर्नु पर्नेछ ।

(५) भाडा निर्धारणका लागि अनुदानग्राही संस्था/फर्म/कम्पनी, कृषि ज्ञान केन्द्रको प्रतिनिधि, स्थानीय तहको प्रतिनिधि, विषय विशेषज्ञ र स्थानीय सेवाग्राही कृषकको प्रतिनिधित्व हुने गरी एक पाँच सदस्यीय सामुदायिक कृषि यान्त्रिकरण सेवा भाडा निर्धारण समिती गठन गर्नु पर्नेछ ।

(६) सामुदायिक कृषि यान्त्रिकरण सेवा केन्द्र(Custom Hiring Centre) स्थापना तथा सञ्चालनका लागि संस्था/फर्म/कम्पनीले ३.५(तीन दशमल पाँच) कट्ठा क्षेत्रफल भएको जग्गाको व्यवस्था गर्नु पर्ने छ।संस्था/फर्म/कम्पनीको आफ्नै जग्गा नभएमा कम्तिमा पन्ध्र वर्ष करारनामा भएको जग्गाको व्यवस्था गर्नुपर्ने छ।

(७) मर्मत सम्भार र स्पेयर पार्टस सम्बन्धी व्यवस्था अनुदानग्राही स्वयंले गर्नु पर्नेछ ।

**मूल्याङ्कनका आधारहरु :**

| क्र.सं. | मूल्याङ्कनका आधार | मूल्याङ्कन | | | प्रासाङ्क |
|---|---|---|---|---|---|
| १ | जग्गाको क्षेत्रफल | न्यूनतम जमिन (तिन कट्ठा) करारमा लिएको | न्यूनतम जमिन (तिन कट्ठा) अनुदानग्राहीको | न्यूनतम भन्दा बढि जमिन (तिन कट्ठा भन्दा | |

| क्र.सं. | मूल्याङ्कनका आधार | मूल्याङ्कन | | | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| | | | नाममा भएको | बढी, पाँच कट्ठासम्म) अनुदानग्राहीको नाममा भएको | |
| | **अङ्क भार** | ४ | ७ | १० | |
| २ | जमिनको अवस्थिति | पानीको सुविधा भएको | विजुली तथा पानीको सुविधा भएको | सडक, विजुली तथा पानीको सुविधा भएको | |
| | **अङ्क भार** | ४ | ७ | १० | |
| ३ | प्रस्तावकको साझेदारी तर्फको आर्थिक क्षमता | बैंकिङ्ग साझेदारी | स्थानीय तहसँग साझेदारी | स्व-लगानी | |
| | **अङ्क भार** | ४ | ७ | १० | |
| ४ | कृषि यान्त्रिकरण सम्बन्धी प्राविधिक ज्ञान सीप, अनुभव | सामान्य तालिम प्राप्त गरेको | दुई वर्षको अनुभव | दुई वर्षभन्दा बढि अनुभव | |
| | **अङ्क भार** | ४ | ७ | १० | |
| ५ | लगानी योजना | पुर्वाधार नभएको, माग भएका उपकरणहरुमा बीस प्रतिशत विशुद्ध कृषि यन्त्र खरिद योजना रहेको | पुर्वाधार नभएको, माग भएका उपकरणहरुमा चालिस प्रतिशत विशुद्ध कृषि यन्त्र खरिद योजना रहेको | पुर्वाधार भएको, माग भएका उपकरणहरुमा साठीविशुद्ध कृषि यन्त्र खरिद योजना रहेको | |
| | **अङ्क भार** | ८ | १४ | २० | |
| ६ | सेवा क्षेत्रमा कृषि यन्त्र उपयोगको अवस्था | पर्याप्त कृषि यन्त्र उपलब्ध भएको, custom hiring center चल्न गाह्रो देखिएको | कृषि यन्त्रको मध्यम उपलब्धता भएको, custom hiring center चल्न सक्ने देखिएको | जग्गा तयारीमा मात्र कृषि यन्त्रको उपलब्धता भएको, custom hiring center चल्न सक्ने देखिएको | |
| | **अङ्क भार** | ८ | १४ | २० | |
| ७ | सेवा क्षेत्रमा कृषि व्यवसायिकरणको अवस्था | प्रस्ताव व्यवसायिक कृषि क्षेत्रबाट नआएको | प्रस्ताव एक बालीको व्यवसायिक क्षेत्रबाट आएको | प्रस्ताव दुई वा सो भन्दा बढी बालीको व्यवसायिक क्षेत्रबाट आएको | |
| | **अङ्क भार** | ८ | १४ | २० | |
| | **जम्मा** | ४० | ७० | १०० | |

*यसमा प्रस्तुत आधारहरुलाई मूल्याङ्कन प्रयोजनका लागि समितिले Sub Criteria बनाउन तथा सो अनुसार अङ्कभार प्रदान गर्न सकिनेछ।

## १९. कार्यक्रमको नामः कृषि बजार तथा संकलन केन्द्र निर्माण कार्यक्रम

**उद्देश्यः**

१. प्रदेश र स्थानीय तहहरुको आवश्यकता र सम्भावनाका आधारमा कृषि बजार पूर्वाधार तथा संरचनाको विकास गर्न ।

२. स्थानीय तह र अन्य साझेदारहरुलाई कृषि बजार विकास कार्यमा प्रत्यक्ष संलग्नता गराई कृषि व्यवसाय प्रवर्द्धनमा बहुपक्षीय लगानी र सहयोग जुटाउने ।

३. कृषि व्यवसायिकरणको लागि कृषि उपज खरिद बिक्री कार्यलाई व्यवस्थित तुल्याई बजार केन्द्रलाई कृषक,व्यापारी र उपभोक्ताको साझा व्यवसायिक थलोको रुपमा बिकास गर्ने ।

४. कृषि बजार सूचनाको व्यवस्थापन गरी कृषक, व्यवसायी र उपभोक्ताको निर्णय क्षमता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।

**अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः** स्थानीय तह/कृषक समूह/उद्योग वाणिज्य संघ /कृषि सहकारी संस्था/कृषि उपज बजार संचालक समिति

**संलग्न गर्नुपर्ने आवश्यककागजातहरुः**

(1) आवेदक संस्थाको दर्ता प्रमाण–पत्रको प्रतिलिपी

(2) आवेदक समूह भएमा दर्ता प्रमाण पत्र (नविकरण सहित), स्थायी लेखा नं. (PAN No.) र सहकारी संस्था भए कानुन बमोजिम दर्ता भएको दर्ता प्रमाण पत्र, स्थायी लेखा नं. र कर चुक्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व.को लेखा परीक्षण प्रतिवेदन

(3) निर्माण हुने जग्गाको यकिन गरेको प्रमाण

(4) संस्थाको बैठकको प्रतिलिपी

(5) सम्बन्धित स्थानीय तहको कृषि शाखाको सिफारिश

(6) निर्माण स्थलको सँधियार छिमेकीको मुचुल्का

(7) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र पेश गर्नु पर्ने छ ।

**सहजीकरण सेवा तथा सुविधाः**

(१) बीस लाख भन्दा कम लागतका कृषि उपज बजारहरुको निर्माण तथा सुदृढीकरण कृषि ज्ञान केन्द्र मार्फत

(२) **बीस लाख भन्दा बढी लागतका** प्रादेशिक महत्वका कृषि उपज बजारहरुको निर्माण तथा सुदृढिकरणकृषि विकास निर्देशनालय मार्फत ।यसका लागि प्रकृया पुरा भै आएका उचित प्रस्तावहरु सिफारिस सहित कृषि ज्ञान केन्द्रले छनौट गरी कार्यान्वयनका लागि कृषि विकास निर्देशनालयमा पठाउने छ।

**कार्यक्रम संचालनका आधारभूत पक्ष तथा मूल्याङ्कनका आधारहरुः**

(१) **जग्गाको व्यवस्थाः** वजार निर्माणका लागि भएको स्वामित्व सरकारी, स्थानीय तह, सरकारी, संगठित निजी क्षेत्र (उद्योग वाणिज्य संघ जस्ता सामूहिक पेशागत हितका लागि संगठित निजि क्षेत्रका संस्था) को नाममा दर्ता हुनु पर्छ ।

(२) जग्गाको स्वमित्व जग्गाधनीमा नै रहने गरी जग्गाधनीले उक्त जग्गाको भोगाधिकार लक्षित बजार पूर्वाधार विकास, विस्तार एवं संचालनका लागि निःशुल्क एवं निःशर्त सम्वन्धित कृषि ज्ञान केन्द्र वा उक्त बजार संचालक समितिलाई हस्तान्तरण गर्नु पर्नेछ ।

(३) प्रादेशिक महत्वका बजार निर्माणका लागि प्रदेश सरकारले उपलब्ध गराएको सरकारी जग्गा हुनु पर्नेछ । स्थानीय तहहरुले प्रादेशिक बजार निर्माण गर्नुपर्दा स्थानीय तहले कृषि बजारका लागि उपलब्ध गराउने जग्गाको स्वामित्व निःशुल्क एवं निःशर्त रुपमा सम्वन्धित बजार ब्यवस्थापन समितिलाई हस्तान्तरण गर्नु पर्नेछ ।

(४) जग्गा भाडामा लिएर स्थापना गर्ने बजारको हकमा जग्गाधनी र सम्बन्धित कृषि ज्ञान केन्द्र/बजार संचालक समिति वीच कम्तीमा बीस बर्ष अवधिका लागि जग्गा भाडामा लिने दिने गरी सम्झौता गरी जग्गा प्राप्त गर्नुपर्नेछ ।

(५) कार्यगत स्वतन्त्रताः जग्गाको स्वामित्व रहेको जग्गाधनी, निश्चित अवधिका लागि जग्गा प्राप्त गरेको निकाय/संस्था वा अख्तियारवालाबाट पूर्वाधार निर्माण कार्य पश्चात कृषि उपज बजार स्थलको कार्यक्रम तर्जुमा, कार्यान्वयन र सेवा शुल्क निर्धारण तथा संकलनमा कृषि उपज बजार स्थल ब्यवस्थापन समितिलाई पूर्ण स्वतन्त्रता दिनु पर्नेछ ।

(६) कृषि बजार पूर्वाधार निर्माणको प्रस्तावकले कृषि उपज बजार स्थलको कार्य क्षेत्र अग्रिम रुपमा तोकिनु पर्नेछ ।

(७) यस कार्यक्रम अन्तर्गत  कृषि बजार पूर्वाधार निर्माण कार्यका लागी गरिएको लागत इस्टिमेट तथा साझेदारीमा निर्माण गर्न स्वीकृत रकमको कम्तिमा पन्ध्र प्रतिशत रकम सम्वन्धित साझेदार संस्थाले अनिवार्य रुपमा जुटाउने पर्नेछ ।सम्वन्धित साझेदार संस्थाबाट सम्झौतामा उल्लेखित साझेदारी रकम बराबरको लगानी नभए सम्म कार्यालयबाट अन्तिम भुक्तानी हुने छैन ।

(८) बीस लाख वा सो भन्दा कम लागतका जिल्ला स्तरका कृषि उपज बजार र संकलन केन्द्र निर्माण तथा सुढृढिकरणका लागि प्रकृया पुरा भै आएका उचित प्रस्तावहरुको कार्यान्वयन आफ्नो बार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि ज्ञान केन्द्रले गर्नु पर्नेछ ।

(९) कृषि उपज बजार केन्द्र निर्माणको लागि आवश्यक न्यूनतम क्षेत्रफल र प्राथमिकता प्राप्त पूर्वाधारहरु देहाय अनुसार हुनु पर्नेछः-

| क्र.सं. | बजार स्थलको प्रकार | न्युनतम आवश्यक क्षेत्रफल | | समावेश गर्नुपर्ने पूर्वाधारहरु |
|---|---|---|---|---|
| | | तराई | पहाड | |
| १ | थोक बजार/प्रादेशिक महत्वको बजार | तिस कठ्ठा | एक विगाहा | स्टल एप्रोच रोड, शौचालय, कार्यालय, सूचना केन्द्र, स्टोर/गोदाम, खानेपानी |
| २ | खुद्रा बजार | दुई कठ्ठा | डेढ कठ्ठा | स्टल, स्टोर, खानेपानी, शौचालय |
| ३ | संकलन केन्द्र | तिन कठ्ठा | डेढ कठ्ठा | सेड, स्टोर, तौलिने सुविधा, खानेपानी, सूचना -संचार सुविधा |

**मूल्याङ्कनका आधारहरुः**

**कृषि बजार पूर्वाधार निर्माण प्रस्तावको मूल्याँकन फारम**

१. व्यवसायिक उत्पादन पकेटको आवश्यक्ता एंव उपलब्ध पूर्वाधारको अपर्याप्तता ( दश देखि बीस अंक)

क) पर्याप्त परिणाममा बिक्रीयोग्य बचत रहेको र बिक्री गर्ने स्थल नभएको ......बीस अंक

ख) बिक्री योग्य बचत पर्याप्त तर बिक्री गर्ने स्थल उपलब्ध भएपनि अपर्याप्त......सोह्र अंक

ग) बिक्रीयोग्य उत्पादन कम र बिक्री गर्ने स्थलको अभाव......बाह्र अंक

घ) नजिक पूर्वाधार बनिसकेको......दश अंक

२. जग्गाको व्यवस्था एंव प्रस्तावित स्थलको उपयुक्तता (जिरो देखि दश अंक)

क) उपयुक्त स्थलमा पर्याप्त जग्गाको व्यवस्था भएको ...... दश अंक

ख) उपयुक्त स्थलमा केही नपुग जग्गाको व्यवस्था भएको......आठ अंक

ग) अनुपयुक्त स्थलमा जग्गाको व्यवस्था भएको ......चार अंक

घ) जग्गाको व्यवस्था नभएको ...... दुई अंक

३. नीतिगत प्राथमिकताको क्षेत्र एंव स्थल (जिरो देखि दश अंक)

क) सरकारको नीति र योजनाले दिएको उच्च प्राथमिकताको वस्तु वा क्षेत्रमा पर्ने .....दश अंक

ख) सरकारको नीति र योजनाले दिएको सामान्य प्राथमिकताको वस्तु वा क्षेत्रमा पर्ने......छ अंक

ग) सरकारको नीति र योजनाले दिएको सामान्य प्राथमिकताको वस्तु वा क्षेत्रमा नपर्ने...दुई अंक

४. स्थानीय तहको सहयोग/साझेदारीको अवस्था (जिरो देखि अंक)

क) उत्साहजनक .... दश अंक

ख) सामान्य...... छ अंक

ग) न्युन ...... दुई अंक

५. प्रस्तावक संस्थाको आर्थिक एंव व्यवस्थापकीय क्षमता (जिरो देखि दश अंक)

क) व्यहोर्नु पर्ने रकम (म्यूचल फण्ड) को व्यवस्था कम तर कार्यान्वयन गर्न सक्षम संस्था भएको ...... छ अंक

ख) व्यहोर्नु पर्ने रकम (म्यूचल फण्ड) को व्यवस्था नभएको साथै कार्यान्वयन गर्न क्षमता न्यून ......चार अंक

६. शहरी बजार तथा निर्यात बजार सँगको आवद्धताको सभावना (जिरो देखि अंक अंक)

क) प्रस्तावित स्थलबाट शहरी क्षेत्र तथा बिदेशी बजारसँग व्यापार हुने संभावना ... दश अंक

ख) प्रस्तावित स्थलबाट देश भित्रको शहरी क्षेत्रको बजारसँग मात्र व्यापार हुने संभावना......आठ

ग) प्रस्तावित स्थलबाट अन्य बजारसँग व्यापार हुने संभावना नरहेको...... छ अंक

घ) प्रस्तावित स्थलको वरिपरि मात्र व्यापार हुने संभावना रहेको...... चार अंक

७. दिगो संचालनको संभावना (जिरो देखि दश अंक)

क) बजार समितिले आय गरी दीगो संचालन हुने संभावना ...... दश अंक

ख) बजार अस्थायी रुपले संचालन हुने संभावना ...... छ अंक

ग) बजार संचालन हुने सभावना नरहेको......दुई अंक

८. संभाव्यता अध्ययनका आधारमा देखिएको संभाव्यता (जिरो देखि दश अंक)

क) प्राविधिक सभाव्यता अध्ययन गरिएको र यसका आधारमा बजार संभाव्य देखिएको ....दश अंक

ख) प्राविधिक सभाव्यता अध्ययन नगरिएको तर समान्य अनुमान आधारमा बजार संभाव्य देखिएको ......छ अंक

ग) प्राविधिक सभाव्यता अध्ययन नगरिएको र अनुमान आधारमा बजार संभाव्य नदेखिएको...... दुई अंक

९. कृषकहरु द्धारा प्रत्यक्ष बेचविखन गरी आय बढाउने संभावना (जिरो देखि दश अंक)

क) कृषकको उत्पादन स्थल नजिक भएको र व्यावसायिक कृषक धेरै भएकोले धेरै फायदा पुग्ने ...दश अंक

ख) कृषकको उत्पादन स्थल नजिक भएकोले कृषकलाई केही मात्रामा फायदा पुग्ने ......छ अंक

ग) कृषकको उत्पादन स्थल टाढा भएकोले कृषकलाई कम फायदा पुग्ने ......दुई अंक

## २०. कार्यक्रमको नामः नगद प्रोत्साहनमा आधारित हिउँदे मकै खेती क्षेत्र विस्तार कार्यक्रम

**उद्देश्यः**

(क) हिउँदे मकै खेतीको क्षेत्रफल विस्तार मार्फत खाद्यान्न वालीको उपलब्धतामा बृद्धि गर्ने ।

(ख) बाँझो खेत राख्ने प्रचलनलाई निरुत्साहित गर्ने ।

(ग) मकै आयात न्यूनिकरण गर्दे जाने ।

**अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः**

कृषि सहकारी संस्था/कृषक समुह/कृषक/ निजी उद्यमी

**संलग्न गर्नुपर्ने आवश्यककागजातहरु**

(१) संस्था/समुह दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

(२) संस्था/समुह नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि .

(३) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(४) निवेदक कृषकहरुको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।

(५) सहकारी संस्थाको हकमा पछिल्लो तीन आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि ।

(६) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(७) जग्गा धनीपूर्जा प्रमाण पत्रको प्रतिलिपी/जग्गा भाडामा लिएको भए सो को प्रमाण/सार्वजनिक जग्गा भए स्थानीय तहको सिफारिस।

(८) स्थानीय तह कृषि शाखाको सिफारिश

(९) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र पेश गर्नु पर्ने छ ।

**सहजीकरण सेवा तथा सुविधाः**

(1) हिउँदे मकै खेती क्षेत्र विस्तार वापत नगद प्रोत्साहन रकम प्रति हेक्टर रु. पन्ध्र हजार हुनेछ ।

**कार्यक्रम संचालनका आधारभूत पक्ष तथा मूल्याङ्कनका आधारहरुः**

(१) नगद प्रोत्साहनको प्रवाह कृषि ज्ञान केन्द्रमा कार्यरत कृषि प्राविधिकले स्थलगत निरीक्षण गरी मकै खेती गरिएको क्षेत्रफल एकिन गरी प्रतिवेदन प्राप्त भएपछि गरिने छ ।क्षेत्र एकिन गर्न क्षेत्रफल मापन गर्ने जि.पि.एस. उपकरण तथा वीउ खरिद रसिदलाई आधार मानिनेछ । नगद प्रोत्साहन रकम मकै Knee height stage को भएपछि अनुगमन गरी उपलब्ध हुनेछ ।

(२) कृषि ज्ञान केन्द्रले हिउँदे सिजनमा जग्गा बाँझो रहने मकैको व्यवसायिक खेतीको सम्भावना भएका क्षेत्रहरु पहिचान गरी कार्यक्रम कार्यान्वयन हुने स्थानीय तह/वडा/क्षेत्र निक्यौंल गरी ती क्षेत्रमा कार्यक्रम संचालनका लागि सूचना प्रकाशन गर्नु पर्नेछ । व्यवसायिक रुपमा मकै खेती भएका क्षेत्रहरु छनौटमा सहभागी गराउन पाईने छैन ।

(३) यसरी स्थानीय तह/वडा/क्षेत्र छनौट गर्दा प्रति स्थानीय तह/वडा/ क्षेत्र न्यूनतम बीस हेक्टर मकै खेती विस्तार गर्न सकिने हुनुपर्छ ।

(४) हिउँदे मकैका लागि सूचिकृत तथा उन्मोचित जातहरु छनौट गर्नु पर्नेछ ।

(५) नेपालमा उन्मोचित उन्नत तथा वर्णशंकर जातहरुलाई कार्यक्रम संचालनका लागि प्राथमिकतामा राखी कार्यक्रम संचालन गर्नु पर्नेछ ।

(६) यो कार्यक्रम एउटै क्षेत्रमा तिन वर्षभन्दा बढी अवधिमा संचालन गरिने छैन ।

(७) यस कार्यविधि बमोजिम हिउँदे मकै खेती क्षेत्र विस्तार नगद प्रोत्साहन प्राप्त गर्न,

- क) मकै लाईनमा रोप्नु पर्नेछ ।
- ख) सिफारिस मात्रामा बीउको प्रयोग गर्नुपर्ने छ ।
- ग) मकैमा सिफारिश मात्रामा मलखाद प्रयोग गरी सिंचाई तथा गोडमेल गरेको हुनु पर्नेछ ।
- घ) निरीक्षणको क्रममा प्राविधिकले सिफारिश गरेका सुझावहरु अवलम्वन गर्नु पर्नेछ ।
- ङ) सम्भव भएसम्म रोपेको मकैको वीमा गराउनु पर्नेछ ।

(२) कार्यक्रम लागू भएका क्षेत्रहरुबाट सूचिकृत समुह, सहकारी तथा कृषकहरुमध्ये तपसिल बमोजिमको आधारमा छनौटमा प्राथमिकता दिनुपर्ने छ ।

**समूह/ सहकारीको सन्दर्भमाः**

| क्र.स | छनौटका आधार | अंकभार | |
|---|---|---|---|
| १ | समूह सहकारीमा समावेशिकरणको अवस्था | महिला सहभागिता पचास प्रतिशत वा सो भन्दा कम | महिला सहभागिता पचास प्रतिशत भन्दा बढी |
| | | १० | २० |
| २ | बजार सुनिश्चतताको करार ब्यवस्था | नभएको | भएको |
| | | ० | ४० |
| ३ | मकै खेती Clustering गरी गरिने भए | जग्गा चक्लाबन्दी नभई प्रस्ताव आएमा | जग्गा चक्लाबन्दी गरेर प्रस्ताव आएमा |
| | | ० | ४० |

**कृषक तथा निजी उद्यमीको सन्दर्भमाः**

कार्यक्रम संचालनको लागि छनौट भएका क्षेत्रका कृषक तथा निजी उद्यमीको सन्दर्भमा, बाँझो जग्गाको सदुपयोग हुने भएमा कम्तिमा ०.३ हे.(१० कठ्ठा) जग्गामा मकै खेती गरेकाहरुलाई प्रोत्साहित गरिनेछ। बजार सुनिश्चतताको करार गरेका कृषक तथा निजी उद्यमीलाई प्राथमिकता दिईने छ ।

## २१. कार्यक्रमको नामः सघन वाली विकास कार्यक्रम

**उद्देश्यः**

(१) खाद्यान्न वालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

(२) खाद्यान्न वालीको उत्पादकलाई आवश्यक प्रविधि र सहयोग उपलब्ध गराउने ।

**अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः**

कृषि सहकारी संस्था / कृषक समुह/कृषक/ निजी उद्यमी/फर्म / जल उपभोक्ता समिति /नीजि सेवा प्रदायक / कृषि उपज वजार व्यवस्थापन समिति

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(१) संस्था/समुह दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

(२) संस्था/समुह नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि ।

(३) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(४) निवेदक कृषकहरुको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।

(५) सहकारी संस्थाको हकमा पछिल्लो तीन आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि ।

(६) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(७) जग्गा धनीपूर्जा प्रमाण पत्रको प्रतिलिपी/जग्गा भाडामा लिएको भए सो को प्रमाण/सार्वजनिक जग्गा भए स्थानीय तहको सिफारिस।

(८) स्थानीय तह कृषि शाखाको सिफारिश

(९) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र पेश गर्नु पर्ने छ ।

**सहजीकरण सेवा तथा सुविधा**

**(१) क्लस्टरस्तरमा परियोजना अभिमुखीकरणः**

(क) सम्वन्धित कृषि ज्ञान केन्द्रले कृषक, कृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि उद्यमी, फर्म, कृषि कार्यमा संलग्न सहकारी, जल उपभोक्ता समिति, नीजि सेवा प्रदायक, कृषि उपज वजार व्यवस्थापन समिति लगायत अन्य सरोकारवाला निकायहरुको उपस्थितीमा सघन वाली विकास आयोजना अभिमुखीकरण कार्यक्रम संचालन गर्नेछ ।

**(२) प्रविधि तथा प्राविधिक सहयोगः**

(क) सम्वन्धित कृषि ज्ञान केन्द्रले क्लस्टरमा सहभागितात्मक व्यवसायिक उत्पादन प्रविधि प्रदर्शन तथा स्थलगत तालिम कार्यक्रम संचालन गर्नेछ । प्रत्येक क्लस्टरमा सम्वन्धित बाली/वस्तुका कम्तिमा तराई तथा भित्री मधेशमा ०.५ हे र पहाड तथा हिमाली जिल्लामा ०.२५ हे मा व्यवसायिक उत्पादन प्रविधि प्रदर्शन सञ्चालन गरिनेछ। यस्ता प्रविधि प्रर्दशनहरु संभाव्यता र आवश्यकताका

आधारमा छनौट भएका क्लस्टरका प्रत्येक स्थानीय तहको उपयुक्त स्थानमा कम्तिमा १/१ वटा रहने गरी सञ्चालन गर्न सकिनेछ । साथै प्रत्येक क्लस्टरमा सम्वन्धित बाली/वस्तुको उत्पादन प्रविधि, बजारीकरण, मूल्य श्रृंखला विकास लगायतका विविध पक्षहरु समेटिने गरी स्थलगत तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) सम्वन्धित कृषि ज्ञान केन्द्रले प्रयोगशालाहरुको समन्वयमा क्लस्टर क्षेत्रमा एकिकृत माटो, वीउ र बाली संरक्षण सेवा उपलव्ध गराउन स्थलगत प्रयोगशाला सेवा संचालनमा ल्याउनेछ।

**(३) उत्पादन सामग्री सहयोग**

(क) उत्पादन सामाग्री विशेषगरी रासायनिक तथा प्राङ्गारिक मलमा हाल प्रचलित प्रावधान अनुरुप नै क्लस्टर क्षेत्रका लागि आवश्यक परिमाण अनुदानमा उपलव्ध गराइनेछ।

(ख) यसका साथै उन्नत तथा हाईब्रिड विउ विजन, रसायनिक एवं जैविक विषादीहरु, कृषि चुन तथा सुक्ष्म तत्व लगायतका अन्य उत्पादन सामग्रीहरुमा अनुदान सहयोग उपलव्ध गराइनेछ। यसरी वितरण गरिने उत्पादन सामाग्रीहरुमा बढीमा पचास प्रतिशत अनुदान उपलब्ध गराइने छ ।

**(४) कृषि यान्त्रीकरणका लागि Custom Hiring Center स्थापना**

(क) सम्वन्धित क्लस्टरमा यान्त्रीकरण प्रबर्द्धनका लागि बाली/वस्तुका लागि उत्पादनदेखि भण्डारणसम्म आवश्यक पर्ने सवै प्रकारका मेशिनरी औजार उपकरणको सेट खरिदमा बढीमा पचास प्रतिशत पूंजीगत अनुदान उपलव्ध गराइनेछ ।

(ख) सम्वन्धित क्लस्टरका लागि आवश्यक मेशिनरी औजार उपकरणको सेटको विवरण र लागत इष्टिमेट आवश्यकता अनुसार कृषि विकास निर्देशनालयको सहयोगमा सम्वन्धित कृषि ज्ञान केन्द्रले गर्नेछ ।

(ग) केन्द्र स्थापनाका लागि सम्वन्धित सन्चालक समिति वा सम्वन्धित कृषि उद्यमीले आवश्यक घर तथा जग्गा उपलव्ध गराउनु पर्नेछ । जग्गा सम्बन्धित संचालक समितिको आफ्नै स्वामित्वमा नभएमा कम्तिमा दश बर्ष अवधिका लागी भाडामा लिएको हुनुपर्नेछ। जग्गा उपलब्ध हुन नसकेको अवस्थामा घर भाडामा लिएर समेत संचालन गर्न सकिनेछ ।

(घ) सम्वन्धित संचालक समितिले उक्त मेशिनरी औजार उपकरणको सेट खरिद गरि Custom Hiring Center संचालन गर्न चाहेमा सोही समिति मार्फत वा सो समिति यस किसिमको सेवा उपलव्ध गराउन विभिन्न कारणले अनिच्छुक देखिएमा उक्त सेवा संचालन गर्न इच्छुक अन्य कृषक समुह/सहकारी/उपभोक्ता समूह/कृषि उद्यमी वा नीजि सेवा प्रदायकलाई सम्वन्धित क्लस्टरलाई प्राथमिकतामा राख्दै अन्य क्षेत्रमा समेत सहुलियत दरमा सो सेवा उपलव्ध गराउने शर्तमा यस कार्यका लागि अनुदान उपलव्ध गराउन सकिनेछ ।

(ङ) Custom Hiring Center संचालन गरे वापतको पूंजीगत अनुदान सम्वन्धित क्लस्टर संचालक समिति वा सो सेवा संचालन गर्ने कृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि उद्यमी, फर्म, कृषि कार्यमा संलग्न सहकारी, जल उपभोक्ता समिति वा नीजि सेवा प्रदायकको बैंक खातामा

प्रचलित आर्थिक ऐन नियम वमोजिम उपलव्ध गराइनेछ ।तर यस प्रयोजनका लागि अन्य निकायवाट अनुदान प्राप्त नगरेको हुनु पर्नेछ ।

(च) Custom Hiring Center स्थापना तथा सञ्चालन गर्न चाहने निकाय/संस्था र सम्बन्धित कृषि ज्ञानकेन्द्र विच सम्झौता गरी सोही वमोजिम कार्यान्वयन गरिने छ ।

(छ) स्थापना हुने Custom Hiring Center हरुले सम्बन्धित क्लस्टरमा आवद्ध कृषकहरुका अलावा आसपासका क्षेत्रका कृषकहरुलाई समेत सम्झौतामा उल्लेख भएको शर्त वमोजिम सेवा प्रवाह गर्नु पर्नेछ ।

**(५) साना सिंचाइ निर्माण तथा मर्मत सम्भार सहयोग**

(क) साना सिंचाइ निर्माण तथा मर्मत सुधार सम्बन्धित क्लस्टर संचालक समितिले निर्णय गरे बमोजिमका स्थानमा सम्बन्धित क्लस्टर संचालक समिति वा समितिले तोकेको समूह/सहकारी र सम्बन्धित कृषि ज्ञानकेन्द्र बिच सम्झौता गरी कार्यान्वयन गरिनेछ । यस्ता पूर्वाधारहरु निर्माणमा बढीमा ८५ प्रतिशत अनुदान उपलब्ध गराइनेछ ।

**(६) स्थानीय श्रोत व्यक्ति परिचालन**

(क) सामाजिक परिचालन मार्फत आयोजनाको प्रभावकारी कार्यान्वयनमा सहजिकरण गर्नका साथै क्लस्टर संचालक समिति र कृषि ज्ञान केन्द्रविच समन्वय कायम गर्न प्रति क्लस्टर एकजना श्रोत व्यक्ति नियुक्त गरी परिचालन गर्न सकिने छ ।

(ख) यसको लागि सम्बन्धित कृषि ज्ञान केन्द्रले नियमानुसार आवेदन माग गरी सम्झौतामा उल्लेख गरीए वमोजिमका कार्यहरु संचालन गर्नको लागि स्वीकृत बार्षिक वजेटको अधिनमा रही सेवा सुविधा प्रदान गर्ने गरी स्थानीय श्रोत व्यक्ती परिचालन गर्न सक्नेछ । स्थानीय श्रोत व्यक्तिको पारिश्रामिक मासिक रु. पन्ध्र हजार हुनेछ ।

(ग) स्थानीय श्रोत व्यक्तीको लागि आवेदन दिने उमेद्धवारहरुले देहायका मापदण्ड पुरा गरेको हुनु पर्नेछ ।

१. १८ वर्ष उमेर पुरा भएको नेपाली नागरिक ।

२. क्लस्टर क्षेत्र अन्तरगत रहेका गा.पा./न.पा. भित्र उपलब्ध भएसम्म स्थाई बसोबास भएकोलाई प्राथमिकता दिइने

३. अन्य कुनै संघ संस्थामा रोजगार नभएको र भएमा उक्त रोजगारी परित्याग गर्न तयार भएको ।

४. कृषि विषयमा जे.टि.ए. उतिर्ण वा ग्रामिण कृषि कार्यकर्ता तालिम प्राप्त गरेकालाई विशेष प्राथमिकता दिइने

५. दलित, आदिवासी जनजाती, मधेसी, मुस्लिम, पिछडिएको वर्ग र विवाहित महिलालाई प्राथमिकता दिईने ।

६. स्थानीय श्रोत ब्यक्तिको रुपमा काम गर्न ईच्छुक

७. स्थानीय स्तरमा बोलिने भाषा बोल्न र लेख्न सक्नेलाई प्राथमिकता दिइने

८. स्थानीय श्रोत ब्यक्तिको रुपमा कार्य गरेका अनुभवीलाई प्राथमिकता दिईने

(क) स्थानीय श्रोत व्यक्तिको कार्य विवरण देहाय वमोजिमको हुनेछ -

१. सम्बन्धित क्लस्टरमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि सहजिकरण गर्ने ।

२. कार्यक्षेत्रमा रही कृषि सम्बन्धी तथ्यांकहरु कम्पाइल गर्न सहजिकरण गर्ने ।

३. कृषकहरुका आवश्यकता/समस्याहरु संकलन गरी समाधान गर्न सहजिकरण गर्ने।

४. सम्बन्धित कृषि ज्ञान केन्द्रको मातहतमा रही अन्य तोकिएका कार्यहरु गर्ने ।

**अन्य कार्यक्रमहरु संचालन र सहजिकरण**

१. माथि उल्लेखित कार्यक्रमहरुका अलावा कार्यक्रमको मर्म अनुरुपका र सम्बन्धित क्लस्टर संचालक समितिको माग वमोजिमका, अन्य चालु तथा पूँजिगत खर्च अन्तर्गतका कार्यक्रमहरु समेत आवश्यकता अनुसार संचालन गर्न सकिनेछ । जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्न प्रोत्साहन गर्ने किसिमका कार्यक्रमहरु तर्जुमा गरी संचालन गरिने छ । उक्त कार्यक्रमहरु संचालनको लागि प्रदेश सरकारको तर्फवाट देहाय वमोजिमको अनुदान सहयोग उपलब्ध हुनेछ ।

| सि. नं | विवरण | सहजिकरण (Facilitation) |
|---|---|---|
| १ | कृषि उत्पादन सामग्रीहरु (वीउ, कृषि चून लगायत) | ५० प्रतिशत |
| २ | प्राविधिक सहयोग | १०० प्रतिशत |
| ३ | प्रयोगशाला सेवाहरु | ८५ प्रतिशत |
| ४ | कृषि औजार तथा उपकरणहरु | ५० प्रतिशत |
| ५ | साना सिंचाइ पूर्वाधारहरु | ८५ प्रतिशत |

२. यो कार्यक्रम एक क्लस्टरमा तीन वर्षसम्म मात्र संचालन गरिनेछ

**कार्यक्रम संचालनका आधारभूत पक्ष तथा मूल्याङ्कनका आधारहरुः**

**क्लष्टर निर्धारणः**

१. यो कार्यक्रम भौगोलिक तथा प्राविधिक सम्भाव्यताका आधारमा क्लस्टरमा संचालन गरिने छ।

२. क्लस्टर निर्धारण गर्दा तपसिल बमोजिमको आधारमा गर्नु पर्नेछ ।

(क) खाद्यान्न वालीको कम्तिमा तराईमा ५० हेक्टर र पहाडमा ३० हेक्टरको क्षेत्रफल

(ख) खाद्यान्न वालीको वीउ प्रतिस्थापन दर कम तर उत्पादनको पर्याप्त सम्भावना भएका क्षेत्रहररु।

(ग) व्यवसायिक उत्पादनको सम्भावना भएका स्थानीय क्षेत्रहररु।

(घ) प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको सम्बन्धित वालीको सुपरजोन, जोन, ब्लक र पकेट विकास कार्यक्रम, प्रदेश सरकार मातहतका निकायहरुवाट खाद्यान्न वाली व्यवसायिकरण सम्बन्धी अन्य कार्यक्रमहरु संचालन नभएका क्षेत्रहररु।

(ङ) सडकको पहुँच भएको वा हुनसक्ने ।

(च) सिंचाईको उपलब्धता भएको वा हुनसक्ने ।

(छ) विद्युतको उपलब्धता भएको वा हुनसक्ने ।

(ज) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको/हुनसक्ने वा एउटै कोरिडोरमा रहेको

(झ) स्थानीय तहको लागत सहभागिता हुन सक्ने ।

(१) क्लस्टर निर्धारण भई सकेपछि कृषि ज्ञान केन्द्रले इच्छुक कृषक समुह, कानून बमोजिम दर्ता भएका कृषि उद्यमी, फर्म, कृषि कार्यमा संलग्न सहकारी, जल उपभोक्ता समितिहरुलाई सूचीकरणका लागि सूचना प्रकाशन गर्नुपर्नेछ ।

**क्लस्टर संचालक समिति गठन**

(१) सूचीकृत भएका कृषक समुह, कृषि उद्यमी/फर्म, सहकारी, जल उपभोक्ता समितिहरुवाट प्रतिनिधित्व रहने गरी सम्बन्धित बाली/वस्तुको व्यवसायिक खेतीमा अनिवार्य संलग्न भएका कम्तिमा ३३ प्रतिशत महिला सहितको ९ सदस्यीय क्लस्टर संचालक समिति गठनको लागि ७ दिनको म्याद सहित पत्राचार मार्फत वा अन्य स्थानीय संचार माध्यम मार्फत आव्हान गरिनेछ ।

(२) तोकिएको अवधिमा समिति गठन भई नआएमा ज्ञान केन्द्रले सहजिकरण गरी १५ दिन भित्र समिति निर्माण गर्न सक्नेछ ।

(३) उक्त समितिमा संयोजक, उपसंयोजक, सचिव र सहसचिव एक-एक जना र बाँकी ५ जना सदस्य रहनेछन् ।

(४) क्लस्टर संचालक समितिको प्रमुख कार्यकारी पदहरुमा अनिवार्य रुपमा कम्तिमा १ जना महिला समावेश हुनु पर्नेछ । सम्बन्धित स्थानीय तहको कृषि शाखा प्रमुख समितिको पदेन सदस्यको रुपमा रहनेछ । कुनै क्लस्टर १ भन्दा बढी स्थानीय अन्तरगत रहन गएको अवस्थामा जुन स्थानीय तह अन्तरगत क्लस्टरको बढी क्षेत्रफल पर्न आउँछ सोही स्थानीय तहको कृषि शाखा प्रमुख समितिको पदेन सदस्यको रुपमा रहने छ । यो कार्यक्रमको प्रस्तावना तयार गर्दा र कार्य सम्पन्न प्रतिवेदन पेश गर्दा निजको सहमती अनिवार्य रहनेछ । तोकिएको क्षेत्रफलको व्यवस्थापन गरि कृषि उद्यमी, फर्म एक्लैले संचालन गर्ने क्लस्टरको हकमा भने त्यस्तो कृषि उद्यमी स्वयंले नै क्लस्टर सन्चालक समितिको भूमिका निर्वाह गर्नेछ ।यस्तो अवस्थामा सम्बन्धित स्थानीय तहको कृषि शाखा प्रमुख उक्त सञ्चालक समितिको सल्लाहकारको रुपमा रहने छ । यो कार्यक्रमको प्रस्तावना तयार गर्दा र कार्य सम्पन्न प्रतिवेदन पेश गर्दा निजको सहमती अनिवार्य रहनेछ ।

**क्लस्टर संचालक समितिको काम, कर्तव्य र अधिकार**

क्लष्टर संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(१) क्लस्टर कार्यक्रम संचालन गर्नका लागि आवश्यक उत्पादन सामग्री र सो को परिमाण आंकलन गर्ने, उत्पादन योजना तयार गर्ने, अन्य सामग्रीको श्रोत व्यवस्थापन गर्ने ।

(२) क्लस्टरमा निर्माण हुने पुर्वाधार विकास सम्वन्धी कार्यका लागि कृषि ज्ञान केन्द्रसंग आवश्यक समन्वय गर्ने ।

(३) क्लस्टर संचालनका लागि कृषि ज्ञान केन्द्र र अन्य सरोकारवाला निकायहरुसंग आवश्यक समन्वय गर्ने।

(४) क्लस्टरलाई व्यवस्थित रुपमा संचालनका लागि आधार तयार गर्ने, संलग्न कृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि उद्यमी, फर्म, कृषि कार्यमा संलग्न सहकारी, जल उपभोक्ता समिति लगायतसंग निरन्तर संवाद र सहकार्य गर्ने।

(५) संचालक समितिको बैठक महिनाको १ पटक अनिवार्य रुपमा र आवश्यकतानुसार अन्य समयमा बस्न ब्यवस्था गर्ने।

(६) क्लस्टर संचालन सम्बन्धि आन्तरिक आचारसंहिता (code of conduct) आवश्यक भएमा तयार गरी पालना गर्ने गराउने ।

(७) कार्यक्रम संचालनको लागि समितिले विनियममा उल्लेख गरी आवश्यक देखिएमा उपसमिति गठन गर्ने गराउने।

(८) क्लस्टर निर्माण, व्यवस्थापन, संचालन र अनुगमनका सन्दर्भमा अन्य सवै आवश्यक कार्यहरु गर्ने क्लस्टरमा संचालन हुने सम्पूर्ण क्रियाकलाप र आर्थिक कारोवार प्रचलित कानुन वमोजिम व्यवस्थापन गर्ने तथा जिम्मेवारी वहन गर्ने ।

(९) क्लस्टरमा उत्पादित वस्तुको मूल्य निर्धारण, वजारिकरण, प्रशोधन लगायतका क्रियाकलापहरुको मापदण्ड निर्धारण गरी व्यवस्थित गर्ने ।

(१०) क्लस्टरमा आवश्यक अन्य व्यवस्थापकीय कार्यहरु गर्ने ।

**समिति सम्बन्धि अन्य ब्यवस्था**

(१) कार्यक्रमको दिगोपनाको लागि समिति र समितिका पदाधिकारी तथा सदस्यहरुको पदावधि समितिले आवश्यकता अनुसार निर्धारण गर्नेछ। तर समितिका पदाधिकारी र सदस्यहरुको पदावधी दुई बर्ष भन्दा बढी हुने छैन । प्रत्येक दुई वर्षमा थप सूचीकृत भएका कृषक समुह, कृषि उद्यमी/फर्म, सहकारी, जल उपभोक्ता समितिहरुबाट समेत प्रतिनिधित्व हुने गरी समिति पुन: गठन गर्नु पर्नेछ ।

(२) समितिले आवश्यक विनियम तयार गरी सोही वमोजिम समितिका पदाधिकारी तथा सदस्यहरुको चयन गर्नेछ । समितिमा एकै परिवारवाट एक भन्दा बढी व्यक्ति रहन सक्ने छैन र एकै व्यक्ती लगातार एक कार्यकाल भन्दा बढी एकै पदमा रहन सक्ने छैन ।तर सदस्यको हकमा यो व्यवस्था लागु हुने छैन ।

(३) समिति गठन भएको एक बर्ष भित्र उक्त समिति कृषि ज्ञान केन्द्रमा निर्धारित प्रकृया अनुरुप दर्ता हुनु पर्नेछ । उक्त समितिको नियमित नविकरण गर्ने जिम्मेवारी समितिको हुनेछ ।

**कार्यक्रम र बजेट सम्बन्धी ब्यवस्था:**यो कार्यक्रम अन्तर्गत प्रथम वर्ष प्रति क्लस्टर वढीमा वीस लाख सम्म, दोश्रो वर्ष बढीमा सोह्र लाख तेस्रो वर्ष वढीमा १२ लाख सम्म अनुदान उपलब्ध गराईने छ । दोश्रो र तेस्रो

वर्षमा कार्यक्रम प्रभावकारी रुपमा निरन्तरता नदिएमा त्यस्ता समितिहरुलाई अनुदान रकम उपलब्ध गराईने छैन ।समितिहरुलाई रकम उपलब्ध गराउँदा उनीहरुले संचालन गर्ने कामको कृषि ज्ञानकेन्द्रवाट लागत स्टमेट तयार गरी उक्त कामको कार्य प्रगति अनुसार अनुदान उपलब्ध गराउनु पर्ने छ ।

## २२. कार्यक्रमको नामः उन्नत वीउ विजन तथा उत्पादन सामाग्रीमा सहयोग कार्यक्रम

**उदेश्यः**

(१) कृषकहरूलाई सरल र सुलभ तरिकाबाट गुणस्तरीय वीउ उपलब्ध गराई विभिन्न वालीहरुको उत्पादन र उत्पादकत्व वढाउने

(२) खाद्य वस्तुको आयात घटाउने र वालीहरुको वीउ प्रतिस्थापन दर वढाउने

**अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः**

कृषि सहकारी संस्था/कृषक समुह/कृषकतथा निजी उद्यमी

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(१) संस्था/समुह दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

(२) संस्था/समुह नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि ।

(३) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(४) निवेदक कृषकहरुको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।

(५) सहकारी संस्थाको हकमा पछिल्लो तीन आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि ।

(६) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(७) जग्गा धनीपूर्जा प्रमाण पत्रको प्रतिलिपी/जग्गा भाडामा लिएको भए सो को प्रमाण/सार्वजनिक जग्गा भए स्थानीय तहको सिफारिस।

(८) स्थानीय तह कृषि शाखाको सिफारिश

(९) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र पेश गर्नु पर्ने छ ।

**सहजीकरण सेवा तथा सुविधा**

| वाली | सेवा सुविधाका दायरा | कैफियत |
|---|---|---|
| खाद्यान्न, दलहन तथा तेलहन वाली | ▪ पहाडमा न्युनतम एक रोपनी तथा बढीमा सात रोपनीका लागि सिफारिश मात्राको वीउ प्रति किसान<br>▪ तराईमा न्युनतम पाँच कठ्ठा तथा बढीमा बीस कठ्ठाका लागि सिफारिश मात्राको वीउ प्रति किसान | |
| तरकारी वाली | ▪ पहाडमा न्युनतम आधा रोपनी तथा बढीमा सात रोपनीका लागि सिफारिश मात्राको वीउ प्रति किसान<br>▪ तराईमा न्युनतम दुई कठ्ठा तथा बढीमा दश कठ्ठाका लागि सिफारिश मात्राको वीउ प्रति | |

| वाली | सेवा सुविधाका दायरा | कैफियत |
|---|---|---|
| | किसान | |
| आलु | ▪ पहाडमा न्युनतम एक रोपनी तथा बढीमा सात रोपनीका लागि सिफारिश वीउ प्रति किसान | |
| कृषि चुन, शुक्ष्म खाद्यतत्व तथा झोल मल | ▪ पहाडमा न्युनतम एक रोपनी तथा बढीमा सात रोपनी का लागि सिफारिश सामाग्री प्रति किसान<br>▪ तराईमा न्युनतम दुई कट्ठा तथा बढीमा दश कट्ठाका लागि सिफारिश सामाग्री प्रति किसान | |

**नोटः** खाद्यान्न, दलहन, तेलहन, तरकारी, आलु, आदिको उन्नत वीउ विजन तथा उत्पादन सामाग्री खरिदमा निजी र सार्वजनिक ५०/५० प्रतिशत लागत साझेदारी हुनेछ । उक्त वीउ तथा उत्पादन सामाग्री खरिद गरिएको स्थानवाट सम्बन्धित वालीहरुको क्लस्टरसम्म पुऱ्याउन शत प्रतिशत ढुवानी सहयोग उपलब्ध गराईने छ ।

**कार्यक्रम संचालनका आधारभूत पक्ष तथा मूल्याङ्कनका आधारहरुः**

(१) खाद्यान्न, दलहन, तेलहन, तरकारी, आलु, आदिको वीउ प्रतिस्थापन दर कम तर ती वालीहरुको उत्पादनको पर्याप्त सम्भावना भएका स्थानीय तहहरु/वडाहरुमा कार्यक्रम सञ्चालन गरिने छ।

(२) व्यवसायिक उत्पादनको सम्भावना भएका स्थानीय तहहरु/वडाहरुमा कार्यक्रम सञ्चालन गरिने छ।

(३) प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको सम्बन्धित वालीको सुपरजोन, जोन, ब्लक र पकेट विकास कार्यक्रम, सघन वाली विकास आयोजना तथा अनुदानमा वीउ तथा उत्पादन सामाग्री उपलब्ध गराउने कार्यक्रम चालन नभएका स्थानीय तह/वडाहरुमा कार्यक्रम सञ्चालन गरिने छ।

(४) कार्यक्रम संचालनका लागि कृषक समूह, कृषि सहकारीको संस्थागत संरचना भएका तथा उपज बजारीकरणको सम्भावना भएका क्षेत्रहरुमा कार्यक्रम सञ्चालन गरिने छ।

(५) महिला, जनजाति, दलित, विपन्न, पिछडिएका समुदाय र खाद्य असुरक्षित क्षेत्रलाई प्राथमिकता दिईनेछ ।

(६) सामूहिक खेती प्रवर्द्धन गर्नेलाई प्राथमिकता दिइनेछ ।

(७) वीउ तथा उत्पादन सामाग्रीको मूल्य निर्धारणःलागत साझेदारीमा वीउको मूल्यको सम्बन्धमा नेपाल सरकारबाट निर्धारण भएका वीउको मूल्यलाई आधार मान्नु पर्नेछ ।नेपाल सरकारबाट मूल्य निर्धारण नभएका वीउ विजन तथा उत्पादन सामाग्रीको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियामावली, २०६४ लागू हुनेछ । ढुवानीका लागि स्थानीय दररेटलाई आधार मान्नु पर्नेछ ।

(८) वीउ विजनको गुणस्तर तथा प्रकारःयस कार्यक्रमका लागि नेपालमा प्रचिलत ऐन, कानुन अनुसार सूचित तथा उन्मोचित वीउ विजनको जात छनौट गर्नु पर्नेछ साथै नेपाल सरकारले निर्धारण गरेको गुणस्तर बमोजिम हुनुपर्नेछ ।

(९) **यस कार्यक्रम अन्तर्गतः**

क. **उन्नत जातको वीउ भन्नालेः** वीउ विजन ऐन, २०४५ अनुसार प्रमाणिकरण पद्धति तथा यथार्थ संकेतपत्र पद्धति अनुरुप कायम वीउका स्तर (मूल, प्रमाणित, श्रोत, लेवल तथा उन्नत वीउ) लाई जनाउछ ।आलु वालीको हकमा पूर्व मूल वीउ(Pre Basic Seed) बाट मूल वीउ (Basic Seed) हुँदै

उत्पादन गरिएको प्रथम पुस्ता र दोश्रो पुस्ता (Certified Seed I, Certified Seed II )आलुको वीउ दाना बुझ्नुपर्दछ ।

ख. खाद्यान्न वाली भन्नालेः धान, मकै, गँहुर कोदोलाई बुझ्नुपर्दछ ।

ग. दलहन वाली भन्नालेः मसुरो र राज्मा वालीलाई बुझ्नुपर्दछ ।

घ. तेलहन वाली भन्नालेः तोरी,, सरस्युँ र सुर्यमुखीलाई वालीलाई बुझ्नुपर्दछ ।

ङ. उत्पादन सामाग्री भन्नालेः कृषि चुन, झोल मल तथा सुक्ष्म खाद्यतत्व लाई बुझ्नुपर्छ ।

## २३. कार्यक्रमको नामः चैते धान विशेष सहयोग कार्यक्रम

**उद्देश्यः**

(१) चैते धान खेतीको क्षेत्रफल विस्तार गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने।

(२) धान बालीमा आत्मनिर्भरता तर्फ अग्रसर हुने।

(३) बाझो खेत राख्ने प्रचलनलाई निरुत्साहित गर्ने ।

**अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः**

कृषक समूह/कृषि सहकारी संस्था/कृषक/निजी उद्यमी/उपभोक्ता संस्था वा समिति

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(१) संस्था/समुह दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

(२) संस्था/समुह नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि ।

(३) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(४) निवेदक कृषकहरुको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।

(५) सहकारी संस्थाको हकमा पछिल्लो तीन आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि ।

(६) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(७) जग्गा धनीपूर्जा प्रमाण पत्रको प्रतिलिपी/जग्गा भाडामा लिएको भए सो को प्रमाण/सार्वजनिक जग्गा भए स्थानीय तहको सिफारिस।

(८) बजार करार गरेको भए सो को प्रतिलिपि ।

(९) स्थानीय तह कृषि शाखाको सिफारिश

(१०) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र पेश गर्नु पर्ने छ ।

सहजीकरण सेवा तथा सुविधा

| सि.नं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| १. | चैते धान खेती क्षेत्र विस्तार | वीउमा अनुदान | वीउ खरिदमा ५० % अनुदान | श्रोत केन्द्रबाट वीउ व्यवस्थापन गर्नु पर्ने । सो नभएमा स्थानीय दररेट तथा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम । |
| २. | चैते धान खेती प्रोत्साहन | दफा ७ को उपदफा (२) वमोजिम | प्रति हेक्टर १०,००० | |
| ३. | कृषि औजार उपकरण खरिद | झार गोड्ने र मल छर्ने उपकरण खरिद | १०० % अनुदान | तराईमा ५ हेक्टर र पहाडमा १.७५ हेक्टर को स-साना ब्लक मानी प्रति ब्लक तराईमा १० वटा र पहाडमा ४ वटा झार गोड्ने तथा तराईमा २ वटा र पहाडमा १ वटा मल छर्ने हाते मेशिन/उपकरण। |

कार्यक्रम संचालनका आधारभूत पक्ष तथा मूल्याङ्कनका आधारहरु

(१) यो कार्यक्रम चैते धान खेती क्षेत्र विस्तारको सम्भावना रहेका तराई, भित्री मधेश र मध्य पहाडी जिल्लाका उपयुक्त क्षेत्रहरुमा संचालन गरिनेछ ।

(२) कृषि ज्ञान केन्द्रले चैते धान खेतीको सम्भावना भएका स्थानीय तह तथा क्षेत्रहरुलाई प्राथमिकतामा राखी कार्यक्रम कार्यान्वयन हुने स्थानीय तह निक्यौंल गरी ती क्षेत्रमा कार्यक्रम संचालनका लागि सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) यसरी क्षेत्र / स्थानीय तह छनौट गर्दा प्रति क्षेत्र/स्थानीय तह तराईमा न्यूनतम बीस हेक्टर र पहाडमा सात हेक्टर चैते धान खेती गर्न सक्ने क्षेत्र/तह प्राथमिकतामा राखी संचालन गर्नुपर्नेछ ।

(४) स्थान विशेषको आधारमा तराईमा न्यूनतम बीस हेक्टर र पहाडमा सात हेक्टर क्षेत्रफल कायम गर्न नसकी कार्यक्रम कार्यन्वयनमा असर गर्ने भएमा उपलब्ध जनशक्ति तथा अनुगमन आवश्यक्ता समेतलाई दृष्टिगत गरी कृषि ज्ञान केन्द्रले सो भन्दा कम क्षेत्रफलमा कार्यक्रम कार्यन्वयन गर्न सक्नेछ ।

(५) चैते धानका लागि सूचिकृत तथा उन्मोचित जातहरु मात्र यस कार्यका लागि छनौट गर्नु पर्नेछ ।

## २४. कार्यक्रमको नामः कमर्सियल एग्रीकल्चर एलायन्स (सि.ए.ए.) मार्फत संचालन हुने व्यवसायिक कृषि विकास कार्यक्रम

**उद्देश्यः**

(१) उच्च मूल्यका वाली बस्तुहरुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सहयोग गर्ने ।

(२) बजार पूर्वाधारबिकास तथा उत्पादनोपरान्तका कृयाकलापहरुमा सहयोग उपलब्ध गराई वाली बस्तुहरुबजारमा पहुच बढाउने ।

(३) व्यवसायिक उत्पादन प्रवर्द्धन गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा सहयोग गर्ने

**अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः**

सिएएबाट सदस्यता प्राप्त गरि नविकरण गरेका उदयपुर,सुनसरी, मोरङ्ग, धनकुटा, तेह्रथुम, भोजपुर, झापा, इलाम, पाँचथर र ताप्लेजुङ्ग जिल्लाका व्यवसायिक कृषिका सरोकारवालाहरु (कृषक समूह, कृषि सहकारी, कृषक उद्‌मी, कृषि उपजका व्यापारी तथा प्रशोधनकर्ता)

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(१) कमर्सियल एगृकल्चर एलायन्स (CAA) को सदस्यता र सदस्यता नविकरणको प्रतिलिपी

(२) संस्था/समुह दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

(३) संस्था/समुह नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि ।

(४) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(५) निवेदक कृषकहरुको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।

(६) सहकारी संस्थाको हकमा पछिल्लो तीन आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि ।

(७) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(८) जग्गा धनीपूर्जा प्रमाण पत्रको प्रतिलिपी/जग्गा भाडामा लिएको भए सो को प्रमाण/सार्वजनिक जग्गा भए स्थानीय तहको सिफारिस।

(९) कृषि ज्ञान केन्द्रको सिफारिस

(१०) स्थानीय तह कृषि शाखाको सिफारिश

(११) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र पेश गर्नु पर्ने छ ।

**सहजीकरण सेवा तथा सुविधाः**

(१) कार्यक्रम संचालनका लागि उपलब्ध गराईने अनुदान पूरक अनुदानको रुपमा प्रयोग हुने र अनुदान प्राप्त गर्न समुह, सहकारी तथा प्रशोधनकर्ता लाई अधिकतम रु पाँच लाख सम्म अनुदान उपलब्ध गराईने छ।

(२) कार्यक्रम संचालनका लागि आवेदक संस्थाले कम्तीमा पचास प्रतिशत हिस्सा नगद वा जिन्सि को रुपमा अनिवार्य रुपमा व्यहोर्नु पर्ने छ।

**कार्यक्रम संचालनका आधारभूत पक्ष तथा मूल्याङ्कनका आधारहरुः** यस कार्यक्रमअन्तर्गत तपसिलका क्रियाकलापहरु समावेश गर्न सकिने छः

(१) आलु , तरकारी , फलफुल , मसला बाली , चिया , कफि आदिका उत्पादन प्रवर्द्धन कार्यक्रम, बजार प्रवर्द्धन , प्रशोधन तथा उत्पादन उपरान्त सम्बन्धी कार्यक्रम।

(२) साना बजार पूर्वाधार जस्तैः संकलन केन्द्र ,बजार स्टल , बजार सेडनिर्माण तथा मर्मत सम्भारका कार्यक्रम।

(३) साना सिचाई कार्यक्रम (सतह सिचाई, भूमिगत सिचाई, नवीनतम प्रविधिमा आधारित सिंचाई) निर्माण तथा मर्मत सम्भारका कार्यक्रम

(४) साना कृषि यन्त्र मिनि टिलर ,पावर टिलर ,थ्रेसर ,हार्वेष्टर ,रिपर , प्लान्टर खरीद आदि

(५) माटो , कृषि चुन तथा प्राङ्गारिक मल व्यवस्थापन

(६) खाद्यान्न बाली बीउ उत्पादन तथा बजारीकरण

**मूल्याङ्कनका आधारहरुः**

(१) कार्यक्रम संचालन गर्न प्राविधिक, वित्तिय र भौगोलिक रुपमा उपयुक्त हुनु पर्दछ।

(२) महिला, जनजाति, दलित, विपन्न, पिछडिएका समुदाय र क्षेत्रलाई प्राथमिकता दिईने छ।

(३) स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न सहयोग पु-याउने कार्यक्रमलाई प्राथमिकता दिइने छ

(४) गत आ.व.मा सहयोग प्राप्त गर्ने निवेदकहरुले चालु आ.व.मा निवेदन पेश गर्न पाइने छैन।

**व्यवसायिक योजना मुल्याङ्कन आधार**

| क्र.सं. | मुल्याङ्कन आधारहरु | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | **अनुदानग्राही संस्थाको अनुभव** | २० | |
| १.१ | विगतमा दुई वा सो भन्दा बढि आयोजना संचालन गरेको भए | ५ | |
| | दुई भन्दा कम आयोजना संचालनको अनुभव | ३ | |
| १.२ | बित्तिय श्रोत परिचालन | | |
| | रु. दश लाख भन्दा बढि | १० | |
| | रु. ५ देखि १० लाख | ८ | |
| | रु. ३ देखि ५ लाख | ५ | |
| | रु. ३ लाख भन्दा कम | ३ | |
| १.३ | व्यवस्थापक , लेखापाल , कार्यक्रम , संयोजक तोकिएको | ३ | |
| १.४ | नियमित लेखा परिक्षण गराएको | २ | |
| २. | **प्रस्तावित व्यवसायिक योजनाको प्राविधिक पक्ष** | २० | |
| २.१ | प्राविधिक संभाव्यता | ५ | |

| क.सं. | मुल्याङ्कन आधारहरु | अङ्कभार | प्रासाङ्क |
|---|---|---|---|
| | अति राम्रो | ५ | |
| | राम्रो | ३ | |
| | सामान्य | २ | |
| २.२ | समस्याको विश्लेषण | ५ | |
| | अति राम्रो | ५ | |
| | राम्रो | ३ | |
| | सामान्य | २ | |
| २.३ | उद्देश्य | ५ | |
| | सान्दर्भिक र प्राप्त गर्न सकिने | ५ | |
| | सामान्य | ३ | |
| | कम सान्दर्भिक | २ | |
| २.४ | औचित्य | ५ | |
| | समस्या अनुसार प्रष्ट | ५ | |
| | सामान्य | ३ | |
| | अस्पष्ट | २ | |
| **३.** | **आयोजना संचालन प्रकृया** | २० | |
| ३.१ | लाभान्वित परिवार संख्या | ५ | |
| | ५० भन्दा बढि | ५ | |
| | ३० देखि ५० | ३ | |
| | ३० भन्दा कम | २ | |
| ३.२ | समावेशिता | | |
| | महिला सहभागिता | | |
| | ५० प्रतिशत भन्दा बढि | ५ | |
| | ५० प्रतिशत देखि ३० प्रतिशत सम्म | ३ | |
| | ३० प्रतिशत भन्दा कम | २ | |
| | दलित, जनजाती सहभागिता | | |
| | २० प्रतिशत भन्दा बढि | ५ | |
| | १० प्रतिशत देखि २० प्रतिशत सम्म | ३ | |
| | १० प्रतिशत भन्दा कम | २ | |
| | मूल्य श्रृखंलाका अन्य पात्रहरुसँगको समन्वय ब्यवस्था | | |
| | मूल्य श्रृखंलाका अधिकतम पात्रहरुसँग समन्वय ब्यवस्था | ५ | |
| | मूल्य श्रृखंलाका आंशिक पात्रहरुसँग समन्वय ब्यवस्था | ३ | |
| | मूल्य श्रृखंलाका पात्रहरुसँग समन्वय ब्यवस्था नभएको | २ | |
| **४.** | **उपलब्धी** | २० | |
| ४.१ | उत्पादकत्व वृद्धि | | |
| | विद्यमान उत्पादनमा ५ प्रतिशत भन्दा बढी बृद्धि | ५ | |

| क्र.सं. | मुल्याङ्कन आधारहरु | अङ्कभार | प्रासाङ्क |
|---|---|---|---|
| | विद्यमान उत्पादनमा १० प्रतिशत भन्दा बढी बृद्धि | ३ | |
| | विद्यमान उत्पादनमा १५ प्रतिशत भन्दा कम बृद्धि | २ | |
| ४.२ | क्षेत्रफल विस्तार | | |
| | विद्यमान क्षेत्रफलमा ७० प्रतिशत भन्दा बढी बृद्धि | ५ | |
| | विद्यमान क्षेत्रफलमा ५० प्रतिशत भन्दा बढी बृद्धि | ३ | |
| | विद्यमान क्षेत्रफलमा ५० प्रतिशत भन्दा कम बृद्धि | २ | |
| ४.३ | सालाखाला मुनाफा(Gross margin) | | |
| | सालाखाला मुनाफा ६० प्रतिशत भन्दा बढी | ५ | |
| | सालाखाला मुनाफा ३० प्रतिशत भन्दा बढी | ३ | |
| | सालाखाला मुनाफा ३० प्रतिशत भन्दा कम | २ | |
| ४.४ | BC ratio | ५ | |
| | १.५:१ भन्दा बढी | ५ | |
| | १.२:१ भन्दा बढी | ३ | |
| | १.२:१ भन्दा कम | २ | |
| ५ | प्रस्तावित कृयाकलाप र वित्तिय प्रस्ताव | २० | |
| ५.१ | प्रस्तावित कृयाकलाप र उद्देश्यमा तालमेल | | |
| | सवै कृयाकलाप उद्धेश्य अनुरुप भएको | ५ | |
| | ६० प्रतिशतभन्दा वढी कृयाकलापहरु उद्धेश्य अनुरुप भएको | ३ | |
| | ६० प्रतिशतभन्दा कम कृयाकलापहरु उद्धेश्य अनुरुप भएको | २ | |
| ५.२ | प्रस्तावित कृयाकलापको खर्च प्रक्षेपण | ५ | |
| | बजार मुल्य अनुसार प्रस्ताव गरेको | ५ | |
| | बजार मुल्यभन्दा २० प्रतिशत सम्म बृद्धि गरी प्रस्ताव गरेको | ३ | |
| | बजार मुल्यभन्दा २० प्रतिशत भन्दा बृद्धि गरी प्रस्ताव गरेको | २ | |
| ५.३ | आवेदकको लागत सहभागिता | | |
| | आवेदकको ७० प्रतिशत भन्दा बढि सहभागिता | १० | |
| | आवेदकको ६० देखि ७० प्रतिशत सम्म सहभागिता | ८ | |
| | ५० प्रतिशत देखि ६० प्रतिशत सम्म सहभागिता | ६ | |
| | ५० प्रतिशत भन्दा कम सहभागिता | ४ | |

माथि उल्लिखित मूल्यांकन आधारहरु कुनै आयोजनाका लागि उपयुक्त नभएमा मूल्यांकन समितिले अन्य आधारहरु तय गर्न सक्ने छ ।

## २५.   कार्यक्रमको नामः स्रोत केन्द्र (च्याउ र मौरी ) विकास कार्यक्रम

**उद्देश्यः**

(क) मौरी एवं मौरीजन्य/च्याउ को उत्पादन सामाग्रीको सहज, सुलभ र गुणस्तरीय उपलव्धतामा सहयोग पुऱ्याउने ।

(ख) मौरीपालन/च्याउखेती उद्योगको प्रवर्द्धनमा स्थानीय स्रोत, साधनहरुको सदुपयोग गरीकृषक तथा व्यवसायीहरुलाई आत्मनिर्भरता प्रदान गर्ने ।

**अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः**

कृषक समूह/कृषि सहकारी संस्था/कृषि उद्योग/कृषि फार्म

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(१) संस्था/समुह/कृषि उद्योग/कृषि फर्मदर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

(२) संस्था/समुह/कृषि उद्योग/कृषि फर्म नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि ।

(३) संस्था/कृषि उद्योग/कृषि फर्म संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(४) संस्था/कृषि उद्योग/कृषि फर्म संस्थाको हकमा पछिल्लो तिन आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि ।

(५) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(६) जग्गा धनीपूर्जा प्रमाण पत्रको प्रतिलिपी/जग्गा भाडामा लिएको भए सो को प्रमाण/सार्वजनिक जग्गा भए स्थानीय तहको सिफारिस।

(७) कृषि ज्ञान केन्द्रको सिफारिस

(८) स्थानीय तह कृषि शाखाको सिफारिश

(९) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र पेश गर्नु पर्ने छ ।

**सहजीकरण सेवा तथा सुविधाः**

| सि.नं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| १. | मौरी पालन स्रोत केन्द्र विकास | मौरी पालनका लागि आवश्यक सामाग्री खरिद | लागत मुल्यको पचास प्रतिशत अनुदान दिइनेछ । | |
| | | मौरी घार निर्माण को लागि आवश्यक मेशीनरी औजार तथा उपकरणहरु । | लागत मुल्यको पचहत्तर प्रतिशत अनुदान दिइनेछ । | |
| | | आधारचाका निर्माणका लागि आवश्यक मेसीनरी उपकरणहरु | लागत मुल्यको पचहत्तर प्रतिशत अनुदान दिइनेछ । | |
| | | स्रोत केन्द्र जनशक्तिको लागि | शत प्रतिशत अनुदान दिइनेछ । | |

| सि.नं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| | | क्षमता विकास कार्यक्रम | | |
| २. | च्याउ स्रोत केन्द्र विकास | च्याउ वीउ उत्पादनको लागि आवश्यक पर्ने मेसीनरी औजार उपकरण खरिद (autoclave, laminarflow, cooker आदि) | लागत मुल्यको पचहत्तर प्रतिशत अनुदान दिइनेछ । | |
| | | च्याउ वीउ उत्पादनको लागि प्रयोगशालामा आवश्यक पर्ने पुर्वाधार, औजार उपकरण तथा रसायन खरिद (Air Conditioner, Transformer आदि) | लागत मुल्यको पचहत्तर प्रतिशत अनुदान दिइनेछ । | |

**कार्यक्रम संचालनका आधारभूत पक्ष तथा मूल्याङ्कनका आधारहरुः**

**मौरी स्रोत केन्द्र स्थापना कार्यक्रमको लागि आवश्यक आधारभूत पक्षहरु देहाय बमोजिम हुनेछः-**

(१) कम्तिमा पनि दुई शय पचास आधुनिक मौरी गोला घार भई मौरी गोला व्यवस्थापन तालिम लिएको र व्यवस्थापन गर्न सक्ने हुनु पर्नेछ ।

(२) कम्तिमा पन्ध्र दिनको मौरी घार तथा उपकरण तालिमको पाठ्यक्रममा उल्लेख भए अनुसारको तालिम लिई मौरीघार उत्पादन गरेको ।

(३) रानी मौरी उत्पादनको लागि कम्तिमा एक्काइस कार्य दिनको रानी मौरी उत्पादन सम्वन्धी तालिम लिई उत्पादन गरेको हुनु पर्नेछ।

(४) आधारचाका निर्माणको लागि सञ्चालकले आधारचाका निर्माण सम्वन्धी कम्तिमा पनि तिन दिने तालिम लिई निर्माण गरिरहेको हुनु पर्नेछ ।

(५) यातायातको सुविधा भएको हुनु पर्नेछ ।

(६) कम्तिमा पनि तिन वर्ष मौरीपालन र मौरीजन्य उप उत्पादनमा अनुभव भएको हुनु पर्नेछ ।

(७) मौरी पालन तथा मौरीजन्य उत्पादन सम्वन्धि प्राविधिक ज्ञान तथा तालिम प्राप्त गरेको हुनु पर्नेछ।

**मूल्याङ्कनका आधारहरुः**

| क्र.सं. | मुल्याङ्कन आधार | अधिकतम प्राप्ताङ्क नम्वर | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | उद्यमीको व्यवसाय प्रतिको अनुभव | | | |
| | पाँच वर्ष भन्दा वढि | १० | | |
| | तिन देखि पाँच वर्ष | ८ | | |
| २ | कार्य योजना र आवश्यक कागजात | | | |
| | पेश गरेको कार्ययोजना सहित सम्पुर्ण आवश्यक कागजात भएमा | १५ | | |

| क्र.सं. | मुल्याङ्कन आधार | अधिकतम प्राप्ताङ्क नम्वर | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| | पेश गरेकोकार्ययोजना सहित  आवश्यक कागजात नपुग भएमा | १० | | |
| ३ | **स्रोतकेन्द्र स्थापनाको लागि जनशक्तिको उपलव्धता** | | | |
| | कृषिमा स्नातक तह | १५ | | |
| | जे.टी .जे.टि.ए. | १० | | |
| | तालिम मात्र प्राप्त गरेको | ८ | | |
| ४ | **उक्त स्थानमा व्यवसायको सम्भाव्यता / उपयुक्तता** | | | |
| | विधुत तथा यातायातको सहज पहुच भएको | १० | | |
| | विधुत तथा यातायातको सहज पहुच नभएको | ८ | | |
| ५ | **आवश्यक स्रोत (टुनिको काठ, मैन आदीको ) उपलव्धता** | | | |
| | सहज रुपमा स्थानिय स्तरमा उपलव्ध भएको | १० | | |
| | सहज रुपमा स्थानिय स्तरमा उपलव्ध नभएको | ८ | | |
| ६ | **भौतिक पुर्वधारको अवस्था** | | | |
| | आफ्नो स्वामित्वमा भएको | १० | | |
| | आफ्नो स्वामित्वमा नभइ भाडामा लिएको | ८ | | |
| ७ | **वजारीकरणको वर्तमान अवस्था** | | | |
| | **वजार क्षेत्र प्रदेश भरी** | १० | | |
| | **वजार क्षेत्र निश्चित जिल्ला** | ८ | | |
| ८ | **जातीय उत्पादन** | | | |
| | सेरेना वा मेलिफेरा जात दुवैको आवश्यक सामाग्रीको उपलव्धता | १० | | |
| | सेरेना वा मेलिफेरा जातको मात्र आवश्यक सामाग्रीको उपलव्धता | ८ | | |
| ९ | गत वर्षको आर्थिक क्षेत्रको विश्लेषण | | | |
| | लाभ लागत अनुपात एक भन्दा वढि | १० | | |
| | लाभ लागत अनुपात एक भन्दा कमि | ८ | | |
| | कुल प्राप्ताङ्क | १०० | | |

**च्याउ वीउ स्रोत केन्द्र स्थापनाको लागि आवश्यक आधारभूत पक्षहरु देहाय बमोजिम हुनेछः-**

(१) हरेक दिन कम्तिमा पनि दुई सय किलोग्राम बीउ उत्पादन हुने गरेको हुनु पर्नेछ ।

(२) कम्तिमा पनि दुई वर्ष च्याउ तथा च्याउ जन्य उत्पादनमा अनुभव भएको हुनु पर्नेछ ।

(३) विद्युतको उपलव्धता भएको हुनु पर्नेछ ।

(४) यातायातको सुविधा भएको भएको हुनु पर्नेछ ।

(५) च्याउ वीउ उत्पादन सम्वन्धि प्राविधिक ज्ञान तथा तालिम प्राप्त गरि उत्पादन गरिरहेको हुनु पर्नेछ।

**मूल्याङ्कनका आधारहरुः**

| क्र.सं. | मुल्याङ्कन आधार | अधिकतम प्राप्ताङ्क नम्वर | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | उद्यमीको व्यवसाय प्रतिको अनुभव | | | |
| | ५वर्ष भन्दा वढि | १० | | |
| | २ देखि ५वर्ष | ८ | | |
| २ | कार्य योजना र आवस्यक कागजात | | | |
| | पेश गरेको कार्ययोजना सहित सम्पुर्ण आवस्यक कागजात भएमा | १५ | | |
| | पेश गरेकोकार्ययोजना सहित  आवस्यक कागजात नपुग भएमा | १० | | |
| ३ | **स्रोतकेन्द्र स्थापनाको लागि जनशक्तिको उपलव्धता** | | | |
| | कृषिमा स्नातक तह | १० | | |
| | जेटी जेटीए | ८ | | |
| | तालिम मात्र प्राप्त गरेको | ५ | | |
| ४ | **उक्त स्थानमा व्यवसायको सम्भाव्यता / उपयुक्तता** | | | |
| | विधुत तथा यातायातको सहज पहुच भएको | १० | | |
| | विधुत तथा यातायातको सहज पहुच नभएको | ८ | | |
| ५ | **आवश्यक स्रोत (mother culture) उपलव्धता** | | | |
| | स्वयं उत्पादन गरेको | १५ | | |
| | स्वयं उत्पादन नगरेको | १० | | |
| ६ | **भौतिक पुर्वधारको अवस्था** | | | |
| | आफ्नो स्वामित्वमा भएको | १० | | |
| | आफ्नो स्वामित्वमा नभई भाडामा लिएको | ८ | | |
| ७ | **वजारीकरणको वर्तमान अवस्था** | | | |
| | वजार क्षेत्र प्रदेश भरी | १० | | |
| | वजार क्षेत्र निश्चित जिल्ला | ८ | | |
| ८ | **जातीय उत्पादन** | | | |
| | कन्ये, गोत्रे र सिताके च्याउ को वीउको उपलव्धता भएको | १० | | |
| | कन्ये, गोत्रे र सिताके च्याउ को वीउ मध्ये कुनै एकको मात्र उपलव्धता भएको | ८ | | |
| ९ | गत वर्षको आर्थिक क्षेत्रको विश्लेषण | | | |

| क्र.सं. | मुल्याङ्कन आधार | अधिकतम प्राप्ताङ्क नम्बर | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| | लाभ लागत अनुपात एक भन्दा वढि | १० | | |
| | लाभ लागत अनुपात एक भन्दा कमि | ८ | | |
| | कुल प्राप्ताङ्क | १०० | | |

## २६. कार्यक्रमको नामः चक्लाबन्दी खेती प्रवर्द्धन कार्यक्रम

**उद्देश्यः**

(क) जमिनको स्वेच्छिक चक्लाबन्दीलाई प्रोत्साहित गर्ने ।

(ख) स्वेच्छिक चक्लाबन्दी मार्फत कृषि क्षेत्रको व्यवसायिकरण, आधुनिकीकरण तथा औद्योगिकिकरणको आधार तयार गर्ने।

**अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः**

कृषक समूह /कृषि सहकारी संस्था /नीजि कम्पनी /कृषक

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(१) संस्था/समुह दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

(२) संस्था/समुह नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि .

(३) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(४) निवेदक कृषकहरुको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।

(५) सहकारी संस्थाको हकमा पछिल्लो तीन आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि ।

(६) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(७) चक्लावन्दी खेती गर्न सहमत कृषकहरुको जग्गा धनीपूर्जा प्रमाण पत्रको प्रतिलिपीसहित जग्गाको विवरण/ जग्गा भाडामा लिएको भए सो को प्रमाण/ सार्वजनिक जग्गा भए स्थानीय तहको सिफारिस।

(८) कृषि ज्ञान केन्द्रको सिफारिस

(९) स्थानीय तह कृषि शाखाको सिफारिश

(१०) कृषक समूह, कृषि सहकारी, नीजि कृषि कम्पनीतथा साध सिमाना जोडिएका किसानबाट चक्लाबन्दी खेती प्रवर्द्धनका लागि लिखित रुपमा चक्लाबन्दीका शर्त तथा प्रक्रियाको वारेमा भएको समूहिक सहमति तथा निर्णय।

(११) चक्लाबन्दीका शर्त तथा प्रक्रिया समेत उल्लेख भएका चक्लाबन्दी खेती कार्यान्वयन पद्धति

(१२) चक्लाबन्दी खेती कार्यान्वयनलाई संस्थागत रुप दिन गठन भएको कार्यान्वयन समिति / उपसमिति विवरण ।

(१३) चक्लाबन्दी खेतीमा यस कार्यक्रम मार्फत सहयोग प्राप्त गर्न कम्तिमा पन्ध्र वर्षसम्म सामूहिक खेती गर्ने प्रतिवद्धता पत्र तथा करारनामा।

(१४) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र पेश गर्नु पर्ने छ ।

**सहजीकरण सेवा तथा सुविधाः**

| सि.नं. | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा | सहजीकरण सेवा प्रवाहको मुख्य आधार |
|---|---|---|---|
| (क) | जग्गा चक्लाबन्दी प्रोत्साहन अनुदान | ▪ प्रति हेक्टर रु. पन्ध्र हजार | ▪ Land Laser leveler प्रयोग गरी जमिन सम्याउनु पर्ने । |
| | | ▪ प्रति हेक्टर रु. दश हजार | ▪ प्लटको आकार कम्तिमा दुई कठ्ठा हुने गरी Land Laser leveler बाहेक अन्य यन्त्र प्रयोग गरी जमिन सम्याएको अवस्थामा |
| (ख) | भूमिगत/सतह साना सिचाई जडान/निर्माण | ▪ भूमिगत सिँचाई प्रति आयोजना लागत अनुमानको पचासी प्रतिशत अनुदान वा बढीमा असी हजार सम्म अनुदान ।<br>▪ सतह साना सिचाई जडान प्रति आयोजना लागत अनुमानको पचासी प्रतिशत अनुदान वा बढीमा तिन लाख सम्म अनुदान । | ▪ प्रति तिन हेक्टर क्षेत्रफलमा एक भूमिगत सिचाई जडान गर्ने।<br>▪ सतह सिचाईको हकमा सो को कमाण्ड क्षेत्र यकिन गरी गर्न सकिने । |
| (ग) | पूँजिगत अनुदान | मेशनरी औजार तथा पूजिगत निर्माणमा को लागतमा पचहत्तर प्रतिशत अनुदान | चक्लाबन्दी खेतीका लागि आवश्यक पर्ने यन्त्र, उपकरण खरिद तथा गोदाम, प्रशोधन केन्द्र आदि जस्ता निर्माण कार्य औचित्यताका आधारमा गर्न सक्ने । |

**कार्यक्रम संचालनका आधारभूत पक्ष तथा मूल्याङ्कनका आधारहरुः**

(१) स्थानीय तहकोसाझेदारी तथा स्थानीय तहको पहलमा हुने स्वेच्छिक चक्लाबन्दी तथा स्थानीय तहबाट प्राविधिक सेवा पुर्याउन प्रतिवद्ध चक्लाबन्दी खेतीलाई कार्यक्रम संचालनमा प्रमुख प्राथमिकता दिइनेछ ।

(२) कृषक समूह, कृषि सहकारी, नीजि कम्पनी तथा किसानबाट चक्लाबन्दी खेती प्रवर्द्धनका लागि लिखित रुपमा चक्लाबन्दीका शर्त तथा प्रक्रियाको वारेमा समूहिक सहमति भएको हुनु पर्नेछ ।

(३) चक्लाबन्दी खेती कार्यन्वयनलाई संस्थागत रुप दिन कार्यान्वयन समिति/उपसमिति गठन भएको हुनु पर्नेछ ।

(४) चक्लाबन्दी खेतीमा यस कार्यक्रम मार्फत सहयोग प्राप्त गर्न कम्तिमा पन्ध्र वर्षसम्म सामूहिक खेती गर्ने प्रतिवद्धता तथा करारनामा हुनु पर्नेछ ।

(५) यस किसिमको खेतीमा कृषि सामाग्री आपूर्ति सहजता तथा बजारीकरण सहजीकरणका लागि एकै किसिमको बाली वा जात लगाउनु पर्नेछ ।

(६) चक्लाबन्दी खेती प्रवर्द्धन कार्यक्रम संचालनका लागि न्यूनतम पचास हेक्टर जमिनमा चक्लाबन्दी भएको हुनु पर्नेछ।

(७) चक्लाबन्दी भित्र आधुनिक प्रविधि तथा यन्त्र उपकरणको उपयोगलाई बढावा दिन प्लट साईज न्यूनतम पाँच कठ्ठा हुनुपर्नेछ ।

**मूल्याङ्कनका आधारहरुः**

| **क.सं.** | **मूल्याङ्कनका आधार** | **मूल्याङ्कन** | | | **प्राप्ताङ्क** |
|---|---|---|---|---|---|
| **पूर्व छनौटका आधार** | | | | | |
| १ | संस्थागत सफलता | | | | |
| १.१ | चक्लाबन्दी गर्न संस्थाको सहभागिता | साध सिमना जोडिकएका किसान बाट चाक्लान्दी भए | कृषक समूह बाट चाक्लान्दी भए | सहकारी/नीजि कम्पनीबाट चक्लाबन्दीको प्रस्ताव आए | |
| | | २ | ५ | ६ | |
| १.२ | चक्लाबन्दी प्रक्रिया | जग्गा चक्लावन्दी गर्न संस्थागत व्यवस्था नभएको | जग्गा चक्लावन्दी गर्न संस्थागत व्यवस्था भएको तर लिखत नभएको | जग्गा चक्लावन्दी गर्न संस्थागत व्यवस्थाको लिखत समेत भएको | |
| | **अङ्क भार** | ४ | ९ | १४ | |
| | **जम्मा** | ६ | १४ | २० | |
| २ | चक्लाबन्दीको आकार | न्यूनतम पचास हेक्टर सम्म चक्लाबन्दी भएको | न्यूनतम पचास हेक्टर देखि एक शय हेक्टर सम्म चक्लाबन्दी भएको | एक शय हेक्टर वा सो भन्दा बढी चक्लाबन्दी भएको | |
| | **अङ्क भार** | ८ | १४ | २० | |
| ३ | स्थानीय तहको सहभागिता | स्थानीय तहको संलग्नता नभएको | स्थानीय तहको सिफारीस मात्र भएको | स्थानीय तहको लागत साझेदारी तथा संस्थागत सहभागीता भएको | |
| | **अङ्क भार** | ८ | १४ | २० | |
| ४ | चक्लाबन्दी प्रति आवेदकको अनुभव | अनुभव नभएको | दुई वर्ष सम्मको अनुभव | तिन वा सो भन्दा बढी वर्षको अनुभव | |
| | **अङ्क भार** | ८ | १४ | २० | |
| ५ | चक्लाबन्दी भएको क्षेत्रको | राजमार्गबाट बीस | राजमार्गबाट दश देखि | राजमार्गबाट दश | |

| क.सं. | मूल्याङ्कनका आधार | मूल्याङ्कन | | | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| | बजार तथा सडकसँगको connectivity | किलोमिटर भन्दा बढी दुरीमा रहेको तथा ग्रामिण सडकसँग नजोडिएको | बीस किलोमिटर सम्मको दुरीमा रहेको तथा ग्रामिण सडकसँग जोडिएको | कि. मि. सम्मको दुरीमा रहेको तथा ग्रामिण सडकसँग जोडिएको | |
| | | ८ | १४ | २० | |

* यसमा प्रस्तुत आधारहरुलाई मुल्याङ्कन प्रयोजनका लागि समितिले Sub Criteria बनाउन तथा सो अनुसार अङ्कभार प्रदान गर्न सकिने छ ।

*** प्रस्ताव मूल्याङ्कन प्राविधिक उपसमितिले स्थलगत प्रमाणिकरणका आधारहरुलाई Sub Criteria बनाउन तथा सो अनुसार अङ्कभार प्रदान गर्न सक्ने छ ।

## २७. कार्यक्रमको नामः अभियानमूखी अदुवा उत्पादन प्रवर्द्धन कार्यक्रम

**उद्देश्यः**

(१) अदुवाको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।

(२) कृषक, कृषक समूह, सहकारीलाई अदुवा उत्पादन सम्वन्धी प्राविधिक ज्ञान तथा सेवा सुविधा उपलब्ध गराउने।

(३) अदुवाको क्षेत्र विस्तार तथा मूल्य अभिवृद्धि गर्ने ।

**अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः** कृषक समुह /कृषि सहकारी /निजी उद्यमीहरु

**संलग्न गर्नुपर्ने आवश्यककागजातहरुः**

(१) संस्था/समुह दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

(२) संस्था/समुह नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि ।

(३) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(४) निवेदक कृषकहरुको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।

(५) सहकारी संस्थाको हकमा पछिल्लो तीन आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि ।

(६) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(७) जग्गा धनीपूर्जा प्रमाण पत्रको प्रतिलिपी/जग्गा भाडामा लिएको भए सो को प्रमाण/सार्वजनिक जग्गा भए स्थानीय तहको सिफारिस।

(८) स्थानीय तह कृषि शाखाको सिफारिश

(९) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र पेश गर्नु पर्ने छ ।

**सहजीकरण सेवा तथा सुविधाः**

| क्र. सं. | क्रियाकलापको नाम | आर्थिक पक्ष |
|---|---|---|
| १ | सामुदायिक बीउ श्रोत केन्द्र स्थापना | प्रति श्रोत केन्द्र बढीमा रु. एक लाख सम्म । |
| २ | गानो कुहिने रोग व्यवस्थापन प्रदर्शन | स्थानीय दररेट तथा लागत अनुमानका आधारमा वा प्रति प्रदर्शन बढीमा रु. बीस हजार सम्म |
| ३ | किफायती अदुवा भण्डारण प्रविधि प्रदर्शन | प्रति प्रदर्शन बढीमा रु. पाँच हजार सम्म |
| ४ | कृषक सहजकर्ताबाट समस्यामा आधारित रही कृषक पाठशाला संचालन | प्रति कृषक पाठशाला बढीमा रु. एक लाख छतिस हजार पाँच शय सम्म |
| ५ | उत्पादन विविधिकरण तथा मुल्य श्रृंखला अध्ययन अवलोकन भ्रमण | प्रदेश आर्थिक कार्यविधि ऐन, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५बमोजिम |
| ६ | प्रतिफलमा आधारित अदुवा खेती विस्तार कार्यक्रम | प्रति रोपनी बढीमा रु. तिन हजार सम्म |

**कार्यक्रम संचालनका आधारभूत पक्ष तथा मूल्याङ्कनका आधारहरुः**

यो कार्यक्रम संचालन गर्ने कृषि ज्ञान केन्द्रले जिल्लास्तर छनौट समितिवाट अदुवा उत्पादन क्लष्टरहरुको छनौट गरी ती क्लष्टरहरुमा कार्यक्रम संचालन गर्नु पर्नेछ ।

| क्र. सं. | क्रियाकलापको नाम | क्रियाकलापका उद्देश्य | प्राविधिक तथा अन्य मापदण्ड |
|---|---|---|---|
| १ | सामुदायिक बीउ श्रोत केन्द्र स्थापना | स्थानीय स्तरमा उन्नत जातको गुणस्तरीय बीउको उपलब्धताको सुनिश्चतता गर्ने | ▪ समूह तथा सहकारीको सामूहिक प्रयासमा दश रोपनी जमिनमा उन्नत जातको गुणस्तरीय बीउ प्रयोग गरी स्थापना भएको हुनु पर्ने ।<br>▪ पन्ध्र सेमी उचाई, पचहत्तर सेमी देखि एक मिटर चौडाईको ड्याङमा रोप्नु पर्ने ।<br>▪ दुई ड्याङको विचको दुरी तिस सेमी देखि पचास सेमी हुनुपर्ने।<br>▪ बीउ उपचार अनिवार्य गर्नुपर्ने।<br>▪ उद्देश्यमूलक तवरले सामूहिक रुपमा व्यवस्थापन गर्नुपर्ने ।<br>▪ समूह तथा सहकारीले बीउको सुरक्षित भण्डारण गरी पुन: प्रयोग गर्नु पर्ने । |
| २ | गानो कुहिने रोग व्यवस्थापन प्रदर्शन | स्थानीय कृषकहरुलाई गानो कुहिने रोगको व्यवस्थापनमा सक्षम तुल्याउने । | ▪ प्रति क्लष्टर दुई रोपनीका दरले पाँच वटा सम्म ।<br>▪ पन्ध्र सेमी उचाई, पचहत्तर सेमी देखि एक मिटर चौडाईको ड्याङमा रोप्नु पर्ने ।<br>▪ दुई ड्याङको विचको दुरी तिस सेमी देखि पचास सेमी हुनुपर्ने। |

| क्र.सं. | क्रियाकलापको नाम | क्रियाकलापका उद्देश्य | प्राविधिक तथा अन्य मापदण्ड |
|---|---|---|---|
| | | | ▪ बीउ उपचार अनिवार्य गर्नुपर्ने। |
| ३ | किफायती अदुवा भण्डारण प्रविधि प्रदर्शन | स्थानीय स्तरमा कम लागतमा सुरक्षित भण्डारणलाई प्रवर्द्धन गर्ने। | ▪ किफायती अदुवा भण्डारण प्रविधि कृषि विकास निर्देशनालयवाट तोकिएको मापदण्ड बमोजिम हुनेछ ।<br>▪ प्रति क्लष्टर कम्तिमा पाँच वटा तर सामुदायिक बीउ श्रोत केन्द्र स्थापना भएको क्लष्टरमा मात्र । |
| ४ | कृषक सहजकर्ताबाट समस्यामा आधारित रही कृषक पाठशाला संचालन | अदुवा खेती तथा रोग व्यवस्थापनमा स्थानीय कृषकलाई सक्षम तुल्याउने । | ▪ कृषक पाठशाला संचालन मापदण्ड बमोजिम । |
| ५ | उत्पादन विविधिकरण तथा मुल्य श्रृंखला अध्ययन अवलोकन भ्रमण | उत्पादन विविधिकरण का विविध पक्षको जानकारी दिने तथा उत्पादन विविधिकरणमा जोड दिने । | ▪ अदुवा उत्पादन विविधिकरण भएको क्षेत्रको अध्ययन गर्ने गरी संचालन गर्ने। |
| ६ | प्रतिफलमा आधारित प्रोत्साहन | अदुवा उत्पादनका उन्नत प्रविधि अनुसरण गर्न प्रोत्साहित गर्ने | ▪ समूह तथा सहकारीको सामूहिक प्रयासमा कम्तिमा पाँच रोपनी जमिनको एकै चाक्लाबन्दी/प्लट बनाई उन्नत जातको गुणस्तरीय बीउ प्रयोग गरी स्थापना भएको हुनु पर्ने ।<br>▪ पन्ध्र सेमी उचाई, पचहरत्त सेमी देखि एक मी चौडाईको ड्याङमा रोप्नु पर्ने<br>▪ दुई ड्याङको विचको दुरी तिस सेमी देखि पचास सेमी हुनुपर्ने।<br>▪ बीउ उपचार अनिवार्य गर्नुपर्ने। |

## २८. कार्यक्रमको नामः माटो परिक्षण मिनिल्याब स्थापना तथा सुदृढिकरण कार्यक्रम

**उद्देश्यः**

(१) किसानहरुलाई स्थानीयस्तरमा नै माटोमा जाँच सेवा उपलब्ध गराउने ।

(२) माटो विश्लेषण गरी माटो ब्यवस्थापन सम्बन्धि प्रविधि सिफारिस गर्ने ।

(३) कृषि विषय अध्यापन गराउने सामुदायिक तथा सरकारी विद्यालय, कृषि प्राविधिक शिक्षालय,विश्वविद्यालय, कलेजमा माटो परीक्षण ल्याव संचालन गरी अध्ययनरत विद्यार्थीको प्राविधिक क्षमता अभिवृद्धि गर्ने ।

**अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः**

कृषि विषय अध्यापयन गराईरहेका सामुदायिक तथा सरकारी विद्यालय, कृषि प्राविधिक शिक्षालय विश्वविद्यालय, कलेज तथा स्थानीय तहहरुले साझेदारीमा माटो परिक्षण ल्याव स्थापना कार्यक्रमा सहभागी हुन सक्ने।

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(१) माटो परीक्षण मिनिल्याब स्थापना संचालन तथा सुदृढिकरण गर्न चाहनेसरकारी सामुदायिक, गैह्र नाफामूलक संस्था द्धारा संचालित विद्यालय तथा कलेज, कृषि प्राविधिक शिक्षालय. विश्वविद्यालय, कलेज तथा स्थानीय तहहरुले मिनि ल्याब स्थापना तथा संचालन कार्यक्रममा सहभागी हुन कृषि विकास निर्देशनालयमा लागत अनुमान, भौतिक संरचनाको नक्सा तथा नमूना (Drawing and Design) सहित प्रस्ताव पेश गर्नु पर्नेछ ।

(२) माटो जाँच सेवाको कार्ययोजना।

(३) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र पेश गर्नु पर्ने छ ।

**सहजीकरण सेवा तथा सुविधाः** अधिकतम सात लाख रुपैया अनुदान उपलब्ध हुनेछ।

**कार्यक्रम संचालनका आधारभूत पक्ष तथा मूल्याङ्कनका आधारहरु :**

(१) माटो परिक्षण मिनिल्याब स्थापनाका लागि आवश्यक भौतिक संरचना घर,जग्गा प्रस्तावकले आफै ब्यवस्था गर्नुपर्नेछ । आवश्यक भौतिक संरचनाको नक्सा तथा नमूना (Drawing and Design) माटो तथा मल परीक्षण प्रयोगशालाको प्राविधिक सहयोगमा तयार गर्नुपर्नेछ ।

(२) अनुदानग्राहीलाई सम्झौता बमोजिमको रकम एकमुष्ट रुपमा कार्य सम्पन्न भए पछि उपलब्ध गराईनेछ।

(३) साझेदारीमा माटो परिक्षण मिनिल्याब स्थापनाका लागि अनिवार्य रुपमा आवश्यक यन्त्र तथा उपकरणहरुः

| क्र.सं. | यन्त्र उपकरणको विवरण | प्रविधिक मापदण्ड | कैफियत |
|---|---|---|---|
| १ | डिजिटल पि.एच.मिटर थान एक | | |
| २ | मेकेनिकल स्टीरर | | |
| ३ | सेकर | | |
| ४ | वाटर डिस्टिलेशन प्लान्ट | | |
| ५ | स्पेक्टो फोटो मिटर | | |
| ६ | फलेम फोटो मीटर (एयर कम्प्रेशर,एल.पि.जी.ग्यास) | | |
| ७ | मेकेनिकल स्टीरर वीथ हट प्लेट | | |
| ८ | एनालाईटीकल बैलेन्स (४ डिजिज) | | |
| ९ | स्वाईल हाईडोमीटर | | |
| १० | स्वाईल थर्मोमीटरर | | |

| क्र.सं. | यन्त्र उपकरणको विवरण | प्रविधिक मापदण्ड | कैफियत |
|---|---|---|---|
| ११ | अटोमेटिक व्यूरेट | | |
| १२ | चालनी सेट १ | | |
| १३ | ग्लासवेयर | | |
| १३.१ | कोनिकल फ्लास्क | | |
| १३.२ | भोलोमेट्रिक फ्लास्क (१लि.,२लि.,५००एम.एल.,१००एम.एल.,५०एम.एल.) | | |
| १३.३ | ग्लास जार १ लीटर | | |
| १३.४ | मेजेरिङ्ग सिलिण्डर १०० एम.एल. | | |
| १३.५ | पिपेड/ग्रेजुवेटङ्क १०एम.एल. | | |
| १३.६ | वल्व पिपेड (१०एम.एल.,२० एम.एल.) | | |
| १३.७ | प्लास्टिक बोतल १०० एम.एल | | |
| १३.८ | प्लास्टिक बोतल १०० एम.एल | | |
| १४ | **pH Meter:** | Bench Top Model.<br>Reliable design with highly stable and accurate result.<br>Range: 0 to 14.00 PH<br>Resolution: 0.01pH<br>Accuracy: +-0.01 pH +-1 Digit<br>Display: 3 ½ Digit LED<br>Temp. compensation: 0 to 100ºC<br>Power: 220-240V/50 Hz AC | |
| १५ | **Spectrophotometer** | Wave length range at least 400-700 nm<br>Absorbance range 0-1.9A<br>Concentration range 0-1.9 C<br>Transmittance range 0-100% T<br>With LED display.<br>Power: 220-240V/50 Hz AC | |
| १६ | **Digital Flame Photometer** | Range: Na: 0-100 ppm<br>K: 0-100 ppm<br>Sensitivity: Sodium (Na):-Max. 1.0ppm<br>Potassium(K):- Max. 1.0 ppm<br>Display: LED display<br>Accuracy: +- 2% up to 40 ppm, +-5% above 40 ppm<br>Ignition system: Auto ignition<br>Measurement system: Measures one element at a time<br>Repeatability: +-2 counts<br>Detector: Silicon Photodiode<br>Filters: Narrow band interference glass filters<br>Nebulizer: Black Bakelite, axial flow type | |

| क्र.सं. | यन्त्र उपकरणको विवरण | प्रविधिक मापदण्ड | कैफियत |
|---|---|---|---|
| | | Power: 220-240V/50 Hz AC | |
| १७ | **Distilled water plant** | Economy water distilator<br>Maximum outside dimension: 300*300*400 mm<br>Output: Atleast 1.5 liter/hr.<br>Include reservoir<br>External container made of plastic<br>Power: 220-240V/50 Hz AC | |
| १८ | **Mechanical shaker** | Platform Size not less than250 x 250 x100 mm with adjustable for flask, bottle . With timer and speed regulator. Shaker body material:Plastic<br>Power: 220-240V/50 Hz AC | |
| १९ | **Electronic Balance** | Electronic Balance for precision weighing of lab samples. Freely programmable weighing unit.<br>Display: Backlit LCD display.<br>Weighing range : 200g<br>Readout: 0.01g<br>Reproducibility: 0.01g<br>Linearity:+-0.02<br>Min piece weight:0.02 g/ piece<br>Power: 220-240V/50 Hz AC. Also must be operated by internal rechargeble battery back up. | |

## २९. कार्यक्रमको नामः अलैंची खेती कार्यक्रम

**उद्देश्यः**

(क) महामारीको रुपमा फैलन लागेका रोगहरुबाट अलैंची खेतीलाई जोगाई त्यसमा आश्रित कृषकहरुको आय बढाउन सहयोग पुर्‍याउने ।

(ख) रोगमुक्त एवं गुणस्तरयुक्त अलैंची बिरुवाहरु आपूर्तिमा सहजता ल्याई क्षेत्र बिस्तारमा सहयोग पुर्‍याउने।

(ग) गुणस्तरीय अलैंची बालीको क्षेत्र बिस्तार गरी त्यसको उत्पादन र उत्पादकत्व बढाउन मद्दत पुर्‍याउने ।

(घ) अलैंचीको ब्यावसायिक खेतीद्वारा रोजगारी श्रृजना र आय आर्जनमा बृद्धि ल्याउन ग्रामिण कृषकहरुलाई सहयोग पुर्‍याउने ।

**अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः** कृषक/कृषक समुह/कृषि सहकारी/निजी नर्सरी

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(१) संस्था/समुह दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

(२) संस्था/समुह नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि ।

(३) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(४) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।

(५) सहकारी संस्थाको हकमा गत आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि ।

(६) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(७) जग्गा धनीपूर्जा प्रमाण पत्रको प्रतिलिपी/जग्गा भाडामा लिएको भए सो को प्रमाण

(८) स्थानीय तह कृषि शाखाको सिफारिश

(९) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र पेश गर्नु पर्ने छ ।

**सहजीकरण सेवा तथा सुविधाः**

(१) कृषि ज्ञान केन्द्रले अलैची नर्सरी तथा बगान सुदृढीकरण आयोजनामा रहेको स्वीकृत वार्षिक बजेटबाट आवश्यकता तथा सम्भाव्यताको आधारमा देहाय बमोजिमका क्रियाकलापहरु संचालन गर्न सक्नेछनः-

(क) अलैंची निजी नर्सरी स्थापना –पहिलो वर्ष

(ख) अलैंची निजी नर्सरी ब्यवस्थापन – दोस्रो वर्ष

(ग) पुराना रोगग्रस्त अलैंची बगानको प्रतिस्थापन – पहिलो बर्ष

(घ) प्रतिस्थापित अलैंची बगानको ब्यवस्थापन – दोश्रो र तेश्रो वर्ष

(ङ) नमूना अलैंची वगान स्थापना – पहिलो वर्ष

(च) नमूना अलैंची बगान ब्यवस्थापन –दोश्रो र तेश्रो वर्ष

(छ) अलैंचीको नयाँ क्षेत्र विस्तार

(ज) अलैची सुकाउने भट्टी निर्माण सहयोग

**कार्यक्रम संचालनका आधारभूत पक्ष तथा मूल्याङ्कनका आधारहरुः**

**(१) अलैची निजी नर्सरी स्थापना पहिलो वर्षको कार्यक्रमः**

(क) अलैंची खेती बिस्तारमा सहयोग पुर्याउन स्थानीय स्तरमा नै बीउबाट गुणस्तरीय बिरुवाहरु उत्पादन गर्न लगाई सहज आपूर्तिमा टेवा पुर्याउन तथा अलैंची नर्सरीलाई रोजगार एवं आयमूलक ब्यवसायको रुपमा स्थापित गराउनअलैची निजी नर्सरी स्थापना पहिलो वर्षको कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) कृषि ज्ञान केन्द्रहरुले स्विकृत कार्यक्रम अनुसार ब्यावसायिक अलैंची उत्पादन पकेट क्षेत्रका समुह/सहकारीहरु र निजी नर्सरी स्थापना गर्न इच्छुक कृषकहरुलाई कार्यक्रम बारे जानकारी गराउनु पर्नेछ।

(ग) नर्सरी स्थापना गर्न चाहने कृषक वा समुह/सहकारीहरुले नर्सरी स्थापना गर्न सम्वन्धित कृषि ज्ञान केन्द्रमा निबेदन दिनुपर्नेछ ।

(घ) दर्ता हुन आएका निवेदन उपर आवश्यक जाँचवुझ गरि कृषि ज्ञानकेन्द्रले जिल्लास्तर छनौट समितिवाट उपयुक्त कृषकवा समुह/सहकारीहरु छनौट गराउनुपर्नेछ ।

(ङ) उपयुक्त कृषक छनौट गर्दा उपलब्ध भए सम्म तालिम प्राप्त कृषकलाई प्राथमिकता दिनु पर्नेछ । यदि सो अनुसारको कृषक नभएमा इच्छुक कृषकलाई आवश्यक तालिम दिएर मात्रै नर्सरी स्थापना गर्न लगाउनु पर्नेछ ।

(च) छनौट गरिएका कृषक वा समुह/सहकारीहरुलाई नर्सरी स्थापना गर्नु भन्दा अघि देहाय बमोजिमका शर्तहरुको अधिनमा रही सम्बन्धित कार्यालयहरुले सम्झौता गराउनु पर्नेछः-

(क) पहिलो वर्ष, पहिलो वर्षे नर्सरीको लागि कम्तिमा आधा रोपनी जग्गा छुट्याउनु पर्ने ।

(ख) दोश्रो वर्ष, दोश्रो वर्षे नर्सरीको लागि कम्तिमा तीन रोपनी जग्गा छुट्याउनु पर्ने ।

(ग) तेश्रो वर्ष देखि प्रति वर्ष कम्तिमा एक लाख बिरुवा उत्पादन हुने गरी नर्सरी संचालन गर्नु पर्ने ।

(घ) नर्सरी स्थापना गरे पछि कम्तिमा पाँच वर्ष सम्म संचालन गर्नु पर्ने ।

(ङ) उत्पादित अलैंची बिरुवाहरुको न्युनतम गुणस्तर निम्न बमोजिमको हुनु पर्नेछः-

१. जातीय पहिचान भएको।

२. उमेर अनुसारको उचाई पुगेको (एक वर्षे बिरुवाहरु दश देखि पन्ध्र से.मी. अग्लोरोग, किराबाट मुक्त ।

(च) नर्सरीको लागि बीउ, नाइलन जाली र अन्य आवश्यक सामग्रीहरुको लागत रु.एक लाख छ हजार एक शयको मूल्यमा पचहत्त प्रतिशत अनुदान दिन पहिलो वर्ष प्रति नर्सरी बढीमा रु. असी हजार मात्र खर्च गर्न सकिनेछ ।

(छ) नर्सरी स्थापनाको लागि आबश्यक स्थानीय सामाग्री र जनश्रम नर्सरी धनी कृषकबाट नै व्यहोरिनेछ ।

(२) **अलैंची निजी नर्सरी ब्यवस्थापन (दोश्रो वर्ष)** :

(क) वार्षिक कार्यक्रम स्विकृत भई अख्तियारी प्राप्त भईसकेपछि सम्वन्धित कार्यालयहरुले एक महिना भित्र आफ्नो जिल्लामा गत वर्ष स्थापना गरिएका निजी नर्सरीहरुको स्थलगत अध्ययन गरी प्रतिबेदन तयार गरि राख्नुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको प्रतिबेदनको आधारमा सम्बन्धित ज्ञान केन्द्रहरुले दोश्रो वर्षे नर्सरीहरुलाई सक्रिय बनाउन उपयुक्त नर्सरी धनीहरु समयमा छनौट गरि सक्नुपर्नेछ ।

(ग) छनौट गरिएका नर्सरी धनीहरुलाई नर्सरी ब्यवस्थापन गर्नु भन्दा अघि नै निम्न अनुसारका शर्तहरुको अधिनमा रही सम्बन्धित कृषि ज्ञान केन्द्रहरुबाट सम्झौता गर्न लगाईनेछः-

१. कम्तिमा तिन रोपनी जग्गामा नर्सरी ब्यवस्थापना गर्नु पर्ने,

२. प्रति वर्ष कम्तिमा एक लाख बिरुवा उत्पादन हुने गरी नर्सरी संचालन गर्नु पर्ने,

३. प्रथम वर्षको उपलब्धि हेरेपछि मात्रै दोश्रो वर्षको अनुदान सहयोग दिइनेछ,

४. उत्पादित अलैंची बिरुवाहरुको न्युनतम गुणस्तर निम्न बमोजिमको हुनु पर्नेछः-

(क) जातीय पहिचान भएको

(ख) उमेर तिस देखि बतिसमहिनाको

(ग) उचाई एक देखि दुई फिटको

(घ) गानो सहित कम्तिमा एक वटा टुसा भएको ।

(ङ) रोग, किराबाट मुक्त

५. बिरुवा बिक्री बितरण गर्नु भन्दा अगाडि नै नर्सरीलाई अनिवार्य दर्ता गराउनु पर्नेछ ।

६. उत्पादित विरुवाहरु सरकारी दररेटमा विक्रि वितरण गर्नुपर्नेछ ।

७. आवश्यक सामाग्रीहरुको मूल्यमा पचहत्तर प्रतिशत अनुदान दिन सम्वन्धित कार्यालयहरुबाट प्रति नर्सरी बढीमा रु.एक लाख बाह्र हजारखर्च गर्न सकिनेछ ।

(३) **पुराना रोगग्रस्त अलैंची बगानको प्रतिस्थापन कार्यक्रम (पहिलो वर्ष)कार्यान्वयन पद्धति :** पुराना रोगग्रस्त अलैंची बगानहरु पूर्ण रुपमा हटाई नयां रोग मुक्त बगानहरु स्थापना गर्न लगाउने उद्देश्यले अलैची नर्सरी तथा बगान सुदृढीकरण आयोजनाबाटआयोजना कार्यन्वयन समितिको निर्णय बमोजिम पुराना रोगग्रस्त अलैंची बगानको प्रतिस्थापन गर्न देहाय बमोजिम कार्यक्रम सञ्चालन गरिनेछनः-

(क) कार्यक्रम सञ्चालनको लागि सम्बन्धित कृषि ज्ञान केन्द्रहरुले वार्षिक कार्यक्रम स्वीकृत भईअख्तियारी प्राप्त हुनासाथ पहिलो चौमासिक भित्र कार्यक्रम लागू भएका जिल्लाका अलैंची पकेट क्षेत्रहरुको स्थलगत सर्वेक्षण/निरीक्षण गरी बिभिन्न रोगहरुले गर्दा नाश भैसकेका र नाशिने क्रममा रहेका अलैंची बगानहरुको बिस्तृत बिबरण तयार गरि राख्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम तयार भएको विवरणको आधारमा सम्बन्धित कृषि ज्ञान केन्द्रहरुले पुनः स्थापना गराउन सकिने अलैंची बगानहरुलाई स्विकृत कार्यक्रमको अधिनमा रही जिल्लास्तर छनौट समितवाट उपयुक्त वगानको छनौट गर्नु पर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम छनौट गरिएका अलैंची बगानका धनीहरुलाई बगान स्थापना गर्नु भन्दा अघि नै निम्न अनुसारका शर्तहरुको अधिनमा रही सम्बन्धित कृषि ज्ञान केन्द्रहरुबाट सम्झौता गर्न लगाईनेछः-

१. पुरानो बगानमा भएका सम्पूर्ण रोगग्रस्त बिरुवाहरु अवशेष नै नरहने गरी सम्बन्धित कृषक स्वयंले हटाउनु पर्नेछ ।

२. नयाँ बगान कम्तिमा पाँच रोपनी जग्गामा स्थापना गर्नु पर्नेछ ।

३. वगान स्थापना गर्ने स्थानमा छहारीको व्यवस्था कृषक स्वयंले अनिवार्यरुपमा गर्नुपर्नेछ ।

४. स्थापना गर्नु करिब डेढ महिना देखि दुई महिना अघि नै माटो परीक्षण गरी बगानको माटोको जाँच गराउनु पर्नेछ ।

५. स्थापना गर्नु कम्तिमा एक महिना अघि नै कृषि प्राबिधिकको सहयोगमा बगानको रेखांकन गरी तथा खाडल खनी सिफारिस अनुसारको मलहरु प्रयोग गर्नु पर्ने छ ।

६. खाडल उपचार, बिरुवा उपचार र रोपण तथा बाली ब्यवस्थापन गर्ने कार्य पनि कृषि प्राबिधिकको रेखदेख र सल्लाहमा गर्नुपर्नेछ।

७. रोगग्रस्त विरुवाहरु नष्ट भएको कम्तीमा तिन वर्ष भैसकेको जग्गामा प्रतिस्थापन गर्नुपर्नेछ।

८. उपदफा(३) बमोजिम सञ्चालन गरिने कार्यक्रम अन्तरगतको खाडल तथा बिरुवा उपचारको लागि उपयुक्त बिषादीहरु सम्बन्धित कृषि ज्ञान केन्द्रहरुबाट उपलब्ध गराईनेछ ।

९. कार्यक्रम सञ्चालनको सिलसिलामा बिभिन्न रोगहरुले गर्दा नासी सकिएका र नासिने क्रममा रहेका अलैंची बगानहरुको सर्वेक्षण/निरीक्षण गरी बिस्तृत बिबरण तयार पारिनेछ ।

१०. यस अन्तर्गत सञ्चालन गरिने कार्यक्रमको खर्च देहाय बमोजिम हुनेछ :–

(क) बिरुवा खरिदमा प्रति हेक्टर रु.पचहत्तरखर्च गर्नसकिने तथा ढुवानी स्थानिय दर रेट अनुसार हुने ।

(ख) १.५ × १.५ मीटर को दूरीमा बनाइएको खाडलमा प्रति खाडल तिन बिरुवाका दरले रोप्दा एक हेक्टर अर्थात बीस रोपनी मा तेऱ्ह हजार तिन शय तैतिस बिरुवा लाग्ने + बाऱ्ह दशमलव पाँच प्रतिशत बिरुवाको मोर्टालिटी मान्दा कुल पन्ध्र हजार बिरुवा/हेक्टर चाहिने । त्यसको मूल्य प्रति बिरुवा रु.पाँच मा शत प्रतिशत अनुदान दिन प्रति बिरुवा रु. पाँच प्रति (प्याकेजिङ्ग समेत) का दरले जम्मा रु.पचहत्तर हजार खर्च हुने तथा ढुवानी स्थानीय दर रेट अनुसार हुने ।

(ग) खाडल उपचार गर्न प्रति हेक्टर रु. ६७५०।-खर्च गर्न सकिने ।

(घ) खाडल उपचार गर्नलाई ०.२% को बेभिष्टिन विषादीको घोल तैयार गरी प्रति खाडल आधा लिटर प्रयोग गर्दा प्रति हेक्टर ४.५ किलो बेभिष्टिन लाग्ने । जसको प्रचलित मूल्यमा शत प्रतिशत अनुदान दिन रु. एक हजार पाँच शय प्रति किलोका दरले जम्मा रु. छ हजार सात शय पचास प्रति हेक्टर खर्च हुने

(ङ) बिरुवा उपचार गर्न प्रति हेक्टर रु. ३२५०।- खर्च गर्न सकिने ।

(च) बिरुवा उपचार गर्नलाई ०.२ %को विषादीको घोल तैयार गर्न प्रति हेक्टरमा रोपिने बिरुवाहरुको लागि १.५ किलो क्रिनोक्सील लाग्ने । जसको प्रचलित मूल्यमा शत प्रतिशतअनुदान दिनरु.२५००।-प्रति के.जी.का दरले जम्मा रु.३२५०।- प्रति हेक्टर खर्च हुने )

(छ) मल (शुक्ष्म तत्व मल समेत) प्रयोग र बाली उपचार मा लाग्ने खर्च सम्बन्धित कृषकहरु वा समूह/सहकारीहरुले आफै ब्यहोर्नु पर्नेछ ।

(ज) बिरुवाहरु रोपि सके पछि पनि भाइरस रोग सार्ने किरा र ढुसीजन्य रोगहरुको प्रकोग बढन नदिन आवश्यक्तानुसार बगानमा बिषादी छर्न लाग्ने खर्च

(झ) सिंचाईको श्रोत भएको ठाउँमा सिंचाई ब्यवस्थापनको लागि एकमुष्ट प्रति हेक्टर रु.१००००।- सम्म खर्च गर्न सकिनेछ ।

(ञ) सिंचाईको ब्यवस्था गर्न उक्त रकमको सीमामा रही कृषक/समुहको आवश्यकतानुसार पोलिथिन पाइप र इलेक्ट्रीक मोटर खरिद, प्लाष्टिक पोखरी निर्माण वा मर्मत, कुलो एवं मुहान मर्मत तथा स्प्रिङकलर वा थोपा सिंचाइको लागि चाहिने आवश्यक सामाग्रीहरुको ब्यवस्था गर्न खर्च गर्न सकिने छ तर एक पटक यस्तो सुबिधा दिई सकिएको कृषक वा समुहलाई पुनः यस्तो सुबिधा दिइने छैन।

(ट) प्राविधिकको सल्लाह वमोजिम कृषकले नै प्राङ्गारिक मल वनाई प्रयोग गर्नुपर्नेछ ।

(ठ) यसमा उल्लेखित वाहेको खर्च कृषक स्वयंले गर्नुपर्नेछ ।

**(४) प्रतिस्थापित अलैंची बगानको ब्यवस्थापन दोश्रो र तेश्रो वर्षः**

(क) कार्यक्रम सञ्चालन भएका सम्बन्धित जिल्लामा कृषि ज्ञान केन्द्रहरुबाट कार्यक्रम स्वीकृत भई अख्तियारी प्राप्त हुनासाथ पहिलो चौमासिक भित्र आफ्नो जिल्लाका अलैंची पकेट क्षेत्रहरुको स्थलगत सर्वेक्षण/निरीक्षण गरी गत वर्ष प्रतिस्थापित गरिएका अलैंची बगानहरुको यथास्थिति र सुधार गर्नु पर्ने बिषयहरु समेटी बिस्तृत बिबरण तयार गरि राख्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम तयार गरिएको बिबरणको आधारमा सम्बन्धित कृषि ज्ञान केन्द्रहरुले अलैंची बगानहरुलाई उत्पादनशील बनाउन स्विकृत कार्यक्रमको अधिनमा रही आवश्यक ब्यवस्थापकीय कार्यहरु गर्नु गराउनु पर्नेछ ।

(ग) यस अन्तर्गत सञ्चालन गरिने कार्यक्रमको खर्च देहाय बमोजिम हुनेछः–

१. मल (जैबिक वा रासायनिक, शुक्ष्म तत्व मल समेत) प्रयोग र बाली उपचारमा लाग्ने खर्च एकमुष्ट प्रति हेक्टर रु. उन्नाईस हजार पाँच शय खर्च गर्न सकिने छ ।

(बिरुवाहरु रोपि सकेपछि पनि भाइरस रोग सार्ने किरा र ढुसीजन्य रोगहरुको प्रकोप बढ्न नदिन आवश्यकतानुसार बगानमा जैबिक वा रासायनिक बिषादी छर्न लाग्ने खर्च)

२. सिंचाईको श्रोत भएको ठाउंमा थप सिंचाई ब्यवस्थापनको लागि एकमुष्ट प्रति हेक्टर रु. दश हजारसम्म खर्च गर्न सकिने छ ।

(सिंचाईको ब्यवस्था गर्न उक्त रकमको सीमामा रही कृषक/समुहको आवश्यकतानुसार पोलिथिन पाइप र इलेक्ट्रीक मोटर खरिद, प्लाष्टिक पोखरी निर्माण वा मर्मत, कुलो एवं मुहान मर्मत तथा स्प्रिङकलर वा थोपा सिंचाइको लागि चाहिने आवश्यक सामाग्रीहरुको ब्यवस्था गर्न खर्च गर्न सकिने छ । तर एकपटक यस्तो सुबिधा दिई सकिएको कृषक वा समुहलाई पुनः यस्तो सुबिधा दिइने छैन ।)

३. यसमा उल्लेखित वाहेकको खर्च किसान स्वयंले गर्नुपर्नेछ ।

**(५) नमूना अलैंची वगान स्थापना पहिलो वर्षः**

(क) यो कार्यक्रम सञ्चालनको लागि सम्बन्धित कृषि ज्ञान केन्द्रहरुले पहिलो वर्ष एउटा पकेट क्षेत्रमा एक वटा र जिल्ला भरी ५ वटामा नबढने गरी नमूना अलैंची बगानहरु स्थापना गराउनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको वगान स्थापना गराउँदा सम्वन्धित कृषि ज्ञान केन्द्रहरुले स्विकृत कार्यक्रमको अधिनमा रही बहु संख्यक कृषकहरुले हेर्न र सिक्न सक्ने गरी प्रर्दशन स्थल एवं कृषक छनौट गर्नु पर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम स्थापना भएका नमूना अलैंची बगानहरु कम्तिमा पाँच रोपनी क्षेत्रफलमा स्थापना भएको हुनुपर्नेछ ।

(घ) खण्ड (ख) बमोजिमको नमूना बगानहरु स्थापना गर्न बगानको माटो जांच गराउनका साथै बगानको रेखांकन गरी खाडल खन्ने देखि खाडलमा मल माटो भर्ने, गुणस्तरीय बिरुवाहरुको छनौट, बिरुवा उपचार र रोपण तथा एकिकृत बाली ब्यवस्थापनका सम्पूर्ण प्रबिधिहरु हस्तान्तरणमा कृषि ज्ञान केन्द्रका कृषि प्राविधिकहरुले कृषकहरुलाई सहयोग गर्नु पर्नेछ ।

(क) यस अन्तर्गत सञ्चालन गरिने कार्यक्रमको खर्च देहाय बमोजिम गर्नेछः–

१. बिरुवा खरिदमामा प्रति प्रति बगान रु. अठार हजार सात शय पचास खर्च गर्न सकिने।

(१.५ ×१.५ मीटर को दूरीमा बनाइएको खाडलमा प्रति खाडल तिन बिरुवाका दरले रोप्दा प्रति बगान५ रोपनीका लागि ३३३३ बिरुवा लाग्ने + १२.५ % बिरुवाको मोर्टालिटी मान्दा कुल तिन हजार सात शय पचास बिरुवा प्रति बगान चाहिने । त्यसको मूल्यमा तथा ढुवानी, प्याकेजिङ्ग र मोटालिटीमा शत प्रतिशतअनुदान दिन प्रति बिरुवा प्याकेजिङ्ग समेत रु.पाँच का दरले जम्मा रु. अठार हजार सात शय पचास खर्च हुनेछ ।

२. बिरुवा उपचार गर्न प्रति बगान रु. एक हजार आठ शय पचहत्तर खर्च गर्न सकिनेछ ।

३. बिरुवा उपचार गर्नलाई ०.२ %को विषादीको घोल तैयार गर्न प्रति बगान ०.७५ किलो वेभिष्टिन वा क्रिनोक्सील लाग्ने । जसको प्रचलित मूल्यमा शत प्रतिशतअनुदान दिन रु. दुई हजार पाँच प्रति किलोका दरले जम्मा रु.१८७५।- प्रति बगान खर्च हुनेछ ।

४. रासायनिक मल (शुक्ष्म तत्व मल समेत) प्रयोग गर्न प्रति बगान रु. छ हजार पचहत्तर खर्च गर्न सकिने ।

(प्रति हे. डि.ए.पी. ३७.५,युरिया २५ र पोटास मल २५ के.जी. तथा शुक्ष्म तत्व मल २०० मि.लि. का दरले प्रयोग गर्दा प्रचलित मूल्यमा शत प्रतिशतअनुदान दिन प्रति के.जी./लिटर क्रमशः रु. ५०।-, रु.४०।-, रु. ३०।- र रु. १०००।- का दरले जम्मा रु. ६०७५।- प्रति बगान खर्च हुने)

५. बाली उपचार गर्न प्रति बगान रु. चार हजार छ शय पच्चिसखर्च गर्न सकिने ।

(बिरुवाहरु रोपि सके पछि पनि भाइरस रोग सार्ने किरा र ढुसीजन्य रोगहरुको प्रकोप बढ्न नदिन आवश्यक्तानुसार बगानमा बिषादी छर्न प्रति बगान पाँच रोपनीका लागि करिब १.२५ के.जी. कपर अक्सिक्लोराइड/क्रिनोक्सील र करिब १.२५ लिटर रोगर चाहिने । तिनको प्रचलित मूल्यमा शत प्रतिशतअनुदान दिन क्रमशः रु. २५००।-प्रति के.जी. र रु. १२००।- प्रति लिटरका दरले जम्मा रु. ४६२५।-प्रति बगान खर्च हुने)

६. सिंचाई ब्यवस्थापनका लागि एकमुष्ट प्रति बगान रु. पाँच हजार सम्म खर्च गर्न सकिने ।

(सिंचाईको ब्यवस्था गर्न उक्त रकमको सीमामा रही कृषक/समुहको आवश्यकतानुसार पोलिथिन पाइप र इलेक्ट्रीक मोटर खरिद, प्लाष्टिक पोखरी निर्माण वा मर्मत, कुलो एवं मुहान मर्मत तथा स्प्रिङकलर वा थोपा सिंचाइको लागि चाहिने आवश्यक सामाग्रीहरुको ब्यवस्था गर्न खर्च गर्न सकिने छ । तर एक पटक यस्तो सुबिधा दिई सकिएको कृषक वा समुहलाई पुनः यस्तो सुबिधा दिइने छैन ।)

**(६) नमूना अलैंची बगान ब्यवस्थापन दोश्रो र तेश्रो वर्षः**

(क) कृषि ज्ञान केन्द्रहरुबाट स्वीकृत कार्यक्रमको अधिनमा रही गत वर्षमा स्थापना गरिएका नमूना अलैंची बगानहरुको निरीक्षण गरी बगानहरुमा गर्नु पर्ने आवश्यक ब्यवस्थापकीय कार्यहरु गर्ने गराउने गरी यो कार्यक्रम संचालन गरिनेछ ।

(ख) कार्यक्रम सञ्चालनको अवस्थामा आवश्यक एकिकृत बाली ब्यवस्थापनका सम्पूर्ण प्रबिधिहरु हस्तान्तरणमा कृषि ज्ञान केन्द्रका कृषि प्राविधिकहरुबाट कृषकहरुलाई सहयोग गरिनेछ ।

(ग) यस अन्तर्गत सञ्चालन गरिने कार्यक्रमहरुको खर्च देहाय बमोजिम हुनेछः–

१. रासायनिक मल (शुक्ष्म तत्व मल समेत) प्रयोग गर्न प्रति बगान रु.६०७५।- खर्च गर्न सकिनेछ । (प्रति हे. डि.ए.पी. ३७.५, युरिया २५ र पोटास मल ५० के.जी. तथा शुक्ष्म तत्व मल २००मि.लि. का दरले प्रयोग गर्दा प्रचलित मूल्यमा शत प्रतिशतअनुदान दिन प्रति किलो/लिटर क्रमशः रु.५०।-, रु. ४०।-, रु. ३०।-र रु.१०००।-का दरले जम्मा रु. ६०७५।-प्रति बगान खर्च हुने)

२. बाली उपचार गर्न प्रति बगान रु. ४६२५।- खर्च गर्न सकिने ।

(बिरुवाहरु रोपि सके पछि पनि भाइरस रोग सार्ने किरा र ढुसीजन्य रोगहरुको प्रकोप बढ्न नदिन आवश्यक्ता अनुसार बगानमा बिषादी छर्न प्रति बगान/५ रोपनी करिब १.२५ किलो कपर अक्सिक्लोराइड/क्रिनोक्सील र करिब १.२५ लिटर रोगर चाहिने । तिनको प्रचलित मूल्यमा शत प्रतिशत अनुदान दिन क्रमशःरु. २५००।- प्रति के.जी. र रु. १२००।- प्रति लिटरका दरले जम्मा रु. ४६२५।- प्रति बगान खर्च हुने) ।

(७) **अलैंचीको नयाँ क्षेत्र विस्तार कार्यक्रमः**

(क) यो कार्यक्रम सञ्चालनको लागि सम्बन्धित कृषि ज्ञान केन्द्रहरुले पहिलो चौमासिक भित्र अलैचीको नयाँ क्षेत्र विस्तार गर्न सकिने पकेट क्षेत्रहरुको स्थलगत सर्वेक्षण/निरीक्षण गरी बिस्तृत विवरण तयार गरि राख्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम तयार भएको विवरणको आधारमा सम्बन्धित कृषि ज्ञान केन्द्रहरुले नयाँ क्षेत्र विस्तार गराउन सकिने पकेट क्षेत्र तपसिल बमोजिमका आधारमा छनौट गर्नु पर्नेछः-

(१) पहिले अलैंची वगान नभएको,

(२) सिंचाइको श्रोत भएको,

(३) प्राविधिक दृष्टिकोणले अलैंची खेतीको लागि उपयुक्त,

(४) कम्तिमा ५ रोपनी क्षेत्रफलमा अलैंची रोप्न उपयुक्त,

(ग) खण्ड (ख) बमोजिम छनौट गरिएका अलैंची बगानका धनीहरुलाई बगान स्थापना गर्नु भन्दा अघि नै निम्न अनुसारका शर्तहरुको अधिनमा रही सम्बन्धित कृषि ज्ञान केन्द्रहरुबाट सम्झौता गर्न लगाईनेछ।

(१) नयाँ बगान कम्तिमा ५ रोपनी जग्गामा स्थापना गर्नु पर्नेछ ।

(२) वगान स्थापना गर्ने स्थानमा छहारीको व्यवस्था कृषक स्वयंले अनिवार्यरुपमा गर्नुपर्नेछ ।

(३) स्थापना गर्नु करिब डेढ महिना देखि दुई महिना अघि नै माटो परीक्षण गरी बगानको माटोको जाँच गराउनु पर्ने छ ।

(४) स्थापना गर्नु कम्तिमा एक महिना अघि नै कृषि प्राबिधिकको सहयोगमा बगानको रेखांकन गरी तथा खाडल खनी सिफारिस अनुसारको मलहरु प्रयोग गर्नु पर्नेछ ।

(५) खाडल उपचार, बिरुवा उपचार र रोपण तथा बाली व्यवस्थापन गर्ने कार्य पनि कृषि प्राबिधिकको रेखदेख र सल्लाहमा गर्नुपर्नेछ।

(६) यस अन्तर्गत सञ्चालन गरिने कार्यक्रमको खर्च देहाय बमोजिम हुनेछः-

(क) बिरुवा बितरणमा प्रति हेक्टर रु. ७५०००।- खर्च गर्न सकिनेछ ।
(१.५ × १.५ मीटर को दूरीमा बनाइएको खाडलमा प्रति खाडल तिन बिरुवाका दरले रोप्दा एक हेक्टर अर्थात २० रोपनी मा १३३३३ बिरुवा लाग्ने+१२.५ प्रतिशत बिरुवाको मोर्टालिटी मान्दा कुल १५००० बिरुवा/हेक्टर चाहिने । त्यसको मूल्य प्याकेजिङ्ग सहित (प्रति बिरुवा रु.पाँच) शत प्रतिशत अनुदान दिन प्रति बिरुवा रु. ५।- का दरले जम्मा रु. ७५०००।- खर्च हुने)

(ख) दुई खाडल उपचार गर्न प्रति हेक्टर रु. ६७५०।- खर्च गर्न सकिने ।
(खाडल उपचार गर्नलाई ०.२ % को बेभिष्टिन विषादीको घोल तैयार गरी प्रति खाडल आधा लिटर प्रयोग गर्दा प्रति हेक्टर४.५ के.जी. बेभिष्टिन लाग्ने । जसको

प्रचलित मूल्यमा शत प्रतिशतअनुदान दिन रु. १५००।-प्रति के.जी.का दरले जम्मा रु. ६७५०।-प्रति हेक्टर खर्च हुने)

(ग) बिरुवा उपचार गर्न प्रति हेक्टर रु.३२५०।- खर्च गर्न सकिने ।

(बिरुवा उपचार गर्नलाई ०.२ % को विषादीको घोल तैयार गर्न प्रति हेक्टरमा रोपिने बिरुवाहरुको लागि १.५ के.जी. क्रिनोक्सील लाग्ने । जसको प्रचलित मूल्यमा शत प्रतिशत अनुदान दिन रु.२५००।-प्रति के.जी. का दरले जम्मा रु. ३२५०।-प्रति हेक्टर खर्च हुने )

(घ) मल (शुक्ष्म तत्व मल समेत) प्रयोग र बाली उपचार मा लाग्ने खर्च सम्बन्धित कृषकहरु वासमूह/सहकारीहरुले आफै ब्यहोर्नु पर्नेछ ।

(बिरुवाहरु रोपि सके पछि पनि भाइरस रोग सार्ने किरा र ढुसीजन्य रोगहरुको प्रकोग बढन नदिन आवश्यक्तानुसार बगानमा बिषादी छर्न लाग्ने खर्च)

(ङ) सिंचाईको श्रोत भएको ठाउँमा सिंचाई ब्यवस्थापनको लागि एकमुष्ट प्रति हेक्टर रु.दश हजारसम्म खर्च गर्न सकिनेछ ।

(सिंचाईको ब्यवस्था गर्न उक्त रकमको सीमामा रही कृषक/समुहको आवश्यकतानुसार पोलिथिन पाइप र इलेक्ट्रीक मोटर खरिद, प्लाष्टिक पोखरी निर्माण वा मर्मत, कुलो एवं मुहान मर्मत तथा स्प्रिङकलर वा थोपा सिंचाइको लागि चाहिने आवश्यक सामाग्रीहरुको ब्यवस्था गर्न खर्च गर्न सकिने छ तर एक पटक यस्तो सुबिधा दिई सकिएको कृषक वा समुहलाई पुनः यस्तो सुबिधा दिइने छैन ।)

(८) **अलैंची सुकाउने सुधारिएको भट्टी निर्माण सहयोग कार्यक्रमः**

(क) यो कार्यक्रम सञ्चालनको लागि सम्बन्धित कृषि ज्ञान केन्द्रहरुले सुधारिएको भट्टी निर्माण सहयोग कार्यक्रमका लागि सम्बन्धित कृषक, कृषक समूह सहकारी तथा उद्यमीहरुवाट निवेदन संकलन गरि राख्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम तयार भएको विवरणको आधारमा सम्बन्धित कृषि ज्ञान केन्द्रहरुले जिल्लास्तर छनौट समितिवाट अलैची सुकाउने सुधारिएको भट्टी निर्माण सहयोग कार्यक्रमका लागि तपसिल बमोजिमका आधारमा छनौट गर्नु पर्नेछः-

(१) अलैंची उत्पादन परिमाण,

(२) हालअलैची सुकाउनप्रयोग गर्दे गरेको तरीका वा प्रविधि,

(३) भट्टी स्थापना गर्ने स्थानमा सडक संजालसँग आवद्धता,

(४) लागत साझेदारी अवस्था,

(ग) खण्ड (ख) बमोजिम छनौट गरिएका निवेदकहरुलाई सुधारिएको भट्टी निर्माण गर्नु भन्दा अघि नै निम्न अनुसारका शर्तहरुको अधिनमा रही सम्बन्धित कृषि ज्ञान केन्द्रहरुबाट सम्झौता गर्न लगाईनेछ।

(घ) सुधारिएको भट्टी सम्बन्धित कार्यालयले उपलब्ध गराएको डिजाईन अनुसार निर्माण गर्नु पर्नेछ।

(ङ) सुधारिएको भट्टी निर्माण गर्दा ५० के.जी.को दश एम.एम.को रड, ५० के.जी. स्ट्रीप्स तथा २४० देखि२४५ के.जी.को ड्रायर अनिवार्यरुपमा समावेश भएको हुनु पर्नेछ ।

(च) कम्तीमा २५ प्रतिशत लागत सहभागिता हुनपर्नेछ।

(छ) निर्माण गरिएको भट्टी लगातार रुपमा दश वर्षसम्म प्रयोगमा ल्याउनु पर्नेछ अन्यलाई विक्री गर्न पाईने छैन ।

(ज) उपदफा (८)बमोजिम सञ्चालन गरिने कार्यक्रमको लागि लागत इष्टिमेट तयार गरी कृषि ज्ञानकेन्द्रवाट स्वीकृत गरी कार्यसम्पन्न भएपश्चात ढुवानी खर्च समेत गरी रु. एक लाख सम्मअनुदान रकम उपलब्ध गराईने छ।

माथि उल्लेखित कार्यहरु सम्पन्न गर्ने प्रमुख जिम्मेवारी सम्वन्धित कृषि ज्ञान केन्द्र र कृषक,समुह/सहकारीकोहुनेछ र सहयोगी भूमिका अलैंची बिकास केन्द्र, फिक्कल इलामको रहनेछ ।

## ३०. कार्यक्रमको नामः कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यक्रम

**उद्देश्यः** वाली उत्पादनमा यान्त्रिकरण गर्न सहयोग पुऱ्याईप्रति इकाई उत्पादन वृद्धि तथा उत्पादन लागत घटाउने ।

**अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः**

(१) व्यक्तिगत वा कृषक उपभोक्ता (एक वा संयुक्तरुपमा एकभन्दा बढी मिलेर आउन सक्ने)

(२) संस्थागत उपभोक्ता (कृषि सहकारी, कृषक समुह, निजी फर्म)

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

**(क) व्यक्तिगत वा कृषक उपभोक्ता (एक वा संयुक्तरुपमा एकभन्दा बढी मिलेर आएमा) को लागिः**

(१) नागरिकता प्रमाण पत्रको प्रतिलिपी

(२) मेशिनरी औजार संचालन तथा मर्मत सम्बन्धि तालिम लिएको भए सो प्रमाण पत्रको प्रतिलिपि

(३) लालपूर्जाको प्रतिलिपीः

खाद्यान्न बाली, तरकारी बाली, आलु वाली, फलफुल वाली आदिः तराईका लागि१.५ हेक्टर (३० रोपनी वा ४५ कट्ठा), पहाडका लागि ०.५ हेक्टर (१० रोपनी वा १५ कट्ठा), हिमालका लागि ०.२५ हेक्टर (५ रोपनी वा ७.५ कट्ठा)

(४) आफ्नो नाममा जग्गा नभई आफ्नै एकाघरको परिवारका नाममा जग्गा भएमा नाता खुल्ने कागजातको प्रमाण पेश गर्नुपर्ने छ ।

(५) आफूले कमाई आएको जग्गा (गुठी स्वामित्वको वा आफू मोही भएको समेत) वा करारमा लिएको भए कम्तिमा पाँच वर्ष सम्झौता अवधि रहेको प्रमाण सहित पेश गर्नुपर्नेछ।

**(ख) संस्थागत उपभोक्ताको लागि (कृषि सहकारी, कृषक समुह, निजी फर्म)**

(१) संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि

(२) संस्था नविकरणको प्रमाण पत्रको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र अनिवार्य पेश गर्नु पर्नेछ।

(३) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि

(४) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

(५) संस्थाको निर्णय प्रतिलिपि

(६) संस्थाले अनुदान प्रक्रियाको लागि जिम्मेवार दिई खटाउने पदाधिकारीलाई दिएको अख्तियारी पत्र

(७) अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र पासपोर्ट साइजको फोटो १ प्रति

(८) लालपूर्जाको प्रतिलिपीः

खाद्यान्न बाली, तरकारी बाली, आलु वाली, फलफुल वाली आदिः तराईका लागि४ हेक्टर (८० रोपनी वा १२० कठ्ठा), पहाडका लागि १.५ हेक्टर (३० रोपनी वा ४५ कठ्ठा), हिमालका लागि ०.५ हेक्टर (१० रोपनी वा १५ कठ्ठा)

(९) संस्थाको आफ्नो नाममा जग्गा नभई करारमा लिएको भए कम्तिमा ५ वर्ष सम्झौता अवधि रहेको प्रमाण सहित पेश गर्नुपर्नेछ ।

**नोटः** माथि उल्लेखित आवेदकहरुले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र समेत पेश गर्नु पर्ने छ ।

**सहजीकरण सेवा तथा सुविधा :**

| सि.नं. | कृषि मेशीनरी, औजार उपकरणहरुको नाम | क्षमता (Hp) | अनुदान % | कैफियत |
|---|---|---|---|---|
| १ | चार पाङ्ग्रे ट्रयाक्टरका एट्याचमेन्टहरु | | ७५% | चार पाङ्ग्रे ट्रयाक्टरको एट्याचमेन्टहरु अनुदानमा लिनका लागि उपभोक्ताको नाममा ट्रयाक्टरको सवारी दर्ता प्रमाणपत्र (ब्लु बुक) अनिवार्य पेश गर्नु पर्नेछ। |
| २ | पावर टिलर विथ कल्टिभेटर | अधिकतम २० एच.पी. सम्म | ५०% | |
| ३ | पावर टिलरका एट्याचमेन्टहरु | | | |
| ४ | मिनि टिलर | अधिकतम ९ एच.पी. सम्म | ७५% | |
| ५ | मिनि टिलरका | | ७५% | |

| सि.नं. | कृषि मेशीनरी, औजार उपकरणहरुको नाम | क्षमता (Hp) | अनुदान % | कैफियत |
|---|---|---|---|---|
| | एट्याचमेन्टहरु | | | |
| ६ | स्वचालित उपकरणहरु | | ७५% | |

नोटः माथि उल्लेखित कृषि यन्त्र उपकरण सेटमा माग गर्दा एकै प्रकारको दोहोरो माग गर्न पाईने छैन ।

**कार्यक्रम संचालनका आधारभूत पक्ष, प्रक्रिया मूल्याङ्कनका आधारः**

**आपूर्तिकर्ताबाट प्रस्ताव माग गर्नेः**

(१) निर्देशनालयले कृषि यन्त्र उपकरणहरुको आपुर्ति गर्न ईच्छुक आपुर्तिकर्ताहरुलाई शिलबन्दी प्रस्ताव पेश गर्न २१ (एकाईस) दिने म्याद दिई राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) प्रस्तावकले प्रस्ताव पेश गर्दा निर्देशनालयले निर्धारण गरेको संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु,सहजीकरण सेवा तथा सुविधामा उल्लेखित उपकरणको विस्तृत तालिका र आपूर्तिकर्ताको निवेदन विवरण समेत पेश गर्नु पर्नेछ ।

(३) प्रस्तावकले बुदा नं १ र २ बमोजिम तयार गरिएका प्रस्ताव तोकिएको म्यादभित्र कृषि विकास निर्देशनालय, प्रदेश नं १, विराटनगरमा पेश गर्नु पर्नेछ ।

(४) प्रस्ताव साथ आपूर्तिकर्ताको निवेदन विवरणमा पेश गरेको एक आ.व. मा आपूर्ति गर्न सक्ने रकमको २.५% बराबरको सोही आ.व. को असार मसान्तसम्म म्याद भएको बैंक ग्यारेन्टी वा सो बराबरको रकम यस निर्देशनालयले तोकेको खातामा जम्मा गरी सक्कल भौचर सहित पेश गर्नु पर्नेछ।

**आपूर्तिकर्ता छनौट समितिः**

(१) यस कार्यसंचालन प्रक्रिया बमोजिमको कार्यक्रम संचालनको लागि प्राप्त प्रस्तावहरुको छनौट गर्न देहाय बमोजिमको समिति गठन हुनेछ ।

(क) प्रमुख, कृषि विकास निर्देशनालय – अध्यक्ष

(ख) वरिष्ठ कृषि विकास अधिकृत; खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय – सदस्य

(ग) शाखा प्रमुख, योजना कार्यक्रम तथा अनुगमन शाखा, कृषि विकास निर्देशनालय – सदस्य

(घ) खरिद इकाई प्रमुख, कृषि विकास निर्देशनालय – सदस्य

(ङ) लेखा प्रमुख, कृषि विकास निर्देशनालय – सदस्य

(च) शाखा प्रमुख, कृषि यान्त्रिकरण शाखा, कृषि विकास निर्देशनालय – सदस्य सचिव

छ) कृषि ईन्जिनीयर, कृषि यान्त्रिकरण शाखा, कृषि विकास निर्देशनालयसह – सहसदस्य सचिव

समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**आपूर्तिकर्ता छनौट समितिको काम,कर्तव्य र अधिकारः**

(१) म्यादभित्र दर्ता भएका शिलवन्दी प्रस्तावहरु प्रस्ताव दर्ता वा प्रतिनिधिको रोहवरमा खोल्ने ।

(२) आपूर्तिकर्ता तथा कृषि यन्त्र उपकरणको छनौट गर्ने ।

(३) छनौट भएका आपूर्तिकर्ताले प्रस्ताव गरेका यन्त्र उपकरणहरुको किसिम (Type),क्षमता (Capacity/ Horse power), मोडेल (Model), ब्राण्ड (Brand) र अन्य स्पेशिफिकेशन (Specification) को आधारमा एकै खालका यन्त्र उपकरणहरुको समुहकृत गरी, उक्त समुहमा सबै भन्दा न्यूनतम् मूल्यलाई (Lowest Rate)आधार मानी अनुदानको रकम तोक्ने ।

(४) प्रस्तावमा पेश भएका यन्त्र उपकरण समुहकृत गर्न नमिलेका अवस्थामा पेश गरेको सोही दरलाई न्युनतम् मूल्य आधार मानी अनुदानको रकम तोक्ने ।

(५) अनुदान दिने प्रयोजनका लागि छनौट गरिएका आपूर्तिकर्ता तथा कृषि यन्त्र उपकरणहरुको विवरण, छनौट भएका आपूर्तिकर्ताहरुको नामावली,उपलब्ध हुने स्थान र अनुदान रकम आदि विवरणहरु निर्देशनालय मार्फत सम्बन्धित कृषि ज्ञान केन्द्रहरुलाई औपचारिक जानकारी दिने ।

(६) छनौट भएका आपूर्तिकर्ता र निर्देशनालय वीच सम्झौता गर्न सिफारिश गर्ने।

(७) कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्रलाई कार्यक्रम संचालनमा आवश्यक राय तथा सुझाव दिने।

**आपूर्तिकर्ताबाट प्राप्त प्रस्ताव मूल्याङ्कनका आधारः**

(१) प्रस्तावहरुको आर्थिक मूल्याङ्कनको लागि पैतिस अंक र प्राविधिक मूल्याङ्कनका लागि पैसठ्ठी अंक भार मानी कुल एक शय भारमा मूल्याङ्कन गरिने छ ।

(२) बुदा नं (१) बमोजिम मूल्याङ्कन गर्दा साठी अंक भार प्राप्त गर्ने प्रस्तावहरु अनुदानमा कृषि यन्त्र उपकरण आपूर्ति गर्न छनौट गरिने छ ।

**मूल्याङ्कन गर्ने अवधि तथा जानकारीः**

(१) यस कार्यविधि बमोजिम पर्न आएका प्रस्तावहरु समितिले यसमा तोकिएको अवधि समाप्त भएको मितिले २१ (एकाईस) भित्र मूल्याङ्कन गरी तीन दिन भित्र निर्देशनालयलाई जानकारी दिनु पर्नेछ ।

(२) मूल्याङ्कनको परिणाम प्राप्त भएको भोली पल्ट निर्देशनालयले आपूर्तिकर्ता,सरोकारवाला र अन्य सर्वसाधरणको जानकारीको लागि निर्देशनालयमा सूचना टाँस गर्नुपर्ने छ साथै प्रकाशित परिणामको जानकारी यथाशिघ्र प्राप्त गर्ने गरी विद्युतीय माध्यमवाट तीन दिनभित्र कृषि ज्ञान केन्द्रहरुमा पठाउनु पर्नेछ ।

**निवेदन माग गर्नेः**

(१) यस कार्यसंचालन प्रक्रिया बमोजिम छनौट गरिएका आपूर्तिकर्ता तथा कृषि यन्त्र उपकरणहरुको विवरण, छनौट भएका आपूर्तिकर्ताहरुको नामावली,उपलब्ध हुने स्थान र अनुदान रकम लगायतको विवरण प्राप्त भएपछि कृषि यन्त्र उपकरणहरु सेटमा अनुदान लिन चाहने कृषक उपभोक्ताका लागि कार्यविधि बमोजिम

कृषि ज्ञान केन्द्रले स्थानीय छापा तथा संचार माध्यम सूचना प्रकाशन गरी निवेदन माग गर्नुपर्नेछ ।साथै स्थानीय तहमा समेत सो सूचना संप्रेषणको सुनिश्चतता गर्नुपर्नेछ ।

(२) अनुदान लिन चाहने उपभोक्ताले तोकिए बमोजिमका कागजातहरुका प्रमाण संलग्न गरी निर्देशनालयले तोकेको ढाँचामा तोकिएको म्यादभित्र सम्बन्धित कृषि ज्ञान केन्द्रहरुमा स्वयं उपस्थित भई आधारभूत विवरण सहित निवेदन दिनु पर्नेछ ।उपभोक्तास्वयं उपस्थित नभई उपभोक्ताको तर्फवाट अरुले पेश गरेको निवेदन मान्य हुने छैन ।

(३) कृषि ज्ञान केन्द्रहरुले उपभोक्ताहरुले निवेदन मार्फत लिन चाहेको यन्त्र तथा उपकरणको समूहमा अन्य आपूर्तिकर्ताले आपूर्ति गर्ने सो यन्त्र तथा उपकरणको मुल्य तथा अनुदान सम्बन्धमा कृषि विकास निर्देशनालयले तयार गरेका ढाँचामा अनिवार्य रुपमा जानकारी गराउनु पर्नेछ साथै सो को प्रतिलिपि सम्बन्धित कृषकको फायलमा समेत संलग्न गर्नुपर्नेछ ।

(४) कृषि ज्ञान केन्द्रहरुले प्राप्त हुन आएका निवेदनहरु कार्यविधिमा उल्लेखित समितिबाट १५ दिनभित्र छनौट गरी संलग्न कागजातहरु अध्ययन गरी सम्पूर्ण मापदण्ड पुगेका उपभोक्ताको सेटमा लिन चाहेका यन्त्र उपकरणहरुका आपूर्तिकर्ता, मोडेल (Model), ब्राण्ड (Brand) र न्यूनतम् मूल्य (Lowest Rate)अनुसारको संक्षिप्त विवरण तयार गरी दश दिन भित्र छिटो साधन मार्फत निर्देशनालयमा पठाउनु पर्नेछ।

(५) कृषि विकास निर्देशनालयले प्रदेश नं. १ का सवै कृषि ज्ञान केन्द्रबाट यन्त्र उपकरण छनौटको संक्षिप्त विवरण प्राप्त गरी बुदा नं ५.१ (४) को सिमा भित्र रहे नरहेको यकिन गर्नुपर्नेछ ।यदि कुनै आपूर्तिकर्ताले पेश गरेको बैक ग्यारेन्टी कृषकबाट छनौट भएको परिमाणको २.५ % भन्दा कम भएमा तथा आपूर्तिकर्ताबाट छनौटमा परेका यन्त्र तथा उपकरण आपूर्ति गर्न सक्षम भएमा बढी भएको परिमाणको २.५ % रकम बैक ग्यारेन्टी वा बैंक जम्मा गरी आपूर्ति गर्न सक्नेछ ।

(६) कृषि विकास निर्देशनालयले बुँदा नं. ५ बमोजिम यकिन गरी सवै कृषि ज्ञान केन्द्रहरुलाई यन्त्र उपकरण छनौटको संक्षिप्त विवरण अनुसार सिफारीस कार्य अगाडि बढाउन पत्राचार गर्नु पर्नेछ ।

(७) कृषि ज्ञान केन्द्रले बुदा नं ६ बमोजिम पत्र प्राप्त भएपछि आपूर्तिकर्ताको स्थानीय तहको आधिकारिक डिलरको माग भएका उपकरणको मौज्दात निरीक्षण गरी कृषि यन्त्र उपकरण गराउन सिफारीस गर्नुपर्नेछ ।यसरी सिफारीस गर्दा कृषकले बेहोर्नुपर्ने अंश सम्बन्धित आपूर्तिकर्ताको बैंक खातामा जम्मा गरेको सक्कल भौचरको प्रतिलिपि सहित निवेदन पेश गर्नुपर्नेछ ।

**आपूर्तिकर्ताले पालन गर्नुपर्ने शर्तहरुः**

आपूर्तिकर्तालेे कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमका शर्तहरु पालना गर्नुपर्ने छ ।

(१) सिफारीस गरिएका कृषि यन्त्र उपकरणहरु भन्दा बढी विक्री गरेमा बढि विक्री गरिएको कृषि यन्त्र उपकरणहरुमा अनुदान दिइने छैन र सोको जिम्मेवार आपूर्तिकर्ता स्वयम् नै हुनेछ ।

(२) सिफारीस भई आएका यन्त्र उपकरणहरुको वितरण कृषि ज्ञान केन्द्रको आधिकारीक प्रतिनिधिको उपस्थितिमा कृषि ज्ञान केन्द्रको समन्वयमा वितरण गर्नुपर्नेछ ।

(३) अनुदान लिने उपभोक्तालाई कृषि यन्त्र उपकरण संचालन तथा मर्मत सम्बन्धि अभिमुखिकरण गराई मात्र कृषकहरुलाई बितरण गर्नु पर्नेछ ।

(४) यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि व्यापक प्रचार प्रसार गर्नु पर्नेछ।

(५) अनुदानमा वितरित कृषि यन्त्र उपकरणहरुमा कृषि विकास निर्देशनालयले निर्धारण गरेकोढाँचा अनुसार प्रिन्ट वा प्लेटमा लेखी टाँस गर्नु पर्नेछ।

**उपभोक्ताले पालन गर्नुपर्ने शर्तहरुः**

कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमका शर्तहरु पालन गर्नु पर्नेछ ।

(१) उपभोक्ता कृषि पेशा,व्यवसायमा संलग्न भएको हुनु पर्नेछ ।

(२) उपभोक्ताले सेटमा मात्र कृषि यन्त्र उपकरण अनुदान पाउने छन् ।

(३) उपभोक्ता स्वयं कृषि ज्ञान केन्द्रमा उपस्थित भई निवेदन पेश गर्नुपर्नेछ ।

(४) अनुदानमा उपलब्ध गरिएको कृषि यन्त्र उपकरणहरु कृषि कार्यको समय कृषि कार्यमा प्रयोग नगरी अन्य गैर कृषि कार्यमा प्रयोग गर्न पाइने छैन ।

(५) कृषि ज्ञान केन्द्रको आपूर्तिकर्ता सिफारिश र सिफारिश गरिएका सेटमा कृषि यन्त्र उपकरणहरु लिन आपूर्तिकर्तालाई कृषि विकास निर्देशनालयबाट तय भएका उल्लेखित कागजात र निवेदन प्रारम्भिक छनौटको फारम र सम्झौता गरी अनुदान घटाई बाँकी रकम सम्बन्धित आपूर्तिकर्ताको बैंक खातामा जम्मा गरी कृषि यन्त्र उपकरण खरिद गर्नु पर्नेछ ।

(६) सम्झौता बमोजिम उपभोक्ताले कृषि ज्ञान केन्द्रबाट प्राप्त गरेको अनुदान रकम आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्नेछ ।

(७) उपभोक्ताले अनुदान बापत पाएको रकम समयमा आपूर्तिकर्तालाई भूक्तानी नदिएमा आपूर्तिकर्ताले उपलब्ध गराएको यन्त्र औजार,उपकरण फिर्ता लिई सम्बन्धित कृषि ज्ञान केन्द्रमा जानकारी गराउनु पर्नेछ।सो अवस्थामा कृषि ज्ञान केन्द्रले प्रचलित कानुन बमोजिम असुल उपर गर्न सक्नेछ।

**अनुदान प्रवाह विधिः**

अनुदान प्रवाह विधि देहाय बमोजिम हुनेछ।

(१) आपूर्तिकर्ताले कृषि ज्ञान केन्द्रबाट सिफारिश भई आएका उपभोक्तालाई कृषि यन्त्र उपकरण उपलब्ध गराउँदा तोकिएको अनुदान तथा नियम अनुसार लाग्ने आयकर घटाई बाँकी रकम लिई उपलब्ध गराउनु पर्नेछ ।

(२) अनुदानमा कृषि यन्त्र उपकरणहरु आपूर्तिकर्ताले उपभोक्तालाई उपलब्ध गराईसकेपछि सम्बन्धित आपूर्तिकर्ताले उपभोक्ताको निवेदन र फाराम, कृषि ज्ञान केन्द्र/स्थानीय तहको कृषि हेर्ने निकायको सिफारिश, अनुदान रकम भुक्तानी आवेदन फाराम, र संलग्न गर्नुपर्ने कागजातहरु , उपभोक्ताले भुक्तानी माग गरेको निवेदन, उपभोक्ता र आपूर्तिकर्ता बीचको सम्झौता पत्र र बिक्रीको विल विजक, कृषि यन्त्र उपकरणहरु बुझेको भरपाई समेत राखी कृषि ज्ञान केन्द्रमा अनुदानको रकम उपभोक्ताको खातामा भुक्तानी हुने गरी सोधभर्ना माग गर्नेछ।

(३) आपूर्तिकर्ताबाट प्राप्त कागजातहरु कृषि ज्ञान केन्द्रले सम्बन्धित प्राविधिकबाट जाँच गरी सिफारिशको आधारमा अनुदान रकम नेपाल नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वित्तिय संस्थामा उपभोक्ताको खातामा भुक्तानी गर्नेछ। भुक्तानी गर्दा नेपाल सरकारले तोके अनुसार कर विजकको १.५% अग्रिम कर कट्टा गर्नेछ ।

(४) आपूर्तिकर्ताले प्रस्ताव साथ पेश गरेको २.५% बराबरको बैंक ग्यारेन्टी वा सो बराबरको रकम सोही आ.व. को असार मसान्त पछि फुकुवा गरिने छ ।

(५) कृषि यन्त्र उपकरणहरुमा दिईने अनुदान रकम छनौट समितिले तोके अनुसार हुने छ।

**अनुदानग्राही छनौट मूल्याङ्कन का आधारहरु :**

प्रस्ताव छनौटका आधारहरु तपसिल अनुसार हुनेछन् ।

(१) उपभोक्ताको योग्यता, सक्रियता तथा सवलता

(२) गत आ.व.मा छनौटमा परी वजेटको सीमाले गर्दा अनुदान लिन वञ्चित भएका

(३) हालसम्म यन्त्र उपकरण अनुदान कार्यक्रममा सहभागि नभएका

(४) सेटमा यन्त्र उपकरण लिनेलाई प्राथमिकता

(५) समावेशिता

## ३१. कार्यक्रमको नामः बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रम

**(१) उद्देश्यः**

- (क) बंगुर र बाख्राको दानाको सहज आपूर्तिमा टेवा पुऱ्याउने ।
- (ख) बंगुर र बाख्रा पालन व्यवसायको व्यवसायीकरणमा सहयोग गर्ने ।
- (ग) व्यवसायीक बंगुर र बाख्रा पालन व्यवसायको माध्यमबाट आयात प्रतिस्थान र निर्यात प्रवर्द्धनमा टेवा पुऱ्याउने ।

**(२) अनुदान रकम उपलब्ध हुने क्षेत्रः**

- (क) ग्राइण्डर मेशिन
- (ख) मिक्सचर मेशिन
- (ग) फिड एड्डिटिभ मिक्सचर मेशिन
- (घ) कच्चा पदार्थ स्टोरेज ट्याङ्क
- (ङ) दाना उद्योग भवन निर्माण
- (च) दाना स्टोरेज रुम
- (छ) थ्रि फेज लाईन जडान
- (ज) ६५ के.भी. जेनेटर झ) दाना ढुवानीको लागि सवारी साधन खरिद

(झ) दानाको बोरा सिउने मेशिन

(ञ) तौलने मेशिन

(ट) दाना विश्लेषण प्रयोगशाला स्थापना

**(३) अनुदानका शर्तहरुः**

(क) सूचना प्रकाशन भएको मिति अगावै प्रचलित कानुन बमोजिम दर्ता भएका सहकारी, उद्योग बाणिज्य संघ/संस्था, फर्म, कम्पनी तथा व्यवसायीक संघ/संस्था र निजी उद्यमी/व्यवसायी मात्र यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(ख) बंगुर तथा बाख्राको दाना उद्योग स्थापनाको भौतिक संरचनाको डिजाइन र इष्टीमेट मान्यता प्राप्त ईन्जिनियरबाट तयार गराई मन्त्रालयको पूर्व स्वीकृत लिई मात्र गर्नु पर्नेछ।

(ग) विगतमा तिन वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय अन्तरगत वा साविकको कृषि तथा पशुपन्छी विकास मन्त्रालय वा सो अन्तरगतका निकायबाट सोही प्रकृति कार्यक्रममा अनुदान प्राप्त गरेकाहरु पूनः अनुदानको लागि योग्य हुने छैन । तर अपूरो निर्माण कार्य संचालन गर्न थप अनुदान आवश्यक रहेको प्राविधिक प्रतिवेदनको आधारमा पूनः अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

(घ) अनुदानबाट बंगुर तथा बाख्राको दाना उद्योग स्थापना भए पश्चात कम्तिमा बीस वर्ष अनिवार्य रुपमा व्यवसाय संचालन गरेको हुनु पर्नेछ ।

(ङ) बंगुर तथा बाख्राको दाना उद्योग स्थापना सम्बन्धी अन्य कुराको हकमा संघिय सरकारको दाना पदार्थ ऐन, २०३३ र दाना पदार्थ नियमावली, २०४१ बमोजिम बमोजिम हुनेछ साथै उद्योग स्थापना गर्न आकर्षित हुने अन्य प्रचलित ऐन नियमहरुको पालन गरेको हुनु पर्नेछ ।

(च) साझेदार निकायसंग आफ्नै स्वामित्वको आधा हेक्टर जग्गा हुनु पर्नेछ र लिजमा लिएको जग्गाको हकमा कम्तिमा बीस वर्षको करारनामा वा सम्झौता गरेको हुनु पर्नेछ ।

(छ) प्रस्तावकले ब्यहोरिने पच्चिस प्रतिशत लगानीको (जग्गा र चालु खर्च वाहेक) प्रतिबद्धता पेश गर्नुपर्नेछ ।

(ज) उद्योग स्थापना गर्ने स्थलमा सडक, विद्युत र थ्री फ्रेज लाइन जडानको सुविधा भएको हुनु पर्नेछ ।

(झ) कार्यक्रम संचालन गर्न सामाजिक, वातावरणिय, प्राविधिक, वित्तिय र भौगोलिक रुपमा उपयुक्त हुनु पर्नेछ।

(ञ) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाको नियमित लेखा परीक्षण गरिएको हुनु पर्नेछ ।

(ट) स्थानिय तहको सिफारीस भएको हुनु पर्नेछ।

(ठ) फोहर मैला फाल्ने सार्वजनिक क्षेत्र नजिक नभएको हुनु पर्नेछ ।

(ड) जङ्गल तथा मानिसको बसोवास वा घना वस्तीसंग नजोडिएको हुनु पर्नेछ ।

(ढ) नयाँ दाना उद्योग स्थापना गर्ने प्रस्तावकलाई प्राथमिकता दिइनेछ ।

(ण) तालिम, भ्रमण, गोष्ठी तलब भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन ।

**(४) व्यवसायीक कार्य योजनाः** सम्बन्धित कार्यालयले तोकेबमोजिम हुनेछ ।

**(५) स्थलगत प्रमाणिकरण मूल्याङ्कनः**

**(क) सामान्य जानकारी**

१. जिल्ला :

२. आवेदकको नाम :

३. कार्यक्रम संचालन स्थलको ठेगाना :

४. प्रस्तावित कार्यक्रमको नाम :

५. स्थलगत प्रमाणिकरण मिति :

६. स्थलगत प्रमाणिकरणमा संलग्न पदाधिकारीको विवरण

| क्र.सं. | पदाधिकारीहरुको नाम | पद | सहि |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

**(ख) आवेदकको मूल्याङ्कन**

| **क्र.सं.** | **मूल्याकङ्कनका सूचकहरु** | **प्रमाणिकरणमा भेटिएको अवस्था र भार** | **प्राप्ताङ्क** |
|---|---|---|---|
| १ | भौतिक क्षमता | ३० | |
| १.१ | कार्यक्रम कार्यान्वयन स्थलको जग्गा वा भवन आवेदकको आफ्नै स्वामित्वको छ/छैन | | |
| १.२ | प्रस्तावित कार्यक्रम संचालन गर्न प्रयाप्त जग्गा छ/छैन | | |
| १.३ | भविष्यमा विस्ताका लागि जग्गा उपब्ध हुन सक्ने संभावना छ/छैन | | |
| १.४ | बाढी पहिरोले क्षति पुर्‍याउन सक्ने सम्भावना छ/छैन | | |
| १.५ | कार्यक्रम कार्यान्वयन स्थलमा बाटो, पानी, विजुलीको सुविधा छ/छैन | | |
| १.६ | भौगोलिक हिसावले उक्त स्थानमा प्रस्थावित कार्यक्रम संचालन गर्न उपयुक्त छ/छैन | | |
| २ | प्रविधि क्षमता | १५ | |
| २.१ | प्रस्तावित कार्यक्रमसंग मेल खाने कृयाकलापमा हाल संलग्नता छ/छैन | | |
| २.२ | आवश्यक प्राविधिक सेवाटेवा प्राप्त हुन सक्ने अवस्था छ/छैन | | |
| २.३ | आवेदक सम्बन्धित विषको तालिम/अनुभव प्राप्त छ/छैन | | |
| **३** | **वित्तिय क्षमता** | **१५** | |
| ३.१ | आवेदकले आवश्यक लागत साझेदारी गर्न सक्न अवस्था छ/छैन | | |

| क्र.सं. | मूल्याकङ्कनका सूचकहरु | प्रमाणिकरणमा भेटिएको अवस्था र भार | प्राप्ताङ्क |
|---|---|---|---|
| ३.२ | बैंक मौजदात वा संचालित कारोवारको वचत छ/छैन | | |
| ३.३ | आवश्यक रकम वित्तिय संस्थाबाट ऋण प्राप्त गर्न सक्ने अवस्था छ/छैन | | |
| ४ | वातावरणीय उपयुक्तता | १० | |
| ४.१ | प्रस्तावित कार्यक्रम कार्यन्वयन गर्दा स्थानिय बासिन्दाबाट विरोध हुन सक्ने अवस्था छ/छैन | | |
| ४.२ | प्रस्तावित कार्यक्रमले वातावरणमा नकारात्मक असर पुग्न सक्ने अवस्था छ/छैन | | |
| **५** | **अन्य पक्षहरु** | २० | |
| ५.१ | संस्थागत/व्यवसायिक कृयाशिलता सन्तोषजनक छ/छैन | | |
| ५.२ | दर्ता/नविकरण/करचुक्ता/अडिट आदि अद्यावधिक छ/छैन | | |
| ५.३ | आवश्यक कच्चा पदार्थ प्राप्त हुन सक्ने अवस्था छ/छैन | | |
| ५.४ | उत्पादित वस्तुको सहज बजारिकरण हुन सक्ने अवस्था छ/छैन | | |
| ६ | स्थलगत टोलीको राय | १० | |
| ६.१ | आवेदक संग लागत साझेदारी गर्नु उपयुक्त छ/छैन | | |
| **जम्मा** | | १०० | |

**नोट** : माथि उल्लेखि प्रत्येक बुँदाको स्थलगत प्रमाणिकरणमा सकारात्मक भेटीए पाँच अङ्क र नकारात्मक अवस्था भेटिए जिरो अङ्क सम्म प्रदान गर्ने । उतिर्ण हुनको लागि चालिस अङ्क प्राप्त गर्नु पर्नेछ । यदि कम्तिमा चालिस अंक भन्दा कम प्राप्त गरेमा मूल्याङ्कन समितिमा मूल्याङ्कनको लागि छनौट गरिने छैन ।

**(ग) आवेदकसंग विद्यमान भवन, सवारी साधन, ठूला मेशिनरी र उपकरणहरुको विवरण :**

| क्र.सं. | विवरण | परिमाण | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |

(घ) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने ।

(ङ) स्थलगत प्रमाणिकरण टोलीको राय

| *क्र.सं.* | *स्थलगत प्रमाणिकरण गर्ने पदाधिकारीको नाम* | *हुन्छ/हुँदैन* | *दस्तखत* |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

स्कीम/व्यवसायीक योजना मुल्याङ्कनका आधारः

| क्र.स. | मुल्याङ्कन आधारहरु | अधिक्तम | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | **अनुदानग्राहि संस्थाको अनुभव** | **२०** | |
| १.१ | विगतमा २ वा सो भन्दा बढि आयोजना संचालन गरेको भए | ५ | |
| | २ भन्दा कम आयोजना संचालनको अनुभव | ३ | |
| १.२ | बित्तिय श्रोत परिचालन | | |
| | ५० लाख भन्दा बढि | १० | |
| | रु. ३० लाख देखि रु. ५० लाख सम्म | ८ | |
| | रु. २० लाख देखि रु. ३० लाख सम्म | ५ | |
| | रु. २० लाख भन्दा कम | ३ | |
| १.३ | व्यवस्थापक, लेखापाल, कार्यक्रम, संयोजकले तोकिएको | ३ | |
| १.४ | नियमित लेखा परिक्षण | २ | |
| २ | **स्कीम/व्यवसायीक योजनाको प्राविधिक पक्ष** | **२०** | |
| २.१ | प्राविधिक संभाव्यता | ५ | |
| | अति राम्रो | ५ | |
| | राम्रो | ३ | |
| २.२ | समस्याको विश्लेषण | ५ | |
| | अति राम्रो | ५ | |
| | राम्रो | ३ | |
| २.३ | उद्देश्य | ५ | |
| | सान्दर्भिक | ५ | |
| | कम सान्दर्भिक | ३ | |
| २.४ | औचित्य | ५ | |
| | समस्या अनुसार प्रष्ट | ५ | |
| | अप्रष्ट | ३ | |
| ३. | **आयोजना संचालन प्रकृया** | **२०** | |
| ३.१ | लाभान्वित परिवार संख्या | ५ | |
| | ५० भन्दा बढि | ५ | |
| | ३० देखि ५० | ३ | |
| | ३० भन्दा कम | २ | |
| ३.२ | **समावेशिकरण** | **१५** | |
| | महिला सहभागिता | | |
| | ५० प्रतिशत भन्दा बढि | ५ | |
| | ५० प्रतिशत देखि ३० प्रतिशत सम्म | ३ | |
| | ३० प्रतिशत भन्दा कम | २ | |
| | दलित | | |
| | २० प्रतिशत भन्दा बढि | ५ | |

| क्र.स. | मुल्याङ्कन आधारहरु | अधिक्तम | प्राप्ताङ्क |
|---|---|---|---|
| | १० प्रतिशत देखि २० प्रतिशत सम्म | ३ | |
| | १० प्रतिशत भन्दा कम | २ | |
| | जनजाती | | |
| | ५० प्रतिशत भन्दा बढि | ५ | |
| | ५० प्रतिशत देखि ३० प्रतिशत सम्म | ३ | |
| | ३० प्रतिशत भन्दा कम | २ | |
| ४ | **उपलब्धी** | २० | |
| ४.१ | उत्पादन उत्पादकत्व वृद्धि | | |
| | उत्साहजनक | ५ | |
| | सन्तोषजनक | ३ | |
| ४.२ | क्षेत्रफल विस्तार | **५** | |
| | उत्साहजनक | ५ | |
| | सन्तोषजनक | ३ | |
| ४.३ | सालाखाला मुनाफा**(Gross margin)** | **५** | |
| | राम्रो | ५ | |
| | सन्तोषजनक | ३ | |
| ४.४ | **BC ratio** | ५ | |
| | राम्रो | ५ | |
| | सन्तोषजनक | ३ | |
| **५** | **प्रस्तावित कृयाकलाप र वित्तिय प्रस्ताव** | २० | |
| ५.१ | प्रस्तावित कृयाकलाप र उद्देश्य तालमेल | | |
| | राम्रो | १० | |
| | सन्तोषजनक | ५ | |
| ५.२ | अनुदानग्राहिको सहभागिता | | |
| | ७० प्रतिशत भन्दा बढि | १० | |
| | ६० प्रतिशत देखि ७० प्रतिशत सम्म | ८ | |
| | ५० प्रतिशत देखि ५९ प्रतिशत सम्म | ५ | |

*न्यूनतम चालिस प्रतिशत अंक प्राप्त गरे मात्र उतिर्ण मानिने छ ।चालिस प्रतिशत भन्दा कम अंक प्राप्त गर्ने स्कीम/व्यवसायीक योजनालाई प्रतिस्पर्धामा सामेल गराईने छैन ।*

(६) प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारम

| क्र.सं | द.नं. | आवेदकसंस्थाकोनाम | ठेगाना | स्थलगत प्रमाणिकरणको प्राप्ताङ्क (१००) | कार्ययोजना मूल्याङ्कनको प्राप्ताङ्क (१००) | कुलप्राप्ताङ्क (२००) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | कूल प्राप्ताङ्कको आधारमा प्राथमिकिकरण गर्ने |
| | | | | | | | |
| | | | | | | | |

## ३२. कार्यक्रमको नामः मिल्किङ्ग मेशिन वितरण कार्यक्रम

**(१) उद्देश्यः**

(क) व्यावसायिक गाईभैंसीपालक कृषक/फार्महरुमा यान्त्रीकरणको प्रयोगबाट स्वच्छ तथा सफा दूध उत्पादन गर्ने कार्यको थालनी गर्ने।

(ख) व्यावसायिक पशुपालनमा "असल व्यवस्थापन अभ्यास" (Good Management Practice) लाई प्रोत्साहन दिंदै जैबिक सुरक्षा (Bio-security) को प्रबिधिलाई अबलम्बन गर्ने आवश्यक वातावरण सिर्जना गर्ने।

(ग) पशुवस्तुको दूध उत्पादनको क्षमता अनुसार पशुबाट उत्पादन हुने पूर्ण दूध प्राप्त (Complete Milking) गर्ने।

(२) **अनुदान रकम उपयोग गर्न सकिने कार्यहरुः**

यस कार्यक्रम अन्तरगत प्रदान गरिने अनुदान रकम निम्न कार्यका लागि खर्च गर्न सकिनेछः

मिल्किङ्ग मेशिन खरिद, ढुवानी र जडान सम्बन्धि

**(३) अनुदान प्रवाहका शर्तहरुः**

(**क**) सूचना प्रकाशन हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्था, फर्म, कम्पनी, नीजि उद्यमी/व्यवसायी मात्र यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(**ख**) विगत तिन वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गतका निकाय वा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सोही प्रकृतिको कार्यक्रममा अनुदान प्राप्त गरेको आवेदक पूनः अनुदानको लागि योग्य हुने छैन । तर अपूरो निर्माण तथा अधुरो अन्य कार्यलाई पूर्णता दिई संचालनमा ल्याउन थप अनुदान आवश्यक रहेको भन्ने प्राविधिक प्रतिवेदनको आधारमा पूनः अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

(**ग**) अनुदान प्राप्त गर्ने प्रस्तावकले कम्तिमा दश वर्ष सम्म व्यवसाय संचालन गर्नु पर्नेछ ।

(घ) कम्तिमा दश वटा उन्नत गाईभैसीहरु पालेको हुनु पर्नेछ । दूधालु गाईभैंसीहरुकोसंख्यायकिनगर्दा दुहुना एवंब्याउने पशुहरुको समेत गणना गर्न सकिनेछ।

(ङ) पशुहरुको बीमा गरेको हुनु पर्नेछ ।

(च) "असल व्यवस्थापन अभ्यास" (Good Management Practice) सम्बन्धित साझेदारले गर्न मन्जुर हुनु पर्नेछ ।

(छ) लिजको घर जग्गामा भएमा जग्गाधनि संग कम्तिमा दश वर्षको करारनामा वा सम्झौता गरेको हुनु पर्नेछ ।

(ज) मिल्किङ्ग मेशिन वितरण स्थानमा सडक, विद्युत र थ्री फ्रेज लाइन जडानको सुविधा भएको हुनु पर्नेछ ।

(झ) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाको नियमित लेखा परीक्षण भएको हुनु पर्नेछ।

(ञ) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असुल उपर र कारवाही हुनेछ ।

(ट) नियम अनुसार सरकारी निकायमा दर्ता भएको, कर चुक्ता गरेको र स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ ।

(ठ) मिल्कीङ्ग मेसिन जडान गर्ने फार्ममापूर्वाधारकोव्यवस्थाभएकोहुनुपर्नेछ।

(ड) फार्ममा पालिएको जनावरहरुको बोडी कन्डीशन स्कोर (Body Condition Score, BCS) तिन वा सो भन्दा बढी भएको हुनुपर्नेछ।

(ढ) फार्मका दुहुना गाईभैंसीहरुमा नियमित तथा अनिवार्य रुपमा टिट डिपिङ्ग गरेको हुनुपर्नेछ।

(ण) खरिद गर्न चाहेको मिल्कीङ्ग मेशिनको गुणस्तर तथा परिमाण सम्बन्धि ब्रोसर वा डकुमेन्ट सम्झौताको समयमा पेश गर्नु पर्नेछ ।

(त) तालिम, भ्रमण, गोष्ठी तलब भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन ।

(४) **व्यवसायीक कार्य योजनाः** सम्बन्धित कार्यालयले तोकिए बमोजिम हुनेछ ।

(५) **स्थलगत प्रमाणिकरण मूल्याङ्कन फारमः**बंगुर र बाख्राको दाना उधोगको फरमेटमा तोकिए अनुसार हुनेछ।

(६) **स्कीम/व्यवसायीक योजना मुल्याङ्कनका आधारः**

| मूल्याङ्कनका आधारहरु | प्राप्त गर्ने अंक | | | |
|---|---|---|---|---|
| | २० | १५ | १० | ५ |
| दुहुना गाई भैसीहरुको संख्या | ५१ भन्दा | ४१ देखि ५० | ३१ देखि ४० | २० देखि ३० |
| दूधको उत्पादन (लि.) परिमाण | ३५१ देखि माथि | २८१–३५० | २११–२८० | १५०–२१० |
| असल व्यवस्थापन अभ्यास | ++++ | +++ | ++ | + |
| जैविक सुरक्षा | ++++ | +++ | ++ | + |
| घाँस खेति लगाएको (हेक्टर) | ५ माथि | ३–४ | २–३ | २ हेक्टर भन्दा कम |

*न्यूनतम चालिस प्रतिशत अंक प्राप्त गरे मात्र उतिर्ण मानिने छ । चालिस प्रतिशत भन्दा कम अंक प्राप्त गर्ने स्कीम/व्यवसायीक योजनालाई प्रतिस्पर्धामा सामेल गराईने छैन ।*

**(७) प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको आधारहरुअनुसार हुनेछ ।

## ३३. कार्यक्रमको नामः खसीबोका संकलन केन्द्रनिर्माण/सुधार कार्यक्रम

**(१) उद्देश्यः**

(क) खसीबोका संकलन केन्द्र निर्माण कार्यक्रम निश्चित विधि र प्रकृया अन्तर्गत एकरुपता कायम राखी संचालन गर्ने।

(ख) बाख्रा उत्पादन पकेटहरुलाई बजार संगको आबद्धता प्रदान गर्दै खसीबोकाको बजारीकरणमा टेवा पुऱ्याउने

(ग) खसीबोका बजार संजालको विकास एवं व्यवस्थित खसीबोका बजार सूचना प्रणलीको विकास गर्ने।

**अनुदान रकम उपयोग गर्न सकिने कार्यहरुः**

(क) खसीबोका संकलन केन्दको लागि आवश्यक भवन र अन्य भौतिक संरचना निर्माण/सुधार

(ख) आवश्यक औजार र उपकरणहरु खरिद तथा जडान

(ग) ढल निकास तथा फोहोर व्यवस्थापनका लागि आवश्यक निर्माण र उपकरण जडान

(घ) बिद्युत र पानीको नियमित आपूर्ती सम्बन्धि

(ङ) खसीबोका राख्ने सेड निर्माण

(च) पशु उपचार कक्ष

(छ) बारबन्देज र कम्पाउण्ड वाल निर्माण

(ज) फोहोर व्यवस्थापन, बायोग्यास प्लान्ट निर्माण तथा शौचालय निर्माण/सुधार

(झ) अभिलेखिकरण र सुचना व्यवस्थापनका लागी कम्प्युटर, प्रिन्टर, टेलिफोन जडान

(ञ) स्वच्छ पिउने पानीको व्यवस्था (ओभरहेट ट्याङ्की र पाइप फिटिङ्ग, पानी तान्ने मोटर जडान आदि)

(ट) शौचालय/वासिङ्ग वेसिन निर्माण तथा सुधार

(ठ) डिजिटल डिस्प्ले वा इलेक्ट्रोनिक मूल्य सूचि जडान

(ड) ग्राहक वस्ने स्थानको निर्माण/सुधार

**(२) अनुदान प्रवाहका शर्तहरुः**

(क) सूचना प्रकाशन हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्था, कृषक समुह/समिति, व्यवसायीक संघ/संस्था,हाटबजार व्यवस्थापन समिति र स्थानिय तह यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(ख) खसीबोका संकलन केन्द्रको भौतिक संरचनाको डिजाइन र लागत इष्टिमेट नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले गरेको हुनु पर्नेछ ।

(ग) विगत तिन वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गतका निकाय वा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सोही प्रकृतिको कार्यक्रममा अनुदान प्राप्त गरेको आवेदक पूनः अनुदानको लागि योग्य हुने छैन । तर अपूरो निर्माण कार्यलाई पूर्णता दिई संचालनमा ल्याउन थप अनुदान आवश्यक रहेको भन्ने प्राविधिक प्रतिवेदनको आधारमा पूनः अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

(घ) अनुदान प्राप्त गर्ने प्रस्तावकले कम्तिमा दश वर्ष सम्म व्यवसाय संचालन गर्नु पर्नेछ ।

(ङ) लिजको जग्गामा खसीबोका संकलन केन्द्र स्थापना गर्ने भएमा जग्गाधनि संग कम्तिमा दश वर्षको करारनामा वा सम्झौता गरेको हुनुपर्नेछ ।

(च) संकलन केन्द्र संचालन गर्ने स्थानमा सडक रविद्युतकोसुविधा भएको हुनु पर्नेछ ।

(छ) कार्यक्रम संचालन गर्न सामाजिक, वातावरणिय, प्राविधिक, वित्तिय र भौगोलिक रुपले समेत उपयुक्त हुनु पर्नेछ।

(ज) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाको नियमित लेखा परीक्षण भएको हुनु पर्नेछ।

(झ) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असु उपर र कारवाही हुनेछ ।

(ञ) सरकारी वा गैरसरकारी निकायबाट यस अघि अनुदान प्राप्त गरेका प्रस्तावकले कार्यक्रम मुताविक गरेको नपाइएमा त्यस्ता प्रस्तावकलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

(ट) नियम अनुसार सरकारी निकायमा दर्ता भएको, कर चुक्ता गरेको र स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ ।

(ठ) संकलन केन्द्र सन्चालन हुने स्थान फोहर मैला फाल्ने सार्वजनिक क्षेत्र नजिक हुनु हुँदैन

(ड) संकलन केन्द्रको भौतिक संरचनामा परिवर्तन वा भत्काउनु/हटाउनु पर्ने भएमा सम्वन्धित कार्यालयको पूर्व स्वीकृती अनिवार्य लिनुपर्ने छ।

(ढ) जग्गा कम्तिमा हिमाल, पहाडमा तिन रोपनी र तराईमा पाँच कठ्ठा हुनुपर्नेछ।

(ण) संकलन केन्द्रको स्वामित्व र संचालन गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ ।

(त) तालिम, भ्रमण, गोष्ठी तलब भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन ।

**(३) व्यवसायीक योजनाः** सम्बन्धित कार्यालयले तोकिए बमोजिम हुनेछ ।

**(४) स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरुः** बंगुर र बाख्राको दाना उद्योग स्थापना कार्यक्रममा तोकिएको फरमेट अनुसार हुनेछ ।

**(५) व्यवसायिक योजना मूल्याङ्कनका आधारहरुः**

| क.सं. | मूल्यांकनका आधारहरु | भार (प्रतिशत) | प्रासाङ्क |
|---|---|---|---|
| १ | **संस्थाको उमेर र अनुभव** | १० | |

| क.सं. | मूल्यांकनका आधारहरु | भार (प्रतिशत) | प्रासाङ्क |
|---|---|---|---|
| १.१ | ३  वर्ष भन्दा घटी | २ | |
| १.२ | ३ देखि ५ वर्ष सम्म | ३ | |
| १.३ | ६ देखि ८ वर्ष सम्म | ४ | |
| १.४ | ९ देखि ११ वर्ष | ५ | |
| १.५ | १२ भन्दा बढी | १० | |
| २ | **कार्यक्रम कार्यन्वयनस्थलको भौतिक पूर्वाधारको अवस्था** | **२०** | |
| २.१ | सडक सुविधा भएको | ४ | |
| २.२ | विजुलीको सुविधा भएको | २ | |
| २.३ | खानेपानीको सुविधा भएको | २ | |
| २.४ | जग्गा आफ्नै भएको | ८ | |
| २.५ | आफ्नै स्वामित्वको भवन, भौतिक पूर्वाधार, सवारी साधन, यन्त्र उपकरण भएको | ४ | |
| ३ | **प्राविधि कदक्षता/सम्बन्धित विषयको तालिम (संस्थाको हकमा स्थायी कामदारहरुको)** | **१०** | |
| ३.१ | ७ दिन अवधि सम्मको तालिम | २ | |
| ३.२ | ७ देखि १५ दिन अवधि सम्मको तालिम | ४ | |
| ३.३ | १६ देखि ३० दिन अवधि सम्मको तालिम | ६ | |
| ३.४ | १ महिना देखि ३ महिना अवधि सम्मको तालिम | ८ | |
| ३.५ | ३ महिना भन्दा बढी अवधिको तालिम | १० | |
| ४ | **वित्तिय क्षमता** | ४ | |
| ४.१ | साझेदारीको प्रतिबद्धता सामेल भएको | २ | |
| ४.२ | अन्य निकायबाट पनि साझेदारी हुने प्रतिबद्धता भएको | २ | |
| ५ | **प्रत्यक्ष लाभाविन्वत संख्या** | **५** | |
| ५.१ | ५ जना सम्म | १ | |
| ५.२ | ५ देखि १० जना सम्म | २ | |
| ५.३ | ११ देखि १५ जना सम्म | ३ | |
| ५.४ | १६ देखि २० जना सम्म | ४ | |
| ५.५ | २१ देखि २५ जना सम्म | ५ | |
| ६ | **वातावरणिय उपयुक्तता** | **६** | |
| ६.१ | प्रस्तावित कार्यक्रमको वातावरणिय प्रभाव आंकलन गरिएको | ३ | |
| ६.२ | वातावरणिय प्रभाव न्युनिकरणका उपायहरु सामेल गरिएको | ३ | |
| ७ | **अन्य पक्षहरु** | **१५** | |

| क्र.सं. | मूल्यांकनका आधारहरु | भार (प्रतिशत) | प्राप्ताङ्क |
|---|---|---|---|
| ७.१ | विगत मासम्पादित काम र प्रस्तावित कार्यक्रम विच तालमेल रहेको | ४ | |
| ७.२ | संस्थाको अवस्थिती र प्रस्तावित कार्यक्रम संचालन स्थल बिचको तादात्म्यता | ४ | |
| ७.३ | प्रमुख सञ्चालकको उमेर (४५ वर्ष वा कम उमेरको लागी पूर्णांक, ४६ देखि ५५को लागी ३ अंक, ५६ देखि ६५ को लागि १ अंक र सोभन्दा बढीलाइ शून्य अंक) | ४ | |
| ७.४ | भइरहेको व्यवसाय नभइ लगानी गर्न खोजिएको नया व्यवसाय | ३ | |
| **८** | **स्विकृत कार्य विधी अनुसारका थप आधारहरु** | **२०** | |
| ८.१ | आवेदक संस्थाको किसिम र सूचना मूताविक सम्बन्धित कार्यालयको प्राथमिकता | ४ | |
| ८.२ | आर्थिक प्रस्ताव को गुणस्तर | ४ | |
| ८.३ | प्राविधिक प्रस्तावको गुणस्तर | ४ | |
| ८.४ | व्यावसायिक कार्ययोजनाको स्पष्टता | ३ | |
| ८.५ | कार्याविधिको फर्मेट अनुसार | २ | |
| ८.६ | कार्य योजनाको विवरण | ३ | |
| **९** | **मुनाफा र शम विन्दुको आधारमा उपयुक्तता र दिगोपन** | **५** | |
| **१०** | **पेश भएका विवरणहरुको विश्वसनियता** | **५** | |
| १०.१ | विज्ञ केन्द्र वा स्थानिय तहको पशु सेवा शाखाको शिफारिस | १ | |
| १०.२ | स्थानिय बासिन्दाबाट विरोध नहुने प्रतिबद्धता | २ | |
| १०.४ | लेखापरिक्षण प्रतिवेदन | १ | |
| १०.५ | आधिकारिक निकायमा दर्ता नविकरण | १ | |
| | जम्मा | १०० | |

*नोटः उपरोक्तानुसार व्यवसाय योजनाको मूल्याङ्कन गर्दा न्यूनतम चालिस प्रतिशत अङ्क प्राप्त गरेका प्रस्तावहरु मात्र छनौटको प्रतिष्पर्धामा सामेल हुनेछन् ।*

**(६) प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको आधारहरुअनुसार हुनेछ ।

## ३४. कार्यक्रमको नामः मिटमार्ट स्थापना कार्यक्रम

(१) उद्देश्यः

(**क**) उपभोक्ताहरु माझ स्वच्छ, स्वस्थ्य एवं गुणस्तरिय मासु तथा मासुजन्य पदार्थको उपलब्धता सुनिश्चित गर्ने ।

(**ख**) मासु बेचबिखन कार्यलाई मर्यादित एवं सम्मानित व्यवसायको रुपमा अघि बढाउने।

(ग) मासुजन्य व्यवसायको समुचित व्यवस्थापनबाट वातावरणिय प्रभाव न्यूनिकरणमा सहयोग पुऱ्याउने ।

(२) **अनुदान रकम उपयोग गर्न सकिने कार्यहरुः**

(क) स्वच्छ पिउने पानीको व्यवस्था (ओभरहेट ट्याङ्की र पाइप फिटिङ्ग, पानी तान्ने मोटर जडान आदि) ।

(ख) मासु विक्री कक्ष निर्माण ।

(ग) मासु बिक्रि कक्षको भित्ता र भूईमा मार्वल वा टायल फिटिङ्ग ।

(घ) मिटमार्टबाट निस्ने फोहोरको दिगो व्यवस्थापन ।

(ङ) शौचालय/वासिङ्ग वेसिन निर्माण तथा सुधार ।

(च) (डिजिटल डिस्प्ले वा इलेक्ट्रोनिक मूल्य सूचि जडान ।

(छ) मिटमार्टको पार्टिशन र ग्राहक वस्ने स्थानको निर्माण/सुधार ।

(ज) मासुको भण्डारणका लागि फ्रिज, डिप फ्रिज वा कोल्ड रुमको व्यवस्था ।

(झ) मेशिनरी उपकरणहरु जस्तै : बोन स, स्लाइसिङ्ग मेशिन, किमा मेशिन, स्टेनलेस स्टिल ट्रे, चपिङ्ग टेबल, चक्कुहरु, डिजिटल तराजु वा अन्य आवस्यक उपकरण खरिद ।

(ञ) किरा झिंगा नपस्ने व्यवस्था र अन्य जैविक सुरक्षाका विधी अवलम्बन ।

(ट) विजुलीको बैकल्पिक व्यवस्थाको लागि जेनेटर खरिद ।

(३) **अनुदान प्रवाहका शर्तहरुः**

(क) सूचना प्रकाशन हुनु अगावै प्रचलित कानून बमोजिम गठन भएका सहकारी संघ/संस्था, मासु व्यवसायीक संघ/संस्था, फर्म, कम्पनी, मासु उद्यमी/व्यवसायी मात्र यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(ख) मिटमार्ट संचालनस्थलको भौतिक संरचनाको डिजाइन र लागत इष्टिमेट नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले गरेको हुनु पर्नेछ ।

(ग) विगत तिन वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गतका निकाय वा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सोही प्रकृतिको कार्यक्रममा अनुदान प्राप्त गरेको आवेदक पूनः अनुदानको लागि योग्य हुने छैन । तर अपूरो निर्माण कार्यलाई पूर्णता दिई संचालनमा ल्याउन थप अनुदान आवश्यक रहेको भन्ने प्राविधिक प्रतिवेदनको आधारमा पूनः अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

(घ) अनुदान प्राप्तगर्ने प्रस्तावकले कम्तिमा दश वर्ष सम्म व्यवसाय संचालन गर्नु पर्नेछ ।

(ङ) मिटमार्ट स्थापना कार्यक्रममा सहभागी हुन चाहने आवेदकले कम्तिमा दैनिक पचास के.जी. मासु बेच बिखन गरिरहेको हुनु पर्नेछ ।

(च) मिटमार्टको संरचना तोकिए बमोजिमको मापदण्ड अनुसार हुनु पर्नेछ । मापदण्ड पुरा नभएमा कार्यालयले अनुदान रकम भुक्तानी दिन बाध्य हुने छैन ।

(छ) सम्बन्धित साझेदारले स्वस्थकर मासु उत्पादन विधि (Hygienic Code of Practice)परिपालना गर्न मन्जुर हुनु पर्नेछ ।

(ज) मिटमार्ट स्थापना तथा संचालन महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका वा नगरोन्मुख वस्तिहरु तथा घना आवादियुक्त व्यापारिक केन्द्रलाई लक्षित गरी संचालन गर्नु पर्नेछ ।

(झ) लिजको जग्गामा मिटमार्ट स्थापना गर्ने भएमा जग्गाधनि संग कम्तिमा बीस वर्षको करारनामा वा सम्झौता गरेको हुनुपर्नेछ ।

(ञ) मिटमार्ट स्थापना र संचालन गर्ने स्थानमासडक, विद्युत र थ्री फ्रेज लाइन जडानको सुविधा भएको हुनु पर्नेछ ।

(ट) कार्यक्रम संचालन गर्न सामाजिक, वातावरणिय, प्राविधिक, वित्तिय र भौगोलिक रुपले समेत उपयुक्त हुनु पर्नेछ।

(ठ) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाकोनियमित लेखा परीक्षण भएको हुनु पर्नेछ।

(ड) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असु उपर र कारवाही हुनेछ ।

(ढ) सरकारी वा गैरसरकारी निकायबाट यस अघि अनुदान प्राप्त गरेका प्रस्तावकले कार्यक्रम मुताविक गरेको नपाइएमा त्यस्ता प्रस्तावकलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

(ण) नियम अनुसार सरकारी निकायमा दर्ता भएको, कर चुक्ता गरेको र स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ ।

(त) मिटमार्ट सन्चालन हुने स्थान फोहर मैला फाल्ने सार्वजनिक क्षेत्र नजिक हुने छैन ।

(थ) तालिम, भ्रमण, गोष्ठी तलब भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन ।

(४) **व्यवसायीक कार्य योजनाः** सम्बन्धित कार्यालयले तोकिए बमोजिम हुनेछ ।

(५) **स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरुः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरणमूल्याङ्कनका आधारहरु अनुसार हुनेछ ।

(६) **व्यवसाय योजना मूल्याङ्कनका आधारहरुः** खसीबोका संकलन केन्द्र निर्माण कार्यक्रमको लागि तोकिएको व्यवसायिक मूल्याङ्कनका आधारहरु अनुसार हुनेछ ।

(७) **प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमकोलागि तोकिएको फारम अनुसार हुनेछ ।

## ३ ५. कार्यक्रमको नामः मासु चिस्यान घर (कोल्ड रुम) स्थापना कार्यक्रम

**(१) उद्देश्यः**

(क) उपभोक्ताहरु माझ स्वच्छ, स्वस्थ्य एवं गुणस्तरिय मासु तथा मासुजन्य पदार्थको उपलब्धता सुनिश्चता गर्ने ।

(ख) मासु भण्डारण र बेचबिखन कार्यलाई व्यवस्थित गर्ने।

(ग) मासु तथा मासुजन्य पदार्थको बजारिकरणका दौरान माग र आपुर्ति बिचको संतुलन कायम गर्न सहयोग पुऱ्याउने ।

**(२) अनुदान रकम उपयोग गर्न सकिने कार्यहरुः**

(क) मासु चिस्यान घरमा चिस्याउने प्रयोजनका लागि आवश्यक सम्पूर्ण औजार उपकरणहरु जस्तैः विभिन्न साईजका कोल्ड रुम, एसेम्बली, जेनेटर आदि खरिद तथा जडान ।

(ख) पशुपन्छीको जात अनुसार छुट्टा छुट्टै मासु संरक्षण गर्ने कोल्डरुमहरु जडान गर्न ।

(ग) कोल्ड रुम सहितको मासु चिस्यान घरको भौतिक संरचना निर्माण तथा भित्ता र भूईँमा मार्वल/टायल फिटिङ्ग आदि ।

**(३) अनुदान प्रवाहका शर्तहरुः**

(क) सूचना प्रकाशन हुनु अगावै प्रचलित कानुन बमोजिम गठन भएका मासु व्यवसायी संघ/संस्था/सहकारी नीजि फर्म/कम्पनि र मासु व्यवसायीहरु मात्र यस कार्यक्रमका लागि योग्य मानिनेछ ।

(ख) मासु चिस्यान घर (कोल्ड रुम) को भौतिक संरचनाको डिजाइन र लागत इष्टिमेट नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले गरेको हुनु पर्नेछ ।

(ग) विगत तिन वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गतका निकाय वा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सोही प्रकृतिको कार्यक्रममा अनुदान प्राप्त गरेको आवेदक पूनः अनुदानको लागि योग्य हुने छैन । तर अपूरो निर्माण कार्यलाई पूर्णता दिई संचालनमा ल्याउन थप अनुदान आवश्यक रहेको भन्ने प्राविधिक प्रतिवेदनको आधारमा पूनः अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

(घ) अनुदान प्राप्त गर्ने प्रस्तावकले कम्तिमा दश वर्ष सम्म व्यवसाय संचालन गर्नु पर्नेछ ।

(ङ) मासु चिस्यान घर स्थापनाका लागि प्रस्तावकको आफ्नै स्वामित्वमा रहेको कम्तिमा दुई कठ्ठा जग्गा हुनु पर्नेछ ।

(च) सम्बन्धित साझेदारले स्वस्थकर मासु उत्पादन विधि (Hygienic Code of Practice) परिपालना गर्न मञ्जुर भएको हुनु पर्नेछ ।

(छ) मासु चिस्यान घर महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका वा नगरोन्मुख वस्तिहरु तथा घना आवादियुक्त व्यापारिक केन्द्रलाई लक्षित गरी संचालन गर्नु पर्नेछ ।

(ज) मासु चिस्यान घर स्थापना तथा सन्चालन गर्ने स्थानमा सडक, विद्युत र थ्री फ्रेज लाइन जडानको सुविधा भएको हुनु पर्नेछ ।

(झ) कार्यक्रम संचालन गर्न सामाजिक, वातावरणिय, प्राविधिक, वित्तिय र भौगोलिक रुपले समेत उपयुक्त हुनु पर्नेछ।

(ञ) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाको नियमित लेखा परीक्षण भएको हुनु पर्नेछ।

(ट) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असु उपर र कारवाही हुनेछ ।

(ठ) सरकारी वा गैरसरकारी निकायबाट यस अघि अनुदान प्राप्त गरेका प्रस्तावकले कार्यक्रम मुताविक गरेको नपाइएमा त्यस्ता प्रस्तावकलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

(ड) नियम अनुसार सरकारी निकायमा दर्ता भएको, कर चुक्ता गरेको र स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ ।

(ढ) मासु चिस्यान घर सन्चालन हुने स्थान फोहर मैला फाल्ने सार्वजनिक क्षेत्र नजिक हुने छैन ।तालिम, भ्रमण, गोष्ठी तलब भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन ।

(४) **व्यवसायीक योजनाः** सम्बन्धित कार्यालयले तोकिए बमोजिम हुनेछ ।

(५) **स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरुः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरणमूल्याङ्कनका आधारहरु अनुसार हुनेछ ।

(६) **व्यवसायिक योजना मूल्याङ्कनका आधारहरुः** खसीबोका संकलन केन्द्र निर्माण कार्यक्रमको लागि तोकिएको फारम अनुसार हुनेछ ।

(७) **प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमकोलागि तोकिएको फारम अनुसार हुनेछ ।

## ३६. कार्यक्रमको नामः पशुजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरण कार्यक्रम

(१) **उद्देश्य :**

(१) पशुपन्छी पालन व्यवसायलाई प्रवर्द्धन गरी व्यवसायिकरण बनाउन सहयोग गर्ने।

(२) पशुपन्छीजन्य उद्योगहरुलाई आधुनिकिकरण गर्ने ।

(३) पशुजन्य पदार्थ विविधिकरण गरी बजारीकरण गर्नमा सहयोग गर्ने ।

(२) **अनुदान रकम उपलब्ध हुने क्षेत्रः**

(क) पशुपन्छी पालन व्यवसायलाई पालन व्यवसायलाई प्रवर्द्धनका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार निर्माण र यान्त्रिकरणका मेशिन, उपकरण खरिद तथा जडान गर्न

(ख) दूध र दूधजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरणका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार विकास, मेशिन उपकरण, औजार र दुग्ध सवारी ढुवानी सवारी साधन खरिद गर्न।

(ग) मासु तथा अण्डाजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरणका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार विकास, मेशिन उपकरण, औजार र मासु तथा जिवित पशुपन्छी ढुवानी साधन खरिद गर्न।

(घ) ऊन, पश्मिना उत्पादन, विविधिकरण, प्रशोधन र भण्डारण र बजारिकरणका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार विकास, उपकरण, औजार खरिद गर्न ।

(ङ) छाला र छालाबाट निर्मित वस्तुहरुको उत्पादन, बजारीकरण र भण्डारण र आवश्क पर्ने भौतिक पूर्वाधार विकास र उपकरण, औजार खरिद गर्न ।

**(३) अनुदान प्राप्त गर्नका लागि शर्तहरुः**

(क) सूचना प्रकाशन भएको मिति अगावै प्रचलित कानून बमोजिम दर्ता भएकासहकारी संघ/संस्था, फर्म, कम्पनी र निजी उद्यमी/व्यवसायीहरुमात्र यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(ख) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र यस मातहत निकायहरुबाट तिन वर्ष भित्र अनुदान प्राप्त गरि सकेको प्रस्तावलाई उही व्यवसायको लागि पुनः छनौट गरिने छैन ।

(ग) अनुदानग्राहीले अनुदान प्राप्त गरे पश्चात कम्तिमा दश वर्ष अनिवार्य रुपमा व्यवसाय संचालन गरेको हुनु पर्नेछ ।

(घ) अनुदान रकमको दुरुपयोग भएको पाईएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित कानून बमोजिम कार्वाही गरी सरकारी बाँकी सरह अनुदान रकम असुल उपर गरिनेछ।

सरकारी वा गैरसरकारी निकायबाट यस अघि अनुदान प्राप्त गरेका प्रस्तावकले सम्झौता वा कार्यक्रम अनुरुप कार्य गरेको नपाइएमा त्यस्ता प्रस्तावलाई मूल्याँकनमा समावेश गरिने छैन

(ङ) नियमअनुसार सम्वन्धित निकायमा दर्ता भएको, करचुक्ता गरेको र स्थायी लेखा नम्वर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ।

(च) लिजको जग्गाको हकमा कम्तिम दश वर्षको करारनामा वा सम्झौता पत्र हुनुपर्नेछ ।

(छ) प्रस्तावकले लागत साझेदारी गर्ने प्रतिवद्धता जनाएको हुनु पर्नेछ ।

(ज) स्पेसिफिकेसन, लागत ईष्टीमेट, नक्साकन गर्ने जिम्मेवारी प्रस्तावकको हुनेछ ।

(झ) अभिलेख नियमित राख्ने व्यवस्था भएको हुनु पर्नेछ।

(ञ) तालिम, भ्रमण, गोष्ठी तलब भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन ।

(ट) सडक, विद्युत लगायतका आवश्यक पूर्वाधारहरुको व्यवस्थापन तथा सुलभ पहुँच भएको हुनु पर्नेछ ।

(ठ) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्था नियमित लेखा परीक्षण गरिएको हुनु पर्छ।

(१) व्यवसायीक योजनाः सम्बन्धित कार्यालयले तोकेबमोजिम हुनेछ

**(४) स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरुः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरणमूल्याङ्कनका आधारहरुअनुसार हुनेछ ।

**(५) ब्यवसायीक योजना मूल्याङ्कनका आधारहरुः**

| क्र.सं. | मूल्यांकनका आधारहरु | भार (प्रतिशत) | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | **संस्थाको उमेर र अनुभव** | १० | |
| १.१ | १ वर्ष भन्दा घटी | २ | |
| १.२ | २ देखि २ वर्ष सम्म | ३ | |
| १.३ | २ देखि ३ वर्ष सम्म | ४ | |
| १.४ | ३ देखि ४ वर्ष | ५ | |
| १.५ | ५ भन्दा बढी | १० | |
| २ | **कार्यक्रम कार्यन्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था** | २० | |
| २.१ | सडक सुविधा भएको | ४ | |
| २.२ | विजुलीको सुविधा भएको | ३ | |
| २.३ | खानेपानीको सुविधा भएको | ३ | |
| २.४ | व्यवसाय विस्तारको सम्भावना | ५ | |
| २.५ | संस्थाको स्वामित्वको भवन, भौतिक पूर्वाधार, सवारी साधन, यन्त्र उपकरण भएको | ५ | |
| ३ | **प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम** (संस्थाको हकमा स्थायी कामदारहरुको) | ५ | |
| ३.१ | ७ दिन अवधि सम्मको तालिम | १ | |
| ३.२ | ७ देखि १५ दिन अवधि सम्मको तालिम | २ | |
| ३.३ | १६ देखि ३० दिन अवधि सम्मको तालिम | ३ | |
| ३.४ | १ महिना देखि ३ महिना अवधि सम्मको तालिम | ४ | |
| ३.५ | ३ महिना भन्दा बढी अवधिको तालिम | ५ | |
| ४ | **वित्तिय क्षमता** | ५ | |
| ५ | **प्रत्यक्ष लाभान्वित संख्या** | १५ | |
| ५.१ | ५० भन्दा कम | ५ | |
| ५.२ | ५१ देखि ९९ जना सम्म | १० | |
| ५.३ | १०० देखि माथि | १५ | |
| ६ | **वातावरणीय/हावापानी उपयुक्तता** | ५ | |
| ७ | **अन्य पक्षहरु** | १० | |
| ७.१ | हालको काम र प्रस्तावित कार्यक्रम विच तालमेलरहेको | ५ | |
| ७.२ | संस्थाको अवस्थिती र प्रस्तावित कार्यक्रम सञ्चालन स्थल बिचको तादात्म्यता | ५ | |
| ८ | **स्वीकृत कार्यविधि अनुसारका थप आधारहरु** | ३० | |
| ८.१ | प्रस्ताव आव्हानको सूचना मूताविक सम्बन्धित कार्यालयको प्राथमिकता र आवेदकको तालमेल | ५ | |
| ८.२ | आर्थिक प्रस्तावको गुणस्तर | ५ | |
| ८.३ | प्राविधिक प्रस्तावको गुणस्तर | १० | |
| ८.४ | व्यवसायीक कार्ययोजनाको स्पष्टता | ५ | |
| ८.५ | कार्यविधि अनुसारका फर्मेट र प्रावधानको हेक्का राखिएको | ५ | |
| | **जम्मा** | १०० | |

उपरोक्तानुसार व्यवसाय योजनाको मूल्याङ्कन गर्दा न्यूनतम चालिस प्रतिशत अङ्क प्राप्त गरेका प्रस्तावहरु मात्र छनौटको प्रतिष्पर्धामा सामेल हुनेछन् ।

(६) **प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको फारम अनुसार हुनेछ ।

## ३७. कार्यक्रमको नामः पशु बधशाला निर्माण तथा सुधार कार्यक्रम

(१) **उद्देश्य :**

(क) स्वच्छ, स्वस्थ्य एवं गुणस्तरिय मासु तथा मासुजन्य पदार्थहरुको आपूर्ति सुनिश्चत गर्ने।

(ख) पशु बधशाला तथा मासु जांच ऐन र तत सम्बन्धी नियमावलीको प्रभावकारी कार्यान्वयनको लागि पूर्वाधार तयार गर्ने ।

(ग) मासुजन्य व्यवसायको समुचित व्यवस्थापनबाट वातावरणिय संरक्षणमा टेवा पुऱ्याउने ।

(२) **अनुदान रकम उपलब्ध हुने क्षेत्रः**

(क) पशु बधशालाको भवन निर्माण र सुधार ।

(ख) पशु बधशालामा प्रयोग हुने औजार उपकरहरु जस्तै ह्याङ्गर, हुक, ट्रलि, रेल, डिबानर, स्कयाल्डर, डिफिदर, टेवल, स्टनिङ्ग डिभाईस, प्याकेजिङ्ग मेशिन, चक्कु, बोन स, डिप फ्रिज, तथा नाश भएर नजाने अन्य औजार उपकरणहरु खरिद ।

(ग) वायो ग्याँस प्लान्ट, रेण्डरिङ्ग प्लान्ट तथा शौचालय निर्माण/सुधार ।

(घ) विजुली बत्ति, ढल निकास, ओभरहेड ट्यांकी, पाईप फिटिङ्ग, वाटर सेनिटाईजर, वेष्ट डिस्पोजल र पानी तान्न मेशिन जडान आदि ।

(ङ) पशु बधशालाको भूंईमा र भित्तामा (कम्तिमा छ फिट उचाई सम्म) सेतो टायल लगाउन ।

(च) किरा झिंगा नपस्ने व्यवस्था र अन्य जैविक सुरक्षाका विधी अवलम्बन ।

(छ) बजार लक्षित पशु बधसाला निर्माण तथा सुधार कार्यक्रम अन्तरगत मासु चिस्यान घर निर्माण र मासु ढुवानीका लागि रेफ्रिजेरेटेड सवारी साधन खरिद ।

(३) **अनुदान प्राप्त गर्ने शर्तहरुः**

(क) सूचना प्रकाशन भएको मिति अगावै प्रचलित कानुन बमोजिमदर्ता भएका स्थानिय सहकारी संघ/संस्था, उद्योग बाणिज्य संघ/संस्था, व्यवसायीक संघ/संस्था फर्म, कम्पनी, उद्यमी/व्यवसायीक मात्र यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(ख) पशु बधशालाको भौतिक संरचनाको डिजाईन इष्टिमेट मान्यता प्राप्त ईन्जिनियरबाट तयार गराई मन्त्रालयको पूर्व स्वीकृत लिई कार्यान्वयन गर्नु पर्नेछ ।

(ग) विगत तिन वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय अन्तरगत वा साविकको कृषि तथा पशुपन्छी विकास मन्त्रालय वा सो अन्तरगतका निकायबाट सोही प्रकृतिका कार्यक्रममा

अनुदान प्राप्त गरेकाहरु लागि पूनः अनुदानको लागि योग्य हुने छैन । तर अपूरो निर्माण कार्य संचालन गर्न थप अनुदान आवश्यक रहेको प्राविधिक प्रतिवेदनको आधारमा पूनः अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

(घ) अनुदानबाट पशु बधशालाको तथा निर्माण तथा सुधार भए पश्चात कम्तिमा बीस वर्ष अनिवार्य रुपमा व्यवसाय संचालन गरेको हुनु पर्नेछ ।

(ङ) पशु बधशाला निर्माण तथा सुधार सम्बन्धी अन्य कुराको हकमा संघीय सरकारको पशु बधशाला तथा मासु जांच ऐन २०५५, नियमावली २०५७ र प्राविधिक निर्देशिका २०६४ बमोजिम गर्न सकिनेछ ।

(च) नयाँ स्थापना हुने र पुराना दुवै किसिमका बधशालाको हकमा वातावरण संरक्षण ऐन २०५४ र वातावरण नियमावली २०५४ बमोजिम प्रारम्भिक वातावरणीय परिक्षण (IEE)गरेको हुनु पर्नेछ ।

(छ) सम्बन्धित साझेदारले स्वस्थकर मासु उत्पादन विधि (Hygienic Code of Practice)परिपालन गर्न मन्जुर भएको ।

(ज) साझेदार निकायसंग आफ्नै स्वामित्वको पशु बधशाला निर्माण तथा सुधार गर्न एक हेक्टर जग्गा हुनु पर्नेछ र उक्त स्थान महानगरपालिका/उपमहानगरपालिका/नगरपालिकाको शहरी क्षेत्र भन्दा बाहिर अवस्थित रहनु पर्नेछ ।

(झ) चिस्यान घर र मासु ढुवानीको लागि रेफ्रिजेरेटेड जडान भएको सवारी साधन सहितको प्रस्तावकलाई प्राथमिकता दिइनेछ ।

(ञ) लिजमा लिएको जग्गाको हकमा कम्तिमा बीस वर्षको करारनामा वा सम्झौता गरेको हुनुपर्नेछ ।

(ट) प्रस्तावको तर्फबाट व्यहोरिने पच्चिस प्रतिशत लगानीको (जग्गा र चालु खर्च बाहेक) अनुसूची–४ बमोजिमको प्रतिबद्धता पेश गर्नु पर्नेछ ।

(ठ) उद्योग स्थापना गर्ने स्थलमा सडक, विद्युत र थ्री फ्रेज लाइन जडानको सुविधा भएको हुनु पर्नेछ ।

(ड) कार्यक्रम संचालन गर्न सामाजिक, वातावरणीय, प्राविधिक, वित्तिय र भौगोलिक रुपमा उपयुक्त हुनु पर्दछ।

(ढ) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्था नियमित लेखा परीक्षण गरिएको हुनु पर्छ।

(ण) अनुदानको रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित कानून बमोजिम कार्वाही गरी सरकारी बाँकी सरह अनुदान रकम असुल उपर गरनेछ ।

(त) सरकारी वा गैरसरकारी निकायबाट यस अघि अनुदान प्राप्त गरेका प्रस्तावकले सम्झौता वा कार्यक्रम मुताविक गरेको नपाइएमा त्यस्ता प्रस्तावकलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

(थ) नियम अनुसार सम्बन्धित निकायमा दर्ता भएको, कर चुक्ता गरेको र स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कार्वाही नपरेको हुनु पर्नेछ ।

(द) स्थानिय तहको सिफारिस भएको हुनु पर्नेछ (स्थानिय तह बाहेक) ।

(ध) फोहर मैला फाल्ने सार्वजनिक क्षेत्र नजिक नभएको हुनु पर्नेछ ।

(न) जङ्गल तथा मानिसको बसोवास वा घना वस्तीसंग नजोडिएको हुनु पर्नेछ ।

(न्न) तालिम, भ्रमण, गोष्ठी तलब भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन ।

(४) **व्यवसायीक योजनाः** सम्बन्धित कार्यालयले तोकेबमोजिम हुनेछ

**स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरुः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु अनुसार हुनेछ ।

(५) **स्कीम/व्यवसायिक योजना मुल्याङ्कन आधारः**बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको स्कीम/व्यवसायिक मूल्याङ्कनका आधारहरु अनुसार हुनेछ ।

(६) **प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमकोलागि तोकिएको फारम अनुसार हुनेछ ।

## ३८. कार्यक्रमको नामः पशु बधस्थल निर्माण तथा सुधार कार्यक्रम

(१) **उद्देश्य :**

(क) स्वच्छ, स्वस्थ्य एवं गुणस्तरिय मासु तथा मासुजन्य पदार्थहरुको आपूर्ति सुनिश्चि गर्ने ।

(ख) पशु बधशाला तथा मासु जांच ऐन र तत सम्बन्धी नियमावलीको प्रभावकारी कार्यान्वयनको लागि पूर्वाधार तयार गर्ने ।

(ग) मासुजन्य व्यवसायको समुचित व्यवस्थापनबाट वातावरणिय संरक्षणमा टेवा पुऱ्याउने

(२) **अनुदान रकम उपलब्ध हुने क्षेत्रः**

(क) पशु बधस्थलको भवन निर्माण र सुधार ।

(ख) कम्पाण्डवाल निर्माण

(ग) पशु बधस्थलमा प्रयोग हुने औजार उपकरहरु जस्तै ह्याङ्गर, हुक, ट्रलि, रेल, डिबानर, स्कयाल्डर, डिफिदर, टेवल, स्टनिङ्ग डिभाईस, प्याकेजिङ्ग मेशिन, चक्कु, बोन स, डिप फ्रिज, तथा नाश भएर नजाने अन्य औजार उपकरणहरु खरिद ।

(घ) वायोग्याँस प्लान्ट, रेण्डरिङ्ग प्लान्ट तथा शौचालय निर्माण/सुधार ।

(ङ) विजुली बत्ति, ढल निकास, ओभरहेड ट्यांकी, पाईप फिटिङ्ग, वाटर सेनिटाईजर, वेष्ट डिस्पोजल र पानी तान्न मेशिन जडान आदि ।

(च) पशु बधस्थलको भूंईमा र भित्तामा सेतो टायल लगाउन ।

(छ) किरा झिंगा नपस्ने व्यवस्था र अन्य जैविक सुरक्षाका विधि अवलम्बन ।

(३) **अनुदान प्राप्त गर्ने शर्तहरुः**

(**क**) सूचना प्रकाशन भएको मिति अगावै प्रचलित कानुन बमोजिमदर्ता भएका स्थानिय तह सहकारीसंघ/संस्था, उद्योग बाणिज्य संघ/संस्था,व्यवसायीक संघ/संस्था फर्म, कम्पनी,उद्यमी/व्यवसायिक मात्र यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(**ख**) पशु बध स्थलको भौतिक संरचनाको डिजाइन इष्टिमेट मान्यता प्राप्त ईन्जिनियरबाट मन्त्रालयको पूर्व स्वीकृत लिई कार्यान्वयन गर्नु पर्नेछ ।

(**ग**) विगतमा तिन वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय अन्तरगत वा साविकको कृषि तथा पशुपन्छी विकास मन्त्रालय वा सो अन्तरगतका निकायबाट सोही प्रकृति कार्यक्रममा अनुदान प्राप्त गरेकाहरु पूनः अनुदानको लागि योग्य हुने छैन । तर अपूरो निर्माण कार्य संचालन गर्न थप अनुदान आवश्यक रहेको प्राविधिक प्रतिवेदनको आधारमा पूनः अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

(**घ**) अनुदानबाट पशु बधस्थल तथा निर्माण तथा सुधार भए पश्चात कम्तिमा बीस वर्ष अनिवार्य रुपमा व्यवसाय संचालन गरेको हुनु पर्नेछ ।

(**ङ**) पशु बधशाला निर्माण तथा सुधार सम्बन्धी अन्य हकमा संघिय सरकारको पशु बधशाला तथा मासु जांच ऐन २०५५, नियमावली २०५७ र प्राविधिक निर्देशिका २०६४ बमोजिम गर्न सकिनेछ ।

(**च**) सम्बन्धित साझेदारले स्वस्थकर मासु उत्पादन विधि(Hygienic Code of Practice)परिपालन गर्न मन्जुर भएको ।

(**छ**) प्रस्तावकसंग आफ्नै स्वामित्वको वा लिजमा लिएको आधा हेक्टर जग्गा हुनु पर्नेछ र उक्त स्थान महानगरपालिका/उपमहानगरपालिका/नगरपालिकाको शहरी क्षेत्र भन्दा बाहिर अवस्थित रहनु पर्नेछ ।

(**ज**) लिजमा लिएको जग्गाको हकमा कम्तिमा बीस वर्षको करारनामा वा सम्झौता पत्र हुनुपर्नेछ।

(**झ**) प्रस्तावको तर्फबाट व्यहोरिने पच्चिस प्रतिशत लगानीको (जग्गा र चालु खर्च वाहेक) प्रतिबद्धता पेश गर्नु पर्नेछ ।

(**ञ**) उद्योग स्थापना गर्ने स्थलमा सडक, विद्युत र थ्री फ्रेज लाइन जडानको सुविधा भएको हुनुपर्नेछ ।

(**ट**) कार्यक्रम संचालन गर्न सामाजिक, वातावरणिय, प्राविधिक, वित्तिय र भौगोलिक रुपमा उपयुक्त हुनु पर्दछ।

(**ठ**) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्था नियमित लेखा परीक्षण गरिएको हुनु पर्छ।

(**ड**) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित कानून बमोजिम कार्वाही गरी सरकारी बाँकी सरह अनुदान रकम असु उपर गरनेछ ।

(**ढ**) सरकारी वा गैरसरकारी निकायबाट यस अघि अनुदान प्राप्त गरेका प्रस्तावकले सम्झौता वा कार्यक्रम मुताविक गरेको नपाइएमा त्यस्ता प्रस्तावकलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

(ण) नियम अनुसार सम्बन्धित निकायमा दर्ता भएको, कर चुक्ता गरेको र स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कार्वाही नपरेको हुनु पर्नेछ ।

(त) स्थानिय तहको सिफारिस भएको हुनु पर्नेछ ।

(थ) फोहर मैला फाल्ने सार्वजनिक क्षेत्र नजिक नभएको हुनु पर्नेछ ।

(द) जङ्गल तथा मानिसको बसोवास वा घना वस्तीसंग नजोडिएको हुनु पर्नेछ ।

(ध) तालिम, भ्रमण, गोष्ठी तलब भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन ।

(४) **व्यवसायीक योजनाः** सम्बन्धित कार्यालयले तोकेबमोजिम हुनेछ ।

(५) **स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरुः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरणमूल्याङ्कनका आधारहरुअनुसार

(६) **स्कीम/व्यवसायिक योजना मुल्याङ्कन आधारः**बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको स्कीम/व्यवसायिक मूल्याङ्कनका आधारहरु अनुसार हुनेछ ।

(७) **प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमकोलागि तोकिएको फारम अनुसार हुनेछ ।

## ३९. कार्यक्रमको नामः साईलेज प्रविधिमा अनुदान सहयोग कार्यक्रम

(१) उद्देश्यः

(क) पशु आहाराको अभाव हुने समयमा पशु आहाराको उपलब्धता गराई पशु उत्पादकत्वमा बृद्धि गर्ने ।

(ख) पशुजन्य उत्पादन लागत कम गर्ने ।

(ग) साइलेज तथा हे उत्पादन कार्यक्रमलाई सहज, सरल, मितव्ययी, पारदर्शी रुपले संचालन गर्ने

(२) **अनुदान रकम उपलब्ध हुने क्षेत्र :**

(क) साइलोपिट निर्माण

(ख) घाँस खेतिको लागि सिचाई व्यवस्थापन

(ग) घाँस काटने मेशिनेरी औजार उपकरण खरिद (मल्टीफन्सन च्यापकटर मेशिन/ ट्याक्टर/ कल्टिभेटर आदि खरिद)

(३) **अनुदानका शर्तहरुः**

(क) सूचना प्रकाशन भएको मिति अगावै प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संघ/संस्था, फर्म, कम्पनी र निजी उद्यमी/व्यवासायीहरु मात्र यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(ख) फार्ममा कम्तिमा बीस वटा दुहुना उन्नत जातका दुहुना गाई/भैसी पालन गरेको हुनु पर्नेछ।

(ग) फार्मका सम्पूर्ण पशुहरुको बिमा गरेको हुनु पर्नेछ।

(घ) विगत तिन वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गतका निकाय वा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सोही प्रकृतिको कार्यक्रममा अनुदान प्राप्त गरेको आवेदक पूनः अनुदानको लागि अयोग्य हुने छ । तर अपूरो निर्माण कार्यलाई पूर्णता दिई संचालनमा ल्याउन थप अनुदान आवश्यक रहेको भन्ने प्राविधिक प्रतिवेदनको आधारमा पूनः अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

(ङ) अनुदानग्राहीले अनुदान प्राप्त गरे पश्चात कम्तिमा दश वर्ष अनिवार्य रुपमा व्यवसाय संचालन गरेको हुनु पर्नेछ ।

(च) अनुदान रकमको दुरुपयोग भएको पाईएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित कानून बमोजिम कार्वाही गरी सरकारी बाँकी सरह अनुदान रकम असुलउपर गरिनेछ।

(छ) सरकारी वा गैरसरकारी निकायबाट यस अघि अनुदान प्राप्त गरेका प्रस्तावकले सम्झौता वा कार्यक्रम अनुरुप कार्य गरेको नपाइएमा त्यस्ता प्रस्तावलाई मूल्याँकनमा समावेश गरिने छैन।

(ज) नियमअनुसार सम्वन्धित निकायमा दर्ता भएको, करचुक्ता गरेको र स्थायी लेखा नम्वर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ।

(झ) लागत साझेदारी गर्ने प्रतिवद्धता जनाएको हुनु पर्नेछ ।

(ञ) फार्ममा जैविक सुरक्षा सम्बन्धी नियमहरु र असल व्यवस्थापन अभ्यास अनुसरण गर्ने प्रतिबद्धतागरेको हुनु पर्नेछ।

(ट) साइलोपिटको डिजाइन, स्टीमेट र मेशिनहरुको स्पेसिफिकेसन सम्बन्धित कार्यालयमा पेश गरी पूर्व स्वीकृति लिएर मात्र कार्यक्रम संचालन गर्नु पर्नेछ ।

(ठ) स्पेसिफिकेसन, लागत ईष्टीमेट, नक्साकन गर्ने जिम्मेवारी प्रस्तावकको हुनेछ ।

(ड) तालिम, भ्रमण, गोष्ठी तलब भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन।

(ढ) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्था नियमित लेखा परीक्षण गरिएको हुनु पर्छ ।

(४) **व्यवसायीक योजनाः** सम्बन्धित कार्यालयले तोकेबमोजिम हुनेछ ।

(५) **स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरुः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु अनुसार हुनेछ ।

(६) **व्यवसाय योजना मूल्याङ्कनका आधारहरुः**

| मूल्याङ्कनका आधारहरु | प्राप्त गर्ने अंक | | | |
|---|---|---|---|---|
| | २० | १५ | १० | ५ |
| दुहुना गाईभैसीहरुको संख्या | ५१ भन्दा माथी | ४१–५० | ३१–४० | २०–३० |
| दूधको उत्पादन (लि.) परिमाण | ३५१ देखि माथि | २८१–३५० | २११–२८० | १५०–२१० |
| असल व्यवस्थापन अभ्यास | ++++ | +++ | ++ | + |

| | | | | |
|---|---|---|---|---|
| जैविक सुरक्षा | ++++ | +++ | ++ | + |
| घाँस खेति गरिएको क्षेत्रफल | ५ हेक्टर भन्दा माथी | ३–५ हेक्टर | २–३ हेक्टर | २ हेक्टर भन्दा कम |
| **कूल प्राप्ताङ्क** | **१००** | **७५** | **५०** | **२५** |

**नोटः** उपरोक्तानुसार व्यवसाय योजनाको मूल्याङ्कन गर्दा न्यूनतम चालिस प्रतिशत अङ्क प्राप्त गरेका प्रस्तावहरु मात्र छनौटको प्रतिष्पर्धामा सामेल हुनेछन् ।

(७) **प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः** बंगुरको दाना र बाख्राको कार्यक्रमको लागि तोकिएको फारम अनुसार हुनेछ ।

## ४०. कार्यक्रमको नामः साना डेरी प्रशोधन केन्द्र स्थापना कार्यक्रम

(१) **उद्देश्यः**

(क) दुग्धजन्य पदार्थहरुको उत्पादन वृद्धि गर्न।

(ख) दुग्ध जन्य उद्योगहरुलाई आधुनिकिकरण गर्नमा सहयोग गर्ने ।

(ग) दुग्धजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरण गर्नमा सहयोग गर्ने ।

(२) **अनुदान रकम उपलब्ध हुने क्षेत्र :**

(क) डेरी प्रशोधनको लागि भवन निर्माण र सुधार ।

(ख) साना डेरी प्रशोधन केन्द्रमा प्रयोग हुने औजार उपकरहरु पाश्चुराइजेसन मेशिन, चिलिङ्ग भ्याट, ढुवानी साधन, जेनेटर, मिल्क एनालाईजर, डिजिटल ब्यालेन्स, मिल्क क्यान, मिल्क प्याकेजिङ्ग मेशिन, डिपफ्रिज, फ्रिज, चिज मेकर तथा दूग्धजन्य पदार्थ विविधिकरणको लागि आवश्यक पर्ने औजार उपकरणहरु खरिद गर्न ।

(ग) विजुली बत्ति, ढल निकास, ओभरहेड ट्यांकी, पाईप फिटिङ्ग, वाटर सेनिटाईजर, वेष्ट डिस्पोजल र पानी तान्न मेशिन जडान आदि ।

(घ) किरा झिंगा नपस्ने व्यवस्था र अन्य जैविक सुरक्षाका विधि अवलम्बन गर्न ।

(३) **अनुदान प्रवाहका शर्तहरुः**

(क) सूचना प्रकाशन भएको मिति अगावै प्रचलित कानून बमोजिमदर्ता भएकासहकारी संस्था, फर्म, कम्पनी, उद्यमी/व्यवसायीक मात्र यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(ख) साना डेरी प्रशोधन स्थापना केन्द्रको भौतिक संरचनाको डिजाईन इष्टिमेट मान्यता प्राप्त ईन्जिनियरबाट तयार गराई मन्त्रालयको पूर्व स्वीकृत लिई कार्यान्वयन गर्नु पर्नेछ ।

(ग) विगत तिन वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय अन्तरगत वा कृषि तथा पशुपन्छी विकास मन्त्रालय वा सो अन्तरगतका निकायबाट सोही प्रकृतिका कार्यक्रममा अनुदान प्राप्त गरेकाहरु लागि पूनः अनुदानको लागि योग्य हुने छैन । तर अपूरो निर्माण कार्य संचालन

गर्न थप अनुदान आवश्यक रहेको प्राविधिक प्रतिवेदनको आधारमा पूनः अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

(घ) अनुदानबाट साना डेरी प्रशोधन स्थापना भए पश्चात कम्तिमा पाँच वर्ष अनिवार्य रुपमा व्यवसाय संचालन गरेको हुनु पर्नेछ ।

(ङ) साना डेरी प्रशोधन उद्योगमा स्टीनलेस स्टील (Stainless Steel) वा आल्मुनियबाट बनेको हुनु पर्नेछ ।

(च) सम्बन्धित साझेदारले असल पशुपालन अभ्यास (Good Animal Husbandry Practice),असल चिकित्सा अभ्यास(Good Veterinary Practice), असल सरसफाई अभ्यास (Good Hygienic Practice) अबलम्बन गरेको हुनु पर्नेछ ।

(छ) साझेदार निकायसंग साना डेरी प्रशोधन केन्द्र स्थापना स्थानमा सडक, बिजुली र पानीको प्रयाप्त सुबिधा भएको हुनु पर्नेछ ।

(ज) लिजमा लिएको जग्गाको हकमा कम्तिमा दश वर्षको करारनामा वा सम्झौता गरेको हुनुपर्नेछ।

(झ) प्रस्तावको तर्फबाट व्यहोरिने लगानीको पच्चिस प्रतिशत (जग्गा र चालु खर्च बाहेक) प्रतिबद्धता पेश गर्नु पर्नेछ ।

(ञ) प्रशोधन केन्द्र स्थापना गर्ने स्थलमा सडक, थ्री फ्रेज लाइन जडानको सुविधा भएको हुनु पर्नेछ।

(ट) कार्यक्रम संचालन गर्न सामाजिक, वातावरणीय, प्राविधिक, वित्तिय र भौगोलिक रुपमा उपयुक्त हुनु पर्दछ।

(ठ) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाले नियमित लेखा परीक्षण गरिएको हुनु पर्छ।

(ड) अनुदानको रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित कानून बमोजिम कार्वाही गरी सरकारी बाँकी सरह अनुदान रकम असुल उपर गरनेछ ।

(ढ) सरकारी वा गैरसरकारी निकायबाट यस अघि अनुदान प्राप्त गरेका प्रस्तावकले सम्झौता वा कार्यक्रम मुताविक गरेको नपाइएमा त्यस्ता प्रस्तावकलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

(ण) नियम अनुसार सम्बन्धित निकायमा दर्ता भएको, कर चुक्ता गरेको, स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कार्वाही नपरेको हुनु पर्नेछ ।

(त) स्थानिय तह/विज्ञ केन्द्रको सिफारिस भएको हुनु पर्नेछ।

(थ) सडक सञ्जाल संग जोडिएको स्थानमा हुनु पर्नेछ ।

(४) **व्यवसायीक योजनाः** सम्बन्धित कार्यालयले तोकेबमोजिम हुनेछ ।

(५) **स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरुः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु अनुसार हुनेछ ।

(६) **व्यवसाय योजना मूल्याङ्कनका आधारहरुः** पशुजन्य उत्पादन, विविधिकरण र बजारीकरण कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु अनुसार हुनेछ

(७) **प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः** बंगुर र बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको फारम अनुसार हुनेछ ।

## ४१. कार्यक्रमको नामः पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थ ढुवानी साधन खरिद कार्यक्रम

(१) **उद्देश्य**

(क) पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थको सहज बजारीकरणका माध्यमबाट निर्वाहमुखी एवं छरीएर रहेको पशुपन्छी पालन क्षेत्रको व्यवसायीक रुपान्तरणमा सहयोग पुऱ्याउने।

(ख) मिल्क कण्टेनर, रेफ्रिजरेटेड भ्यान, लाइभ एनिमल ट्रन्सपोर्टेशन भ्यान जस्ता पशुपन्छी एवं पशुपन्छीजन्य पदार्थको व्यवस्थित ढुवानीका लागि आवस्यक ढुवानी साधनहरुको प्रवर्द्धन गर्ने।

(ग) पशु ढुवानी मापदण्ड २०६४ र पशु कल्याण निर्देशिका २०७३ को प्रभावकारी कार्यान्वयनका लागि पूर्वाधार विकास गर्ने ।

(२) **अनुदान रकम उपयोग गर्न सकिने कार्यहरु**

(क) मासु तथा मासुजन्य पदार्थको सुरक्षित ढुवानीका लागि विभिन्न क्षमताको रेफ्रिजरेटेड सवारी साधन खरिद ।

(ख) दूधतथा दुग्धजन्य पदार्थको सुरक्षित ढुवानीका लागि विभिन्न क्षमताको मिल्क ट्याङ्कर वा रेफ्रिजरेटेड सवारी साधन खरिद ।

(ग) जीवित पशुपन्छी तथा अण्डाको सुरक्षित ढुवानीका लागि विभिन्न क्षमताको लाइभ एनिमल ट्रान्सपोर्टेशन भ्यान वा उपयुक्त किसिमको सवारी साधन खरिद ।

(घ) जीउँदो माछा ढुवानीका लागि विभिन्न क्षमताको अक्सिजिनेटेड कन्टेनरयुक्त सवारी साधन खरिद ।

(३) **अनुदान प्रवाहका शर्तहरुः**

(क) सूचना प्रकाशन हुनु अगावै प्रचलित कानुन बमोजिम गठन भएका व्यवसायिक संघ/संस्था, सहकारी संघ/संस्था, फर्म, कम्पनी, निजी उद्यमी/व्यवसायी मात्र यस कार्यक्रम सन्चालनका लागि योग्य मानिनेछ ।

(ख) विगत तिन वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गतका निकाय वा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सोही प्रकृतिको कार्यक्रममा अनुदान प्राप्त गरेको आवेदक पूनः अनुदानको लागि योग्य हुने छैन । तर अपूरो निर्माण कार्यलाई पूर्णता दिई संचालनमा ल्याउन थप अनुदान आवश्यक रहेको भन्ने प्राविधिक प्रतिवेदनको आधारमा पूनः अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

(ग) अनुदान प्राप्त गर्ने प्रस्तावकले कम्तिमा दश वर्ष सम्म व्यवसाय संचालन गर्नु पर्नेछ ।

(घ) लाइभ एनिमल ट्रान्सपोर्टेशन भ्यान खरिद गर्ने साझेदारले पशु ढुवानी मापदण्ड २०६४ र पशु कल्याण निर्देशिका २०७३ का प्रावधान परिपालना गर्नु पर्नेछ ।

(ङ) मासु तथा मासुजन्य पदार्थ ढुवानीका लागि रेफ्रिजरेटेड सवारी साधन खरिद गर्ने साझेदारले पशु बधशाला तथा मासु जाँच ऐन २०५५ नियमावली २०५७ र प्राविधिक निर्देशिका २०६४ का प्रावधान परिपालना गर्नु पर्नेछ ।

(च) दूध तथा दुग्धजन्य पदार्थको सुरक्षित ढुवानीका लागि मिल्क ट्याङ्कर वा रेफ्रिजरेटेड सवारी साधन खरिद गर्ने साझेदारले दैनिक दुई हजार लिटर दूध संकलन, विवधिकरण र बजारिकरण गरेको हुनु पर्नेछ ।

(छ) जीउँदो माछा ढुवानीका लागि अक्सिजिनेटेड कन्टेनर युक्त सवारीसाधन खरिद गर्ने साझेदार सम्बन्धित क्षेत्रको कार्य अनुभव प्राप्त गरेको हुनु पर्नेछ ।

(ज) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाकोनियमित लेखा परीक्षण भएको हुनु पर्नेछ।

(झ) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असु उपर र कारवाही हुनेछ ।

(ञ) सरकारी वा गैरसरकारी निकायबाट यस अघि अनुदान प्राप्त गरेका प्रस्तावकले कार्यक्रम मुताविक गरेको नपाइएमा त्यस्ता प्रस्तावकलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

(ट) नियम अनुसार सरकारी निकायमा दर्ता भएको, कर चुक्ता गरेको र स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ ।

(ठ) तालिम, भ्रमण, गोष्ठी तलब भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन ।

(४) **व्यवसायीक योजनाः** सम्बन्धित कार्यालयले तोकेबमोजिम हुनेछ ।

(५) **स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरुः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरणमूल्याङ्कनका आधारहरुअनुसार हुनेछ ।

(६) **व्यवसायिक योजना मूल्याङ्कनका आधारहरुः** पशुजन्य उत्पादन, विविधिकरण र बजारीकरणकार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु

(७) **प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः** बंगुर र बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको फारम अनुसार हुनेछ ।

## ४२. कार्यक्रमको नामः मत्स्यह्याचरी निर्माण एवं व्यवस्थापन कार्यक्रम

(१) **उद्देश्यः**

(क) माछाको उत्पादन तथा उत्पादकत्वबृद्धि गर्ने।

(ख) माछाको बिज आपुर्ति तथा बितरणमा सहजता गर्ने ।

(ग) मत्स्य बिज उत्पादनमा प्रदेशलाई आत्मनिर्भर गर्ने ।

(२) **अनुदान रकम उपयोग गर्न सकिने कार्यहरुः** मत्स्य ह्याचरी निर्माण एवं ब्यस्थापन

(३) **अनुदान प्रवाहका शर्तहरुः**

(क) सूचना प्रकाशन हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएकासहकारी संस्था, व्यवसायिक कृषक समुह/समुह/समिति, नीजि व्यवसायीक फर्म, उद्यमी र कम्पनीहरु यस कार्यक्रमको लागि योग्य मानिनेछ ।

(ख) विगत तिन वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय सो अन्तर्गतका निकाय वा कृषि तथा पशुपन्छी विकास मन्त्रालय सो अन्तर्गतका निकायहरुबाट सोही प्रकृतिको कार्यक्रममा अनुदान प्राप्त गरेको आवेदक पुनः अनुदानको लागि योग्य हुने छैन ।

(ग) निर्माण गरिने मत्स्यह्याचरीको लेआउट तथा डिजाइन, पूर्वाधार इन्कुवेसन, ओभरहेड, स्पनिङ्ग टैंक, पानी व्यवस्थापन ह्याचरी घर, प्रजनन पूर्व र प्रजनन पश्चात माउ माछा राख्ने ट्याङ्क (Holding Tank) प्रजनन वा स्पनिङ्ग ट्याङ्क (Spawning Tank) इन्कुवेशन ट्याङ्क वा ह्याचिकङ्ग ट्याङ्क (Incubation Tank) ह्याचलिङ्ग हुर्काउने ट्याङ्क (Hatchling Nursing Tank) निर्माण गर्नु पर्नेछ ।

(घ) तोकिएको प्राबिधिक मापदण्ड अनुरुप मत्स्य प्राबिधिकद्वारा गराई सोही अनुसारको निर्माण सम्पन्न गर्नु पर्नेछ ।

(ङ) निर्माण गरिने मत्स्य ह्याचरीकोलागि पर्याप्त र राम्रो गुणस्तर भएको पानी उपलब्ध हुने स्थान हुनु पर्नेछ। पर्याप्त र राम्रो गुणस्तर भएको पानी उपलब्ध हुने स्थान हुनु पर्नेछ ।

(च) विधुत आपुर्तिको सुविधा सुविधा र सडक सुविधा भएको स्थान हुनु पर्नेछ

(छ) अनुदान प्राप्त गर्ने प्रस्तावकले कम्तिमा दश वर्ष सम्म व्यवसाय संचालन गर्नु पर्नेछ ।

(ज) लिजको जग्गा भएमा जग्गा धनि संग कम्तिमा दश वर्षको करारनामा वा सम्झौता गरेको हुनु पर्नेछ ।

(झ) कार्यक्रम संचालन गर्न सामाजिक, वातावरणीय, प्राविधिक, वित्तिय र भौगोलिक रुपले समेत उपयुक्त हुनु पर्नेछ।

(ञ) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाको नियमित लेखा परीक्षण भएको हुनु पर्नेछ।

(ट) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असुल उपर र कारवाही हुनेछ ।

(ठ) नियम अनुसार सरकारी निकायमा दर्ता भएको कर चुक्ता गरेको र स्थायी लेखा नम्बर प्राप्त , गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ ।

(ड) प्रस्तावकले लागतको कम्तिमा पच्चिस प्रतिशत लागत साझेदारी गर्ने गरेको हुनु पर्नेछ ।

(ढ) नेपाल सरकारले पालन प्रविधिका लागि सिफारिस गरिएका जातका माछाहरु हुनु पर्नेछ ।

(ण) अनुदानग्राहीलेअनिवार्य रुपमा मत्स्य बिमा गरेको हुनु पर्नेछ ।

(त) तलब भत्ता, तालिम, भ्रमण, गोष्ठी जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन

(४) **व्यवसायीक योजनाः** सम्बन्धित कार्यालयले तोकेबमोजिम हुनेछ

(५) **स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरुः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरणमूल्याङ्कनका आधारहरुअनुसार हुनेछ ।

(६) **व्यवसायिक योजना मूल्याङ्कनका आधारहरुः** पशुजन्य उत्पादन, विविधिकरण र बजारीकरण कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु अनुसार हुनेछ ।

(७) **प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः** बंगुर र बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको फारम अनुसार हुनेछ ।

## ४३. कार्यक्रमको नामः [📖]मत्स्य नर्सरी निर्माण तथा व्यवस्थापन कार्यक्रम

(१) **उद्देश्यः**

(क) मत्स्य बिजमा आत्म निर्भर हुदै जाने ।

(ख) मत्स्य बिज बितरणमा क्षेत्रगत आपुर्ति तथा बितरणमा सहजता ल्याउने ।

(ग) मत्स्य पालन ब्यवसायलाई व्यवसायीकरण गर्ने।

(२) **अनुदान प्रवाहका शर्तहरुः**

(क) सूचना प्रकाशन हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्था, व्यवसायीक कृषक समुह/समिति, कम्पनी, फर्म, निजी व्यवसायीक/उद्यमी यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(ख) विगत तिन वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गतका निकाय वा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सोही प्रकृतिको कार्यक्रममा अनुदान प्राप्त गरेको आवेदक पूनः अनुदानको लागि योग्य हुने छैन ।

(ग) अनुदान प्राप्त गर्ने प्रस्तावकले कम्तिमा दश वर्ष सम्म व्यवसाय संचालन गर्नु पर्नेछ ।

(घ) लिजको जग्गा भएमा जग्गा धनि संग कम्तिमा दश वर्षको करारनामा वा सम्झौता गरेको हुनुपर्नेछ

(ङ) सडक रविद्युतकोसुविधा भएको हुनु पर्नेछ ।

(च) कार्यक्रम संचालन गर्न सामाजिक, वातावरणिय, प्राविधिक, वित्तिय र भौगोलिक रुपले समेत उपयुक्त हुनु पर्नेछ।

(छ) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाको नियमित लेखा परीक्षण भएको हुनु पर्नेछ।

(ज) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असु उपर र कारवाही हुनेछ ।

(झ) सरकारी वा गैरसरकारी निकायबाट यस अघि अनुदान प्राप्त गरेका प्रस्तावकले कार्यक्रम मुताविक गरेको नपाइएमा त्यस्ता प्रस्तावकलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

(ञ) नियमअनुसार सरकारी निकायमा दर्ता भएको, कर चुक्ता गरेको र स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ ।

---

[📖]पहिलो संशोधनद्वारा संशोधन गरिएको।

(ट) अनुदान रकमको प्रयोग व्यवसायिक माछा पालनका लागि नेपाल सरकारले सिफारिस गरिएका माछाहरुको हकमा मात्र लागु हुनेछ।

(ठ) 📖मत्स्य नर्सरी कम्तिमा पहाडमाएक रोपनी (पाचँसय बर्ग मिटर)रतराईमा दश कठ्ठा जलाशय क्षेत्रमा गरेको हुनुपर्नेछ ।

(ड) ट्राउट माछापालनको हकमा नर्सरी रेस-वे कम्तीमा पचास वर्ग मिटर हुनुपर्नेछ। अधिकतम अनुदान रकम रु. दश हजार प्रति वर्ग मिटरउपलब्ध गराईने छ।

(ढ) अनिवार्य रुपमा नर्सरी (भुरा हुर्काउने पोखरी र रियरिङ्ग) (ठूलो भुरा हुर्काउने पोखरी) निर्माणगरेको हुनुपर्दछ।

(ण) साधारणतया नर्सरीको गहिराई ०.७५ देखि १.२ मिटर हुनु पर्दछ ।

(त) रियरिङ्ग पोखरीको गहिराई १ देखि १.५ मिटर सम्म हुनु पर्दछ ।

(थ) आवश्यकता अनुरुपको बितरण एवं कण्डिसनिङ टैंक समेत निर्माण गर्नु पर्नेछ।

(द) अनुदानग्राहीले अनिवार्य रुपमा मत्स्य बिमा गरेको हुनु पर्नेछ ।

(ध) तालिम, भ्रमण, गोष्ठी तलब भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन ।

(न) कार्यक्रम सन्चालनका लागि प्रदान गरिने अधिकतम अनुदान रकम रु. पाँच लाख प्रति हेक्टरको लागत साझेदारीमा सन्चालन हुनेछ ।

□(प) भिन्न प्रजातिका माछाहरु भिन्नाभिन्नै पोखरीमा राख्नुपर्दछ। कम्तिमा ७ वटा सम्म पोखरी निर्माण गर्नपर्नेछ ।

□(फ) बितरण टैंकहरु सिमेन्टेड भएको हुनु पर्नेछ।

(३) **व्यवसायीक योजनाः**सम्बन्धित कार्यालयले तोकेबमोजिम हुनेछ

(४) **स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरुः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु अनुसार हुनेछ ।

(५) **व्यवसायिक योजना मूल्याङ्कनका आधारहरुः** पशुजन्य उत्पादन, विविधिकरण र बजारीकरणकार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरुअनुसार हुनेछ ।

(६) **प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः** बंगुर र बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको फारम अनुसार हुनेछ ।

---

📖पहिलो संशोधनद्वारा संशोधन गरिएको।

□पहिलो संशोधनद्वारा थप गरिएको।

□पहिलो संशोधनद्वारा थप गरिएको।

## ४४. कार्यक्रमको नामः मत्स्य उत्पादन कार्यक्रम

(१) उद्देश्यः

(क) मत्स्य पालनको क्षेत्र बिस्तार गरी प्रदेश स्तरमा मत्स्य उत्पादन बढाई प्रदेशलाई आत्मनिर्भर गराउनुका साथै पौष्टिक आहाराको उपलब्धता बृद्धी गर्न

(ख) माछाको बढ्दो आयातलाई क्रमशः न्युनिकरण गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने।

(२) **अनुदान रकम उपयोग गर्न सकिने कार्यहरुः**

(क) नयाँ माछापोखरी निर्माण

(ख) पुरानो पोखरी मर्मत संभार

(ग) रेन्वो ट्राउट माछा उत्पादनको पूर्वाधार निर्माण

(३) **अनुदान प्रवाहका शर्तहरुः**

(क) सूचना प्रकाशन हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्था, उद्यमी/नीजि फर्म/कम्पनि कृषक समुह समिति यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(ख) विगत तिन वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गतका निकाय वा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सोही प्रकृतिको कार्यक्रममा अनुदान प्राप्त गरेको आवेदक पूनअनुदानको लागि योग्य हुने छैन । :

(ग) अनुदान प्राप्त गर्ने प्रस्तावकले कम्तिमा दश वर्ष सम्म व्यवसाय संचालन गर्नु पर्नेछ ।

(घ) लिजको जग्गा भएमा जग्गा धनि संग कम्तिमा दश वर्षको करारनामा वा सम्झौता गरेको हुनुपर्नेछ ।

(ङ) सडक रविद्युतकोसुविधा भएको हुनु पर्नेछ ।

(च) कार्यक्रम संचालन गर्न सामाजिक ,वातावरणिय ,प्राविधिक, वित्तिय र भौगोलिक रुपले समेत उपयुक्त हुनु पर्नेछ।

(छ) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाको नियमित लेखा परीक्षण भएको हुनु पर्नेछ।

(ज) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असु उपर र कारवाही हुनेछ ।

(झ) नियम अनुसार सरकारी निकायमा दर्ता भएको, कर चुक्ता गरेको र स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ अनुदान रकमको प्रयोग व्यवसायिक माछा पालनका लागि नेपाल सरकारले सिफारिस गरिएका माछाहरुको हकमा मात्र लागु हुनेछ।

(ञ) अनुदान रकमनयाँ माछापोखरी निर्माण,पुरानो पोखरी मर्मत संभारर रेन्बो ट्राउट माछापालनमा रेस-वे निर्माणमा लागि प्रयोग भएको हुनुपर्नेछ।

(ट) 📖 माछा पालन कम्तिमा हिमाल, पहाडमा एक रोपनी (पाचँसय बर्गमिटर) र तराईमा छ कठ्ठा जग्गामा गरेको हुनुपर्नेछ।

(ठ) नयाँ माछा पोखरी निर्माणका लागि अधिकतम अनुदान रकमरु. पांच लाख प्रति हेक्टर उपलब्ध गराईने छ।

(ड) पुरानो पोखरी मर्मत संभारका लागि अधिकतम अनुदान रकमरु. दुई लाख प्रति हेक्टर उपलब्ध गराईने छ।

(ढ) रेन्बो ट्राउट माछा पालनमा रेस-वे कम्तीमा पचास वर्ग मिटर हुनुपर्नेछ । अधिकतम अनुदान रकम रु.दश हजारप्रति वर्ग मिटर उपलब्ध गराईने छ।

(ण) प्रस्तावकले लागतको कम्तिमा पच्चिस प्रतिशत लागत साझेदारी गर्ने गरेको हुनु पर्नेछ ।

(त) अनुदानग्राहीले अनिवार्य रुपमा मत्स्य बिमा गरेको हुनु पर्नेछ ।

(४) **व्यवसायीक योजनाः** सम्बन्धित कार्यालयले तोकेबमोजिम हुनेछ ।

(५) **स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरुः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु अनुसार हुनेछ ।

(६) **व्यवसायिक योजना मूल्याङ्कनका आधारहरुः** पशुजन्य उत्पादन, विविधिकरण र बजारीकरण कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु अनुसार हुनेछ ।

(७) **प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः** बंगुर र बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको फारम अनुसार हुनेछ ।

## ४५. कार्यक्रमको नामः मत्स्य यान्त्रीकरण कार्यक्रम

(१) **उद्देश्यः**

(क) मत्स्यपालन कार्यक्रममा यान्त्रीकरण गर्न सहयोग पुर्याउने।

(ख) प्रती इकाइ क्षेत्रमा माछाको उत्पादकत्व बृद्धि गरी उत्पादन लागत घटाउने ।

(ग) मत्स्य पालन ब्यवसायलाई व्यवसायीकरण गर्ने।

(२) **अनुदानमा बितरण गरिने मत्स्य औजार उपकरणहरुः**

**a.** Chilling van
**b.** Chilling room
**c.** Aerator
**d.** pellet machine
**e.** Automatic feeder machine
**f.** Do meter
**g.** Bird control device

---

📖पहिलो संशोधनद्वारा संशोधन गरिएको।

h. Ice plant (9) Hapa
i. Ice crusher machine
j. Mud pump
k. Dragnet
l. water analyzer kit
m. Fish graders
n. Cast net(16) Auto samplers
o. weighing machine
p. Ph meter
q. ᵖसौर्य बोरिङ
r. ᵖमत्स्य उत्पादनसँग सम्बद्धअन्य औजारहरु ।

**(३) अनुदान प्रवाहका शर्तहरुः**

(क) सूचना प्रकाशन हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्था, व्यवसायीक कृषक समुह/समिति, कम्पनी, फर्म, निजी व्यवसायीक/उद्यमी यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(ख) विगत तिन वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गतका निकाय वा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सोही प्रकृतिको कार्यक्रममा अनुदान प्राप्त गरेको आवेदक पूनः अनुदानको लागि योग्य हुने छैन ।

(ग) अनुदान प्राप्त गर्ने प्रस्तावकले कम्तिमा दश वर्ष सम्म व्यवसाय संचालन गर्नु पर्नेछ ।

(घ) लिजको जग्गा भएमा जग्गा धनि संग कम्तिमा दश वर्षको करारनामा वा सम्झौता गरेको हुनुपर्नेछ ।

(ङ) सडक रविद्युतकोसुविधा भएको हुनु पर्नेछ ।

(च) कार्यक्रम संचालन गर्न सामाजिक, वातावरणिय, प्राविधिक, वित्तिय र भौगोलिक रुपले समेत उपयुक्त हुनु पर्नेछ।

(छ) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाको नियमित लेखा परीक्षण भएको हुनु पर्नेछ।

(ज) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असु उपर र कारवाही हुनेछ ।

(झ) नियम अनुसार सरकारी निकायमा दर्ता भएको, कर चुक्ता गरेको र स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ ।

(ञ) 🕮माछा पालन कम्तिमा हिमाल, पहाडमा एक रोपनीर तराईमा छ कठ्ठा जग्गामा गरेको हुनुपर्नेछ।

---

ᵖपहिलो संशोधनद्वारा थप गरिएको।

ᵖपहिलो संशोधनद्वारा थप गरिएको।

🕮पहिलो संशोधनद्वारा संशोधन गरिएको।

(ट) प्रस्तावकले लागतको कम्तिमा पच्चिस प्रतिशत लागत साझेदारी गर्ने गरेको हुनु पर्नेछ ।

(ठ) अनुदानग्राहीले अनिवार्य रुपमा मत्स्य बिमा गरेको हुनु पर्नेछ ।

(ड) सेटमा मात्र यन्त्र उपकरण अनुदान पाउनेछन ।

(ढ) अनुदानमा उपलब्ध गरिएको यन्त्र उपकरणहरु मत्स्य पालन बाहेक अन्य कार्यमा प्रयोग गर्न पाईने छैन ।

(ण) तालिम, भ्रमण, गोष्ठी तलब भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन ।

(४) **व्यवसायीक योजनाः** सम्बन्धित कार्यालयले तोकेबमोजिम हुनेछ

(५) **स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरुः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु अनुसार हुनेछ ।

(६) **व्यवसाय योजना मूल्याङ्कनका आधारहरुः** पशुजन्य उत्पादन, विविधिकरण र बजारीकरण कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु अनुसार हुनेछ ।

(७) **प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः** बंगुर र बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको फारम अनुसार हुनेछ ।

## ४६. कार्यक्रमको नामः पशु हाटवजार निर्माण/सुधार कार्यक्रम

(१) **उद्देश्य**

(क) पशुहरुको उत्पादन पकेटहरुलाई बजार संगको आबद्धता प्रदान गर्दै पशुहरुको बजारीकरणमा टेवा पु¥याउने ।

(ख) बजार सूचना संजालको विकास गर्दै पशु हाटबजार सम्बन्धी सूचना प्रवाहमा टेवा पु¥याउने।

(ग) पशुपन्छी तथा पशुपन्छीजन्य उत्पादनहरुको प्रतिस्पर्धि बजार मूल्य सुनिश्चित गर्ने ।

(२) **अनुदान रकम उपयोग गर्न सकिने कार्यहरुः**

(क) पशु हाटबजारको लागि आवश्यक पर्ने भवन र अन्य भौतिक संरचना निर्माण/सुधार ।

(ख) आवश्यक औजार र उपकरणहरु खरिद तथा जडान ।

(ग) पशुहरुलाई गाडीवाट ओराल्न र चढाउनको लागि प्लेटफार्म निर्माण ।

(घ) ढल निकास तथा फोहोर व्यवस्थापनका लागि आवश्यक निर्माण र उपकरण जडान ।

(ङ) बिद्युत र पानीको नियमित आपूर्ती सम्बन्धि कार्यहरु ।

(च) पशुहरु राख्ने सेड निर्माण र प्राथमिक पशु उपचार कक्ष ।

(छ) बारबन्देज तथा र कम्पाउण्ड वाल निर्माण ।

(ज) फोहोर व्यवस्थापन, बायोग्यास प्लान्ट निर्माण तथा शौचालय निर्माण/सुधार ।

(झ) अभिलेखिकरण र सुचना व्यवस्थापनका लागी कम्प्युटर, प्रिन्टर, टेलिफोन जडान ।

(ञ) स्वच्छ पिउने पानीको व्यवस्था (पानी ट्याङ्की र पाइप फिटिङ्ग, पानी तान्ने मोटर जडान आदि) ।

(ट) शौचालय/वासिङ्ग वेसिन निर्माण तथा सुधार ।

(ठ) जैविक सुरक्षा व्यवस्थापन

(ड) डिजिटल डिस्प्ले वा इलेक्ट्रोनिक मूल्य सूचि जडान ।

**(३) अनुदान प्रवाहका शर्तहरुः**

(क) सूचना प्रकाशन हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्था, व्यवसायीक संघ/संस्था, उद्योग बाणिज्य संघ र स्थानिय तह यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(ख) पशु हाटबजारको भौतिक संरचनाको डिजाइन र लागत इष्टिमेट मान्यता प्राप्त प्राविधिकले गरेको हुनु पर्नेछ ।

(ग) विगत तिन वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गतका निकाय वा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सोही प्रकृतिको कार्यक्रममा अनुदान प्राप्त गरेको आवेदक पूनः अनुदानको लागि योग्य हुने छैन । तर अपूरो निर्माण कार्यलाई पूर्णता दिई संचालनमा ल्याउन थप अनुदान आवश्यक रहेको भन्ने प्राविधिक प्रतिवेदनको आधारमा पूनः अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

(घ) अनुदान प्राप्त गर्ने प्रस्तावकले कम्तिमा दश वर्ष सम्म व्यवसाय संचालन गर्नु पर्नेछ ।

(ङ) लिजको जग्गामा पशुहाटबजा निर्माण/सुधार गर्ने भएमा जग्गा धनि संग कम्तिमा बीस वर्षको करारनामा वा सम्झौता गरेको हुनुपर्नेछ ।

(च) पशु हाटबजार निर्माण/सुधा गरिने स्थानमा सडक रविद्युतकोसुविधा भएको हुनु पर्नेछ ।

(छ) कार्यक्रम संचालन गर्न सामाजिक, वातावरणिय, प्राविधिक, वित्तिय र भौगोलिक रुपले समेत उपयुक्त हुनु पर्नेछ।

(ज) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाको नियमित लेखा परीक्षण भएको हुनु पर्नेछ।

(झ) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असु उपर र कारवाही हुनेछ ।

(ञ) सरकारी वा गैरसरकारी निकायबाट यस अघि अनुदान प्राप्त गरेका प्रस्तावकले कार्यक्रम मुताविक गरेको नपाइएमा त्यस्ता प्रस्तावकलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

(ट) नियम अनुसार सरकारी निकायमा दर्ता भएको, कर चुक्ता गरेको र स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ ।

(ठ) पशु हाटबजार निर्माण/सुधार हुने स्थानमा फोहर मैला फाल्ने सार्वजनिक क्षेत्र नजिक हुनु हुँदैन ।

(ङ) पशु हाटबजारको भौतिक संरचनामा परिवर्तन वा भत्काउनु/हटाउनु पर्ने भएमा सम्वन्धित कार्यालयको पूर्व स्वीकृती अनिवार्य लिनु पर्नेछ।

(ढ) पशु हाटबजार निर्माण/सुधारको लागि जग्गा कम्तिमा हिमाल, पहाडमा छ रोपनी र तराईमा दश कठ्ठा हुनु पर्नेछ।

(ण) यस कार्यविधि बमोजिम निर्माण/सुधार हुने पशु हाटबजारको स्वामित्व र संचालन गर्ने दायित्व सम्वन्धित साझेदारको हुनेछ । तर सम्वन्धित कार्यालयको सहमती लिई स्थानिय तह, सहकारी संस्था व्यवसायीक संघ/संगठन, गैर सरकारी संस्था, सामुदायिक संस्था, उद्यमी र व्यवसायीहरुलाई निजको कार्य अनुभव र व्यवस्थापकीय क्षमताको आधारमा स्वामित्व यथावत राखि व्यवस्थापन र सन्चालन सशर्त हस्तान्तरण गर्न सकिनेछ ।

(त) यस कार्यविधि बमोजिम निर्माण/सुधार गरिने पशु हाटबजारमा व्यवस्थापन समितिको गठन, सहभागितामुलक गुरु योजना तर्जुमा र बजार संचालनवाट भएको आम्दानीको पन्ध्र प्रतिशत रकम बार्षिक रुपमा बजार पूर्वाधार निर्माण, मर्मत सम्भार र व्यवस्थापनमा खर्च गर्ने जस्ता कार्यहरु गर्नु पर्नेछ ।

(थ) पशु हाटबजार भित्र पशु स्वास्थ सेवा, बिक्री भएका पशुहरुको रेकर्ड अध्यावधिक तथा नेपाल पशु चिकित्षा परिषदमा दर्तावाला भेटेरिनरीयनबाट निरोगिताको प्रमाणपत्र जारी हुने व्यवस्था कार्यान्वय गर्दै लैजानु पर्नेछ ।

(द) प्रस्तावकले साझेदारी गर्ने लागत बमोजिमको प्रतिवद्धता जनाएको हुनु पर्नेछ ।

(ध) तालिम, भ्रमण, गोष्ठी तलब भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन ।

(४) **व्यवसायीक योजनाः** सम्बन्धित कार्यालयले तोकेबमोजिम हुनेछ ।

(५) **स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरुः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरणमूल्याङ्कनका आधारहरु अनुसार हुनेछ

(६) **व्यवसायिक योजना मूल्याङ्कनका आधारहरुः** खसीबोका संकलन केन्द्र निर्माण कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरुअनुसार हुनेछ ।

(७) **प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः** बंगुर र बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको फारम अनुसार हुनेछ ।

## ४७. कार्यक्रमको नामः बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रम

(१) **उद्देश्यहरुः**

(क) भौगोलिक क्षेत्र र हावापानी सुहाउँदो स्थानिय तथा वर्णशंकर बाख्राको नश्ल सुधार गरि उच्च उत्पादन क्षमतायुक्त प्रजनन् योग्य बोका र बाख्राको उपलब्धता बढाउने ।

(ख) बाख्रा पालन क्षेत्रको व्यवसायीक रुपान्तरणमा सहयोग पुर्याउने ।

(ग) मासु तथा मासुजन्य पदार्थमा प्रादेशिक आत्मनिर्भरता हासिल गर्न सहयोग पुर्याउने ।

**(२) कार्यक्रम संचालन अवधिः**

(क) निश्चित क्षेत्र विशेषमा यो कार्यक्रम पाँच बर्ष सम्म सन्चालन गरिने छ र कार्यक्रमको प्रभावकारीताका आधारमा मनासिव ठहरे अन्य क्षेत्रमा समेत विस्तार गर्न सकिनेछ ।

(ख) पाँच बर्ष सम्म कार्यक्रम सन्चालन हुँदा पछिल्ला बर्षहरुमा सम्बन्धित सहभागिको आवश्यक्ता र कार्यक्रम प्रभावकारिताको आधारमा फलोअप कार्यक्रमहरुमा सहयोग प्रदान गरिनेछ ।

(ग) कार्यक्रमको प्रभावकारिताका आधारमा पछिल्ला वर्षहरुमा आवस्यक्ता मुताविक फलोअपका कार्यक्रमहरु सन्चालित हुनेछ भने उपलब्ध श्रोत साधनको आधारमा नयाँ क्षेत्रतहहरुमा समेत कार्यक्रम विस्तार गर्न सकिनेछ ।

**(३) कार्यक्रम सञ्चालन स्थान छनौटका आधारहरुः**

(क) भौगोलिक तथा वातावरणीय हिसाबले बाख्रा पालनको सम्भावना भएको हुनु पर्नेछ ।

(ख) तुलनात्मक हिसाबले बाख्राको संख्या बढि भएको क्षेत्र हुनु पर्नेछ ।

(ग) बिगतमा बाख्रा पकेट क्षेत्रका रुपमा पहिचान र प्रवर्द्धन गरेको हुनु पर्नेछ ।

(घ) बाख्रा पालनमा संलग्न कृषकहरुको बाहुल्यता रहेको हुनु पर्नेछ ।

(ङ) चरिचरनको उपलब्धता तथा घाँस खेतीको आवश्यकता र सम्भावना भएको हुनु पर्नेछ ।

(च) व्यवसायीक बाख्रापालन विस्तारको सम्भावना रहेको हुनु पर्नेछ ।

(छ) कार्यक्रम प्रति कृषकहरुको झुकाव र प्रभावकारी कार्यान्वयनको सम्भावना भएको हुनु पर्नेछ ।

(४) **सम्भावित साझेदारहरुः**कृषि/पशुपालनमा आवद्ध सहकारी संघ/संस्था, बाख्रा पालन/पालक व्यवसायीक संघ/संस्था,बाख्रा पालक कृषक समूह/समितिहरु हुनेछन् ।

**(५) अनुदान रकमबाट सञ्चालन गर्न सकिने कार्यहरुः**

(क) खोर निर्माण/सुधार र जैविक सुरक्षाका उपायहरुको अवलम्बन

(ख) डिपिङ्ग ट्याङ्क निर्माण/सुधार

(ग) पशु संकलन केन्द्र र अन्य बजार पूर्वाधार विकास

(घ) प्रजननयोग्य माउ बाख्रा र व्याडको बोका खरिद एवं ढुवानी

(ङ) घाँसको बिउ/बेर्ना खरिद, ढुवानी र वितरण

(च) हिट सान्क्रोनाइजेशन तथा मौसमी कृत्रिम गर्भाधन सेवा सञ्चालन

(छ) व्यवसायिक बाख्रा फार्मका लागि ब्रडिजो क्यास्ट्रेटर र अन्य औजार/उपकरण खरिद

(ज) बाख्राको आन्तरिक तथा बाह्य परजिवी नियन्त्रण र पशु उपचार

(झ) पशु खोप सेवा र प्रयोगशाला सेवा सञ्चालन

(ञ) क्षमता विकास तालिम, आन्तरिक अवलोकन भ्रमण र अन्तरकृया गोष्ठी

(ट) प्रगति प्रतिवेदन, अभिलेखिकरण र तथ्याङ्क अध्यावधिकका लागि प्राबिधिक सहजकर्ता परिचालन ।

(ठ) स्थान बिषेशको आवश्यकताका आधारमा सम्बन्धित कार्यालयले उचित ठानेका बाख्रापालन प्रवर्द्धनमा सहायक हुन सक्ने अन्य कार्यक्रमहरु ।

**(६) अनुदान प्रवाहका शर्तहरुः**

(क) प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा दर्ता/अभिलेखित भएका साझेदारहरु संग मात्र यो कार्यक्रम सञ्चालनका लागि साझेदारी गरिनेछ ।

(ख) अनुदान प्राप्त गर्ने साझेदारले कम्तिमा दश वर्ष सम्म श्रोतकेन्द्र सञ्चालन गर्नु पर्नेछ ।

(ग) सम्बन्धित साझेदारले स्वच्छ उत्पादन विधि (Hygienic Code of Practice) परिपालन गर्न मन्जुर हुनु पर्नेछ ।

(घ) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असुल उपर र कार्वाही हुनेछ ।

(ङ) सम्भावित साझेदारले कर चुक्ता गरेको, स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ ।

(च) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाको नियमित लेखा परीक्षण भएको हुनु पर्नेछ ।

(छ) श्रोत केन्द्र स्थापना पश्चात बार्षिक कम्तिमा पाँच शय वटा प्रजनन योग्य बाख्राको बेचबिखन भएको हुनेछ ।

(ज) प्रत्येक श्रोत केन्द्रमा कम्तिमा पचास जना कृषक आबद्ध भै प्रत्येक कृषकले कम्तिमा पच्चिस वटा प्रजनन योग्य बाखा पालन गरि बाख्रा श्रोत केन्द्रको हकमा एक हजार दुई शय पचास वटा प्रजनन योग्य बाख्रा पालन गरेको हुनु पर्नेछ ।

(झ) श्रोत केन्द्रका राम्रो गुणस्तर तथा उत्पादन क्षमता भएका स्वस्थ्य पशुहरुको छनौट र ट्यागिङ्ग गरी अभिलेख राख्नु पर्नेछ ।

(ञ) साझेदारले हरेक महिना तोकिए बमोजिमको ढाँचामा प्रगति पठाउनुपर्नेछ।

(ट) पशुको गोठ निर्माण गर्दा हावापानी सुहाउँदो, बैज्ञानिक, सफा र हावादार हुनु पर्नेछ ।

(ठ) श्रोत केन्द्रमा भएका पशुहरुमा असल व्यवस्थापन अभ्यास, परजिवी नियन्त्रण, पशु खोप आदि अवलम्बन गरि सो को विवरण अध्यावधिक गरि राख्नु पर्नेछ ।

(ड) श्रोत केन्द्रमा आवद्ध सबै सदस्यहरुले घाँसमा आधारित पशुपालनको लागि मौसम र सम्भावना अनुसारका हिउँदे, वर्षे र वहुवर्षिय घाँस खेति तथा साईलेज प्रविधि अवलम्बन गर्नु पर्नेछ ।

(ढ) श्रोत केन्द्रमा आबद्ध कृषकहरुले बाख्राको अनिवार्य रुपमा विमा गरेको हुनु पर्नेछ ।

**(७) बाख्राको श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालनको अनुगमन फर्मेट**

(१) जिल्लाः

(२) श्रोत केन्द्रको नाम र ठेगानाः

(३) कार्यक्रम सञ्चालन संस्थाको नाम र ठेगानः

(४) कार्यक्रम सञ्चालन भएको मितिः

(५) कृषक सहयता कोष स्थापना भएको मितिः

(६) **कोषको आम्दानी विवरणः**

(**क**) सम्बन्धित कार्यालयबाट प्राप्त रकम रु.

(**ख**) साझेदार संस्थाबाट प्राप्त रकम रु.

(**ग**) अन्य संस्थाबाट प्राप्त रकम रु.

(**घ**) सेवा शुल्कबाट प्राप्त रकम रु.

(**ङ**) बैंकमा जम्मा गरेको कोषको रकमबाट प्राप्त ब्याज रकम रु.

(**च**) अन्य श्रोतबाट प्राप्त भएको रकम रु.

**कुल जम्मा रकम रु.**

(७) हालसम्मको खर्च रु.

(८) कोषमा बाँकी मौज्दात रु.

(९) कोषबाट हालसम्म सहयोग प्राप्त गर्ने जम्म कृषक संख्याः

(१०) कोषमा हालसम्म सहयोग गर्ने संस्थाको नाम र ठेगानाः

(११) स्थान अनुसार खोरको बनावट र वैज्ञानिक भएको वा नभएको बारेमा विवेचनाः

(१२) अन्य सुझाव केहि भएः

निरीक्षण कर्ताको नामः
पदः
मितिः

संस्थाको अधिकारीक प्रतिनिधिको नामः
पदः
मिति

## (८) बाखाको बृहत्तर पकेट कार्यक्रमको प्रगति विवरण

..................महिना/चौमासिक/अष्ठमासिकको लक्ष्य र प्रगति

संस्थाको नामः
टेलिफोन सम्पर्क नम्वरः
ठेगानाः जिल्ला
गाउपालिका/नगरपालिका
वडा नं.
गाउं/टोल
आ.व.
महिना

प्रगति प्रतिवेदन अवधिः मासिक/अर्धवार्षिक/वार्षिक

| क्र. सं. | कार्यक्रम विवरण | इकाई | बार्षिक लक्ष्य | बार्षिक बजेट | चौमासिक लक्ष्य | चौमासिक बजेट | यस महिनाको प्रगति | यस महिनाको खर्च | चौमासिक प्रगति | चौमासिक खर्च | हाल सम्मको प्रगति | हालसम्मको खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |

वित्तिय प्रगति प्रतिशतः ..... %, भारित प्रगतिः .......... % भौतिक प्रगतिः ..............%

**(९) सहजकर्ताको संग गरिने सम्झौता पत्र**

आज मिति.......................मा जिल्ला..................गाउँपालिका/नगरपालिकामा संचालित बाख्राको श्रोत कार्यक्रम अनुसार कार्य गर्न बाख्राको पकेट कार्यक्रम कार्यान्वयन समिति (यस पछि पहिलो पक्ष भनिने) र जिल्ला.................. गाउँपालिका/नगरपालिका.......... वडा नं. .......... मा वस्ने श्री................ (यस पछि दोश्रो पक्ष भनिने) बीच तपसिलमा उल्लेखित शर्तहरुमा रहि सम्झौता गरि लियौं/दियौ । इति सम्बत ........ साल ........ महिना ....... गते ....... रोज शुभम् ।

**तपसिलः**

(१) दोश्रो पक्षले पहिलो पक्षद्वारा दिइएको निर्देशन अनुसार सहजकर्ताको रुपमा बाख्राको श्रोत केन्द्र विकासमा सेवा गर्नु पर्नेछ ।

(२) दोश्रो पक्षले कृषकहरुमा प्रविधि अनुसरण लगायत खोर व्यवस्थापन, पशु आहारा, नश्ल सुधार, पशु स्वास्थ्य सेवा, प्रयोगशाला सेवा तथा बजार व्यवस्थापनको कार्यहरुमा सहजिकरण गर्नु पर्नेछ ।

(३) दोश्रोपक्षले बाख्राको केन्द्रमा आवद्ध कृषकहरुको तथ्याङ्क संकलन गरि अभिलेख व्यवस्थापन गर्नुपर्नेछ ।

(४) दोश्रो पक्षले मासिक रुपमा पहिलो पक्षलाई प्रगति विवरण पेश गर्नु पर्नेछ ।

(५) दोश्रो पक्षले श्रोत केन्द्रमा आवद्ध कृषकहरुको समस्याहरुको पहिचान गरि दोश्रो पक्षलाई बुझाउनु पर्नेछ ।

(६) दोश्रो पक्षले प्रविधिको अनुशरणका लागि कृषकहरुलाई सदैव अभिप्रेरित गर्नु पर्नेछ ।

(७) यो सम्झौता मिति ...................देखि ..................... सम्मको लागि मात्र हुनेछ ।

(८) सहजकर्ताको मासिक पारिश्रमिक वापत प्रति महिना रु. ...............उपलब्ध गराईनेछ ।

(९) दोश्रो पक्षको काम संतोषजनक नभएमा पहिलो पक्षले सम्झौता रद्द गर्न सक्नेछ ।

(१०) दुवै पक्षको समझदारीमा अन्य सेवा शर्तहरु थप गर्न सकिनेछ ।

| | |
|---|---|
| प्रथम पक्षः | दोश्रो पक्षः |
| नामः | नामः |
| पदः | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| कार्यालयको छापः | औंठाको छापः |

रोहवर

नामः

पदः

दस्तखतः

**(१०) व्यवसायीक योजनाः** सम्बन्धित कार्यालयले तोकिए बमोजिम हुनेछ ।

**(११) स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरुः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु अनुसार हुनेछ

**(१२) व्यवसायिक योजना मूल्याङ्कनका आधारहरुः** पशुजन्य उत्पादन, विविधिकरण र बजारीकरण कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु अनुसार हुनेछ ।

**(१३) प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः** बंगुर र बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको फारम अनुसार हुनेछ ।

**(१४) प्रजननयोग्य माउ बाख्रामा हुनुपर्ने गुणहरुः**

(क) दुई वा दुई भन्दा बढी पाठापाठी जन्माउने माउ बाख्राको सन्तान हुनुपर्ने ।

(ख) माऊ बाख्राको माऊ (Dam) र बाऊ(Sire) बीच नाता नभएको हुनु पर्ने ।

(ग) पहिलो पटक व्याउने उमेर बढीमा सत्र महिना हुनुपर्ने ।

(घ) दुई वर्षमा तिन पटक व्याउने विशेषता भएको हुनुपर्ने ।

(ङ) छनौट गरि बथानमा राखिने बाख्राको जात अनुसारको जातिय गुण प्रष्ट देखिने हुनुपर्ने ।

(च) राम्रो दूध उत्पादन तथा पाठापाठी हुर्काउन सक्ने क्षमता भएको, लामो खुट्टा, मिलेको शारिरीक वनावट तथा कल्चौडो र थुन मिलेको हुनुपर्ने ।

(छ) शारिरीक वनावटमा कुनै खोट नभएको, प्रजनन् तथा अन्य रोग नभएको हुनुपर्ने ।

(ज) छनौट गर्ने बाख्राले स्थानिय हावापानी सहन सक्ने र स्थानिय रुपमा उपलब्ध घाँसपात उपयोग गर्ने खालको हुनु पर्दछ ।

**(१५) प्रजनन् बोकामा हुनुपर्ने गुणहरुः**

(क) दुई वा दुई भन्दा बढी पाठापाठी जन्माउने माउ बाख्राको सन्तान हुनुपर्ने ।

(ख) बोकाको माऊ र बाऊ बीच नाता नभएको हुनुपर्ने ।

(ग) प्रजननको लागि छनौट गरिने बोका राम्रो दूध दिने माउबाट जन्मेको हुनुपर्ने ।

(घ) आफ्नो दौतरीहरुको भन्दा बढी शारिरीक वृद्धि दर भएको हुनुपर्ने ।

(ङ) छनौट गरि बथानमा राखिने बोकाको जात अनुसारको जातीय गुण प्रष्ट देखिने हुनुपर्ने ।

(च) दुवै अण्डकोष राम्रोसँग विकास भएको र एकै आकार प्रकारको हुनुपर्ने ।

(छ) फुर्तिलो, दानापानी रुचाएर खाने, छाला र रौं सफा तथा चम्किलो एवं उमेर अनुसार शारिरिक वृद्धि भएको हुनुपर्ने ।

(ज) चौडा छाती, सिधा तथा बलियो खुट्टा तथा टाउको र गर्दनको अनुपात मिलेको हुनुपर्ने ।

(झ) प्रजनन सम्बन्धि रोग तथा अन्य रोगहरुबाट मुक्त हुनुपर्ने ।

## ४८. कार्यक्रमको नामः मिल्क एनालाईजर वितरण कार्यक्रम

**(१)** **उद्देश्यः** मिल्क एनालाईजर वितरण कार्यक्रम संचालनको उद्देश्य देहाय बमोजिम रहेको छः

(क) स्वच्छ सफा दुध उत्पादनमा सहयोग पुऱ्याउने ।

(ख) कृषकहरुलाई उत्पादनको उचित मूल्य प्राप्त गर्नमा सहयोग गर्ने ।

(ग) दुध खरिद र बितरण प्रणालीमा बैज्ञानिक पद्धति लागु गर्ने ।

**(२)** **अनुदान रकम उपयोग गर्न सकिने कार्यहरुः**

(क) मिल्क एनालाईजर मेशिनखरिदतथाजडान

(ख) कम्पुटर/प्रिन्टर

**(३)** **अनुदान प्रवाहका शर्तहरुः**

(क) सूचना प्रकाशन हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्था, व्यवसायीक संघ/संस्था, कम्पनी, फर्म,उद्यमी यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(ख) विगत तिन वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गतका निकाय वा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सोही प्रकृतिको कार्यक्रममा अनुदान प्राप्त गरेको आवेदक पूनः अनुदानको लागि योग्य हुने छैन ।

(ग) अनुदान प्राप्त गर्ने प्रस्तावकले कम्तिमा दश वर्ष सम्म व्यवसाय संचालन गर्नु पर्नेछ ।

(घ) लिजको जग्गा भएमा जग्गा धनि संग कम्तिमा दश वर्षको करारनामा वा सम्झौता गरेको हुनुपर्नेछ ।

(ङ) सडक रविद्युतकोसुविधा भएको हुनु पर्नेछ ।

(च) कार्यक्रम संचालन गर्न सामाजिक, वातावरणिय, प्राविधिक, वित्तिय र भौगोलिक रुपले समेत उपयुक्त हुनु पर्नेछ ।

(छ) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाको नियमित लेखा परीक्षण भएको हुनु पर्नेछ।

(ज) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असु उपर र कारवाही हुनेछ ।

(झ) नियम अनुसार सरकारी निकायमा दर्ता भएको, कर चुक्ता गरेको र स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ ।

(ञ) दैनिक कम्तिमा पाँच शय लिटर दूध संकलन गरेको हुनु पर्नेछ ।

(ट) दूध चिस्यान गर्ने व्यवस्था गरेको हुनु पर्नेछ ।

(ठ) प्रस्तावकले लागत साझेदारी गर्ने प्रतिबद्धता गरेको हुनु पर्नेछ ।

(ड) अनुदानमा उपलब्ध गरिएको यन्त्र उपकरणहरु अन्य कार्यमा प्रयोग गर्न पाईने छैन ।

(ढ) तालिम, भ्रमण, गोष्ठी तलब भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन ।

(४) **व्यवसायीक योजनाः** सम्बन्धित कार्यालयले तोकेबमोजिम हुनेछ ।

(५) **स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरुः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरणमूल्याङ्कनका आधारहरु अनुसार

(६) **व्यवसायीक योजनामूल्यांकनका आधारहरुः**

| **मूल्यांकनका आधारहरु अँक** | **२०** | **१५** | **१०** | **५** |
|---|---|---|---|---|
| कारोबारको उमेर वर्ष | १० भन्दा बढी | ८ देखि १० | ५ देखि ८ | ५ भन्दा कम |
| दुध संकलन परिमाण दैनिक लिटर | २००० वा सो भन्दा माथि | १५०० देखि २००० सम्म | १००० देखि १५०० सम्म | ५०० देखि १००० सम्म |
| चिलिंग भ्याटको क्षमता | २००० लीटर सम्मको | १५०० लीटर सम्मको | १००० लीटर सम्मको | ५०० लीटर सम्मको |
| दुग्ध पदार्थ विविधिकरण | ५ भन्दा बढी उत्पादन | ४ सम्म | ३ सम्म | २ सम्म |
| दैनिक दुध संकलन गर्ने कृषक संख्या | १०० भन्दा बढी | ७५ देखि ९९ | ५० देखि ७४ | ५० भन्दा कम |

(७) **प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः** बंगुर र बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको फारम अनुसार हुनेछ ।

## ४९. कार्यक्रमको नामः व्यवसायिक बँगुर फार्मखोर निर्माण/सुधार तथा जैविक सुरक्षा कार्यक्रम

*(१)* **उद्देश्यः**

*(क)* बंगुरपालन ब्यबसाय मार्फत आयआर्जन एवं स्वरोजगार प्रवर्द्धन गर्ने ध्येयले स्वच्छ वातावरणमा स्वस्थ बँगुरपालनलाई प्रश्रय दिइ गुणस्तरिय मासु उत्पादन सुनिश्चित गर्ने तथा छाडा बंगुरपालनलाई निरुत्साहित गर्ने ।

*(२)* **कार्यक्रममा समावेशको लागि मापदण्डः**

(ख) यस कार्यक्रममा सहभागी हुने बँगुर पालक कृषक/फार्म/व्यवसायिले पहाडी क्षेत्रको हकमा पाठापाठी उत्पादन प्रयोजनले कम्तिमा पाँच वटा भुनी वा मासु उत्पादन प्रयोजनले कम्तिमा दश वटा बँगुर पालेको हुनु पर्नेछ भने तराई क्षेत्रको हकमा पाठापाठी उत्पादन प्रयोजनले कम्तिमा दश वटा भुनी वा मासु उत्पादन प्रयोजनले कम्तिमा बीस वटा बँगुर पालेको हुनु पर्नेछ ।

*(३)* **अनुदान रकमबाट संचालन गर्न सकिने क्रियाकलापहरुः**

(१) बँगुरको खोर निर्माण र सुधार गर्न ।

(२) बँगुर फार्ममा आवश्यक पर्ने औजार/उपकरण खरिद गर्न।

(३) बँगुर फार्ममा बारबंदेज र जैविक सुरक्षाको प्रबन्ध गर्न ।

(४) बँगुर फार्ममा बायोग्याँस निर्माण तथा फोहर व्यवस्थापन गर्न ।

(५) बँगुर फार्ममा पानिको व्यवस्था, विद्युतिय मोटर र नमासिने प्रकृतिका सरसफाई सामग्रीखरिद गर्न।

## ५०. कार्यक्रमको नामः व्यवसायिक गाईभैंसी फार्महरुलाई गोठ निर्माण/सुदृढिकरण तथा जैविक सुरक्षा कार्यक्रम

(१) यस कार्यक्रम संचालन प्रयोजनको लागि व्यवसायी गाईभैंसी पालन फार्मको बर्गिकरण निम्न बमोजिम हुनेछ ।

(२) साना व्यवसायीक गाईभैंसी पालन फार्मः पाँच देखि दश वटासम्म उन्नत दुधालु गाईभैंसी पालन गरी दूध उत्पादन र बेचबिखन गर्ने गरेको ।

(३) मझौला व्यवसायीक गाईभैंसी पालन फार्मः एघार देखि तिस वटासम्म उन्नत दुधालु गाईभैसी पालन गरी दूध उत्पादन र बेचबिखन गर्ने गरेको ।

(४) ठूला व्यवसायीक गाईभैसीपालन फार्मः तिस भन्दा बढि उन्नत दुधालु गाईभैंसी पालन गरी दूध उत्पादन र बेचबिखन गर्ने गरेको ।

(क) कार्यक्रम सन्चालनका लागि उपलब्ध गराईने आर्थिक सहयोग निम्न बमोजिम हुनेछ ।

(१) साना व्यवसायीक गाईभैसी पालन फार्मलाई कार्यक्रम सन्चालनका लागि कृषक/फार्म/व्यवसायी बढीमारु. दुई लाख सम्म आर्थिक सहयोग प्रदान गरिनेछ ।

(२) मझौला व्यवसायीक गाईभैंसी पालन फार्मलाई कार्यक्रम सन्चालनका लागि प्रति कृषक/ फार्म / व्यवसायीक बढीमा रु. तिन लाख सम्म आर्थिक सहयोग प्रदान गरिनेछ ।

(३) ठूला व्यवसायीक गाईभैंसी पालन फार्मलाई कार्यक्रम सन्चालनका लागि प्रति कृषक/फार्म/व्यवसायीक बढीमा रु. पाँच लाख सम्म आर्थिक सहयोग प्रदान गरिनेछ ।

(ख) **अनुदान रकमबाट गर्न सकिने कार्यहरुः**

(१) गोठ निर्माण/सुधार तथा फार्मको बारबन्देज र जैविक सुरक्षा आदि ।

(२) पशु प्रजनन्, पशु आहारा तथा अन्य व्यवस्थापकिय कार्यमा सहयोग पुग्ने मेशिनरी औजारहरु जस्तै कृत्रिम गर्भाधान उपकरण, ग्राईण्डर, च्याफकटर, काउ म्याट, मिल्क क्यान, व्हील ब्यारो आदि खरिद ।

(३) पशु प्रजनन्, पशु आहारा तथा अन्य व्यवस्थापकिय कार्यमा सहयोग पुग्ने मेशिनरी औजारहरु जस्तै कृत्रिम गर्भाधान उपकरण, ग्राईण्डर, च्याफकटर, काउ म्याट, मिल्क क्यान, व्हील ब्यारो आदि खरिद ।

(४) मिल्किङ्ग मेशिन/मिल्किङ्ग पार्लर/फोरेज बल्क मेशिन/ यू.एम.एम.बी.मेशिन/विद्युतिय फिडर/साइलोपिट/ डिप बोरिङ्ग/चिलिङ्ग भ्याट/पाश्चुराईजर आदी खरिद तथा जडान ।

## ५१. कार्यक्रमको नामःव्यवसायिक बाख्राफार्महरुलाई खोर निर्माण/ सुधार तथा जैविक सुरक्षा कार्यक्रम

(क) निजी व्यवसायीक बाख्रापालन फार्मः कम्तिमा बीस वटा प्रजनन् योग्य माउबाख्रापालन गरेको फार्म ।

(ख) सामुहिक व्यवसायीक बाख्रापालन फार्मः बाख्रापालक कृषक समूह/समितिमा आबद्ध भएका र प्रति समूह कम्तिमा दश जना सदस्यभै प्रति सदस्य कम्तिमा दश वटा प्रजनन् योग्य माउबाख्रा पालन गरेको वा सो संख्यामा बाख्रापालन गरी व्यवसाय शुरु गर्ने फार्म ।

(ग) सहकारीव्यावसायिक बाख्रा पालन फार्मः कम्तिमा पच्चिस जनासदस्यहरु सहकारीमा आबद्ध भएका र प्रति सदस्य कम्तिमा दश वटा प्रजनन् योग्य माउबाख्रा पालन गरेका फार्म ।

(१) निजी, सामूहिक वा सहकारी व्यवसायिक बाख्रापालन फार्मलाई निम्न कृयाकलाप संचालनका लागि अधिकतम रु. दुईलाखअनुदान सहयोग प्रदान गरिनेछ।

(क) बाख्राको खोर निर्माण/सुधार ।

(ख) फार्मको जैविकसुरक्षाको लागि बारबन्देज ।

(ग) डिपिङ्ग ट्याङ्क निर्माण ।

(घ) घाँस विकास तथा नर्सरी स्थापना ।

(ङ) प्रजनन् बोकाखरिद तथा कृ.ग. व्यवस्थापन ।

(च) फार्म व्यवस्थापनमा आवश्यक औजार उपकरण खरिद ।

## ५२. कार्यक्रमको नामः अण्डा उत्पादन गर्ने व्यवसायीक कुखुरा फार्महरुलाई जैविक सुरक्षा तथा खोर निर्माण/सुधार कार्यक्रम

(१) कम्तिमा दूई हजार वटा लेयर्स कुखुरा पालन गरिरहेको कुखुरापालक कृषक/फार्म/व्यवसायीलाई मात्र कार्यक्रममा समावेस गरिनेछ

(२) छनौट हुने साझेदारले संघीय सरकारबाट जारी भएको "व्यवसायीक पंक्षी फार्म तथा ह्याचरी संचालन निर्देशिका, २०७१" का प्रावधानहरु अवलम्बन गर्नु पर्नेछ ।

(३) **यस कार्यक्रम अन्तर्गत प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ ।**

(क) कुखुराको खोर निर्माण/सुधार ।

(ख) व्यवसायिक कुखुरा पालन फार्ममा आवश्यक पर्ने औजार/उपकरण खरिद र जडान ।

(ग) कुखुरा फार्ममा बारबंदेज र जैविक सुरक्षाको प्रबन्ध ।

(घ) व्यवसायिक कुखुरापलन फार्मबाट निस्कने फोहर व्यवस्थापन आदि ।

## ५३. कार्यक्रमको नामः मोटर सहितको च्यापकटर मेशिन वितरण कार्यक्रम

(क) मोटर सहित को च्यापकटर मेशिन वितरण गर्दा व्यवसायीक पशुपालनमा "असल आहारा व्यवस्थापन अभ्यास" अनुशरण गरि घाँस कम खेर जाने पद्धति अवलम्बन गर्नेलाई प्राथमिकता दिईनेछ ।

(ख) छनौट गरिने कृषक/फार्म/व्यवसायीले गाई/भैसीको हकमा कम्तिमा पाँच वटा वयस्क गाईभैसी, बाख्राको हकमा कम्तिमा बीस वटा माउ बाख्रार मासुको लागि पाडापालन गर्नेको हकमा कम्तिमा दश वटा पाडापालन गरेको हुनु पर्नेछ ।

## ५४. कार्यक्रमको नामःमासुपसल निर्माण/सुधार कार्यक्रम

**(१) कार्यक्रम सन्चालन प्रक्रिया :**

(क) मासु पसल निर्माण/सुधार कार्यक्रम सन्चालन गर्दा मासु को कारोबारमा संलग्न वा यसलाई व्यवस्थित गर्न चाहने स्थानिय निकाय, मासुव्यवसायी संघ/समिती, कृषक समुह/समितिर मासु उद्यमी, निजी उद्यमिहरुलाई प्राथमिकता दिइनेछ ।

(ख) मासु पसल निर्माण/सुधारको कार्यक्रम सकभर नगरपालिका, नगरोन्मुख बस्तिहरु तथा घना आवादीयुक्तव्यापारिक केन्द्रलाई लक्षित गरी संचालन गरिनेछ ।

(ग) यस कार्यक्रम अन्तर्गत निर्माण/सुधार गरिने मासु पसल स्थानिय निकाय वा नियमानुसारका सरकारी निकायमा आधिकारिक दर्ता र नविकरण हुनु पर्नेछ ।

(घ) मासु पसल निर्माण/सुधार कार्यक्रममा सहभागी हुने आवेदकले दैनिक कम्तिमा बीस किलो मासु वा मासुजन्य पदार्थ बिक्रि वितरण गरिरहेको हुनु पर्नेछ ।

(ङ) मासु पसल निर्माण/सुधार कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ ।

(१) मासु पसलको कोठा बनाउन,भित्ता र भुईमा टायल लगाउन वा मार्वल विछ्याउन ।

(२) मासु, मासुजन्य पदार्थ र माछा भण्डारणको लागि डिप फ्रिज,फ्रिज आदिको व्यवस्था ।

(३) पशुपन्छी बध गर्दा निस्कने फोहोर व्यवस्थापन ।

(४) पशुपन्छी काटने,भुत्ल्याउने र सफा गर्ने स्ल्याव (टेबुल) निर्माण ।

(५) स्वच्छ पिउने पानीको व्यवस्था (ओभरहेड टयांकी स्थापना, पाईप फिटिङ्ग, पानी तान्ने मोटर जडान आदि)

(६) उपकरण खरिद जस्तैः मासु झुण्डयाउने हुक, स्टेनलेस स्टील टेबल, चपिङ्ग टेबल, चक्कुहरु, डिजिटल तराजु, अचानो आदी ।

(७) विभिन्न जातका पशुपन्छीको मासु अलग अलग राखी बेच्नका लागी शिशाको पार्टिशन ।

(८) शौचालय र वासिङ्ग वेसिन निर्माण/सुधार ।

(९) पसल अगाडीको आँगन र ग्राहक बस्ने स्थान निर्माण/सुधार।

(च) सुधारिएको मासु पसलको सामान्य स्वरुप पशु बधशाला तथा मासु जाँच ऐन, नियमावली र प्राबिधिक निर्देशिकामा तोकिए बमोजिम हुनेछ । तर स्थान विषेशको आवश्यकता मुताविक सम्बन्धित कार्यालयको परामर्श लिई सामान्य परिमार्जन सहितको मासु पसल निर्माण/सुधारमा लागत साझेदारी गर्न बाधा पर्ने छैन ।

## ५५. कार्यक्रमको नामःडेरी पसल निर्माण/सुधार कार्यक्रम

**(१) कार्यक्रम संचालन पकृयाः**

(क) डेरी पसल निर्माण/सुधार कार्यक्रम सन्चालन गर्दा दुग्ध उत्पादन, संकलन र बिकि वितरणमा संलग्न सहकारी संघ/संस्था, कृषक समुह/समिति,डेरी उद्योग, व्यवसायिक फर्म, कम्पनी र निजीउद्यमीहरुलाई प्राथमिकता दिइनेछ ।

(ख) डेरी पसल निर्माण/सुधार कार्यक्रम सकभर नगरपालिका, नगरोन्मुख बस्तिहरु तथा घना आवादीयुक्त व्यापारिक केन्द्रलाइ लक्षित गरी संचालन गरिनेछ ।

(ग) डेरी पसल निर्माण/सुधार कार्यक्रममा सहभागी हुने आवेदकले कम्तिमा दैनिक एक शय लिटर दुध वा सोबराबरको दुग्धजन्य परिकार बिकि वितरण गरिरहेको हुन पर्नेछ ।

(घ) डेरी पसल निर्माण/सुधार कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ ।

(१) बिकि कक्ष निर्माण, टायल/मार्वल फिटिङ्ग, सिटिङ्ग एरेन्जमेन्ट आदि ।

(२) मिल्क क्यान, मिल्क कन्टेनर, फ्रिज वा डिप फ्रिज खरिद ।

(३) भेण्डिङ्ग मेशिन, कफि मेशिन, डिजिटल डिस्प्ले खरिद र जडान ।

## ५६. कार्यक्रमको नामःव्यवसायीक वाखा फार्महरुमा डिपिङ्ग ट्याङ्क निर्माण कार्यक्रम

**(१) कार्यक्रम सन्चालन प्रकृयाः**

(क) यस कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यलयले प्रदान गर्ने अनुदान रकम डिपिङ्ग ट्याङ्कको भौतिक संरचना निर्माण कार्यमा मात्र खर्च गर्नु पर्नेछ ।

(ख) साझेदारिमा डिपिङ्ग ट्याङ्क निर्माणका लागि छनौट गरिने व्यवसायिक फार्म र तिनले पालना गर्नुपर्ने शर्तहरु निम्न बमोजिम हुनेछ ।

(१) छनौट गरिने व्यवसायिक बाखापालन फार्ममा कम्तिमा बीस वटा प्रजनन् योग्य माउ वाखा भएको हुनु पर्नेछ ।

(२) डिपिङ्ग ट्याङ्कनिर्माण गरिने स्थल प्राविधिक दृष्टिकोणवाट उपयुक्त हुनु पर्नेछ ।

(३) फार्ममा जैविक सुरक्षा (Bio Security) का उपायहरु अवलम्वन गर्नु पर्नेछ ।

(४) छनौट गरिएका फार्महरुमा भएका प्रजनन् योग्य वोका र माउ वाखाको छनौट तथा ट्यागिङ्ग गर्ने, कमसल बोकाहरुलाई क्याष्ट्रेशन र पाठीहरुलाई हटाउने गर्नु पर्नेछ ।

(५) फार्ममा वर्षमा पटक पटक वाह्य परजिवी नियन्त्रण गर्नु पर्नेछ ।

(६) वाखापालन फार्ममा अनिवार्य रुपले पी.पी.आर. विरुद्धको खोप लगाएको हुनु पर्नेछ।

(७) बाखाहरुको बीमा गरेको हुनु पर्नेछ ।

(८) मिल्क डिस्पेन्सर खरिद, डेरी पसलको सजावट आदि ।

## ५७. कार्यक्रमको नामःसामुदायीक वन तथा खेर गएको जग्गामा घाँस खेति विकास कार्यक्रम

***(१)* कार्यक्रम संचालन प्रकृयाः**

(क) सामुदायीक वन क्षेत्र भित्र कम्तिमा पाँच हेक्टर जग्गामा घाँस विकास गरेको हुनु पर्नेछ ।

(ख) यस कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ ।

(१) डाँले घाँसको विरुवा खरिद र रोपण ।

(२) हिउँदेघाँसको बिऊ खरिद र वितरण ।

(३) बर्षे घाँसको बिऊ खरिद र बितरण ।

(४) बहुवर्षिय घाँसको बिऊ/बेर्ना/स्लीप/सेट्स खरिद र बितरण ।

(५) घाँसको नर्सरी/श्रोतकेन्द्र स्थापना ।

(६) घाँस खेतिमा सिंचाई व्यवस्थापन ।

(७) घाँस खेतिको लागि आवश्यक पर्ने मेशिन औजार र उपकरण खरिद ।

(८) घाँस खेति गरिएको क्षेत्रको घेरवार र जैविक बारबन्देज ।

*(२)* कार्यक्रम संचालनको लागि उपलब्ध गराउने अनुदान रकमः बढीमा पाँच लाख सम्म ।

**(३) व्यवसायीक योजनाः** सम्बन्धित कार्यालयले तोकेबमोजिम हुनेछ

**(४) स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरुः**बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु अनुसार हुनेछ ।

**(५) ब्यवसायिक योजना मूल्याङ्कनका आधारहरुः** पशुजन्य उत्पादन, विविधिकरण र बजारीकरण कार्यक्रमको लागि तोकिएको फारम अनुसार हुनेछ ।

**(६) प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः** बंगुर र बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको फारम अनुसार हुनेछ ।

## ५८. कार्यक्रमको नामःउन्नत घाँस खेतिको आधारमा अनुदान कार्यक्रम

***(१)* कार्यक्रम संचालन प्रकृयाः**

(क) पशु आहारा प्रयोजनको लागि खेति गरिएको बहुवर्षिय घाँसको क्षेत्रफलको आधारमा प्रति हेक्टर रु. पच्चिस हजार सम्म अनुदान उपलब्ध गराईनेछ ।

(ख) बिऊ उत्पादन प्रयोजनको लागि घाँसखेति गरिएको हिउँदे/बर्षे/वहुवर्षिय घाँसको हकमा समेत क्षेत्रफलको आधारमा प्रति हेक्टर रु. पचास हजार सम्म अनुदान दिन सकिनेछ तर यस्तो अनुदान प्राप्त गर्नका लागि सम्बन्धित कार्यालयसंग पहिला नै कन्ट्याक्ट फार्मिङ्गको सम्झौता गरेको हुनु पर्नेछ ।

## ५९. कार्यक्रमको नामःसाईलेज घाँस प्रयोजनको लागि मकै घाँस खेतिमा अनुदान कार्यक्रम

***(१)* कार्यक्रम संचालन प्रकृयाः**

**(क)** पशु आहारा प्रयोजनको साईलेज बनाउनको लागि मकै घाँस खेति गरिएको क्षेत्रफलको आधारमा प्रति हेक्टर रु. बीस हजार सम्म अनुदान उपलब्ध गराईनेछ । कम्तिमा पाँच हेक्टर जग्गमा मकै घाँस खेति गरेको हुनु पर्नेछ ।

**(ख)** यस्तो अनुदान प्राप्त गर्नका लागि सम्बन्धित कार्यालयसंग पहिला नै कन्ट्याक्ट फार्मिङ्गको सम्झौता गरि घाँस खेति गरेको हुनु पर्नेछ ।

## ६०. कार्यक्रमको नामः व्यवसायीक बंगुर प्रवर्द्धन प्रादेशिक अभियान कार्यक्रम

**(१) उद्देश्यहरुः**

*(क)* बंगुर पालन क्षेत्रको व्यवसायीक रुपान्तरणमा सहयोग गर्ने।

*(ख)* छाडाबंगुर पालनलाईनिरुत्साहित गर्दै व्यवस्थित बंगुर पालन प्रवर्द्धन गर्ने ।

(ग) स्वच्छ, स्वस्थ एवं गुणस्तरिय पोर्क उत्पादन र बजारिकरणमा टेवा पुर्याउने ।

(घ) बंगुर पालन व्यवसायलाई आयआर्जनर स्वरोजगारप्रवर्द्धनको वैकल्पिक माध्यमको रुपमा स्थापित गराउने ।

(ङ) बंगुरको आन्तरिक बजार विस्तार र निकासी योग्य पोर्क उत्पादन प्रवर्द्धन गर्ने ।

**(२) कार्यक्रम सञ्चालन स्थान छनौटका आधारहरु :**

(क) सडक, संचार, पिउने पानी, बाटो र विजुली जस्ता भौतिक पूर्वाधारहरुको सुविधा भएको हुनु पर्नेछ ।

(ख) व्यवसायीक रुपमा बंगुर पालन फार्महरु सञ्चालनमा रहेको तथा बंगुर पालन विस्तारको सम्भावनायुक्त पकेट क्षेत्र भएको हुनु पर्नेछ ।

(ग) उत्पादित पाठापाठी र पोर्कको बजारीकरण हुन सक्ने संभाव्यतायुक्त क्षेत्र ।

**(३) अनुदान प्रवाहका शर्तहरुः**

(क) कार्यक्रम सञ्चालन सम्बन्धि सार्वजनिक सूचना प्रकाशन अगावै प्रचलित कानून बमोजिम आधिकारिक निकायमा दर्ता/अभिलेखित भएका व्यवसायीक बंगुर पालक कृषक /समूह /समित /सहकारी/फार्म/कम्पनी/व्यवसायीक संघ संस्था/निजी उद्यमी/व्यवसायिहरु यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(ख) भौतिक संरचनाको डिजाइन र लागत इष्टिमेट नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले गरेको हुनु पर्नेछ ।

(ग) विगत तिन वर्ष भित्र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र अन्तरगतका निकाय वा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तरगतका निकायहरुबाट सोही प्रकृतिको कार्यक्रममा अनुदान प्राप्त गरेको आवेदक पूनः अनुदानको लागि योग्य हुने छैन । तर अपूरो निर्माण कार्यलाई पूर्णता दिई सञ्चालनमा ल्याउन थप अनुदान आवश्यक रहेको वा थप सुधार आवश्यकता रहेको भन्ने प्राविधिक प्रतिवेदनको आधारमा पूनः अनुदान प्रदान गर्न बाधा पर्ने छैन।

(घ) अनुदान प्राप्त गर्ने प्रस्तावकले कम्तिमा दश वर्ष सम्म व्यवसाय सञ्चालन गर्नु पर्नेछ ।

(ङ) यस कार्यक्रममा सहभागी हुन चाहने आवेदक निम्न बमोजिमको बर्गिकरण अनुसारको संख्यामा बंगुर पालेको हुनु पर्नेछ।

(च) फार्म सञ्चालन गर्ने जग्गा लिजमा भाडाको भएमा दश वर्षको सम्झौता भएको हुनु पर्नेछ ।

(छ) सम्बन्धित साझेदारले फार्ममा जैविक सूरक्षाको प्रबन्ध र असल पशुपालन अभ्यास अवलम्बन गर्नु पर्नेछ ।

(ज) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम असुल उपर र कारवाही हुनेछ ।

(झ) प्रस्तावक नियम अनुसार सरकारी निकायमा दर्ता भएको, कर चुक्ता गरेको, स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कारवाहीमा नपरेको हुनु पर्नेछ ।

(ञ) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाको नियमित लेखा परीक्षण भएको हुनु पर्नेछ।

(ट) फार्मका गुणस्तरिय, उच्च उत्पादन क्षमतायुक्त स्वस्थ्य बंगुरहरुको छनौट, पहिचान र अभिलेखिकरण गरिएको हुनु पर्नेछ ।

(ठ) साझेदारले तोकिए बमोजिम बंगुर फार्मको अध्यावधिक विवरण चौमासिक रुपमा सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ ।

(ड) बंगुरको गोठ निर्माण गर्दा हावापानी सुहाउँदो, बैज्ञानिक, सफा र हावादार हुनु पर्नेछ ।

(ढ) वंगुर पालन फार्ममा असल पशुपालन र व्यवस्थापन अभ्यास अवलम्बन गर्नु पर्नेछ ।

(ण) साझेदारले पालिएका बंगुरहरुको सम्भव भए सम्म विमा गरेको हुनु पर्नेछ ।

**(४)** **ब्रिडर फार्मः**यो किसिमको बंगुर फार्मको बर्गिकरण देहाय बमोजिम हुनेछः-

*(क)* **साना व्यवसायीक बंगुर पालन फार्मः** पाठापाठी उत्पादन र बेचबिखन गर्ने प्रयोजनले पाँच देखि बी वटा सम्म माउ बंगुर पालन गरेको फार्म ।

*(ख)* **ठूला व्यवसायीक बंगुर पालन फार्मः** पाठापाठी उत्पादन र बेचबिखन गर्ने प्रयोजनले एक्काइस वटा भन्दा बढि माउ बंगुर पालन गरेको फार्म ।

**(५)** **फ्याटनर फार्मः**यो किसिमको बंगुर फार्मको बर्गिकरण देहाय बमोजिम हुनेछः-

*(क)* **साना व्यवसायीक बंगुर पालन फार्मः**मासु उत्पादन गर्ने प्रयोजनले दश देखि देखि तिस वटासम्म बंगुर पालन गरेको फार्म ।

*(ख)* **ठूला व्यवसायीक बंगुर पालन फार्मः**मासु उत्पादन गर्ने प्रयोजनले एकतिस वटा भन्दा बढि बंगुर पालन गरेको फार्म ।

**(६)** **फार्मको बर्गिकरण अनुसार उपलब्ध हुनेअनुदान रकम तथा अनुदान रकमवाट गर्न सकिने कार्यहरुः**

**(७)** साना व्यवसायीक बंगुर पालन फार्मलाई निम्न कार्यका लागि बढीमा रु. पाँच लाखसम्म अनुदान प्रदान गर्न सकिनेछ ।

(क) बंगुरको खोर निर्माण/सुधार ,

(ख) दाना बनाउने मेशिन खरिद र जडान,

(ग) बंगुर फार्ममा आवश्यक पर्ने औजार/उपकरण खरिद,

(घ) बंगुर फार्मको बारबंदेज र जैविक सुरक्षाको प्रबन्ध,

(ङ) बंगुर फार्ममा बायोग्याँस निर्माण तथा फोहर व्यवस्थापन,

(च) बंगुर फार्ममा खानेपानीको व्यवस्था, पानि तान्ने मोटर जडान र नमासिने, प्रकृतिका सरसफाईका सामग्रीहरु खरिद गर्न,

**(८)** ठूला व्यवसायीक बंगुर पालन फार्मलाई निम्न कार्यका लागि बढीमा रु. बिस लाखसम्म अनुदान प्रदान गर्न सकिनेछ ।

(क) बंगुरको खोर निर्माण/सुधार,

(ख) दाना बनाउने मेशिन खरिद र जडान,

(ग) बंगुर फार्ममा आवश्यक पर्ने औजार/उपकरण खरिद,

(घ) बंगुर फार्मको बारबंदेज र जैविक सुरक्षाको प्रबन्ध,

(ङ) बंगुर फार्ममा बायोग्याँस निर्माण तथा फोहर व्यवस्थापन,

(च) बंगुर फार्ममा खानेपानीको व्यवस्था, पानि तान्ने मोटर जडान र नमासिने, प्रकृतिका सरसफाईका सामग्री खरिद,

(छ) बंगुर ढुवानीको लागि सवारी साधन खरिद,

(ज) पोर्क उत्पादन, विविधिकरण र बजारिकरणका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार विकास, औजार/उपकरणखरिद र जडान

(९) **व्यवसायीक योजनाः** सम्बन्धित कार्यालयले तोकेबमोजिम हुनेछ ।

(१०) **स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरुः**बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु अनुसार हुनेछ ।

(११) **ब्यवसायिक योजना मूल्याङ्कनका आधारहरुः**पशुजन्य उत्पादन, विविधिकरण र बजारीकरणकार्यक्रमको लागि तोकिएको व्यवसायिक योजना मूल्याङ्कनका आधारहरु अनुसार हुनेछ ।

(१२) **प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः** बंगुर र बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको फारम अनुसार हुनेछ ।

## ६१. कार्यक्रमको नामः हुलाकीमार्ग लक्षित दुग्ध उत्पादन तथा बजारिकरण प्रबर्द्धन कार्यक्रम

(१) **उद्देश्यहरुः**

(**क**) स्थानीय जातका दुधालु पशुहरुको नश्ल सुधार गरी दूध उत्पादन र उत्पादकत्व बृद्धि गर्ने।

(**ख**) दुग्ध मूल्य श्रृंखलामा आधारित व्यापार/व्यवसाय तथा उद्योग प्रवर्द्धन मार्फत रोजगारी अभिबृद्धि गर्ने ।

(**ग**) गुणस्तरीय दूध तथा दुग्धजन्य उत्पादनको उपलब्धता सुनिश्चत गर्दै उपभोक्ता हित संरक्षणमा टेवा पुर्याउने ।

(**घ**) दूध तथा दुग्धजन्य पदार्थमा प्रादेशिक अत्मनिर्भरता हासिल गर्दै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने प्रादेशिक अभियानमा सहयोग गर्ने ।

(२) **कार्यक्रमको अबधिः**

(**क**) निश्चित क्षेत्र विशेषमा यो कार्यक्रम पाँच बर्ष सम्म सन्चालन गरिने छ र कार्यक्रमको प्रभावकारीताका आधारमा मनासिव ठहरे अन्य क्षेत्रमा समेत विस्तार गर्न सकिनेछ ।

(**ख**) पाँच बर्ष सम्म कार्यक्रम सन्चालन हुँदा पछिल्ला बर्षहरुमा सम्बन्धित सहभागिको आवश्यक्ता र कार्यक्रम प्रभावकारिताको आधारमा फलोअप कार्यक्रमहरुमा सहयोग प्रदान गरिनेछ ।

(ग) कार्यक्रमको प्रभावकारिताका आधारमा पछिल्ला वर्षहरुमा आवस्यक्ता मुताविक फलोअपका कार्यक्रमहरु सन्चालित हुनेछ भने उपलब्ध श्रोत साधनको आधारमा नयाँ क्षेत्रतहहरुमा समेत कार्यक्रम विस्तार गर्न सकिनेछ ।

**(३) कार्यक्रम कार्यान्वयनका लागि सहभागि छनौटका आधारहरु**

(क) हुलाकी मार्ग लक्षित दुग्ध उत्पादन तथा बजारिकरण प्रबर्द्धन कार्यक्रम सन्चालन गर्नका लागि हुलाकी मार्ग एवं त्यसका सहायक मार्गले जोडिएका आसपासका क्षेत्रहरु समेटिने गरी कार्यक्रम संचालन हुनेछ ।

(ख) यी क्षेत्र/स्थानिय तहहरु छनौट गर्दा बिगत देखि संचालनमा रहेका गाईभैंसी पकेट क्षेत्रहरु वाव्यवसायिकरुपले दूध उत्पादन, विविधिकरण र बजारिकरणको सम्भावना बोकेका नयां क्षेत्रहरुमा पशु नश्ल सुधार, घाँसेवाली विकास, उत्पादित दूधको बजार, शहरीकरणको संभावना, पशु वस्तुहरुको हालको संख्या, दुध उत्पादनको परिमाण जस्ता विषयहरुलाई आधार बनाइने छ ।

(ग) कार्यक्रम कार्यान्वयनको सम्भावना बोकेका क्षेत्रहरुमा विगत देखि कृयाशिल रहेका दुग्ध उत्पादक सहकारी संघ/संस्थाहरु वा दूध उत्पादनमा संलग्न संगठित कृषक समूह/समितिहरु समेत यस कार्यक्रम अन्तर्गतको दूध उत्पादन प्रवर्द्धन कृयाकलाप सन्चालन गर्ने सम्भावित सहभागि हुन सक्नेछन् ।

(घ) कृषक समूह/समिति मार्फत कार्यक्रम सन्चालन भएमा सुरु बर्षको अन्त्य सम्म त्यस्ता समूह/समितिहरु दुग्ध उत्पादक सहकारी संस्थामा विधिवत रुपान्तरण भैसक्नु पर्नेछ।

**(४) अनुदान प्रवाहका शर्तहरुः**

(क) सूचना प्रकाशन हुनु अगावै प्रचलित कानून बमोजिम गठन र आधिकारिक निकायमा दर्ता भएका कृषक समूह/समिति/सहकारी संघ/संस्था हरु हुलाकि मार्ग लक्षित दूध उत्पादन कार्यक्रमका लागी योग्य मानिनेछन् भने दूधको कारोबारमा संलग्न फर्म/कम्पनी/उद्योग/सहकारी संघ/संस्थाहरु गुणस्तरिय दूधको संगठित बजारिकरण कार्यक्रम सन्चालनका लागि योग्य मानिनेछन् ।

(ख) अनुदान प्राप्त गर्ने सहभागिले कम्तिमा दश वर्ष सम्म व्यवसाय संचालन गर्नु पर्नेछ ।

(ग) सम्बन्धित सहभागिले स्वच्छ उत्पादन विधि (Hygienic Code of Practice)परिपालना गर्न मन्जुर हुनु पर्नेछ ।

(घ) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असु उपर र कारवाही हुनेछ ।

(ङ) नियम अनुसार सरकारी निकायमा दर्ता भएको, कर चुक्ता गरेको र स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ ।

(च) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाको नियमित लेखा परीक्षण भएको हुनु पर्नेछ।

(छ) कार्यक्रम संचालन पश्चात डेरी पकेटक्षेत्र/क्षेत्रहरुबाट कम्तिमा दैनिक दुई हजार देखि चार हजार लिटरदुध थप भई संगठित बजारमा आउनु पर्दछ।

(ज) कार्यक्रममा समेटिएका कम्तिमा दुई वटा उन्नत गाई/भैसी पालन गरिरहेको वा पाल्न सक्ने कृषकहरुलाई गोठ व्यवस्थापन, बायोग्यास निर्माण तथा पशु खरिद तथा ढुवानीको लागि रु. पचहत्तर हजार सम्म अनुदान उपलब्ध गराउनु पर्नेछ ।

(झ) दुध उत्पादन पकेट क्षेत्रका सहभागिले तोकिएको ढांचामा अभिलेख राख्नु पर्दछ।

(ञ) अनुदान प्राप्त गर्ने कृषकहरुले पशुहरुको अनिवार्य रुपमा विमा गरेको हुनु पर्नछ ।

**(५) अनुदान रकमबाट संचालन गर्न सकिने कार्यक्रमहरुः**

(क) कार्यक्रम सम्बन्धि अभिमुखिकरण गोष्ठी

(ख) गोठ निर्माण/सुधार, बायोग्यास निर्माण, उन्नत पशु खरिद तथाढुवानी अनुदान

(ग) कृत्रिम गर्भाधान कार्यक्रम संचालन तथा उपकरण खरिद

(घ) पशु आधारभूत तथ्याङ्क संकलन, सम्प्रेषण र प्रतिवेदन तयारी आहारा सेवा (उन्नत घाँसहरुको विउ खरिद तथा वितरण

(ङ) पशु स्वास्थ्य सेवा (खोप, परजिवी नियन्त्रण तथा भिटामिन/मिनरल वितरण)

(च) दुध संकलन केन्द्र स्थापना,स्यानिटेशन उपकरण तथा अन्य यन्त्र उपकरण र सामग्री खरिदमा सहयोग

(छ) क्षमता अभिबृद्धि तथाअसल गाईपालन तथा दुग्ध उत्पादन तालिम/ भ्रमण

(ज) कार्यक्रमको सार्वजनिक सुनवाई

(झ) प्राविधिक सहजकर्ताको व्यवस्था

(ञ) आवश्यकता बमोजिम कार्यक्रम संग सम्बन्धीत कार्यक्रमहरु कार्यालयको सहयोगमा कार्ययोजना तयार गरी नियमानुसार सो कार्ययोजना स्वीकृत गरी द्विपक्षिय सम्झौता गरी स्वीकृत बजेटको परिधि रहि गर्न सकिनेछ।

(ट) आवश्यकता बमोजिम कार्यक्रम संग सम्बन्धीत कार्यक्रहरु कार्यालय संग भएको द्विपक्षिय सम्झौता गरी गर्न सकिनेछ।

(६) **व्यवसायीक योजनाः** सम्बन्धित कार्यालयले तोकिए बमोजिम हुनेछ ।

(७) **स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरुः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि करण मूल्याङ्कनका तोकिएको स्थलगत प्रमाणिआधारहरु अनुसार हुनेछ

(८) **हुलाकी मार्ग लक्षित दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रमका सहभागी छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरुः**

| क्र.सं | द.नं | आवेदक संस्था कोनाम | ठेगाना | कार्य योजना (२५) | व्यवसायकोस म्भाव्यता/ उपयुक्तता (२५) | अनुभव तालिम (१०) | व्यवस्थापन गरीरहेको उन्नत पशु संख्या (२०) | दु.उ.स.स. गठन भएको वा हुने आधार (२०) | कुल प्राप्ताङ्क (१००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |

(९) **प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः** बंगुर र बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको फारम अनुसार हुनेछ ।

## ६२. कार्यक्रमको नामः मासु बजार व्यवस्थापन कार्यक्रम

(१) **उद्देश्यः**

(क) मासु पसलहरुलाई व्यवस्थित गरि एकिकृत मासु बजारको रुपमा सन्चालन गर्ने ।

(ख) One spot solution को अवधारणा अनुरुप उपभोक्ताहरुलाई स्वच्छ, स्वस्थ्य एवं गुणस्तरिय मासु तथा मासुजन्य पदार्थको उपलब्धता एकै स्थानबाट हुनसक्ने सुनिश्चता प्रदानगर्ने ।

(ग) वातावरणियप्रभाव न्यूनिकरण, फोहर व्यवस्थापन तथा प्रभावकारी नियमनमा सहयोग पुर्याउने।

(२) **अनुदान प्राप्त गर्न सक्ने निकायहरुः**

(क) स्थानिय तह

(ख) मासुव्यवसायी संघ÷समिती,

(ग) मासु व्यवसायिक समुह÷समिति

(घ) मासु व्यवसायिक निजी उद्यमि/कम्पनी

(३) **अनुदान रकम उपयोग गर्न सकिने कार्यहरु**

(क) कम्तिमा दश वटा मासु पसल संचालन हुनसक्ने पार्टिशन सहितको भौतिक संरचना निर्माण ।

(ख) एकिकृत मासु बजारमा नियमित मासु आपुर्ति गर्ने आवस्यक यन्त्र/उपकरण सहितको पशु बधस्थल निर्माण र सन्चालन ।

(ग) स्वच्छ पिउने पानीको व्यवस्था (ओभरहेट ट्याङ्की र पाइप फिटिङ्ग, पानी तान्ने मोटर जडान आदि) ।

(घ) मासु विक्री कक्ष निर्माण ।

(ङ) मासु बिक्रि कक्षको भित्ता र भूईमा मार्वल वा टायल फिटिङ्ग ।

(च) मासु बजारबाट निस्ने फोहोरको दिगो व्यवस्थापन ।

(छ) शौचालय/वासिङ्ग वेसिन निर्माण तथा सुधार ।

(ज) डिजिटल डिस्प्ले वा इलेक्ट्रोनिक मूल्य सूचि जडान ।

(झ) मासु बजारको प्राङ्गण र ग्राहक वस्ने स्थानको निर्माण/सुधार ।

(ञ) मासुको भण्डारणका लागि फ्रिज, डिप फ्रिज वा कोल्ड रुमको व्यवस्था ।

(ट) मेशिनरी उपकरणहरु जस्तै : बोनस, स्लाइसिङ्ग मेशिन, किमा मेशिन, स्टेनलेस स्टिल ट्रे, चपिङ्ग टेबल, चक्कुहरु, डिजिटल तराजु वा अन्य आवस्यक उपकरण खरिद ।

(ठ) किरा झिंगा नपस्ने व्यवस्था र अन्य जैविक सुरक्षाका विधी अवलम्बन ।

(ड) विजुलीको बैकल्पिक व्यवस्थाको लागि जेनेटर खरिद ।

(४) **अनुदान प्रवाहका शर्तहरुः**

(क) सूचना प्रकाशन हुनु अगावै प्रचलित कानुन बमोजिम गठन भएका स्थानिय तह, सहकारी संघ/संस्था, मासु व्यवसायीक संघ/संस्था, मासु उद्यमी/व्यवसायी, फर्म र कम्पनी मात्र यस कार्यक्रम सन्चालनका लागि योग्य मानिनेछन् ।

(ख) मासु बजारको भौतिक संरचनाको डिजाइन र लागत इष्टिमेट नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले गरेको हुनु पर्नेछ ।

(ग) विगत तिन वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गतका निकाय वा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सोही प्रकृतिको कार्यक्रममा अनुदान प्राप्त गरेको आवेदक पूनः अनुदानको लागि योग्य हुने छैन । तर अपूरो निर्माण कार्यलाई पूर्णता दिई संचालनमा ल्याउन थप अनुदान आवश्यक रहेको भन्ने प्राविधिक प्रतिवेदनको आधारमा पूनः अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

(घ) अनुदान प्राप्त गर्ने प्रस्तावकले कम्तिमा दश वर्ष सम्म व्यवसाय संचालन गर्नु पर्नेछ ।

(ङ) एकिकृत मासु बजारको संरचना तोकिए बमोजिमको मापदण्ड अनुसार हुनु पर्नेछ । मापदण्ड पुरा नभएमा कार्यालयले अनुदान रकम भुक्तानी दिन बाध्य हुने छैन ।

(च) सम्बन्धित साझेदारले स्वस्थकर मासु उत्पादन विधि (Hygienic Code of Practice)परिपालना गर्न मन्जुर हुनु पर्नेछ ।

(छ) मासुबजारमहानगरपालिका/उपमहानगरपालिका/नगरपालिका वा नगरोन्मुख वस्तिहरु तथा घना आवादियुक्त व्यापारिक केन्द्रलाई लक्षित गरी संचालन गर्नु पर्नेछ ।

(ज) लिजको जग्गामा मासु बजार स्थापना गर्ने भएमा जग्गाधनि संग कम्तिमा बीस वर्षको करारनामा वा सम्झौता गरेको हुनुपर्नेछ ।

(झ) मासु बजार स्थापना र संचालन गर्ने स्थानमा सडक, विद्युत र थ्री फ्रेज लाइन जडानको सुविधा भएको हुनु पर्नेछ ।

(ञ) कार्यक्रम संचालन गर्न सामाजिक, वातावरणिय, प्राविधिक, वित्तिय र भौगोलिक रुपले समेत उपयुक्त हुनु पर्नेछ।

(ट) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाको नियमित लेखा परीक्षण भएको हुनु पर्नेछ।

(ठ) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असु उपर र कारवाही हुनेछ ।

(ड) सरकारी वा गैरसरकारी निकायबाट यस अघि अनुदान प्राप्त गरेका प्रस्तावकले कार्यक्रम मुताविक गरेको नपाइएमा त्यस्ता प्रस्तावकलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

(ढ) नियम अनुसार सरकारी निकायमा दर्ता भएको, कर चुक्ता गरेको र स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ ।

(ण) मासु बजार सन्चालन हुने स्थान फोहर मैला फाल्ने सार्वजनिक क्षेत्र नजिक हुने छैन ।

(त) तालिम, भ्रमण, गोष्ठी तलब भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन ।

(५) **व्यवसायीक योजनाः** सम्बन्धित कार्यालयले तोकिए बमोजिम हुनेछ ।

(६) स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरुस बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिए बमोजिम हुनेछ ।

(७) व्यवसायिक योजना मूल्याङ्कनका आधारहरुः खसीबोका संकलन केन्द्र निर्माण कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु अनुसार हुनेछ ।

(८) प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः बंगुर र बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको फारम अनुसार हुनेछ ।

## ६३. कार्यक्रमको नामः मिल्किङ्ग पार्लर स्थापना तथा संचालन कार्यक्रम

(१) **उद्देश्यहरुः**

(क) व्यावसायिक कृषकहरुको दूध उत्पादन लागत कम गरी व्यावसायिक दुग्ध उत्पादकहरुको प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि गर्ने ।

(ख) नमुनाको रुपमा मिल्किङ्ग पार्लरको स्थापना भई प्रविधि प्रसारमा सहयोग पुऱ्याउने।

(ग) प्रदेश सरकारको मिल्किङ्ग पार्लर स्थापना र संचालन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

(२) **अनुदान रकम उपलब्ध हुने क्षेत्र :**

(क) मिल्कीङ्ग पार्लर मेशिन खरिद, ढुवानी र जडान

(ख) मिल्कीङ्ग पार्लर भवन निर्माण तथा सुधार

(३) **अनुदान प्राप्त गर्ने शर्तहरुः**

(क) सूचना प्रकाशन भएको मिति अगावै प्रचलित कानून बमोजिम दर्ता भएकासहकारी संघ/संस्था, फर्म, कम्पनी र निजी उद्यमी/व्यवासायीकहरु मात्र यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(ख) फार्ममा कम्तिमा पचास वटा दुहुना उन्नत जातका दुहुना गाई/भैसी पालन गरेको हुनु पर्नेछ।

(ग) फार्मका सम्पूर्ण पशुहरुको बिमा गरेको हुनु पर्नेछ।

(घ) मिल्किङ्ग पार्लर स्थापना गर्दा उचित स्थानमा गाई प्रवेश गर्ने, दुहुने र वहिगर्मन गर्ने गरी पुर्वाधार निमार्ण गर्नु पर्नेछ।

(ङ) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र यस मातहत निकायहरुबाट तिन वर्ष भित्र अनुदान प्राप्त गरि सकेको प्रस्तावलाई उही व्यवसायको लागि पुनः छनौट गरिने छैन ।

(च) अनुदानग्राहीले अनुदान प्राप्त गरे पश्चात कम्तिमा दश वर्ष अनिवार्य रुपमा व्यवसाय संचालन गरेको हुनु पर्नेछ ।

(छ) अनुदान रकमको दुरुपयोग भएको पाईएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित कानून बमोजिम कार्वाही गरी सरकारी बाँकी सरह अनुदान रकम असुल उपर गरिनेछ।

(ज) सरकारी वा गैरसरकारी निकायबाट यस अघि अनुदान प्राप्त गरेका प्रस्तावकले सम्झौता वा कार्यक्रम अनुरुप कार्य गरेको नपाइएमा त्यस्ता प्रस्तावलाई मूल्याँकनमा समावेश गरिने छैन ।

(झ) नियमअनुसार सम्वन्धित निकायमा दर्ता भएको, करचुक्ता गरेको र स्थायी लेखा नम्वर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ।

(ञ) मिल्किङ्ग पार्लर स्थापना गर्ने साझेदारले लागत साझेदारी गर्ने प्रतिवद्धता जनाएको हुनु पर्नेछ ।

(ट) तोकिए बमोजिमको असल पशुपालन व्यवस्थापन अभ्यासको मापदण्ड पूर्ण पालना गर्नु पर्नेछ।

(ठ) मिल्कीङ्ग पार्लरको डिजाइन, स्टीमेट र मेशिनहरुको स्पेसिफिकेसन सम्बन्धित कार्यालयमा पेश गरी पूर्व स्वीकृति लिएर मात्र कार्यक्रम संचालन गर्नु पर्नेछ ।

(ड) स्पेसिफिकेसन, लागत ईष्टीमेट, नक्साकन गर्ने जिम्मेवारी प्रस्तावकको हुनेछ ।

(ढ) मिल्किङ्ग पार्लरको क्षमता एक पटकमा कम्तिमा छ वटा पशु दुहुन मिल्ने हुनु पर्नेछ ।

(ण) दूधको अभिलेख नियमित रुपमा पार्लर मानै राख्ने व्यवस्था भएको हुनु पर्नेछ।

(त) पशु पालनमा असल अभ्यास व्यवसथापन कार्यान्वयन गर्नु पर्नेछ ।

(थ) तालिम, भ्रमण, गोष्ठी तलब भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन ।

(द) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्था नियमित लेखा परीक्षण गरिएको हुनु पर्छ।

(४) **व्यवसायीक योजनाः** सम्बन्धित कार्यालयले तोकेबमोजिम हुनेछ ।

(५) **स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरुः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएका स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु

(६) **व्यवसायिक स्किम/योजना छनौटका लागि मूल्याङ्कनका आधारहरुः**

| क.सं. | छनौटको लागि मूल्याङ्कनका आधारहरु | भार | | | |
|---|---|---|---|---|---|
| | | २० | १५ | १० | ५ |
| १ | दुहुना गाईभैसीको संख्या | ५० देखि माथि | ४१–५० | ३१–४० | २०–३० |
| २ | दुधको उत्पादन परिमाण (लिटर) | ३५१ भन्दा बढी | २८१–३५० | २११–२८० | १५०–२१० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | असल व्यवस्थापन अभ्यास | ++++ | +++ | ++ | + |
| ४ | जैविक सुरक्षाको व्यवस्थापन | ++++ | +++ | ++ | + |
| ५ | टिट डिपिङ्ग | ++++ | +++ | ++ | + |

(७) **प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः** बंगुर र बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको फारम अनुसार हुनेछ ।

## ६४. कार्यक्रमको नामः टि.एम.आर. मेशिन अनुदानमा वितरण कार्यक्रम

(१) **उद्देश्यः**

(क) पशु आहाराको समुचित प्रयोग गरी गराई पशु उत्पादकत्वमा बृद्धि गर्ने ।

(ख) पशुपालन व्यवसायमा यान्त्रीकरण प्रयोग गरी उत्पादन लागत कम गर्ने ।

(ग) कार्यक्रमलाई सहज, सरल, मितव्ययी, पारदर्शी रुपले संचालन गर्ने ।

(२) **अनुदान रकम उपलब्ध हुने क्षेत्रः**

(घ) टि.एम.आर.मेशिन खरिद तथा ढुवानी

(३) **अनुदान प्रवाहका शर्तहरुः**

(क) सूचना प्रकाशन भएको मिति अगावैप्रचलित कानून बमोजिम दर्ता भएकासहकारी संघ/संस्था, फर्म, कम्पनी र निजी उद्यमी/व्यवासायीकहरुमात्र यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(ख) फार्ममा कम्तिमा बीस वटा दुहुना उन्नत जातका दुहुना गाई÷भैंसी पालन गरेको हुनु पर्नेछ।

(ग) पशुहरुको बिमा गरेको हुनु पर्नेछ।

(घ) विगत तिन वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गतका निकाय वा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सोही प्रकृतिको कार्यक्रममा अनुदान प्राप्त गरेको आवेदक पूनः अनुदानको लागि अयोग्य हुने छ । तर अपूरो निर्माण कार्यलाई पूर्णता दिई संचालनमा ल्याउन थप अनुदान आवश्यक रहेको भन्ने प्राविधिक प्रतिवेदनको आधारमा पूनः अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

(ङ) अनुदानग्राहीले अनुदान प्राप्त गरे पश्चात कम्तिमा १०वर्ष अनिवार्य रुपमा व्यवसाय संचालन गरेको हुनु पर्नेछ ।

(च) अनुदान रकमकोदुरुपयोग भएकोपाईएमात्यस्ता अनुदानग्राहीलाईप्रचलित कानून बमोजिम कार्वाही गरी सरकारी बाँकीसरहअनुदान रकमअसुलउपरगरिनेछ।

(छ) सरकारी वा गैरसरकारी निकायबाट यस अघि अनुदान प्राप्त गरेका प्रस्तावकले सम्झौता वा कार्यक्रम अनुरुप कार्य गरेको नपाइएमा त्यस्ता प्रस्तावलाई मूल्यांँकनमा समावेश गरिने छैन ।

(ज) नियमअनुसार सम्वन्धित निकायमा दर्ता भएको, करचुक्ता गरेको र स्थायी लेखा नम्वर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ।

(झ) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्था नियमित लेखा परीक्षण गरिएको हुनु पर्छ ।

(ञ) साझेदारले लागत साझेदार गर्ने प्रतिवद्धता जनाएको हुनु पर्नेछ ।

(ट) फार्ममा तोकिए बमोजिम फार्ममा जैविक सुरक्षा सम्बन्धी नियमहरु र असल व्यवस्थापन अभ्यास अनुसरण गर्ने प्रतिबद्धतागरेको हुनु पर्नेछ।

(ठ) टि.एम.आर. मेशिनको स्पेसिफिकेसन सम्बन्धित कार्यालयमा पेश गरी पूर्व स्वीकृति लिएर मात्र खरिद गर्नु पर्नेछ ।

(ड) टि.एम.आर. मेशिनको प्रयोजन गर्ने फार्ममा पूर्वाधारहरु व्यवस्था भएको हुनु पर्नेछ ।

(ढ) तालिम, भ्रमण, गोष्ठी तलब भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन।

(४) **व्यवसायीक योजनाः** सम्बन्धित कार्यालयले तोकिए बमोजिम हुनेछ ।

(५) **स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएका स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु हुनेछ ।

(६) **व्यवसाय योजना मूल्याङ्कनका आधारहरुः**साईलेज प्रविधिमा अनुदान कार्यक्रमको लागि तोकिएका स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु हुनेछ ।

(७) **प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः** बंगुर र बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको फारम अनुसार हुनेछ ।

## ६५. कार्यक्रमको नामः गाई/भैंसी श्रोत केन्द्र विकास कार्यक्रम

(१) **उद्देश्यः**

(क) उन्नत नश्लका प्रजनन् योग्य एवं उत्पादनशिल गाई/भैंसीको उपलब्धता बृद्धि गर्ने ।

(ख) असल पशुपालन अभ्यास अनुशरण गर्न प्ररित गर्दै स्वच्छ, स्वस्थ्य एवं गुणस्तरिय दूध उत्पादन प्रवर्द्धन गर्ने ।

(ग) गाई/भैंसी पालन व्यवसायको व्यवसायीक रुपान्तरणमा सहयोग पुर्‍याउने ।

(२) **कार्यक्रम सन्चालन स्थान छनौटका आधारहरुः**

(क) श्रोतकेन्द्र सन्चालनमा आवद्ध हुने कृषकहरु संग कम्तिमा दुई शय पचास वटा उन्नत नश्लका गाई वा एक शय पच्चिस वटा उन्नत नश्लका भैसी भएको हुनु पर्नेछ ।

(ख) कृत्रिम गर्भाधान सेवा सन्चालन भएको हुनु पर्नेछ ।

(ग) सडक, संचार, सिंचाई, पिउने पानी, बाटो र विजुली जस्ता भौतिक पूर्वाधारहरुको उपलब्धता भएको हुनु पर्नेछ ।

(घ) व्यवसायीक रुपमा गाईभैंसी पालन फार्म सन्चालनमा रहेका तथा फार्म स्थापनाको सम्भावनायुक्त क्षेत्रहरु भएको हुनु पर्नेछ ।

(ङ) बाह्रै महिना हरियो घाँसपात उपलब्ध हुन सक्ने स्थान भएको हुनु पर्नेछ ।

(च) कृषकहरुको कार्यक्रम प्रतिको चाहना भएको हुनु पर्नेछ ।

**(३) अनुदान रकमबाट सन्चालन गर्न सकिने कार्यक्रमहरु:**

(क) गोठ निर्माण/सुधार तथा जैविक सुरक्षाका उपायहरुको अवलम्बन

(ख) उन्नत नश्लका गाई/भैंसी खरिद तथा ढुवानी

(ग) पशु आहारा विकास सम्बन्धि कृयाकलाप

(घ) दूधजन्य उत्पादन विविधिकरण

(ङ) पानीको प्रबन्ध र पानी तान्ने मोटर

(च) दूध चिस्यान केन्द्र स्थापना तथा दुधको बजारीकरण

(छ) दूध ढुवानी साधन खरिद

(ज) पशु उपचार र प्रयोगशाला सेवा

(झ) पशुखोप र पशुनश्लसुधार

(ञ) प्राविधिक सहजकर्ता परिचालन

(ट) सम्बन्धित कार्यालयको सहमतिमा गाईभैसी श्रोतकेन्द्र सन्चालनका लागि आवस्यक ठानिएका अन्य कृयाकलापहरु समेत द्विपक्षीय सम्झौतामा उल्लेख गरि गर्न सकिनेछ।

**(४) अनुदान प्रवाहका शर्तहरुः**

(क) प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा दर्ता भएका साझेदारहरु संग मात्र यो कार्यक्रम सन्चालनका लागि साझेदारी गरिनेछ ।

(ख) अनुदान प्राप्त गर्ने साझेदारले कम्तिमा दश वर्ष सम्म श्रोत केन्द्र सन्चालन गर्नु पर्नेछ ।

(ग) सम्बन्धित साझेदारले स्वच्छ उत्पादन विधि (Hygienic Code of Practice)परिपालनागर्न मन्जुर हुनु पर्नेछ ।

(घ) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असुल उपर र कार्वाही हुनेछ ।

(ङ) सम्भावित साझेदारले कर चुक्ता गरेको, स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ ।

(च) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाको नियमित लेखा परिक्षण भएको हुनु पर्नेछ।

(छ) श्रोतकेन्द्र स्थापना पश्चात कम्तिमा दैनिक पाँच हजार लिटर थप दुध संगठित बजारमा आउनेछ।

(ज) प्रत्येक श्रोत केन्द्रमा पचास जना कृषक आबद्धभै प्रत्येक कृषकले उन्नत नश्लका कम्तिमा दश वटा प्रजनन योग्य गाई र पाँच वटा प्रजनन योग्य भैंसी पालन गरी गाईको श्रोत केन्द्रको हकमा पाँच शय वटा दुधालु गाई र भैसीको श्रोत केन्द्रको हकमा दुई शय  पचास वटा दुधालु भैंसी पालन भएको  हुनेछ ।

(झ) श्रोत केन्द्रका राम्रो गुणस्तर तथा उत्पादन क्षमता भएका स्वस्थ्य पशुहरुको छनौट र ट्यागिङ्ग गरी अभिलेख राख्नु पर्नेछ ।

(ञ) साझेदारले हरेक महिना तोकिए बमोजिमको ढाँचामा प्रगति पठाउनु पर्नेछ ।

(ट) साझेदारले तोकिएको अभिलेख राख्नु पर्नेछ ।

(ठ) श्रोत केन्द्रका गाई भैसीहरुको प्राविधिक सूचक तोकिए बमोजिम हुनु पर्नेछ ।

(ड) पशुको गोठ निर्माण गर्दा हावापानी सुहाउँदो, बैज्ञानिक, सफा र हावादार हुनु पर्नेछ ।

(ढ) श्रोत केन्द्रमा भएका पशुहरुमा असल व्यवस्थापन विधि जस्तै टिट डिपिङ्ग, परजिवी नियन्त्रण, पशु खोप आदि अवलम्बन गरि सो को विवरण अध्यावधिक गरि राख्नु पर्नेछ ।

(ण) श्रोत केन्द्रमा आवद्ध सबै सदस्यहरुले घाँसमा आधारित पशुपालनको लागि मौसम र सम्भावना अनुसारका हिउँदे, वर्षे र वहुवर्षिय घाँस खेति तथा साईलेज प्रविधि अवलम्बन गर्नु पर्नेछ ।

(त) अनुदान प्राप्त गर्ने कृषकहरुले पशुहरुको अनिवार्य रुपमा विमा गरेको हुनु पर्नेछ ।

**(५) कार्यक्रमको अबधिः**

(**क**) निश्चित क्षेत्र विशेषमा योकार्यक्रम पाँचबर्ष सम्म सन्चालन गरिने छ र कार्यक्रमको प्रभावकारीताका आधारमा मनासिव ठहरे अन्य क्षेत्रमा समेत विस्तारगर्न सकिनेछ।

(**ख**) पाँच बर्ष सम्म कार्यक्रम सन्चालन हुँदा पछिल्ला बर्षहरुमा सम्बन्धित सहभागिको आवश्यक्ता र कार्यक्रम प्रभावकारिताको आधारमा फलोअप कार्यक्रमहरुमा सहयोग प्रदान गरिनेछ ।

(**ग**) कार्यक्रमको प्रभावकारिताका आधारमा पछिल्ला वर्षहरुमा आवस्यक्ता मुताविक फलोअपका कार्यक्रमहरु सन्चालित हुनेछ भने उपलब्ध श्रोत साधनको आधारमा नयाँ क्षेत्रतहहरुमा समेत कार्यक्रम विस्तार गर्न सकिनेछ ।

**(६) व्यवसायीक योजनाः** सम्बन्धित कार्यालयले तोकेबमोजिम हुनेछ ।

**(७) स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरुः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु अनुसार हुनेछ

**(८) व्यवसायिक योजना मूल्याङ्कनका आधारहरुः** पशुजन्य उत्पादन, विविधिकरण र बजारीकरण कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु अनुसार हुनेछ ।

**(९) प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः** बंगुर र बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको फारम अनुसार हुनेछ ।

## ६६. कार्यक्रमको नामः चिलिङ्ग भ्याट स्थापना कार्यक्रम

**(१) उद्देश्यः**

(क) स्वच्छ, स्वच्छ एवं गुणस्तरीय दुग्ध उत्पादनमा सहयोग पुऱ्याउने ।

(ख) गाईभैसी पालनलाई व्यवसायलाई प्रबर्द्धन गर्ने ।

(ग) प्रदेश सरकारको चिलिङ्ग भ्याट स्थापना र संचालन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

**(२) अनुदान रकम उपयोग गर्न सकिने कार्यहरुः**

(क) जेनेटर सहित चिलिङ्ग भ्याट खरिद, ढुवानी र जडान।

(ख) चिलिङ्ग सेन्टरमा ढल निकास तथा फोहोर ब्यवस्थापनका लागि आवश्यक निर्माण।

(ग) बिद्युत जडान र सफा पानीको नियमित आपूर्ती सम्बन्धि निर्माण।

**(३) अनुदान प्रवाहका शर्तहरुः**

(क) सूचना प्रकाशन हुनु अगावै प्रचलित कानून बमोजिम दर्ताभएका सहकारी संस्था, दुग्ध व्यवसायीक संघ/संस्था, फर्म, कम्पनी,नीजि उद्यमी/व्यवसायी मात्र यस कार्यक्रमका लागि योग्य मानिनेछन्

(ख) विगत तिन वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गतका निकाय वा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सोही प्रकृतिको कार्यक्रममा अनुदान प्राप्त गरेको आवेदक पूनः अनुदानको लागि योग्य हुने छैन । तर अपूरो निर्माण तथा अधुरो अन्य कार्यलाई पूर्णता दिई संचालनमा ल्याउन थप अनुदान आवश्यक रहेको भन्ने प्राविधिक प्रतिवेदनको आधारमा पूनः अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

(ग) अनुदान प्राप्त गर्ने प्रस्तावकले कम्तिमा दश वर्ष सम्म व्यवसाय संचालन गर्नु पर्नेछ ।

(घ) चिलिङ्ग भ्याट स्थापनाकार्यक्रममा सहभागी हुन चाहने आवेदकले कम्तिमा दैनिक पाँच शय लिटर क्षमताको चिलिङ्ग भ्याटको लागि तिन शय लिटर,एक हजार लिटर क्षमताको भ्याटको लागि सात शय लिटर र दुई हजार लिटर क्षमताको लागि पन्ध्र शय लिटर दूधको संकलन र विक्री वितरण गरिरहेको हुनु पर्नेछ ।

(ङ) सम्बन्धित साझेदारले स्वस्थकर दूध उत्पादन विधि (Hygienic Code of Practice)परिपालना गर्न मन्जुर हुनु पर्नेछ ।

(च) लिजको घर जग्गामा चिलिङ्ग भ्याट स्थापना गर्ने भएमा जग्गाधनि संग कम्तिमा दश वर्षको करारनामा वा सम्झौता गरेको हुनुपर्नेछ ।

(छ) चिलिङ्ग भ्याट संचालन गर्ने स्थानमा सडक,विद्युत र थ्री फ्रेज लाइन जडानको सुविधा भएको हुनुपर्नेछ ।

(ज) कार्यक्रम संचालन गर्न सामाजिक, वातावरणिय, प्राविधिक, वित्तिय र भौगोलिक रुपले समेत उपयुक्त हुनु पर्नेछ।

(झ) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाको नियमित लेखा परीक्षण भएको हुनु पर्नेछ।

(ञ) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असु उपर र कारवाही हुनेछ ।

(ट) नियम अनुसार सरकारी निकायमा दर्ता भएको, कर चुक्ता गरेको र स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ ।

(ठ) चिलिङ्ग भ्याट सन्चालन हुने स्थान फोहर मैला फाल्ने सार्वजनिक क्षेत्र नजिक हुने छैन ।

(ड) तालिम, भ्रमण, गोष्ठी तलब भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन ।

(ढ) चिलिङ्क भ्याट तथा मेशिनहरुको स्पेसिफिकेसन सम्बन्धित कार्यालयमा पेश गरी पूर्व स्वीकृति लिएर मात्र कार्यक्रम संचालन गर्नु पर्नेछ ।

**(४) व्यवसायीक योजनाः** सम्बन्धित कार्यालयले तोकेबमोजिम हुनेछ ।

**(५) स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरुः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु अनुसार

**(६)** **व्यवसाय योजना मूल्याङ्कनका आधारहरुः** पशुजन्य उत्पादन, विविधिकरण र बजारीकरण कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु

**(७)** **प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः** बंगुर र बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको फारम अनुसार हुनेछ ।

## ६७. कार्यक्रमको नामः ग्रामिण कुखुराको ह्याचरी स्थापना कार्यक्रम

**(१)** **उद्देश्यः**

(क) प्रदेशको दुर्गम स्थान हिमाली, मध्य पहाडी तथा तराईको विकट क्षेत्रमा कुखुरापालन व्यवसायबाट आय आर्जन र रोजगारी श्रृजना गरी कुपोषण मुक्त समाजको निर्माण गर्ने ।

(ख) ग्रामिण कुखुरा प्रवर्द्धन तथा उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।

(ग) ग्रामिण कुखुराको ह्याचरी स्थापनाकार्यक्रमलाई प्रभाकारी रुपमा कार्यान्वियन गर्ने ।

**(२)** **अनुदान रकम उपयोग गर्न सकिने कार्यहरुः**

(क) Hatchery मेशिन खरिद

(ख) विजुलीको बैकल्पिक व्यवस्थाको लागि जेनेटर खरिद ।

**(३)** **अनुदान प्रवाहका शर्तहरुः**

(क) सूचना प्रकाशन हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका, सहकारी संस्था, फर्म, कम्पनी, नीजि उद्यमी/व्यवसायी मात्र यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(ख) विगत तिन वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गतका निकाय वा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सोही प्रकृतिको कार्यक्रममा अनुदान प्राप्त गरेको आवेदक पूनः अनुदानको लागि अयोग्य हुने छ । तर अपूरो निर्माण कार्यलाई पूर्णता दिई संचालनमा ल्याउन थप अनुदान आवश्यक रहेको भन्ने प्राविधिक प्रतिवेदनको आधारमा पूनः अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

(ग) अनुदान प्राप्त गर्ने प्रस्तावकले कम्तिमा दश वर्ष सम्म व्यवसाय संचालन गर्नु पर्नेछ ।

(घ) यस कार्यक्रममा सहभागी हुन चाहने आवेदकले कम्तिमा महिनामा एक हजार देखि दुई हजार वटा चल्लाहरु ह्याचिङ्ग गरी बेच बिखन गरिरहेको हुनु पर्नेछ ।

(ङ) Parent stock / Hatchery छुट्टाछुट्टै स्थापना गरेको हुनु पर्नेछ ।

(च) व्यवसायीक पन्छी फार्म तथा हयाचरी संचालन निर्देशिका, २०७१ मा व्यवस्था भएका मापदण्ड अनुसार गर्नु पर्नेछ ।

(छ) कम्तिमा तराईमा पाँच कठ्ठा वा तिन रोपनी जग्गा आफ्नै स्वामित्वमा भएको वा लिजमा लिएको भएमा जग्गाधनि संग कम्तिमा दश वर्षको करारनामा वा सम्झौता गरेको हुनुपर्नेछ ।

(ज) प्रस्तावकको तर्फबाट व्यहोरिने साझेदारीमा जग्गा र चालु खर्च वापतको रकम समावेश नभएको हुनु पर्नेछ ।

(झ) ह्याचरी स्थापना गर्ने स्थानमासडक, विद्युत र थ्री फ्रेज लाइन जडानको सुविधा भएको हुनु पर्नेछ ।

(ञ) कार्यक्रम संचालन गर्न सामाजिक, वातावरणिय, प्राविधिक, वित्तिय र भौगोलिक रुपले समेत उपयुक्त हुनु पर्नेछ।

(ट) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाको नियमित लेखा परीक्षण भएको हुनु पर्नेछ।

(ठ) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असु उपर र कारवाही हुनेछ ।

(ड) सरकारी वा गैरसरकारी निकायबाट यस अघि अनुदान प्राप्त गरेका प्रस्तावकले कार्यक्रम मुताविक गरेको नपाइएमा त्यस्ता प्रस्तावकलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

(ढ) नियम अनुसार सरकारी निकायमा दर्ता भएको, कर चुक्ता गरेको र स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ ।

(ण) कार्यक्रम हुने स्थान फोहर मैला फाल्ने सार्वजनिक क्षेत्र नजिक हुने छैन ।

(त) तालिम, भ्रमण, गोष्ठी तलब भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन ।

(४) **व्यवसायीक योजनाः** सम्बन्धित कार्यालयले तोकेबमोजिम हुनेछ ।

(५) **स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरुः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु अनुसार हुनेछ ।

(६) **व्यवसाय योजना मूल्याङ्कनका आधारहरुः** पशुजन्य उत्पादन, विविधिकरण र बजरीकरण कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु अनुसार हुनेछ ।

(७) **प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः** बंगुर र बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको फारम अनुसार हुनेछ ।

## ६८. कार्यक्रमको नामः अण्डामा आत्मनिर्भर तथा परिवारीक स्तरमा पोषण सुरक्षाको लागि ग्रामिण कुखुरा प्रवर्द्धन कार्यक्रम

(१) **उद्देश्यः**

(क) ग्रामिण कुखुरा प्रवर्द्धन तथा उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।

(ख) अण्डामा आत्मनिर्भर कार्यक्रमलाई प्रभाकारी रुपमा कार्यान्वयन गर्ने ।

(ग) पारिवारिक पोषण सुरक्षामा टेवा पुग्ने छ।

(२) **कार्यक्रम संचालन स्थानको छनौटका आधारहरु :**

(क) सम्बन्धित ठाउँ होटेल, रेष्टुरेन्ट, होमस्टे वाहुल्य भएको ग्रामिण क्षेत्र वा लोक मार्ग वरिपरि रहेको।

(ख) छनौट गरिने स्थानमा विजुली, सडक, पानी एवं अन्य पूर्वाधार विकास भएको

(ग) विपन्न वर्ग, दलित, जनजाति र महिलालाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

(३) **कार्यक्रम संचालन पक्रियः**

(क) सम्बन्धित कार्यालयले यस कार्यक्रम सञ्चालनका लागि स्थान छनौटका आधारहरुलाई ध्यानमा राख्दै जिल्लाको सम्भावना अनुसार पकेट क्षेत्रहरुकोपहिचानर प्राथमिकिकरण गरी समितिवाट पकेट क्षेत्रको अन्तिम छनौट गर्नेछ।

(ख) सम्बन्धित कार्यालयले छनौट भएको पकेट क्षेत्रमा स्थानिय तहका प्रतिनिधि, पशु सेवा शाखाका प्राविधिक, कृषक र अन्य सरोकारवालहरुको भेला गराई कार्यक्रम बारे जानकारी दिनेछ र उक्त पकेटबाट कार्यक्रममा सहभागी हुने कृषकहरु छनौट गर्नेछ र छनौट भएका कृषकहरु मध्येबाट आबश्यक्ता र समभाब्यता हेरेर प्रति समूह कम्तिमा बीस जना कृषक रहने गरि समुह गठन गर्नेछ।

(ग) साझेदार समूहले समूह सञ्चालन विधान बनाइ सम्बन्धित स्थानिय तहमा समूह दर्ता गर्नेछ ।

(घ) साझेदारले कार्य सिमितिका अध्यक्ष, कोषाध्यक्ष र सम्बन्धित कार्यालय वा स्थानिय तहको पशु सेवा शाखाको प्राबिधिकको दस्तखतबाट सञ्चालन हुने संयुक्त बैङ्क खाता खोल्नेछ ।

(ङ) सम्बन्धित कार्यालयले साझेदारलाई कार्ययोजना वा बार्षिक कार्यक्रम तयार गर्न अभिमुखिकरण गर्नेछ र साझेदारले आफ्नो आवश्यकता अनुसार कृयाकलापहरु समावेस गरि तोकिए बमोजिमको बार्षिक कार्ययोजना सम्बन्धित कार्यालयमा पेश गर्नेछ ।

(च) बार्षिक कार्ययोजना प्राप्त भएपश्चात सम्बन्धित कार्यालयले सम्बन्धित साझेदार संग द्विपक्षीय सम्झौता गरि बार्षिक स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम सञ्चालन गर्नेछ

(छ) साझेदारले चौमासिक रुपमा सम्बन्धित कार्यालयमा प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(४) **अनुदान प्रवाहका शर्तहरूः**

(क) छनौट भएको समुहका प्रति कृषक पचास वटा चार हप्ते ब्रुडर गरेको Dual Purpose चल्लाहरु र खोर निर्माण, ढुवानीका लागि आर्थिक नर्मस अनुसार अनुदान रकम दिइने छ ।

(ख) गठित समुहका सदस्यहरुलाई कुखुरा पालन सम्बन्धि आधारभूत तिन दिने स्थलगत तालिम दिनुपर्नेछ ।

(ग) समुहमा आवश्यक पर्ने चल्लाहरु सरकारी फार्म वा निजी स्तरका ह्याचरीहरुबाट चल्ला आर्थिक नर्मस अनुसार खरिद गर्न सकिनेछ ।

(घ) समूहले पालेका कुखुराहरुमा आवश्यक पर्ने खोप, परजिवीनियन्त्रण र उपचारको व्यवस्था सम्बन्धित कार्यालय र स्थानिय तहलेप्राथमिकतामा राखी व्यवस्था गर्नु पर्नेछ ।

(ङ) उत्पादनलाई सस्तो र गुणस्तरीय बनाउने उपयुक्त हुने घाँसहरु फोरेज पिनट,Azolla feedingजस्ता विषयहरुमा समूहले विशेष प्राथमिकतामा दिनेछ ।

(च) यस कार्यक्रममा कुखुरापालन गर्नका लागि दुई शय वर्गफिट भित्री खोर बस्ने र चार शय पचास वर्गफिट को कुखुरा बाहिरी खेल्ने/चर्ने क्षेत्र बनाउनु पर्नेछ ।

(छ) सम्बन्धीत कार्यालयले तोकिए बमोजिम समुहसंग सम्झौता गरि कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(ज) द्विपक्षिय सम्झौतालाई साझेदारी कार्यक्रम कार्यान्वयनको मूल आधार मानिनेछ ।

(५) **आर्थिक नर्मसः** देहाय बमोजिमको आर्थिक नर्मस अनुसार खर्च गर्न सकिनेछ ।

| सि.नं. | विवरण | ईकाई | परिमाण | दर | जम्मा रु. |
|---|---|---|---|---|---|
| १ | चल्ला (४ हप्ते ब्रुडर गरेको) १० प्रतिशत मोटालिटी सहित वितरण | संख्या | ११०० | २५० | २७५००० |
| २ | चल्ला ढुवानी | पटक | १ | ३०००० | ३०००० |
| ३ | दाना खर्च १ हप्ताको लागि | किलो | ४०० | ५० | २०००० |
| ३ | खोर निर्माण | संख्या | २० | २०००० | ४००००० |
| ४ | ड्रेचिङ्ग तथा खोप तथा मिनरल वितरण | पटक | ३ | २०००० | ६०००० |
| ५ | आधारभूत तथ्याङ्क संकलन समुह गठन | पटक | १ | ५००० | ५००० |
| ६ | कार्यक्रम अनुगमन बैठक प्रतिवेदन तयारी संचालन | पटक | ३ | ३०००० | ९०००० |
| ७ | अभिमुखिकरण गोष्ठी | पटक | १ | २५००० | २५००० |
| ८ | स्थानिय तहको पशु सेवा शाखाबाट अनुगमन तथा मासिक चौमासिक प्रतिवेदन तयारी सम्प्रेषण | पटक | १२ | १०००० | १२००० |
| ९ | तिन दिने स्थलगत कुखुरा पालन तालिम | पटक | १ | ७५००० | ७५००० |
| १० | कार्यक्रमको सार्वजनिक सुनवाई | पटक | १ | ८००० | ८००० |
| | | | | **जम्मा** | १०००००० |

## ६९. कार्यक्रमको नामः उच्च पहाडी क्षेत्र पशु विकास कार्यक्रम

**(१) उद्देश्यः**

(क) उच्च पहाडीक्षेत्रमा पालिने याक/नाक/चौरी र भेंडाको संरक्षण र प्रवर्द्धन गर्ने ।

(ख) उच्च पहाडीभेगमा आय आर्जन, स्वरोजगार र कृषि पर्यटन प्रवर्द्धनमा सहयोग पुर्याउने ।

(ग) पशु आनुवाँशीक श्रोत संरक्षणमा टेवा पुर्याउने ।

**(२) कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्थाः**

(क) सम्बन्धित कार्यालयले याक/चौंरी वा भेंडा प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि स्थान छनौटका आधारहरुलाई ध्यानमा राख्दै जिल्लाको सम्भावना अनुसार पकेट क्षेत्रहरुकोपहिचानर प्राथमिकिकरण गरी जिल्ला स्तर छनौट समितिवाट पकेट क्षेत्रको अन्तिम छनौट गर्नेछ ।

(ख) छनौट भएको पकेट क्षेत्रमा स्थानिय तहका प्रतिनिधि, पशु सेवा शाखाका प्राविधिक, कृषक र अन्य सरोकारवालहरुको भेला गराई कार्यक्रम बारे जानकारी दिनेछ र उक्त पकेटबाट कार्यक्रममा सहभागी हुने कृषकहरु छनौट गर्नेछ र छनौट भएका कृषकहरु मध्येबाट आबश्यक्ता र समभाब्यता हेरेर प्रति समूह कम्तिमा पाँच जना कृषक रहने गरि समुह गठन गरि कार्यक्रम संचालन गर्नेछ ।

(ग) समूह गठन गर्दा कृषक संख्या अपुग हुने भए पायक पर्ने नजिकको स्थानिय तह वा जिल्लाबाट समेत समावेस गर्न सकिनेछ । गठित साझेदार समूहले समूह सञ्चालन विधान बनाइ सम्बन्धित स्थानिय तहमा समूह दर्ता गर्नु पर्नेछ ।

(घ) साझेदारले कार्य सिमितिका अध्यक्ष, कोषाध्यक्ष र सम्बन्धित कार्यालय वा स्थानिय तहको पशु सेवा शाखाको प्राबिधिकको दस्तखतबाट सञ्चालन हुने संयुक्त बैङ्क खाता खोल्नेछ ।

(ङ) सम्बन्धित कार्यालयले साझेदारलाई कार्ययोजना वा बार्षिक कार्यक्रम तयार गर्न अभिमुखिकरण गर्नेछ र समुहले आफ्नो आवश्यकता अनुसार कृयाकलापहरु समावेस गरि तोकिए बमोजिमको बार्षिक कार्ययोजना सम्बन्धित कार्यालयमा पेश गर्नेछ र सम्बन्धित कार्यालयले सम्बन्धित समुह संग द्विपक्षीय सम्झौता गरि कार्यक्रम सञ्चालन गर्नेछ ।

(३) **कृषक छनौटका अधारहरु**:स्थानीय परिबेश र कार्यक्रमको संभाब्यतालाइ ध्यानमा राखि सम्बन्धित कार्यालयले कृषक छनौटका अधारहरु तयार गर्ने छ ।

(४) **कार्यक्रमको अबधिः**

**(क)** निश्चित क्षेत्र विशेषमा योकार्यक्रम पाँचबर्ष सम्म सन्चालन गरिने छ र कार्यक्रमको प्रभावकारीताका आधारमा मनासिब ठहरे अन्य क्षेत्रमा समेत विस्तारगर्न सकिनेछ।

**(ख)** पाँच बर्ष सम्म कार्यक्रम सन्चालन हुँदा पछिल्ला बर्षहरुमा सम्बन्धित सहभागिको आवश्यक्ता र कार्यक्रम प्रभावकारिताको आधारमा फलोअप कार्यक्रमहरुमा सहयोग प्रदान गरिनेछ ।

**(ग)** कार्यक्रमको प्रभावकारिताका आधारमा पछिल्ला वर्षहरुमा आवस्यक्ता मुताविक फलोअपका कार्यक्रमहरु सन्चालित हुनेछ भने उपलब्ध श्रोत साधनको आधारमा नयाँ क्षेत्रतहहरुमा समेत कार्यक्रम विस्तार गर्न सकिनेछ ।

(५) **उच्च पहाडीक्षेत्र पशु विकास कार्यक्रमअन्तर्गतका कार्यक्रमहरुः**

## ६९.१ याक/चौंरी पालन प्रवर्द्धन कार्यक्रमः

(६) **कार्यक्रम संचालनका लागि पकेट क्षेत्र छनौटका आधारहरुः** सम्बन्धित कार्यालयले याक/चौंरी प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि पकेट क्षेत्रहरुको छनौट र प्राथमिकिकरण गर्दा देहायका बुँदामा ध्यान दिने छ ।

(क) भौगोलिक तथा वातावरणीय हिसाबले याक/चौंरी पालनको सम्भावना भएको ।

(ख) तुलनात्मक हिसाबले याक/चौंरीको संख्या बढि भएको ।

(ग) बिगतमा विज्ञ केन्द्रले याक/चौंरी पकेट क्षेत्रका रुपमा पहिचान र प्रवर्द्धन गरेको ।

(घ) याक/चौंरी पालनमा संलग्न कृषकहरुको बाहुल्यता रहेको ।

(ङ) चरिचरनको उपलब्धता तथा चरन खर्क सुधारको आवश्यक र सम्भावना रहेको ।

(च) याक/चौंरी पालन व्यवसाय विस्तारको सम्भावना रहेको ।

(छ) कार्यक्रम प्रति कृषकहरुको झुकाव र प्रभावकारी कार्यान्वयनको सम्भावना भएको ।

**(७) अनुदान रकमबाट सञ्चालन गर्न सकिने कार्यहरुः** अनुदान रकमबाट अनुदानग्राहीहरुले देहाय बमोजिमका कृयाकलापहरु सञ्चालन गर्न सक्नेछन ।

(क) गोठ तथा घुम्ति गोठ सुधार

(ख) घुम्तिगोठका गोठालाहरुका लागि बन्दोबस्तिका सामग्री

(ग) चरन खर्क सुधार, झाँडी बुट्यान र बिषालु झारपात हटाउने

(घ) चरन क्षेत्रमा पिउने पानीको प्रबन्ध र मुहान संरक्षण

(ङ) चौंरीको दुध संकलन, ढुवानी, गुणस्तर सुधार, दूध प्रशोधन, दूग्धजन्य पदार्थको विविधिकरण र बजारिकरण

(च) व्याडका लागि याक खरिद

(छ) याक/चौंरीमा आन्तरिक तथा बाह्य परजिवी नियन्त्रण र पशु उपचार

(ज) पशु खोप सेवा सञ्चालन

(झ) क्षमता विकास तालिम, आन्तरिक अवलोकन भ्रमण र अन्तरकृया गोष्ठी

(ञ) प्रगति प्रतिवेदन, अभिलेखिकरण र तथ्याङ्क अध्यावधिकका लागि पारिश्रमिक आदि ।

(ट) स्थान बिषेशको आवश्यकताका आधारमा सम्बन्धित कार्यालयले उचित ठानेका याक/चौंरी पालन प्रवर्द्धनमा सहायक हुन सक्ने अन्य कार्यक्रमहरु ।

**(८) अनुदान प्रवाहका शर्तहरुः**

(क) सम्झौतामा उल्लेखित रकम भन्दा बढीको कृयाकलापहरु समूह स्वयंले बेहोर्ने वा अन्य श्रोतको व्यवस्था गरि सञ्चालन गर्नु पर्नेछ ।

(ख) अनुदान प्राप्त गर्ने कृषकहरुले कम्तिमा दश वर्ष सम्म याक/चौंरी पालन व्यवसायलाई निरन्तरता दिनु पर्नेछ ।

(ग) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असुल उपर र कार्वाही हुनेछ ।

(घ) याक/चौरीप्रबर्द्धन कार्यक्रममा आबद्ध प्रत्येक कृषकले कार्यक्रमको अन्त्य सम्ममा कम्तिमा बीस वटा प्रजनन योग्य नाक/चौंरीहरु पालेको हुनु पर्नेछ ।

(ङ) गोठ/घुम्ति गोठ निर्माण गर्दा हावापानी सुहाउँदो, बैज्ञानिक, सफा र हावादार हुनु पर्नेछ ।

(च) चरन खर्क सुधार, बिषालु घाँस नियन्त्रण, हे प्रविधि अवलम्बन तथा घाँस खेति र संरक्षणका उपायहरु अवलम्बन गर्नु पर्नेछ ।

(छ) साझेदार संस्थाले चौमासिक अवधिमा तोकिए बमोजिमकोविवरण सम्बन्धित कार्यालयमा पठाउनुपर्नेछ।

## ६९.२ भेंडा पालन प्रवर्द्धन कार्यक्रम

**(९) कार्यक्रम सञ्चालनका लागि पकेट क्षेत्र छनौटका आधारहरुः**

(क) भौगोलिक तथा वातावरणीय हिसाबले भेंडा पालनको सम्भावना भएको ।

(ख) तुलनात्मक हिसाबले भेंडाको संख्या बढि भएको ।

(ग) बिगतमा विज्ञ केन्द्रले भेंडा पकेट क्षेत्रका रुपमा पहिचान र प्रवर्द्धन गरेको ।

(घ) भेंडा पालनमा संलग्न कृषकहरुको बाहुलयता रहेको ।

(ङ) चरिचरनको उपलब्धता तथा चरन खर्क सुधारको आवश्यक र सम्भावना ।

(च) भेंडा पालन व्यवसाय विस्तारको सम्भावना ।

(छ) कार्यक्रम प्रति कृषकहरुको झुकाव र प्रभावकारी कार्यान्वयनको सम्भावना ।

**(१०) अनुदान रकमबाट सञ्चालन गर्न सकिने कार्यहरुः**

*(क)* खोर तथा घुम्ति गोठ सुधार

*(ख)* घुम्तिगोठका गोठालाहरुका लागि बन्दोबस्तिका सामग्री

*(ग)* चरन क्षेत्रमा पहुँचका लागि काठेपुल र गोरेटो निर्माण

*(घ)* चरन खर्क सुधार, झाडि बुट्यान र बिषालु झारपात हटाउने

*(ङ)* चरन क्षेत्रमा पिउने पानिको प्रबन्ध र मुहान संरक्षण

*(च)* भेंडा/थुमा खरिद, हिट सन्क्रोनाइजेशन तथा मौषमि कृत्रिम गर्भाधन सेवा सञ्चालन

*(छ)* उन काटने तथा राडी/पाखी बुन्ने मेशिन र औजार उपकरण खरिद

*(ज)* उन तथा उनजन्य उत्पादन विविधिकरण र बजारिकरण

*(झ)* भेंडामा आन्तरिक तथा बाह्य परजिवी नियन्त्रण र पशु उपचार

*(ञ)* पशु खोप सेवा र प्रयोगशाला सेवा सञ्चालन

*(ट)* क्षमता विकास तालिम, आन्तरिक अवलोकन भ्रमण र अन्तरकृया गोष्ठी

*(ठ)* प्रगति प्रतिवेदन, अभिलेखिकरण र तथ्याङ्क अध्यावधिकका लागि पारिश्रमिक आदी ।

*(ड)* स्थान बिषेशको आवश्यकताका आधारमा सम्बन्धित कार्यालयले उचित ठानेका भेंडापालन प्रवर्द्धनमा सहायक हुन सक्ने अन्य कार्यक्रमहरु ।

**(११) अनुदान प्रवाहका शर्तहरुः**

*(क)* अनुदान प्राप्त गर्ने कृषकहरुले कम्तिमा दश वर्ष सम्म भेंडा पालन व्यवसायलाई निरन्तरता दिनु पर्नेछ ।

*(ख)* अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असुल उपर र कार्वाही हुनेछ ।

*(ग)* भेंडा प्रबर्द्धन कार्यक्रममा आबद्ध प्रत्येक कृषकले कार्यक्रमको अन्त्य सम्ममा कम्तिमा पच्चिस वटा प्रजनन योग्य भेंडा पालेको हुनु पर्नेछ ।

*(घ)* गोठ/घुम्ति गोठ निर्माण गर्दा हावापानी सुहाउँदो, बैज्ञानिक, सफा र हावादार हुनु पर्नेछ ।

*(ङ)* चरन खर्क सुधार, बिषालु घाँस नियन्त्रण, हे प्रविधि अवलम्बन तथा घाँस खेति र संरक्षणका उपायहरु अवलम्बन गर्नु पर्नेछ ।

*(च)* साझेदाले चौमासिक अवधिमा तोकिए बमोजिमकोविवरण सम्बन्धित कार्यालयमा पठाउनुपर्नेछ।

## ७०. कार्यक्रमको नामः मकै उत्पादकत्व अभिवृद्धि कार्यक्रम

**(१) उद्देश्य:**

*(क)* उन्नत मकैको बीउ तथा उत्पादन प्रविधि विस्तार मार्फत दीर्घकालिन रुपमा यस बालीको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने ।

**(२) अनुदान प्राप्त गर्न सक्ने साझेदारः** कृषक समूह/कृषि सहकारी

**(३) संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

*(क)* संस्था/समुह दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

*(ख)* संस्था/समुह नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि

*(ग)* संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

*(घ)* नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।

*(ङ)* सहकारी संस्थाको हकमा गत आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि ।

*(च)* गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

*(छ)* स्थानीय तह कृषि शाखाको सिफारिश

**(४) सहजीकरण सेवा तथा सुविधाः**

*(क)* **बीउमा अनुदान :**प्रति हेक्टर पच्चिस के.जी. मकैको बीउमा पचहत्त प्रतिशत वा प्रति के.जी. साठी रुपैयाको दरले अनुदान ।

*(ख)* **मकै खेती प्रविधि तालिम:** प्रति क्लष्टरतिनवटा स्थलगत घुम्ति तालिम संचालन गर्न सकिने तथा प्रति तालिम दश हजार खर्च गर्न सकिने ।

*(ग)* **उन्नत प्रविधि प्रदर्शन :** यस अन्तर्गत नयाँ उन्मोचित तथा विकसित जातको जातिय परिक्षण, उन्नत प्रविधि प्रदर्शन तथा ज्याव प्लान्टरबाट मकै रोप्ने प्रविधि प्रदर्शन पहाडमा कम्तीमा पाँच रोपनीमा संचालन गर्नु पर्ने छ । प्रति क्लष्टर तिन वटा प्रदर्शन गर्न सकिने तथा प्रति प्रदर्शन दश हजारको दरले खर्च गर्न सकिने।

*(घ)* **मेशीनरी अनुदान** : प्रति क्लष्टर तीन लाख पचहत्तर हजारसम्म पचहत्तर प्रतिशत अनुदानमा मेशीनरी यन्त्र उपकरण तथा वाली उत्पादन उपरान्त पोष्ट हार्भेष्ट क्षति कम गर्न तथा प्रशोधन कार्यमा उपयोग हुने सामाग्रीमा खर्च गर्न सकिने ।

*(ङ)* **उन्नत बीउ ढुवानी अनुदान**: स्थानीय दररेट अनुसार वा बीउ अनुदानको दश प्रतिशतले हुन आउने रकम जुन कम हुन्छ सो रकमको शत प्रतिशत अनुदान ।

*(च)* **प्याकेजिङ्ग तथा लेभलिङ्ग सहयोग**:बीउ अनुदानको दश प्रतिशतले हुन आउने रकम जुन कम हुन्छ सो रकमको शत प्रतिशत अनुदान ।

**(५) कार्यक्रम सञ्चालनका आधारभूत पक्ष तथा मुल्याङ्कनका आधारहरुः**

*(क)* कृषि ज्ञानकेन्द्रले स्थानीय तहको समेत सहभागीता तथा समन्वयमा मकै बाली संभावना भएका तर उन्नत बीउको प्रयोग कम भएको स्थानीय तह तथा वार्डहरु कम्तिमा एक स्थानीय तहमा पचास हेक्टर क्षेत्रफलमा मकै खेती गर्न सकिने गरी क्लष्टर छनौट गर्नेछ ।

*(ख)* यस कार्यक्रमलाई एक स्थानीय तहमा निरन्तर तिन वर्षसम्म संचालन गरिनेछ।सो पछि कार्यक्रम लागू नभएका स्थानीय तह छनौट गर्नु पर्नेछ ।

*(ग)* प्याकेजीङ्ग र लेवलिङ गरेर मात्र वीउ विक्री वितरण गर्नु पर्नेछ।

## ७१. कार्यक्रमको नामः रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम

**(१) उद्देश्य:**

(**क**) रैथाने तथा स्थानीय जातका खाद्यान्न वाली उत्पादन प्रविधि विस्तार मार्फत उत्पादन अभिवृद्धितथा बजार प्रवर्द्धन गर्ने ।

**(२) अनुदान प्राप्त गर्न सक्ने साझेदारः** कृषक/कृषक समूह/कृषि सहकारी/सामुदायिक बीउ बैंक व्यवस्थापन समिति हुन सक्ने छन् ।

**(३) संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(**क**) संस्था/समुह दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

(**ख**) संस्था/समुह नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि .

(**ग**) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(**घ**) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।

(**ङ**) सहकारी संस्थाको हकमा गत आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि ।

(**च**) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(**छ**) स्थानीय तह कृषि शाखाको सिफारिश

**(४) सहजीकरण सेवा तथा सुविधाः**

**(क)** **रैथाने बाली उन्नत खेती प्रविधिबारे दुई दिनेतालिम**: प्रति क्लष्टर एक वटा स्थलगत घुम्ति तालिम संचालन गर्न सकिने तथा प्रति तालिम दश हजार खर्च गर्न सकिने छ।

**(ख)** **शत प्रतिशत अनुदानमा रैथाने बालीका स्थानीय तथा उन्नत जातका बीउ वितरणः**बीउको मुल्य स्थानीय दररेट अनुसार हुनेछ ।

**(ग)** **पचहत्तर प्रतिशत अनुदानमा थ्रेसिङ मेसिन वितरणः**प्रति क्लष्टर सामूहिक रुपमा संचालन हुने गरी एक वटा कोदो चुट्ने मेशीनमा पचहत्तर प्रतिशत वा बढीमा पचास हजार अनुदान उपलब्ध गराईनेछ ।

**(घ)** **वाली उत्पादनः** कार्यक्रम कार्यान्वयनका लागि सूचित भएका र क्लष्टरमा रैथाने बाली उत्पादन गरी प्याकेजिङ्ग र ब्रान्डिङ गरी बजारमा उपलब्ध गराउने समूह तथा सहकारीका सदस्यहरुलाई प्रति रोपनी दुई हजारका दरले प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ ।

**(ङ)** **वीउ उत्पादनः** रैथाने बालीको वीउ उत्पादनमा सहभागी हुने समूह, सहकारी र सामुदायिक बीउ बैंकका सदस्यहरुलाई आवश्यकता अनुसारको सुपरिवेक्षण, प्याकेजिङ्ग, लेवलिङ्ग, ट्यागिङ्ग र ब्राण्डिङ्ग गरी वीउ उत्पादन तथा वजारीकरण गरे वापत प्रति केजी उत्पादनका लागि रु. पचास का दरले प्रोत्साहन रकम उपलब्ध गराइनेछ ।

**(५)** **कार्यक्रम सञ्चालनका आधारभूत पक्ष तथा मुल्याङ्कनका आधारहरुः**

(क) कृषि ज्ञानकेन्द्रले स्थानीय तहको समन्वयमा रैथाने बालीको उत्पादन तथा बजारीकरण संभावना भएका स्थानीय तह तथा वार्डहरु कम्तिमा एक स्थानीय तहमा बीस रोपनी क्षेत्रफलमा रैथाने वाली उत्पादन प्रवर्द्धन गर्न सकिने गरी क्लष्टर छनौट गर्नेछ ।

(ख) सोक्लष्टरमाकृषकको हकमा कम्तीमा पाँच रोपनी तथा समूह, सहकारी वा सामुदायिक बीउ बैंक व्यवस्थापन समितिको हकमा क्लष्टरमा कम्तिमा बीस रोपनीमा रैथाने बालीको खेती गरिएको हुनुपर्नेछ।

## ७२. कार्यक्रमको नामःविश्वविद्यालय, अध्ययन संस्थान र कलेजहरुको समन्वयमा कृषि प्रसार कार्यक्रम

**(१)** **उद्देश्य:**

(क) विश्व विद्यालयबाट विकास गरिएका प्रविधिहरु, अध्ययन अनुसन्धानवाट कृषकहरुले भोगिरहेका समस्यामा आधारित विकास भएका प्रविधिहरु तथा विश्व विद्यालयबाट प्रदान हुन सक्ने विशेषज्ञ सेवा आफ्नो कमाण्ड क्षेत्रका कृषकहरुमा प्रसार गर्ने ।

**(२)** **अनुदान प्राप्त गर्न सक्ने साझेदारः**

(क) यो कार्यक्रम कृषि विकास निर्देशनालय मार्फत संचालन गरिनेछ र यस कार्यक्रममा प्रदेश नं. १ मा अवस्थित कृषि विषयमा कम्तिमा स्नातक अध्यापन गराउने विश्वविद्यालय, आंगिक कलेज तथा सम्बन्धन प्राप्त शैक्षिक संस्थाहरु ।

**(३) संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(क) ईच्छुक विश्वविद्यालय, अध्ययन संस्थान र कलेजहरुको समन्वयमा कृषि प्रसार कार्यक्रम संचालन गर्न ईच्छा पत्र ।

(ख) ईच्छुक विश्वविद्यालय, अध्ययन संस्थान र कलेजहरुले संस्थाको आधिकारीक दस्तावेज, कृषि विषय अध्ययनरत विद्यार्थीको विवरणतथा कार्यरत प्राध्यापकहरुको विवरण।

(ग) कृषि ज्ञान केन्द्रको सिफारिस

(घ) स्थानीय तह कृषि शाखाको सिफारिश

**(४) सहजीकरण सेवा तथा सुविधाः**

(क) ईच्छुक विश्वविद्यालय, अध्ययन संस्थान र कलेजहरुले कृषि प्रसार कार्यक्रम अन्तर्गत संचालन गर्ने क्रियाकलापहरु समावेश गरी सम्भाव्य कृषि प्रविधि प्रसारको सूची सहित ईच्छा पत्र पेश गर्नुपर्नेछ।

(ख) विश्वविद्यालय, अध्ययन संस्थान र कलेजहरुको समन्वयमा कृषि प्रसार कार्यक्रममा समावेश गर्न सक्ने क्रियाकलापहरुः

(ग) घुम्ति माटो परीक्षण शिविर

(घ) आई. पि. एम. कृषक पाठशाला / असल कृषि अभ्यास पाठशाला

(ङ) स्थलगत घुम्ति तालिम

(च) आई. पि. एन. एस. कृषक पाठशाला

(छ) नतिजा तथा उत्पादन प्रदर्शन

(ज) जातीय परीक्षण तथा प्रदर्शन (उन्मोचित तथा उन्मोचन हुने क्रममा रहेका)

(झ) शुन्य खनजोत प्रविधि प्रदर्शन

(ञ) संरक्षण प्रविधिमा आधारीत प्रविधि प्रदर्शन

(ट) समस्यामा आधारीत स साना अध्ययन परीक्षण

(ठ) माटो परीक्षणको आधारमा कृषि चुन तथा हरियो मल प्रयोग प्रदर्शन

(ड) बेमौसमी तरकारी खेती प्रविधि प्रदर्शन

(ढ) व्ययवसायिक फलफूल बगैंचा स्थापना

(ण) पोष्ट हार्भेष्ट प्रविधि प्रदर्शन

(त) नविनतम प्रविधि प्रदर्शन

(थ) गोठसुधारको प्रदर्शन

(द) अन्य

(1) विश्वविद्यालय, अध्ययन संस्थान र कलेजहरुले आफ्नो प्रभाव क्षेत्रमा कृषि प्रसारका कार्यक्रम उपदफा (४) मा उल्लेखित क्रियाकलापका अलवा आफ्नो संस्थागत क्षमता तथा विज्ञताका आधारमा अन्य क्रियाकलाप निर्देशनालयको सहमतिमा संचालन गर्न सक्नेछन ।

(2) क्रियाकलाप संचालनको आर्थिक पक्ष प्रदेश सरकारबाट स्वीकृत कार्यविधि तथा संघिय कृषि तथा पशुपंक्षी विकास मन्त्रालयबाट स्वीकृत मापदण्ड बमोजिम हुनेछ ।साथै संस्थागत क्षमता तथा विज्ञताका आधारमा थप भएका क्रियाकलाप तथा सो को आर्थिक पक्ष दुवै पक्षको सहमतिमा वार्ताबाट तय हुनेछ साथै सो प्रयोजनका लागि निर्देशनालय प्रमुखले सहमति भएका क्रियाकलापको प्रचलित दररेट वमोजिम नर्मस स्वीकृत गर्न सक्नेछ ।

**(५) कार्यक्रम सञ्चालनका आधारभूत पक्ष तथा मुल्याङ्कनका आधारहरुः**अध्ययन संस्थानबाट कृषि प्रविधि प्रसार गर्न ईच्छुक सूचित विश्वविद्यालय, अध्ययन संस्थान र कलेजहरुलाई संस्थाको प्रकार, अध्ययनरत विद्यार्थीको संख्यातथा कार्यरत प्राध्यापकहरुको संख्या समेतलाई आधार मानी सो आधारको भार क्रमश: बीस प्रतिशत, चालिस प्रतिशत तथा चालिस प्रतिशत कायम गरी समानुपातिक तवरले अनुदान उपलब्ध गराईनेछ ।

## ७३ . कार्यक्रमको नामः वीउ उत्पादन, प्रशोधन तथा भण्डारण सहयोग कार्यक्रम

**(१) उद्देश्य :**

(क) वीउ प्रशोधन तथा भण्डारण व्यवस्थालाई सुदृढ गर्दै गुणस्तरीय बीउ विजनको उपलब्धता अभिवृद्धि गर्नु ।

**(२) अनुदान प्राप्त गर्न सक्ने साझेदारः**वीउ उत्पादनमा कम्तिमा विगत एक वर्ष देखि संलग्न सहकारी संघ, सहकारी संस्था, वीउ उत्पादक कृषक समूह तथा नीजि वीउ उत्पादक कम्पनी ।

**(३) संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(क) संस्था/समुह दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

(ख) संस्था/समुह नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि .

(ग) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(घ) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।

(ङ) सहकारी संस्थाको हकमा गत आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि ।

(च) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(छ) कम्तिमा दुई कठ्ठा जमिनको स्वामित्व आवेदकमा रहेको लालपुर्जाको प्रतिलिपि

(ज) कृषि ज्ञान केन्द्रको सिफारिस

(झ) स्थानीय तह कृषि शाखाको सिफारिश

(ञ) स्वीकृत प्राप्त बैंकबाट प्रस्ताव प्रयोजनका लागि जारी भएको आशय पत्र वा बैंक मौज्दात

(ट) प्रस्ताव पेश गर्दा पुर्वाधारको हकमा आधिकारिक रुपमा तयार गरिएको लागत अनुमान, नाप नक्सा समेत पेश गर्नुपर्नेछ साथै मेशिनरीको हकमा प्रचलित ऐन कानून बमोजिम कोटेशसन तथा अन्य कागजात संलग्न गरेको हुनु पर्नेछ ।

(ठ) प्रस्ताव गरिएको कार्यमा अन्य कुनै पनि निकायवाट अनुदान नलिएको र सो कार्यका लागि अनुदान नलिने स्वःघोषणापत्र ।

(४) **सहजीकरण सेवा तथा सुविधाः** यस कार्यक्रम अन्तर्गत बीउ प्रशोधन तथा भण्डारण (आलुको बीउ समेत) मा उपयोग हुने मेशिनरी तथा पुर्वाधारमा पचास प्रतिशत सहयोग उपलब्ध हुनेछ। यस प्रयोजनका लागि कृषि विकास निर्देशनालयले आवश्यकता तथा औचित्यताका आधारमा अधिकतम रु. पच्चिस लाखसम्म साझेदारी रकम उपलब्ध गराउनेछ ।

(५) **प्रस्ताव मुल्याङ्कनका आधारहरुः**

| **क्र.सं.** | **मूल्याङ्कनका आधार** | **मूल्याङ्कन** | | | **प्राप्ताङ्क** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १ | प्रस्तावकको किसिम | नीजि बीउ उत्पादक कम्पनी | प्रारम्भिक सहकारी/ बीउ उत्पादक सहकारी | सहकारी संघ/विषयगत संघ | | |
| | अङ्क भार | १० | १५ | २० | | |
| २ | संस्थाको अनुभव | पाँच वर्ष भन्दा बढी | पाँच देखि दश वर्ष | दश वर्ष भन्दा बढी | | |
| | | ४ | ७ | १० | | |
| ३ | गुणस्तरी बीउ वार्षिक उत्पादन परिमाण | २५ मे.टन सम्म | २५-१०० मे.टन | १०० मे.टन भन्दा बढी | | |
| | | ४ | ७ | १० | | |
| ४ | बीउ उत्पानमा संलग्न कृषक संख्या | ५० जना | ५०-१०० सम्म | १०० भन्दा बढी | | |
| | | ४ | ७ | १० | | |
| ५ | उत्पादित बीउको स्तर | उन्नत बीउ उत्पादन | प्रमाणित /लेवल बीउ उत्पादन | मूल/श्रोत बीउ उत्पादन | | |
| | | १० | १५ | २० | | |

## ७४. कार्यक्रमको नामः हुलाकी राजमार्ग तथा मुख्य राजमार्ग लक्षित ताजा तरकारी उत्पादन कार्यक्रम

**उद्देश्य :** प्रदेश नं. १स्थित हुलाकी राजमार्ग तथा मुख्य राजमार्ग आसपासका संभाव्य क्षेत्रमा तरकारी खेतीको आधुनिकिकरण तथा व्यवसायिकरण गर्ने।

(१) **अनुदान प्राप्त गर्नसक्ने साझेदारहरुः** कृषक समुह सहकारी/फर्म तथा संस्थाहरु

(२) **संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(क) कार्यक्रम संचालन हुने क्षेत्रको बासिन्दा हुनुपर्ने।

(ख) संस्थाको दर्ता, नबिकरण, PAN दर्ता तथा नबिकरण।

(ग) सम्बन्धित वडाको सिफारिस ।

(३) **सहजीकरण सेवा तथा सुविधाः**

| सि. नं | विवरण | क्रियाकलापको प्रकृति | सहजिकरण (Facilitation) |
|---|---|---|---|
| १ | उत्पादन सामग्री सहयोग(वीउ, बेर्ना, विषादी, सूक्ष्म तथा झोल मल  कृषि चून लगायत) | चालु | पचहत्त प्रतिशत |
| २ | प्रविधि प्रसार | चालु | शत प्रतिशत |
| ३ | उन्नत प्रविधि प्रदर्शन (तराईमा पाँच कठ्ठा तथा पाहाडमा दुई रोपनी)- प्रचलित बजार मुल्य तथा स्थानीय दररेट अनुसार तयार लागत अनुमानमा आधारीत रहनुपर्ने | चालु | शत प्रतिशत |
| ४ | कृषि औजार उपकरण खरिद तथा वितरण | पूजिगत | पचास प्रतिशत |
| ५ | साना सिंचाइ पूर्वाधारहरु (भूमिगत सिँचाई, पाईप, कुलो निर्माण, नविनतम प्रविधिमा आधारित सिंचाई (सौर्य सिंचाई) | पूजिगत | पचहत्त प्रतिशत |
| ६ | उत्पादनोपरन्त तथा कृषि सेवा पुर्वाधार निर्माण(तरकारीप्रशोधन (प्याकेजिङ्ग,ग्रेडिङ्ग), बजारीकरण आदि) | पूजिगत | पचास प्रतिशत |

(४) **कार्यक्रम संचालन हुने क्षेत्रहरुः**

(**क**) हुलाकी राजमार्ग लक्षित ताजा तरकारी उत्पादन कार्यक्रम हुलाकी राजमार्ग अवस्थित सुनसरी जिल्लाको वर्जु गाउँपालिका, देवानगंज गाउँपालिका हरिनगरा गाउँपालिका, भोक्राहा गाउँपालिका तथा कोशी गाउँपालिका; मोरङ्ग जिल्लाको जहदा गाउँपालिका, कटहरी गाउँपालिका, धनपालथान गाउँपालिका, रङ्गेली नगरपालिका, सुनवर्षि नगरपालिका, रतुवामाई नगरपालिका, झापा जिल्लाको गौरीगन्ज गाउँपालिका,झापा गाउँपालिका, वाह्रदशी गाँउपालिका, भद्रपुर नगरपालिका तथा केचनाकवल गाउँपालिकामा संचालन गरिनेछ ।

(**ख**) मुख्य राजमार्ग लक्षित ताजा तरकारी उत्पादन कार्यक्रम महेन्द्र राजमार्ग, मेची राजमार्ग, कोशी राजमार्ग, मध्यपहाडी राजमार्ग तथा अन्य राजमार्ग;  जसले उत्पादित तरकारीको बजारीकरण सुनिश्चित गर्दछ; जोडिएका स्थानीय तह तथा वडामा संचालन गरिनेछ । तरकारी खेतीको संभावना तथा व्यवसायीकरणको संभावना हुँदा हुँदै पनि उपलब्ध बजेटको अवस्था तथा कार्यक्रमको प्रभावकारीतालाई मध्यनजर गर्दै कृषि ज्ञान केन्द्रले सम्पूर्ण स्थानीय तह वा केही स्थानीय तह तथा वडा उद्देश्यमूलक तवरले छनौट गर्न सक्नेछ ।

**(५) कार्यक्रम सञ्चालनका आधारभूत पक्ष तथा मूल्याङ्कनका आधारहरुः**

(क) तरकारी खेतीको संभावना तथा व्यवसायीकरणको संभावना हुँदा हुँदै पनि उपलब्ध बजेटको अवस्था तथा कार्यक्रमको प्रभावकारीतालाई मध्यनजर गर्दै कृषि ज्ञान केन्द्रले सम्पूर्ण स्थानीय तह वा केही स्थानीय तह तथा वडा उद्देश्यमूलक तवरले छनौट गर्न सक्नेछ ।

(ख) तरकारी बालीमा पकेट, व्लक, जोन तथा सुपर जोन विकास कार्यक्रम संचालन भएको स्थानीय तह तथा वार्डमा यो कार्यक्रम संचालन हुने छैन ।

(ग) स्थानीय तह अनुसार वजेटको बाँडफाड भैसकेपछि कृषि ज्ञान केन्द्रले यस कार्यक्रममा सहभागी हुन सम्बन्धित स्थानिय तहहरुमा रहेका कृषक समुह, सहकारी, फर्म तथा संस्थाहरुलाई सुचिकृत गर्न सूचना प्रकाशन गर्नेछ।

(घ) निर्धारीत समयमा सूचिकृत भएका कृषक समुह, सहकारी, फर्म तथा संस्थाहरुसँग अन्तरक्रिया कार्यक्रम तय गरी प्रति स्थानिय तह पाँच सदस्यीय (संयोजक-१, सचिव-१, सदस्य-३) कार्यक्रम सहजीकरण समिति गठन गर्नेछ। सो समितिमा कृषि ज्ञान केन्द्रको कार्यक्रम हेर्ने कर्मचारी वा प्रमुख तथा सम्बन्धित स्थानीय तहको कृषि शाखाको प्रमुख पदेन सदस्य रहनेछन ।

(ङ) कार्यक्रम सहजीकरण समिति गठन भैसकेपछि कृषि ज्ञान केन्द्रले कार्यक्रम सहजीकरण समितिको निर्णय तथा सहमतिमा तोकिए बमोजिमका सहजीकरण सेवा भित्र रहेर आफ्नो क्रियाकलाप निर्धारण गर्नुपर्नेछ ।तर चालु क्रियाकलाप तर्फ सो स्थानीय तहमा उपलब्ध बजेटको चालिसप्रतिशत बढी हुन पाउनेछैन ।

(च) क्रियाकलाप निर्धारण पश्चात निर्धारीत क्रियाकलापको प्रकृति अनुसार प्रचलित ऐन कानून बमोजिम कृषि ज्ञान केन्द्रले कार्यक्रम कार्यन्वयन प्रक्रियाको अवलम्वन गर्नुपर्नेछ।

(छ) कृषि ज्ञान केन्द्रले स्थानिय तह तथा कार्यक्रम सहजीकरण समितिको समन्वयमा अनुगमन, मुल्याङ्कन गरी भुक्तानीको प्रक्रिया अगाडि बढाउनेछ।

## ७५. कार्यक्रमको नामः युवा लक्षित कृषि विकास कार्यक्रम

**(१) उद्देश्य :**जनसंख्याको लाभाशंको रुपमा रहेको युवाहरुलाई तरकारी, च्याउ, र मह उत्पादन व्यवसायको लागि आवश्यक पर्ने प्रविधि प्रदान गरीकृषि क्षेत्रमा आकर्षित गर्दै कृषि क्षेत्रको व्यवसायिकरण गर्ने तथा रोजगारीको सिर्जना गर्ने।

**(२) अनुदान प्राप्त गर्नसक्ने साझेदारहरुः** यो कार्यक्रममा अठार देखि पचास वर्ष उमेर ननाघेका, विदेशवाट फर्केका, तथा विदेश जान लागेका स्थानिय वेरोजगार यूवाहरु सहभागी हुन सक्नेछन।

**(३) संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(क) नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

(ख) आफुले गर्न चाहेको व्यवसायको प्रस्तावना ।

(ग) तालिम लिएको सो सम्बन्धी अध्ययन गरेको सो को प्रमाणपत्रको प्रतिलिपि ।

**(४) सहजीकरण सेवा तथा सुविधा:**

| क्र. सं. | कार्यक्रमका क्षेत्र तथा नाम | आधारभूत मापदण्ड | सहजीकरणका क्षेत्र तथा सेवा |
|---|---|---|---|
| १ | तरकारी – युवा लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रम | ▪ हिमाली/पहाडी क्षेत्रमा पाँच रोपनी क्षेत्रफलमा व्यवसायिक तरकारी खेती गरेको हुनुपर्ने तथा कम्तिमा दुई वटा थोपा सिँचाई सहितको प्लास्टिक टनेल निर्माण भएको हुनुपर्ने ।<br>▪ तराई क्षेत्रमा कम्तिमा एक हेक्टर क्षेत्रफलमा व्यवसायिक तरकारी खेती गरेको हुनुपर्ने । | ▪ उत्पादन सामाग्री – पचहत्तर प्रतिशतअनुदान<br>▪ पुर्वाधार विकास – पतहत्तर प्रतिशतअनुदान<br>▪ सिँचाई पुर्वाधार– पचहत्तर प्रतिशतअनुदान |
| २ | च्याउ – युवा लक्षित व्यवसायिक च्याउ उत्पादन कार्यक्रम | ▪ कन्ये च्याउ तथा Milky White च्याउको हकमा कम्तिमा दुईवटा चौध फिट चौडा र २२ फिट लम्बाईको टहरामा च्याउ खेती गरेको हुनुपर्ने।<br>▪ सिताके च्याउ – तिन देखि आठ ईन्च व्यास भएका एक मीटर लम्वाईका कम्तिमा पचहत्तर वटा काठमा खेती गर्नुपर्ने।<br>▪ गोब्रे च्याउ – दुई हजार के.जी.को कम्पोष्ट तयार तथा प्रयोग भएको हुनुपर्ने र दुईवटा चौध फिट चौडा र २२ फिट लम्बाईको टहरामा च्याउ खेती गरेको हुनुपर्ने। | ▪ आवश्यक सामाग्री एवं औजार उपकरण– पचहत्तर प्रतिशत अनुदान |
| ३ | मौरी - युवा लक्षित व्यवसायिक मौरी पालन कार्यक्रम | ▪ कम्तिमा बीस वटा घार थप भएको वा मौरीपालन भएको हुनु पर्ने। | ▪ घार तथा उत्पादन सामाग्री –पचहत्तर प्रतिशत अनुदान<br>▪ चरन क्षेत्र निर्माण तथा विस्तार – पचहत्तर प्रतिशत अनुदान |

**(५) कार्यक्रम सञ्चालनका आधारभूत पक्ष तथा मूल्याङ्कनका आधारहरु**

(क) यो कार्यक्रममा अठार देखि पचास वर्ष उमेर ननाघेका, विदेशबाट फर्केका तथा विदेश जान लागेका स्थानीय वेरोजगार यूवाहरु सहभागी हुन सक्नेछन ।

(ख) यस कार्यक्रममा तरकारी, च्याउ, मौरी तथा सो सँग सम्बन्धित एकिकृत कृषि फार्मका लागि आवेदन दिन सक्नेछन ।

(ग) एक पटक युवा लक्षित कार्यक्रम मार्फत च्याउ उत्पादन, मह तथा तरकारी उत्पादनमा अनुदान पाएका कृषकरसम्वन्धित वाली वस्तुमा प्रधानमन्त्री कृषि आधुनिकिकरण आयोजनाकोसुपरजोन, जोन, ब्लक तथा पकेट विकास कार्यक्रममा समावेश भएका युवा कृषकलाई यो कार्यक्रममा सहभागी गराइने छैन।

(घ) यस कार्यक्रम अन्तर्गत तोकिए वमोजिम को क्षेत्रमा प्रति स्कीम वा प्रति युवालाई प्रस्तावनाको आधारमा पचहत्तर प्रतिशत सम्म बढिमा एक लाख(सम्म अनुदान स्वरुप रकम उपलव्ध गराइने छ।

(ङ) कृषि ज्ञान केन्द्रले यूवा लक्षित कार्यक्रममा तोकिएको समय सीमाभित्र विधिवतरुपमा प्राप्त आवेदनहरुको मूल्याङ्कनकास्पष्ट आधारहरु तय गरीमूल्याकंन पश्चात जिल्लास्तर छनौट समितिम पेश गरी अनुदानग्राही युवाको अन्तिम छनौट गराउनु पर्नेछ ।

(च) प्रस्ताव छनौट पश्चात प्रस्तावक तथा कृषि ज्ञान केन्द्र विच प्रचलित ऐन, कानून तथा स्वीकृत स्थानीय दररेट लाई आधार मानी स्वीकृत लागत अनुमान समेत राखी सम्झौता गर्नुपर्नेछ ।

(छ) कार्य सम्पन्न भैसकेपछि सहभागी यूवा कृषि उद्यमीले कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ र कृषि ज्ञानकेन्द्रवाट स्थलगत निरीक्षण गरी कार्य सम्पन्नताका आधारमा एकमुष्ट अनुदान रकम बैंक खाता मार्फत भुक्तानी गरिनेछ।

## ७६. कार्यक्रमको नामः प्राङ्गारिक मल उत्पादन सहयोग कार्यक्रम भर्मिकम्पोष्ट

(१) **उद्धेश्यः** भर्मिकम्पोष्ट लगायत गुणस्तरीयप्राङ्गारिक मलको उत्पादन तथा प्रयोग अभिवृद्धि गर्दै असन्तुलित रासायनिक मलको प्रयोगबाट हुने नकरात्मक प्रभावलाई कम गर्दै माटोको उर्बराशक्ति कायम राखी उत्पादन र उत्पादकत्व बृद्धि गराउने ।

(२) **अनुदान प्राप्त गर्नसक्ने साझेदारहरुः** कृषक समुह/सहकारी

(३) **संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(क) संस्था/समुह दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

(ख) संस्था/समुह नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि .

(ग) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(घ) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।

(ङ) सहकारी संस्थाको हकमा गत आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि ।

(च) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(छ) स्थानीय तह कृषि शाखाको सिफारिश

(४) **सहजीकरण सेवा तथा सुविधाः**

(क) छनौट भएका समूहरसहकारी तथा कृषकहरुसँग कृषि ज्ञान केन्द्रले तोकिएको प्राविधिकवाट लागत अनुमान तयार गरी सम्झौता गर्नेछ ।

(ख) ईष्टिमेट र सम्झौता बमोजिम काम सम्पन्न भइसकेपछि लागत खर्चको बील भरपाईहरु तोकिएको प्राविधिकवाट कृषि ज्ञान केन्द्रमा पेश गर्नुपर्नेछ । कृषि ज्ञानले सोको कार्य सम्पन्न मूल्याङ्कन गराईसम्झौता बमोजिम कुल लागत ईस्टिमेटको पचहत्त प्रतिशत वा बढीमा रु. तिस हजाररभकारो

सुधार पहिला नै गरिसकेका कृषकले भर्मिकम्पोष्ट वेड निर्माण गरी गड्यौली पालन गरेको भएमा रु.अठार हजार मात्र अनुदान उपलब्ध हुनेछ ।

**(५) कार्यक्रम सञ्चालनका आधारभूत पक्ष तथा मूल्याङ्कनका आधारहरुः**

(क) कृषि ज्ञान केन्द्रले उपलब्ध बजेटलाई मध्यनजर गर्दै तरकारी तथा व्यवसायिक बाली चिया, अदुवा आदि खेतीको व्यापकता, प्राङ्गारीक खेतीको संभावना, भर्मिकम्पोष्टको प्रयोग संभावना तथा समूह सहकारीको संस्थागत सवलता तथा सक्रियता समेतलाई मध्यनजर गर्दै एउटै स्थानीय तहमा कम्तिमा बीस वटा कृषक एकै ञ्गिकतभच मा पर्ने गरी स्थानीय तह छनौट गर्नेछ ।साथै प्राङ्गारीक कृषि प्रवर्द्धन अभियान कार्यक्रम लागू भएका स्थानीय तहमा यो कार्यक्रम लागु हुने छैन ।

(ख) निर्धारीत समयमा प्राप्त प्रस्तावहरु तरकारी तथा व्यवसायिक बाली चिया, अदुवा आदि खेतीको व्यापकता, भर्मिकम्पोष्टको प्रयोग संभावना,कम्तिमा वयस्क दुई वटा गाई भैंसी वा दश वटा बाख्रा भएकाकृषक तथा महिला, दलित, जनजातिलाई प्राथमिकता दिई छनौट गरिनेछ ।

(ग) भर्मिकम्पोष्ट वेड र भर्मिवेडको छाना निर्माण गर्दा र आवश्यक पर्ने गड्यौला खरिद गर्दा देहाय वमोजिमको मापदण्ड अनुसार हुनु पर्नेछ ।

(१) भकारो सुधार कार्यक्रम - भकारोको आकार ७ फिट x १५ फिट, २x२X१ घन फिटको मुत्र संकलन खाल्डो

(२) भर्मिकम्पोष्ट वेडको आकार – लम्वाई तिन मिटर चौडाई एक मिटरका दुई वटा सँगै जोडिएका।

(३) भर्मिकम्पोष्ट बेडको छानाको आकार –लम्वाई ३.६ मिटर चौडाई १.६ मिटरको (छानाको लागि निर्माण सामाग्री स्थानीय श्रोतसाधनको प्रयोग गर्न सकिने)

(४) गड्यौला खरिद संख्या –एक हजार वटा

**(६)** अनुदान रकम प्राप्त गर्ने कृषि उद्यमी/कृषक समूह/सहकारी संस्थाका सदस्यहरुले प्राङ्गारिक मल उत्पादन (भर्मिकम्पोष्ट)कार्य लगातार रुपमा कम्तिमा दश वर्षसम्मगर्नुपर्नेछ

**(७) सम्झौताः** छनौट भएका समूह/सहकारी तथा कृषकहरुसँग कृषि ज्ञान केन्द्रले तोकिएको प्राविधिकवाट लागत अनुमान तयार गरी सम्झौता गर्नेछ ।

## ७७. कार्यक्रमको नामः प्राङ्गारिक कृषि प्रवर्द्धन अभियान कार्यक्रम

**(१) उद्देश्यः** प्राङ्गारिक खेतीलाई प्रोत्साहित गर्दै प्राङ्गारिक खेतीद्वारा आयात प्रतिस्थापन, रोजगारीको श्रृजना र आय आर्जनमा वृद्धि गर्ने ।

**(२) अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः**कृषक समूह/कृषि सहकारी/निजी कृषि उद्यमी/फार्म/व्यवसायिक कृषकहरु साझेदार हुन सक्ने छन् ।

**(३) संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(क) संस्था/समुह दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

(ख) संस्था/समुह नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि

(ग) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(घ) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।

(ङ) सहकारी संस्थाको हकमा गत आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि ।

(च) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(छ) कार्यक्रमको लागि लागत सहभागिता खुलेको प्रस्ताव ।

(ज) स्थानीय तह कृषि शाखाको सिफारिश

(झ) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिनेस्वःघोषणा पत्र पेश गर्नु पर्ने छ ।

**(४) कार्यक्रम संचालनका आधारभूत पक्ष तथा मुल्याङ्कनका आधारहरु**

(क) यो कार्यक्रम स्थानीय तहको सहकार्यमा कृषि ज्ञान केन्द्रले संचालन गर्नेछ । यो कार्यक्रम आ.व. २०७६/७७ देखि संचालन गरिनेछ । त्यस पश्चात सम्भाव्यता र कार्यक्रमको नतिजा हेरी आवश्यक परेमा परिमार्जन सहित लागु गरीनेछ ।

(ख) यस कार्यक्रम अन्तर्गत प्रदेशमा हाल भैरहेको उत्पादन प्रणालीलाई मध्येनजर गर्दै भविष्यमा पूर्ण प्राङ्गारिक को लक्ष्य सहित प्राङ्गारीक कृषि उपजलाई निम्न चार किसिममा वर्गीकरण गरी उत्पादन एवं बजारीकरण गरीनेछ ।

**(५) प्राङ्गारीक कृषि उपजलाई वर्गीकरणः**

(क) “प्राङ्गारिक उत्पादन” अर्थात "Organic Certified Product""OCP"

(ख) “प्राङ्गारिकरूपान्तरण उत्पादन” अर्थात "Organic in-conversion product" "OICP"

(ग) “रासायनिक विषादी प्रयोग नगरिएको उत्पादन” अर्थात "Production without use of Chemical Pesticides""PWUCP"

(घ) “परम्परागत कृषि उत्पादन” अर्थात "Traditional Agriculture Product""TAP"

**(६) कार्यक्रम संचालन प्रक्रियाः**

(क) यो कार्यक्रममा हाल विशेष गरी तरकारी, आलुबालीलाई छनौट गरी कार्यक्रम संचालन गरीनेछ।

(ख) कृषि ज्ञान केन्द्रले कार्यक्रम लागू गर्नु पुर्व विनियोजित बजेटबाट जिल्ला समन्वय समितिको सहकार्य तथा समन्वयमा कृषि ज्ञानकेन्द्रको कार्यक्षेत्रमा रहेका सम्पूर्ण स्थानीय तहहरुको सहभागितामा प्राङ्गारिक खेती तथा यस कार्यक्रम सम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम संचालन गर्नुपर्नेछ ।

(ग) कृषि ज्ञान केन्द्रले अभिमुखीकरण कार्यक्रम संचालन पश्चात प्राङ्गारिक खेती तर्फ जान ईच्छुक स्थानीय तहका लागि ईच्छापत्र पेश गर्न सबै स्थानीय तहमा समेत सूचना सप्रेषण गर्नुपर्नेछ । ईच्छुक स्थानीय तहले कार्यपालिकाबाट सो सम्बन्धी निर्णय तथा प्राङ्गारिक अभियानमा विनियोजन गर्न सकिने रकम समेत खोली ईच्छापत्र पेश गर्नु पर्नेछ ।

(घ) तोकिएको समयावाधि भित्र प्राप्त ईच्छापत्रहरुलाई कार्यविधिमा तोकिएको समितिबाट स्थानीय तह छनौट गर्नुपर्नेछ । यसरी स्थानीय तह छनौट गर्दा कृषि व्यवसायीकरणको अवस्था, प्राङ्गारिक खेती तर्फ रुपान्तरण गर्न सकिने संभावना, स्थानीय तहवाट प्राङ्गारिक अभियानमा विनियोजन गर्न सक्ने बजेट, पशुपालनको व्यवसायिकरणको अवस्था तथा समूह सहकारीको संस्थागत सक्रियता तथा सवलताका आधारमा बढीमा दुई वटा स्थानीय तह मात्र छनौट गर्नु पर्नेछ ।

(ङ) यस कार्यक्रमका लागि विनियोजित बजेटबाट अभिमुखिकरण गोष्ठि संचालन गर्नु पर्नेछ ।

(च) यस कार्यक्रम अन्तर्गत दुई वटा क्रियाकालपका प्याकेजहरु संचालन रहेका हुनेछन् ।
(१) अनिवार्य कार्यक्रम प्याकेज (२) स्थानीय स्तरमा तय हुने क्रियाकलापको प्याकेज रहनेछन ।

(छ) स्थानीय स्तरमा तय हुने क्रियाकलापका लागि प्रति ज्ञान केन्द्र दश लाख रुपैया छुट्याउनु पर्नेछ। स्थानीय तहबाट विनियोजित बजेटबाट समेत यस्तो क्रियाकलाप निर्धारण गर्नुपर्नेछ । स्थानीय स्तरबाट संचालन हुने क्रियाकलाप निर्धारण गर्दा प्राङ्गारिक कृषि प्रवर्द्धन अभियान कार्यक्रमसँग सहयोगी सिद्ध हुने गरी क्रियाकलाप निर्धारण गर्नुपर्नेछ ।

(ज) वुँदा नं (च) बमोजिमका क्रियाकलाप निर्धारण गर्न तथा स्थानीय स्तरमा कार्यक्रम कार्यान्वयन सहजीकरण तथा समन्वय गर्न सम्वन्धित स्थानीय तहको प्रमुख वा उपप्रमुखको अध्यक्षतामा क्रियाशिल प्रतिनिधि सहितको समिति रहनेछ ।

(झ) वुँदा नं (च) बमोजिम संयुक्त रुपमा क्रियाकलाप निर्धारण भएता पनि सम्बन्धित क्रियाकलापको खर्च आआफ्नो निकायले प्रचलित ऐन कानून अनुसार लेख्नु पर्नेछ ।

(ञ) अनिवार्य क्रियाकलापको प्याकेज अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप संचालन गर्नुपर्नेछ साथै सो को संचालन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(क) परीक्षण कार्यक्रम (Pilot Program)

(ख) संरक्षित संरचनामा उत्पादन (Protected cultivation) कार्यक्रमः (१) नयाँ संरचना निर्माण(२) पुराना संरचनामा सुधार

(ग) खुल्ला जमीनमा उत्पादन (Open field cultivation) कार्यक्रम

(घ) बजारीकरण सहयोग कार्यक्रम

**(७) परीक्षण कार्यक्रम (Pilot Program)**

यस कार्यक्रम अन्तर्गत प्राङ्गारिक उत्पादन एवम् बजारीकरण प्रक्रियालाई पारदर्शी बनाई उपभोक्ताको विश्वास प्राप्त गर्नका लागी उत्पादनको उद्‍गम स्थल पत्ता लगाउन सकिने प्रमाणीकरण चिन्हको व्यवस्था सहित सुरक्षित उत्पादन उपभोक्ता समक्ष पुऱ्याउने कार्य गरिनेछ। परिक्षण कार्यक्रम संचालन प्रक्रिया देहाय वमोजिम हुनेछ -

(क) यो कार्यक्रम परीक्षणको रुपमा कृषक समूह वा सहकारी मार्फत मात्र संचालन गरिनेछ। समूह वा सहकारीले कम्तिमा बाऱ्ह जना उत्पादक कृषकहरु र वजारीकरण गर्ने उद्यमीहरुसंग अग्रीम सम्झौता गरेको हुनुपर्नेछ।

(ख) समूह वा सहकारीका कृषकहरुले आफुले उत्पादन गरेको वस्तु अन्तिम उपभोक्ता समक्ष पुगुञ्जेल सम्म उत्पादक कृषक एवम् स्थान पहिचान हुने व्यवस्थाका लागीदेहाय बमोजिमकोविवरण सहितको कृषक पहिचान चिन्ह राख्नुपर्नेछ।

## कृषक पहिचान चिन्ह

Group
Logo

| | | | | | |
|---|---|---|---|---|---|
| P1 | UD | BM | W5 | FID13 | PC01 |

Prpmoted by: Agriculture Knowledge Center

P1 = Province 1
UD =District Name (Udayapur District)
BM = Local Body's name (Belaka Municipality)
W5 = Ward No. (5)
FID13 = Farmers Identity No (13)
PC = Product Category (01= Organic Certified Product, 02= Organic in-conversion product" "OICP", 03=Production without use of Chemical Pesticides""PWUCP" )

(ग) समूह वा सहकारीले प्रत्येक उत्पादनकर्तालाई देहाय वमोजिमका विवरणहरुको अभिलेख राख्न लगाउनु पर्नेछ र उक्त अभिलेख कृषि ज्ञान केन्द्रमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(घ) उत्पादन योजना,

(१) उत्पादन सामाग्री जस्तै वीउ, मल, विषादी आदीको श्रोत, किसिम र परिमाण,

(२) प्रयोग गरीएको समय र पटक,

(३) उत्पादन गरीएको वाली तथा जात,

(४) उत्पादन र विक्रि परिमाण,

(५) विक्रि गरीएको स्थान

(६) लगायतका अन्य उत्पादन क्रियाकलापहरु

(ङ) कार्यक्रम संचालन गर्ने समूह वा सहकारी अन्तर्गतका सम्पूर्ण कृषकहरुलाई आवश्यक प्राविधिक सहयोग गर्न, उत्पादन तथा बजारीकरण प्रक्रियाको अभिलेख राख्न एवम् सम्बन्धित कृषि ज्ञान केन्द्रसंग समन्वय गर्न कृषि विषयमा जे.टी.ए. वा सो सरह उतिर्ण गरी एकीकृत शत्रुजिव व्यवस्थापन कृषक पाठशाला तालिम लिएका एकजना प्राविधिक सहजकर्ता करारमा राख्ने व्यवस्था गरीनेछ ।

(१) प्राविधिक सहजकर्ताको जिम्मेवारी निम्नानुसार हुने –

(क) प्राङ्गारिक खेती प्रविधिबारे प्राविधिक सेवाटेवा प्रदान गर्ने,

(ख) कृषकहरुलाई जैविक विषादी एवम् शत्रुजीव व्यवस्थापन सबन्धी प्रविधि प्रसार गर्ने,

(ग) कृषकहरुले राख्नुपर्ने अभिलेखीकरणमा सहजीकरण गर्ने,

(घ) कृषकहरुको समस्याहरु समाधान गर्न कृषि ज्ञान केन्द्र एवम् नेपाल कृषि अनुसन्धान परिषद् संग समन्वय गर्ने,

(ङ) कृषि ज्ञान केन्द्र एवम् प्रदेश तथा संघिय निकायहरुमा प्रगति प्रतिवेदन गर्ने,

(च) कृषक पहिचान चिन्ह व्यवस्थापन गर्न सहजिकरण गर्ने ।

(च) परिक्षण कार्यक्रम अन्तर्गत संचालन हुने क्रियाकलापहरु र अनुदान विवरण सहजीकरण सेवा तथा सुविधामा उल्लेख भए बमोजिम हुनेछ ।

(८) **संरक्षित संरचनामा उत्पादन कार्यक्रम -** संरक्षित संरचनामा खुल्ला जमीनको तुलनामा रोगकीराको व्यवस्थापन सजिलो हुने र उत्पादकत्व पनि बढी हुने भएकोले यस्ता संरचनामा प्राङ्गारिक तरकारी उत्पादनलाई प्राथमिकता दिई कार्यक्रम संचालन गरीनेछ ।तरकारी खेती गर्न बनाइएका पुराना प्लाष्टिक घरहरु सुधार तथा नयाँ प्लाष्टिक घर निर्माणमा अनुदान सहयोग दिइनेछ ।

(९) **नयाँ संरचना निर्माण गरी प्राङ्गारिक उत्पादनः**

(क) नयाँ संरचना बनाई प्राङ्गारिक तरकारी खेती गर्न इच्छुक कृषक, कृषक समूह, सहकारीहरुले तोकिएको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

(ख) एकल कृषकको हकमा कम्तीमा पन्ध्र शय वर्ग मिटर क्षेत्रफलमा प्लाष्टिक घर निर्माण गर्नुपर्नेछ।प्लाष्टिक घरमा अनिवार्य रुपमा इन्सेक्ट नेटको प्रयोग गर्नुपर्नेछ ।सामूहिक रुपमा नयाँ सरंचनामा उत्पादन गर्न चाहेमा समूहका सदस्य संख्याको आधारमा प्रति सदस्य पन्ध्र शय वर्ग मिटर क्षेत्रफल पर्ने गरी निर्माण गर्न सकिनेछ ।

(ग) यदि कुनै कृषक, कृषक समुह वा सहकारीले पुराना संरचना प्रयोग गर्दै आएको र पुराना संरचनामा सुधार गरी नयाँ थप गर्न चाहेमा पुराना संरचनालाई समेत समावेश गरी क्षेत्रफल गणना गर्न सकिनेछ।

(घ) यसरी निर्माण भएका संरचनामा उत्पादित उपजप्राङ्गारीक कृषि उपज वर्गीकरण अनुसार कुनै एक वर्गको हुनुपर्नेछ र विक्री गर्दा अनिवार्य रुपमा कृषक पहिचान चिन्ह सहित बेचविखन गर्नुपर्नेछ।

(ङ) उत्पादन क्लष्टर निर्माण गरी खुल्ला जमीन र संरक्षित संरचनामा मिश्रितरुपमा खेती गर्न चाहने समूह वा सहकारीलाई प्राथमिकता दिइनेछ ।

(च) नयाँ संरचना निर्माण गरी प्राङ्गारिक उत्पादन कार्यक्रममा छनौट भएका प्रस्ताव अन्तर्गत संचालन हुने क्रियाकलापहरु र अनुदान विवरण सहजीकरण सेवा तथा सुविधामा उल्लेख भए बमोजिम हुनेछ।

**(१०) पुराना संरचनामा सुधार गरी प्राङ्गारिक खेतीः**

(क) पुराना संरचनामा सुधार गरी प्राङ्गारिक तरकारी खेती गर्न इच्छुक कृषक, कृषक समूह, सहकारीहरुले तोकिएको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

(ख) पुराना प्लाष्टिक घर सुधारको लागि इन्सेक्ट नेट र अन्य सामाग्रीहरुमा सहजीकरण सेवा तथा सुविधा बमोजिमको अनुदान उपलब्ध गराइनेछ ।

(ग) यसरी निर्माण भएका संरचनामा उत्पादित उपज प्राङ्गारीक कृषि उपज वर्गीकरण अनुसार कुनै एक वर्गको हुनुपर्नेछ र विक्री गर्दा अनिवार्य रुपमा कृषक पहिचान चिन्ह सहित बेचविखन गर्नुपर्नेछ।

(घ) उत्पादन क्लष्टर निर्माण गरी खुल्ला जमीन र सुधार गरिएका संरक्षित संरचनामा मिश्रित रुपमा खेती गर्न चाहने समूह वा सहकारीलाई प्राथमिकता दिइनेछ ।

**(११) खुल्ला जमीनमा प्राङ्गारिक उत्पादन (Open field organic cultivation) कार्यक्रम -**खुला जमीनमा प्राङ्गारिक तरकारी खेतीलाई प्रवर्द्धन गर्न यो कार्यक्रम संचालन गरीनेछ । कार्यक्रम संचालन प्रक्रिया देहाय वमोजिम हुनेछ ।

(क) खुल्ला जमीनमा प्राङ्गारिक तरकारी उत्पादन कार्यक्रम गर्न एकल फर्म भए कम्तिमा दश रोपनी जमीन र सहकारी वा समूह मार्फत कम्तीमा साठी रोपनी जमीनमा खेती गर्नुपर्नेछ।

(ख) एकल फर्म, सहकारी वा समूहले क्लष्टरमा धेरै जमीनमा उत्पादन गर्ने प्रस्ताव गरेमा त्यस्त फर्म, समूह, सहकारीलाई प्राथमिकतामा दिइनेछ।

(ग) यसरी खुला जमीनमा उत्पादित उत्पादन अनिवार्य रुपमा प्राङ्गारीक कृषि उपज वर्गीकरण मध्ये कुनै एक वर्गको उत्पादन भएको हुनुपर्नेछ ।

(घ) खुल्ला जमीनमा प्राङ्गारिक उत्पादन गर्न उत्पादन सामग्री लगायतका सामाग्रीहरुमा सहजीकरण सेवा तथा सुविधामा उल्लेख भए बमोजिम अनुदान प्रदान गरीनेछ ।

**(१२) बजारीकरण सहयोग कार्यक्रमः**

(क) वजारको सुनिश्चिततानै व्यवसायीकताको महत्वपूर्ण खुट्किलो भएकाले गुणस्तरीय उत्पादनलाई सुलभ मूल्यमा उपभोक्ता समक्ष पुर्याउनयस कार्यक्रम मार्फत उत्पादित कृषि उपजहरुको वजार प्रवर्द्धन गर्न समूह वा सहकारी को लागि यथास्थान बजार (On-farm Outlet)निर्माणको लागि सहयोग गरीनेछ ।

(ख) प्राङ्गारिक On-farm Outlet निर्माण कार्यको लागी कार्यक्रम कार्यान्वयनमा संलग्न सहकारी, समूहलाई प्राथमिकता राखी लागत मूल्य अनुसार वढीमा असी प्रतिशत वा पाँच लाख मध्ये जुन कम हुन्छ सोहि रकम On-farm Outlet पूर्वाधार निर्माणका लागी अनुदान प्रदान गरिनेछ ।यस

कार्यक्रम सञ्चालन गर्नको लागी वजार निमार्ण सहकारी वा समूह वा फर्मले कम्तीमा बीस जना प्राङ्गारिक कृषि उत्पादक कृषकसंग करारनामा गरेको हुनु पर्नेछ।

(ग) प्राङ्गारिक On-farm Outlet निर्माण गर्न नसकिने भएमा प्रतिवर्ष बढीमा एक लाख पचास हजार सम्म बजार केन्द्रमा सटर/कोठा भाडामा लिई Market Outlet संचालन गर्न सकिनेछ । यसका लागी सम्बन्धित सहकारी वा समूह वा फर्मले कम्तीमा बीस जना प्राङ्गारिक कृषि उत्पादक कृषकसंग करारनामा गरेको हुनु पर्नेछ।

(घ) यसरी बनेका वा भाडामा लिएका बजार पूर्वाधारहरुमा उत्पादकको पहिचान झल्कने कृषक पहिचान चिन्हको लेवलिङ्ग र प्याकिङ्ग भएको प्राङ्गारीक कृषि उपज वर्गीकरण अनुसारको वर्गको कृषि उपजहरु मात्र विक्रि गर्नुपर्नेछ।

(ङ) प्राङ्गारिक कृषिसंग सम्वन्धित उत्पादक, उद्यमी, कृषि सामग्री विक्रेता, प्रशोधनकर्ता, विक्रेताको अलावा कृषक समूह/सहकारी कृषि उत्पादन तथा बजारीकरणमा संलग्न फर्म/कम्पनी लगायतले तोकिए बमोजिमको सहयोग तथा अनुदान प्राप्त गर्न कृषि ज्ञान केन्द्रमा सूचिकृत हुनु पर्ने छ ।

(च) अनुदान प्राप्त गर्न इच्छुकहरुले कृषि विकास निर्देशनालयले तोकेको ढाँचामा आवेदन एवं प्रस्ताव कृषि ज्ञान केन्द्रमा पेश गर्नु पर्ने छ ।

(छ) यो कार्यक्रममा प्राप्त प्रस्तावहरुको मुल्याङ्कन कार्यविधिमा तोकिएको समितिबाट हुनेछ तथा मुल्याङ्कनका आधारहरु देहाय बमोजिम हुनेछ ।

**(१३) प्रस्ताव मूल्यांकनका आधारहरुः**

| क्र.स. | आधारहरु | अंक भार |
|---|---|---|
| १ | प्रस्तावको आर्थिक पक्ष | १० |
| २ | प्रस्तावको प्राविधिक पक्ष | १० |
| ३ | अनुदानग्राहिको प्राङ्गारिक खेतीमा अनुभव | १० |
| ४ | अनुदानग्राहिको लगानीमा सुनिश्चितता | १० |
| ५ | स्थलगत अनुगमन | |
| ५.१ | वजारमा पहुँच | २० |
| ५.२ | जमिनको उपयूक्तता | २० |
| ५.३ | सिंचाईको व्यवस्था | २० |

(क) अन्तिम छनौटमा पर्न सफल प्रस्तावकसँग कृषि ज्ञान केन्द्रले नियमानुसार सम्झौता गर्नेछ ।

(ख) बाँसको प्लाष्टिक घर वा जि आइ पाइपको प्लाष्टिक निर्माणको स्पेसिफिकेशन देहाय बमोजिम हुनेछ ।

| क्र.सं. | विवरण | स्पेशिफिकेशन |
|---|---|---|
| १ | प्लाष्टिक,इन्सेक्ट नेटर मल्चिङ प्लाष्टिक | ९० GSM वा सो भन्दा बढीको सिलपोलिन वा २०० माइक्रोनको UV प्लास्टिक |
| | | इन्सेक्ट नेट तथा मल्चिङ प्लास्टिक अनिवार्य लगाउनु पर्ने |
| २ | बाँस | खामाका लागि प्रयोग हुने बास नफोडिएको र बाङगोटिङ्गो नभइ सोझो हुनु पर्नेछ |
| | | धुरी र छेउ खामो माथि राखिने बास सिङ्गै वा फोडिएकोहुन सक्नेछ |

| क.सं. | विवरण | स्पेसिफिकेशन |
|---|---|---|
| ३ | उचाइ तथा चौडाइ | धुरी खामोको उचाइ चार मिटर जसमध्ये साठी से.मी. जमिन मुनी गाडिएको हुनु पर्ने |
| | | छेउको खामोको उचाइ तिन मिटर जसमध्ये साठी से. मी. जमिन मुनी गाडिएको हुनु पर्ने |
| | | चौडाइआवश्यकता अनुसार वा जमिनको उपलब्धता अनुसारहुनु पर्ने तर सात देखि दश मिटर भन्दाबढि हुनु नहुने । |

(१४) **सहजीकरण सेवा तथा सुविधाः** परिक्षण कार्यक्रममा "प्राङ्गारिक उत्पादन" उत्पादक खर्च अनुदान (साठी रोपनीको जमिनमा खेतिका लागि)

| क. सं. | विवरण | स्पेसिफिकेशन | परिमाण | दर | रकमरु | अनुदान (७५%) | अनुदान ग्राहिको (२५%) |
|---|---|---|---|---|---|---|---|
| १ | भर्मि कम्पोष्ट मल वनाउन भर्मिसेड निर्माण | भर्मिवेड निर्माण (३ मि. x१ मि.को २ ओटा,३.५ मि. x३ मि.को छाना र१००० गड्यौला) | १२ | २०००० | २४०००० | १८०००० | ६०००० |
| २ | कम्पोष्ट मल,वा गहुत सकलनर भकारो सुधार गर्न | भकारोको आकार ७फिट गुणा १५ फिट,गहुत संकलन ट्याँक १x१x०.५ घन मिटर,छान आदि | १२ | १२००० | १४४००० | १०८००० | ३६००० |
| ३ | घरेलु विधिवाट जैविक वा वानस्पतिक विषादी वा झोल मल उत्पादनगर्ने सामाग्री | प्लास्टिकड्रम २०० लि.को २ वटा | २४ | ३००० | ७२००० | ५४००० | १८००० |
| ४ | जैविक विषादी,मित्रजिव खरिद,पालन,प्रयोग | वालि अवधिमा कम्तिमा ३ पटक खरिद तथा प्रयोग | ३ | ५०००० | १५०००० | ११२५०० | ३७५०० |
| ५ | नर्सरि स्थापना वा विउ/विरुवा | पोलिव्याग,नर्सरी ट्रे,विउ विरूवा खरिद | १ | ४८००० | ४८००० | ३६००० | १२००० |
| ६ | सिंचाइ सुविधा | थोपा,स्प्रिङ्कलर,वर्षा पानी संकलन पोखरी | १ | ५६०००० | ५६०००० | ४२०००० | १४०००० |
| ७ | होर्डिङ्ग वोर्ड | कम्तिमा २मि. गुणा ३ व.मिको वोर्ड,अड्याउने टेका | २ | २००० | ४००० | ३००० | १००० |
| ८ | पहिचान लेखन कार्य | कृषक पहिचान | १ | १५००० | १५००० | ११२५० | ३७५० |
| ९ | स्प्रेयर | कम्तिमा १६लिटरको | १२ | २५०० | ३०००० | २२५०० | ७५०० |
| १० | प्याकेजिङ्ग र लेवलिङ्ग | प्याकेजिङ्ग ब्याग,साधारण मेशिन,लेवल छपाइ आदी | १ | ६०००० | ६०००० | ४५००० | १५००० |
| ११ | उत्पादन संकलन तथा ढुवानी | लेवलिङ्ग सहितको क्रेट,ब्यालेन्स आदी | १ | १५०००० | १५०००० | ११२५०० | ३७५०० |

| क्र. सं. | विवरण | स्पेसिफिकेशन | परिमाण | दर | रकमरु | अनुदान (७५%) | अनुदान ग्राहिको (२५%) |
|---|---|---|---|---|---|---|---|
| १२ | अभिलेखिकरण र प्रतिवेदन तयारी | अभिलेखिकरण राख्ने, | १ | ३७००० | २०००० | १५००० | ५००० |
| १३ | वजारिकरण प्रोत्साहन अनुदान | प्रमाणीकरण चिन्ह अंकित उत्पादन वा यथार्थ संकेत पत्र सहितकोउत्पादन विक्री पछि प्रति केजि उत्पादन दुई रूपैया वा प्रति रोपनि रु. तिन हजार दुई सयजुन कम हुन्छ उक्त रकम | ६० | ३२०० | १९२००० | १४४००० | ४८००० |
| | | कुल जम्मा | | | १६८५००० | १२६३७५० | ४२१२५० |

(१५) नयाँ संरचना निर्माण गरी प्राङ्गारिक उत्पादन कार्यक्रम(पन्ध्र शय वर्ग मिटर प्लाष्टिक घरमा खेतिको लागि)

| क्र.सं | विवरण | स्पेसिफिकेशन | परिमाण | दर | रकम रु | अनुदान (७५%) | अनुदानग्राहिको (२५ %) |
|---|---|---|---|---|---|---|---|
| १ | एकमुष्ट उत्पादन खर्च | खुल्लाजमिनमा "प्राङ्गारिक उत्पादन" उत्पादक खर्च अनुदानको वुदाँ १ देखि ११सम्म | १ | १०३००० | १०३००० | ७७२५० | २५७५० |
| २ | बासकोप्लाष्टिक घर वा जि आइ पाइपको प्लाष्टिक घर | स्पेसिफिकेशन तल तालिकामा दिइएको छ जुन वढिमा प्रति व.मि. ३६०हुनेछ | १ | ७००००० | ७००००० | ५२५००० | १७५००० |
| ३ | वजारिकरण प्रोत्साहन अनुदान | प्रमाणीकरण चिन्ह अंकित उत्पादन वा यथार्थ संकेत पत्र सहितकोउत्पादन विक्री पछि प्रति केजि उत्पादन दुई रूपैया वा प्रति रोपनि तिन हजार जुन कमहुन्छ उक्त रकम | ३ | ३००० | ९००० | ६७५० | २२५० |
| | कुल जम्मा | | | | ८१५००० | ६११२५० | २०३७५० |

(१६) पुराना संरचनामा सुधार गरी प्राङ्गारिक खेती कार्यक्रम (पन्ध्र शय वर्ग मिटर टनेलमा खेतिको लागि)

| क्र. सं. | विवरण | स्पेसिफिकेशन | परिमाण | दर | रकम रु | अनुदान (७५%) | अनुदान ग्राहिको(२५%) |
|---|---|---|---|---|---|---|---|

| क्र. सं. | विवरण | स्पेसिफिकेशन | परिमाण | दर | रकम रु | अनुदान (७५%) | अनुदान ग्राहिको(२५%) |
|---|---|---|---|---|---|---|---|
| १ | एकमुष्ट उत्पादन खर्च | खुल्लाजमिनमा "प्राङ्गारिक उत्पादन" उत्पादक खर्च अनुदानको वुदाँ १ देखि ११सम्म | १ | १०३००० | १०३००० | ७७२५० | २५७५० |
| २ | Insect net लगाउने | टनेललाइ ढाक्ने गरि ४० Meshको UV Protected Insect Net | १ | ३००००० | ३००००० | २२५००० | ७५००० |
| ३ | वजारिकरण प्रोत्साहन अनुदान | प्रमाणीकरण चिन्ह अंकित उत्पादन वा यथार्थ संकेत पत्र सहितकोउत्पादन विक्री पछि प्रति केजि उत्पादन दुई रूपैया वा प्रति रोपनि तिन हजार जुन कमहुन्छ उक्त रकम | ३ | ३००० | ९००० | ६७५० | २२५० |
| | कुल जम्मा | | | | ४१५००० | ३११२५० | १०३७५० |

(१७) खुल्ला जमिनमा प्राङ्गारिक उत्पादन (Open field organic cultivation)कार्यक्रम

| क्र.सं. | विवरण | स्पेसिफिकेशन | परिमाण | दर | रकम रु | अनुदान (७५%) | अनुदानग्राहि को (२५%) |
|---|---|---|---|---|---|---|---|
| १ | भर्मि कम्पोष्ट मल वनाउन भर्मिसेड निर्माण | भर्मिवेड निर्माण (३मि. x१ मि.को २ ओटा,३.५ मि. x३ मि.को छाना र एक हजार गड्यौला) | १ | २०००० | २०००० | १५००० | ५००० |
| २ | कम्पोष्ट मल,वा गहुत सकलनर भकारो सुधार गर्न | भकारोको आकार ७फिट गुणा १५ फिट,गहुत संकलन ट्याँक १x१x०.५ घन मिटर,छान आदि | १ | १२००० | १२००० | ९००० | ३००० |
| ३ | घरेलु विधिवाट जैविक वा वानस्पतिक विषादी वा झोल मल उत्पादनगर्ने सामाग्री | प्लास्टिकड्रम दुई शय लिटरको दुई वटा | २ | ३००० | ६००० | ४५०० | १५०० |
| ४ | जैविक विषादी,मित्रजिव खरिद,पालन,प्रयोग | वालि अवधिमा कम्तिमा तिन पटक खरिद तथा प्रयोग | ३ | २००० | ६००० | ४५०० | १५०० |

| क्र.सं. | विवरण | स्पेसिफिकेशन | परिमाण | दर | रकम रु | अनुदान (७५%) | अनुदानग्राहि को (२५%) |
|---|---|---|---|---|---|---|---|
| ५ | नर्सरि स्थापना वा विउ/विरुवा | पोलिव्याग,नर्सरी ट्रे,विउ विरूवा खरिद | १ | ४००० | ४००० | ३००० | १००० |
| ६ | सिंचाइ सुविधा | थोपा,स्प्रिङ्कलर,वर्षा पानी संकलन पोखरी | १ | ४०००० | ४०००० | ३०००० | १०००० |
| ७ | होर्डिङ्ग वोर्ड | कम्तिमा २मि. गुणा ३ व.मिको वोर्ड,अडयाउने टेका सहित | १ | २००० | २००० | १५०० | ५०० |
| ८ | पहिचान लेखन कार्य | कृषक पहिचान | | १००० | १००० | ७५० | २५० |
| ९ | स्प्रेयर | कम्तिमा १६लिटरको | २ | २५०० | ५००० | ३७५० | १२५० |
| १० | प्याकेजिङ्ग र लेवलिङ्ग | प्याकेजिङ्ग ब्याग,साधारण मेशिन,लेवल छपाइ आदी | १ | ५००० | ५००० | ३७५० | १२५० |
| ११ | अभिलेखिकरण र प्रतिवेदन तयारी | अभिलेख राखेका फाइलहरूको फोटो कपी र उत्पादनमा गरिएका क्रियाकलापको प्रतिवेदन वनाउन र पेश गर्न | १ | ५००० | ५००० | ३७५० | १२५० |
| १२ | वजारिकरण प्रोत्साहन अनुदान | प्रमाणीकरण चिन्ह अंकित उत्पादन वा यथार्थ संकेत पत्र सहितको उत्पादन विक्री पछि प्रति केजि उत्पादन दुई रूपैया वा प्रति रोपनि तिन हजार जुन कमहुन्छ उक्त रकम | ५ | ३००० | १५००० | ११२५० | ३७५० |
| | | **कुल जम्मा** | | | १२१००० | ९०७५० | ३०२५० |

## ७८. कार्यक्रमको नामः महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम

(१) **उद्देश्य :** महिला दलित विपन्न तथा पिछडिएको समुदायका कृषकहरुलाई कृषि प्रविधि तथा कृषि सामाग्री प्रदान गरीकृषि व्यवसाय उन्मुख बनाई तिनिहरुको आयमुलक क्षमता अभिवृद्धि गर्दै जिवनस्तरमा सुधार ल्याउने।

(२) **अनुदान प्राप्त गर्नसक्ने साझेदारहरुः** महिला, दलित, विपन्न तथा पिछडिएको समुदायका कृषकहरु

(३) **आवश्यक योग्यता र संलग्न गर्नुपर्ने कागजातहरुः**

(**क**) नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

(**ख**) आफुले गर्न चाहेको व्यवसायको प्रस्तावना ।

(**ग**) तालिम लिएको सो सम्बन्धि अध्ययन गरेको सो को प्रमाणपत्रको प्रतिलिपि ।

(४) **सहजीकरण सेवा तथा सुविधाः**

| सि. नं. | विवरण | सहजिकरण सेवा |
|---|---|---|
| १ | उत्पादन सामग्री सहयोग(वीउ, बेर्ना, विषादी, सूक्ष्म तथा झोल मल  कृषि चून लगायत) | पचहत्तर प्रतिशत |
| २ | प्रविधि प्रसार | १०० प्रतिशत |
| ३ | कृषि औजार उपकरण खरिद तथा वितरण | ७५ प्रतिशत |
| ४ | साना सिंचाइ व्यवस्थापन | ७५ प्रतिशत |

(५) **कार्यक्रम सञ्चालनका आधारभुत पक्ष**

(क) यो कार्यक्रमका लागि प्रस्तावनाको आधारमा बढीमा रु. एक लाख मात्रसम्म अनुदान उपलब्ध गराउन सकिने छ ।

(ख) प्रस्ताव छनौट पश्चात प्रस्तावक तथा कृषि ज्ञान केन्द्र वीच प्रचलित ऐन, कानून तथा स्वीकृत स्थानीय दररेट लाई आधार मानी स्वीकृत लागत अनुमान समेत राखी सम्झौता गर्नु पर्नेछ ।

(ग) कार्य सम्पन्न भैसकेपछि महिला दलित विपन्न तथा पिछडिएको समुदायका उपभोक्ताले कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ।

(घ) एक पटक महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम मार्फत अनुदान पाएका कृषकलाई यो कार्यक्रममा पुनः सहभागी गराइने छैन।

(६) **मुल्याङ्कनका आधारहरुः**

(क) कृषि व्यवसाय प्रतिको अनुभव (२०)

(ख) पेश गरेको कार्य योजना(२०)

(ग) लगानीको स्रोत खुलेको (१५)

(घ) उक्त स्थानमा व्यवसायको प्राविधिक सम्भाव्यता उपयुक्ता(३०)

(ङ) वास्तविक लक्षित वर्ग(१५)

(छनौट समितिले आवश्यकता अनुसार छनौटका थप आधार समावेश गरी अङ्कभार प्रदान गर्न सक्नेछन ।)

## ७९. कार्यक्रमको नामः नमूना (Model) व्यवसायिक पशुपालन फार्म कार्यक्रम

(१) **उद्देश्यः**

(क) पशुपालन क्षेत्रको व्यवसायिक रुपान्तरणमा सहयोग पुर्याउने ।

(ख) उन्नत नश्लका पशुहरुको उपलब्धता र उत्पादकत्व अभिबृद्धि गर्ने ।

(ग) असल पशुपालन अभ्यास अनुशरण गर्न प्रेरित गर्दै स्वच्छ, स्वस्थ्य एवं गुणस्तरिय पशुजन्य उत्पादन प्रवर्द्धन गर्ने ।

(२) **अनुदान प्राप्त गर्न सक्ने निकायहरुः** गाई/भैसी र बाखा पालन गरिएकाफर्म, कम्पनी, निजी उद्यमी/व्यवसायिहरुले अनुदान प्राप्त गर्न सक्नेछन ।

(३) **अनुदान रकमः** प्रति फार्म गाई/भैसी फार्मको हकमा बढीमा रु.पचास लाख सम्म र बाख्रा फार्मको हकमा बढीमा रु.पच्चिस लाख सम्म उपलब्ध गराईनेछ ।

(४) **अनुदान रकमबाट सञ्चालन गर्न सकिने क्रियाकलापहरुः**

(क) गोठ/खोर निर्माण सुधार तथा जैविक सुरक्षाका उपायहरुको अवलम्बन

(ख) मिल्क पार्लर स्थापना

(ग) टि.एम.आर.मेशिन खरिद

(घ) मिल्क बकेट, मिल्क क्यान

(ङ) डिपिङ्ग टयाङ्क निर्माण

(च) साइलेज प्रविधि

(छ) फार्मका लागि आवश्यक मेशिनरी/औजार/उपकरण

(ज) दूध र मासुजन्य उत्पादन विविधिकरण र बजारिकरण

(झ) दूध चिस्यान केन्द्र स्थापना

(ञ) फार्मका लागि पानीको प्रवन्ध र पानी तान्ने मोटर

(ट) पशु उपचार र प्रयोगशाला सेवा सम्बन्धी उपकरण

(ठ) पशु नश्ल सुधारका लागि आवश्यक पर्ने उपकरणहरु खरिद

(ड) सम्बन्धित कार्यालयको सहमतिमा नमूना व्यवसायिक पशुपालन फार्म संचालनका लागि आवश्यक ठानिएका अन्य कृयाकलापहरु समेत द्विपक्षीय सम्झौतामा उल्लेख गरि गर्न सकिनेछ।

(५) **अनुदान प्रवाहका शर्तहरुः**

(क) प्रचलित कानून बमोजिम आधिकारिक निकायमा दर्ता भएका साझेदारहरु संग मात्र यो कार्यक्रम सञ्चालनका लागि साझेदारी गरिनेछ ।

(ख) अनुदान प्राप्त गर्ने साझेदारले कम्तिमा दश वर्ष सम्म व्यवसाय सञ्चालन गर्नु पर्नेछ ।

(ग) सम्बन्धित साझेदारले स्वच्छ उत्पादन विधि (Hygienic Code of Practice) परिपालना गर्नु पर्नेछ।

(घ) साझेदार संस्था कर चुक्ता, स्थायी लेखा नम्बर र अडिट रिपोर्ट पेश गर्नु पर्ने तथा कुनै कारवाहीमा नपरेको हुनु पर्नेछ ।

(ङ) व्यवसायिक फार्म राम्रो गुणस्तर तथा उत्पादन क्षमता भएका स्वस्थ्य पशुहरुको छनौट र ट्यागिङ्ग गरी अभिलेख राख्नु पर्नेछ ।

(च) पशुको गोठ/खोर हावापानी सुहाउँदो, बैज्ञानिक, सफा र हावादार हुनु पर्नेछ ।

(छ) साझेदारले असल व्यवस्थापन विधि जस्तै पशु उपचार, परजिवी नियन्त्रण, पशु खोप आदि अवलम्बन गरि सो को विवरण अध्यावधिक गरि राख्नु पर्नेछ ।

(ज) साझेदारले घाँसमा आधारित पशुपालनको लागि मौसम र सम्भावना अनुसारका हिउँदे, वर्षे र वहुवर्षिय घाँस खेति तथा साईलेज प्रविधि अवलम्बन गर्नु पर्नेछ ।

(झ) साझेदारले पालेका पशुहरुको अनिवार्य रुपमा विमा गरेको हुनु पर्नेछ ।

(ञ) साझेदार संस्थाले गाई/भैसीको फार्म हकमा पचास वटा दुध दिने उन्नत गाई/भैसी र बाख्राको हकमा पचास वटा माउ बाख्रा पालन गरेको हुनु पर्नेछ ।

(ट) खुल्ला गोठ/खोर व्यवस्था गरेको हुनु पर्नेछ ।

(ठ) घाँस खेति गाई/भैसीको फार्म हकमा कम्तिमा दश हेक्टर र बाख्राको हकमा पाँच हेक्टर जग्गामा घाँस खेति गरेको हुनु पर्नेछ ।

(६) **स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु:** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु अनुसार हुनेछ ।

(७) **व्यवसायिक योजना मूल्याङ्कनका आधारहरु:** पशुजन्य उत्पादन, विविधिकरण र बजारीकरण कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरु अनुसार हुनेछ ।

(८) **प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारम:** खसीबोका संकलन केन्द्र निर्माण कार्यक्रमको लागि तोकिएको फारम अनुसार हुनेछ ।

## ८०. कार्यक्रमको नाम: हुलाकी मार्ग लक्षित बाख्रापालन कार्यक्रम

**(१) उद्देश्य:**

**(क)** स्थानीय जातका बाख्राहरुको नश्ल सुधार गरी मासु उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।

**(ख)** मासु मूल्य श्रृंखलामा आधारित व्यापार/व्यवसाय तथा उद्योग प्रवर्द्धन मार्फत रोजगारी अभिबृद्धि गर्ने ।

**(ग)** मासु तथा मासुजन्य पदार्थमा प्रादेशिक आत्मनिर्भरता हासिल गर्दै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने प्रादेशिक अभियानमा सहयोग गर्ने ।

**(घ)** हुलाकी मार्ग संग जोडिएका क्षेत्रमा बसोबास गरिरहेका आर्थिक रुपमा पछाडि परेका तथा सिमान्तकृत वर्गको महिला दलित जनजाति मधेशी लगायतको आर्जनमा प्रत्यक्ष रुपमा टेवा पुरयाउने ।

**(२) कार्यक्रमको अबधि:** निश्चित क्षेत्र विशेषमा योकार्यक्रम पाँचबर्ष सम्म सन्चालन गरिने छ र कार्यक्रमको प्रभावकारीताका आधारमा मनासिव ठहरे अन्य क्षेत्रमा समेत विस्तारगर्न सकिनेछ। पाँच बर्ष सम्म कार्यक्रम सन्चालन हुँदा पछिल्ला बर्षहरुमा सम्बन्धित सहभागिको आवश्यक्तामा आधारित फलोअप कार्यक्रमहरुमा सहयोग प्रदान गरिनेछ ।

**(३) कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था:**

(क) सम्बन्धित कार्यालयले बाख्रा पालन कार्यक्रम सञ्चालनका लागि स्थान छनौटका आधारहरुलाई ध्यानमा राख्दै जिल्लाको सम्भावना अनुसार पकेट क्षेत्रहरुकोपहिचानर प्राथमिकिकरण गरी जिल्ला स्तरमा छनौट समितिवाट हुलाकी मार्गसंग जोडिएका स्थानिय तह अन्तिम छनौट गर्नेछ।

(ख) छनौट भएको पकेट क्षेत्रमा स्थानिय तहका प्रतिनिधि, पशु सेवा शाखाका प्राविधिक, कृषक र अन्य सरोकारवालहरुको भेला गराई कार्यक्रम बारे जानकारी दिनेछ र उक्त पकेटबाट कार्यक्रममा सहभागी हुने कृषकहरु छनौट गर्नेछ र छनौट भएका कृषकहरु मध्येबाट आबश्यक्ता र समभाब्यता हेरेर प्रति प्याकेज समूह/समितिमा कम्तिमा बीस जना कृषक रहने गरि पाँच वटा समुह गठन गर्नु पर्नेछ र प्रत्येक समुहको प्रतिनिधि रहने गरी एक कार्यक्रम संचालनको लागि समिति रहने छ र सोही समित मार्फत बाख्रा पालन कार्यक्रम संचालन गर्नेछ।

(ग) गठित समूहले समूह सञ्चालन विधान बनाइ सम्बन्धित स्थानिय तहमा समूह दर्ता गर्नु पर्नेछ।सो को लागि सहजिकरण स्थानिय तहमा रहेको पशु सेवा शाखा र विज्ञ केन्द्रबाट सहजिकरण गर्नु पर्नेछ ।

(घ) समुहका अध्यक्ष, कोषाध्यक्ष र सम्बन्धित कार्यालय वा स्थानिय तहको पशु सेवा शाखाको प्राबिधिकको दस्तखतबाट सञ्चालन हुने संयुक्त बैङ्क खाता खोल्नेछ ।

(ङ) सम्बन्धित कार्यालयले साझेदारलाई कार्ययोजना वा बार्षिक कार्यक्रम तयार गर्न अभिमुखिकरण गर्नेछ र समुहले आफ्नो आवश्यकता अनुसार कृयाकलापहरु समावेस गरि तोकिए बमोजिमको बार्षिक कार्ययोजना सम्बन्धित कार्यालयमा पेश गर्नेछ र सम्बन्धित कार्यालयले सम्बन्धित समुह संग द्विपक्षीय सम्झौता गरि कार्यक्रम सञ्चालन गर्नेछ ।

**(४) कार्यक्रम कार्यान्वयन गरिने क्षेत्रको छनौट गरिने आधारहरुः**

(क) हुलाकी मार्ग लक्षित बाख्रापालन कार्यक्रम सन्चालन गर्नका लागि हुलाकी मार्गले प्रत्यक्ष रुपमा जोडिएका क्षेत्रहरु समेटिने गरी कार्यक्रम संचालन हुनेछ ।

(ख) यी क्षेत्र/स्थानिय तहहरु छनौट गर्दा बिगत देखि संचालनमा रहेका बाख्रा पकेट क्षेत्रहरु वा व्यवसायिकरुपले मासु उत्पादन, विविधिकरण र बजारिकरणको सम्भावना बोकेका नयां क्षेत्रहरुमा पशु नश्ल सुधार, घाँसेवाली विकास, उत्पादित मासुको बजार, शहरीकरणको संभावना, बाख्राहरुको हालको संख्या, मासु उत्पादनको परिमाण जस्ता विषयहरुलाई आधार बनाइने छ ।

(ग) कार्यक्रमको प्रभावकारिताका आधारमा पछिल्ला वर्षहरुमा आवस्यक्ता मुताविक फलोअपका कार्यक्रमहरु सन्चालित हुनेछ भने उपलब्ध श्रोत साधनको आधारमा नयाँ क्षेत्रहरुमा समेत कार्यक्रम विस्तार गर्न सकिनेछ ।

**(५) अनुदान प्रवाहका शर्तहरुः**

**(क)** समुहमा अनुदान प्राप्त गर्ने सहभागिहरुले कम्तिमा पाँच वर्ष सम्म व्यवसाय संचालन गर्नु पर्नेछ।

**(ख)** सम्बन्धित सहभागिहरुलेले स्वच्छ उत्पादन विधि (Hygienic Code of Practice)परिपालना गर्न मन्जुर हुनु पर्नेछ ।

**(ग)** अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असु उपर र कारवाही हुनेछ ।

**(घ)** समुह/समितिलेनियमित लेखा परीक्षण भएको हुनु पर्नेछ।

(ङ) कार्यक्रममा समेटिएका कम्तिमा पाँच वटा बाख्रापालन गरिरहेको वा पाल्न सक्ने कृषकहरु लाई लक्षित गरी कार्यक्रम बजेटको परिधिमा रहि अनुदान उपलब्ध गराउनु पर्नेछ ।

(च) समुहले तोकिए बमोजिमको ढाँचामा कार्यालयमा प्रगति पठाउनुपर्नेछ।

(छ) मासु उत्पादन पकेट क्षेत्रका सहभागिले कार्यालयले तोकिएको ढांचामा अभिलेख राख्नु पर्दछ।

(ज) अनुदान प्राप्त गर्ने कृषकहरुले बाख्राहरुको अनिवार्य रुपमा विमा गरेको हुनु पर्नछ ।

**(६) अनुदान रकमबाट संचालन गर्न सकिने कार्यक्रमहरुः**

(क) कार्यक्रम सम्बन्धि अभिमुखिकरण गोष्ठी

(ख) खोर निर्माण/सुधार,

(ग) बाख्रा खरिद तथाढुवानी अनुदान

(घ) ब्याडे बोका खरिद

(ङ) कृत्रिम गर्भाधान कार्यक्रम संचालन तथा उपकरण खरिद

(च) पशु आधारभूत तथ्याङ्क संकलन, सम्प्रेषण र प्रतिवेदन तयारी आहारा सेवा (उन्नत घाँसहरुको विउ खरिद तथा वितरण

(छ) पशु स्वास्थ्य सेवा (खोप, परजिवी नियन्त्रण तथा भिटामिन/मिनरल वितरण)

(ज) खसीबोका संकलन केन्द्र स्थापना

(झ) क्षमता अभिबृद्धि तथाअसल बाख्रा पालन तालिम तथा भ्रमण

(ञ) कार्यक्रमको सार्वजनिक सुनवाई

(ट) प्राविधिक सहजकर्ताको व्यवस्था

(ठ) आवश्यकता बमोजिम कार्यक्रम संग सम्बन्धीत कार्यक्रमहरु कार्यालयको सहयोगमा कार्ययोजना तयार गरी नियमानुसार सो कार्ययोजना स्वीकृत गरी द्बिपक्षिय सम्झौता गरी स्वीकृत बजेटको परिधि रहि गर्न सकिनेछ।

**(७) सहजकर्ताको व्यवस्था र परिचालनः**

(क) कृषकहरुमा प्रविधि अनुशरण, अभिलेखिकरण, खोर व्यवस्थापन, पशु आहारा सेवा, पशु स्वास्थ्य सेवा, प्रयोगशाला सेवा, कृत्रिम गर्भाधान सेवा र बजार व्यवस्थापन कार्यहरुको सहजिकरणका लागि एक जना सहजकर्ताको व्यवस्था गरिनेछ ।

(ख) सम्बन्धित कार्यालयको समन्वयमा कम्तिमा पशु विज्ञान विषय लिई टि.एस.एल.सी. उतिर्ण गरेको स्थानिय व्याक्तिलाई प्राथमिकता दिई सहजकर्ताको छनौट गर्नु पर्नेछ ।

(ग) कार्यक्रम कार्यान्वयन समितिले सहजकर्तालाई सम्झौता गराई कार्य गर्न व्यवस्था गर्नु पर्नेछ ।

## ८१. कार्यक्रमको नामः युवा लक्षित पशु विकाश कार्यक्रम

(१) उद्देश्यः

(क) युवाहरुलाई पशुपालन व्यवसायमा आकर्षण गर्न ।

(ख) युवाहरुको जागर उत्साहलाई वढाई उनीहरुको उत्पादनशिल शिप र श्रमलाइ पशुपालन पेशामा आवद्व गराउन।

(ग) युवाहरुलाई स्वरोजगारको अवसर सृजना गर्न र विदेश जानवाट निरुत्साहित गर्न ।

(२) **बिषेश ग्राहयताः:**

(क) शिक्षीत वेरोजगार

(ख) एक्कल महिला/दलित/जनजाति र पिछडिएको वर्ग

(ग) महिला

(घ) सम्वन्धीत विषयमा तालिम प्राप्त युवाहरु

(ङ) वैदेशिक रोजगारबाट फर्किएका युवा

(३) **आवेदन साथ संलग्न हुनु पर्ने कागजातहरुः**

(क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

(ख) तोकिए बमोजिमको आवेदन ।

(ग) तोकिए बमोजिमको संक्षिप्त कार्य योजना ।

(घ) तोकिए बमोजिम स्थानीय तहको सिफारिश पत्र ।

(ङ) निवेदकको शैक्षिक योग्यता, तालिम, एकल महिला भए प्रमाणित गर्ने कागजात, विदेश वाट फर्केको भए पासपोर्ट आदिको प्रतिलिपि ।

(च) व्यवसाय दर्ता, नविकरण, भ्याट, प्यान प्रमाणपत्रको प्रतिलिपि ।

(छ) जग्गामा भाडामा संचालन भएमा दश वर्ष भाडाको सम्झौताको प्रमाण ।

(४) **अनुदान पाउने रकमः**प्रस्तावकको प्रस्तावमा उल्लेखित क्रियाकलापहरु संचालनको लागि अनुसार प्रति ब्यक्ति अधिकतम रु. पाँच लाख सम्म अनुदान प्राप्त गर्न सक्नेछन ।

(५) **अनुदान रकम उपलब्ध हुने क्षेत्रः**युवा लक्षित कार्यक्रम(Youth Focused Program)मा युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न व्यवसायीक पशुपन्छी पालन र पशुपन्छी बजार प्रवर्द्धन कार्यक्रमका क्षेत्रहरुका देहाय बमोजिमका क्रियाकलापहरु गर्न सकिनेछ ।

(क) पशुपन्छी पालन व्यवसायलाई पालन व्यवसायलाई प्रवर्द्धनका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार निर्माण र यान्त्रिकरणका मेशिन, उपकरण खरिद तथा जडान गर्न

(ख) दूध र दूधजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरणका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार विकास, मेशिन उपकरण, औजारखरिद गर्न ।

(ग) मासु तथा अण्डाजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरणका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार विकास, मेशिन उपकरण, औजार खरिद गर्न ।

(घ) ऊन, पश्मिना उत्पादन, विविधिकरण, प्रशोधन र भण्डारण र बजारिकरणका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार विकास, उपकरण, औजार खरिद गर्न ।

(ङ) छाला र छालाबाट निर्मित वस्तुहरुको उत्पादन, बजारीकरण र भण्डारण र आवश्क पर्ने भौतिक पूर्वाधार विकास र उपकरण, औजार खरिद गर्न ।

**(६) अनुदान प्राप्त गर्नका लागि शर्तहरुः**

(क) निवेदक सुचना प्रकाशन हुनु अगावै अठार देखि पचास वर्ष हुनु पर्नेछ।

(ख) सूचना प्रकाशन भएको मिति अगावै प्रचलित कानून बमोजिम दर्ता भएकासहकारी संघ/संस्था, फर्म, कम्पनी र निजी उद्यमी/व्यवसायीहरुमात्र यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(ग) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र यस मातहत निकायहरुबाट तिन वर्ष भित्र अनुदान प्राप्त गरि सकेको प्रस्तावलाई उही व्यवसायको लागि पुनः छनौट गरिने छैन ।

(घ) अनुदानग्राहीले अनुदान प्राप्त गरे पश्चात कम्तिमा दश वर्ष अनिवार्य रुपमा व्यवसाय संचालन गरेको हुनु पर्नेछ ।

(ङ) अनुदान रकमकोदुरुपयोग भएकोपाईएमात्यस्ता अनुदानग्राहीलाईप्रचलित कानून बमोजिम कार्वाही गरी सरकारी बाँकी सरहअनुदान रकमअसुलउपरगरिनेछ।

(च) सरकारी वा गैरसरकारी निकायबाट यस अघि अनुदान प्राप्त गरेका प्रस्तावकले सम्झौता वा कार्यक्रम अनुरुप कार्य गरेको नपाइएमा त्यस्ता प्रस्तावलाई मूल्यांँकनमा समावेश गरिने छैन

(छ) नियमअनुसार सम्वन्धित निकायमा दर्ता भएको, करचुक्ता गरेको र स्थायी लेखा नम्वर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ।

(ज) लिजको जग्गाको हकमा कम्तिम दश वर्षको करारनामा वा सम्झौता पत्र हुनुपर्नेछ ।

(झ) प्रस्तावकले लागत साझेदारी गर्ने प्रतिवद्धता जनाएको हुनु पर्नेछ ।

(ञ) स्पेसिफिकेसन, लागत ईष्टीमेट, नक्साकन गर्ने जिम्मेवारी प्रस्तावकको हुनेछ ।

(ट) अभिलेख नियमित राख्ने व्यवस्था भएको हुनु पर्नेछ।

(ठ) तालिम, भ्रमण, गोष्ठी तलब भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन ।

(ड) सडक, विद्युत लगायतका आवश्यक पूर्वाधारहरुको व्यवस्थापन तथा सुलभ पहुँच भएको हुनु पर्नेछ ।

(ढ) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्था नियमित लेखा परीक्षण गरिएको हुनु पर्छ।

(ण) यस अनुदान वाट संचालित कार्यक्रममा सहभागी अनुग्राहीले व्यवसायको बिमा अनिवार्य गर्नु पर्नेछ ।

**(७) व्यवसायीक योजनाः** सम्बन्धित कार्यालयले तोकेबमोजिम हुनेछ

**(८)** **स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधारहरुः** बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको स्थलगत प्रमाणिकरणमूल्याङ्कनका आधारहरुअनुसार हुनेछ ।

**(९)** **ब्यवसायीक योजना मूल्याङ्कनका आधारहरुः**पशुपन्छीजन्य उत्पादन, विविधिकरण र बजारीकरण कार्यक्रमको लागि तोकिएको फारम आधारहरु हुनेछन ।

**(१०)** **प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः** बंगुर र बाख्राको दाना उद्योग स्थापना कार्यक्रमको लागि तोकिएको फारम अनुसार हुनेछ ।

## ८२. कार्यक्रमको नामः साझेदारीमा कृषि तथा पशुपन्छी पूर्वाधार विकास कार्यक्रम

(क) ताजा तरकारी, फलफूल तथामाछामासु ब्यवासायिक उत्पादन हुने क्षेत्रमा साझेदारीमा साना सित गृह, कोल्ड रुम तथा कोल्ड च्याम्बरहरु निर्माणमा सहयोग गर्ने ।

(ख) खाद्यान्न भण्डारणका लागि साझेदारीमा भण्डार गृह निर्माणमा सहयोग गर्ने ।

(ग) प्राङ्गारीक कृषिको प्रवर्द्धनका लागि आवश्यक प्राङ्गारीक मल तथा जैविक विषादी उत्पादन पूर्वाधार निर्माणमा सहयोग गर्ने ।

(घ) चैते धान तथा हिँउदे मकै जस्ता वर्षायाममा तयार हुने वालीहरुलाई शिघ्र सुकाउने ड्रायर प्रयोगमा सहयोग गर्ने ।

(ङ) निर्यातजन्य वालीहरुको मूल्य अभिबृद्धिमा सहयोग पुग्ने पूर्वाधार निर्माणमा साझेदारी गर्ने ।

(च) निर्यातजन्य वालीहरुको निर्यात कार्यलाई प्रवर्द्धन गर्न सहयोग उपलब्ध गराउने ।

(छ) साझेदारीमा कृषि तथा पशुपन्छी बजार पुर्वाधारहरुको निर्माण तथा संचालन गर्ने ।

**साझेदारहरुः** (१)सहकारी संस्था, कृषि बजार संचालन समिति, उत्पादन संघ, उद्योग वाणिज्य संघ, स्थानीय तह, नीजि फर्म, कम्पनि, कृषिजन्य उद्योगहरुहुन सक्नेछन् ।

**साझेदारीमा सञ्चालन गर्न सकिने कार्यक्रमहरुः** साझेदारी कार्यक्रम अन्तर्गत देहायका क्षेत्रहरुमा गर्न सकिनेछः-

**(क)** साना सित गृह, कोल्ड रुम, मासु चिस्यान घर तथा कोल्ड च्याम्बरहरु निर्माण ।

**(ख)** खाद्यान्न भण्डार गृह निर्माण ।

**(ग)** प्राङ्गारीक मल उत्पादन पूर्वाधार निर्माण ।

**(घ)** जैविक विषादी उत्पादन पूर्वाधार निर्माण ।

**(ङ)** चैते धान तथा हिँउदे मकै सुकाउने ड्रायर जडान ।

**(च)** अदुवा, अलैची तथा चिया भण्डारण वायरहाउस निर्माण ।

**(छ)** कृषि तथा पशुपन्छी बजार पुर्वाधारहरुको निर्माण ।

**(ज)** निर्यातजन्य वालीहरुको मूल्यअभिबृद्धि, व्रान्डिङ्ग तथा प्राङ्गारीक प्रमाणिकरणमा सहयोग ।

**(झ)** अन्य कृषि तथा पशुपन्छी विकास सम्बन्धी पूर्वाधारहरु निर्माण ।

**उपलब्ध हुने अनुदान रकमः** कार्य प्रकृति अनुसार बढीमा ७५ प्रतिशत रकम प्रदेश सरकारवाट उपलब्ध गराईने छ । साझेदारले वेहोर्ने साझेदारी रकममा नगद नै हुनुपर्ने छ ।

**आवेदन साथ संलग्न हुनु पर्ने कागजातहरुः**

(१) व्यवसायिक योजना ।निर्माण कार्य भए ड्रवईङ्ग डिजायन सहितको डिटेल रिपोर्ट समेत ।

(२) अनुसूची– ४ बमोजिमको लागत साझेदारीको प्रतिबद्धता पत्र ।

(३) अनुसूची– ५ बमोजिम कृषि ज्ञान केन्द्रको सिफारिस पत्र ।

(४) संस्थाको संचालक समितिबाट कार्यक्रम कार्यान्वयन गर्ने निर्णयको प्रतिलिपि ।

(५) संस्थासंग आवद्ध सदस्यहरुले प्रस्ताव गरेको कामसँग सम्बद्ध अनुभवको प्रमाण पत्रहरुका (तालिम, शैक्षिक योग्यता आदि) प्रतिलिपि ।

(६) दर्ता, नविकरण, भ्याट, प्यान प्रमाणपत्रको प्रतिलिपि ।

(७) अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी आदी।

## व्यवसायिक योजना

### 1. संस्था सक्षिप्त विवरणः

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| संस्थास्थापनाभएकोमिति | |
| संस्था दर्ताभएको मिति र निकाय | |
| संस्थाको टेलिफोन नम्बर | |
| सम्पर्कव्यक्तिकोनाम | |
| सम्पर्कव्यक्तिको मोवाईल/टेलिफोन नं. | |
| इमेल | |

### 2. संस्थाको अनुभव र अन्य विवरण

| | |
|---|---|
| बिगतमा गरेका कामहरुको संक्षिप्त विवरण(कम्तीमा २०० शव्दमा) | |
| विद्यमान वित्तीय, मानविय र भौतिक श्रोतको विवरण | |

### 3. कार्यक्रम सञ्चालन सम्बन्धि समस्या, औचित्य, उद्देश्य तथा लाभान्वित घर परिवार संख्या

| | |
|---|---|
| संस्थाले भोगेका वा अनभूत गरेका व्यवसायगत समस्या | |
| कार्य योजना किनरके कामका लागि पेश गरिएको हो | |
| प्रस्तावित कार्यक्रमको उद्देश्य | |
| लाभान्वित घर परिवार संख्या (प्रत्यक्ष र अप्रत्यक्ष) | |

**4. कार्यक्रम सञ्चालनप्रकृया**

| | |
|---|---|
| प्रस्तावित कार्यक्रम सञ्चालन विधि स्पष्ट रुपमा उल्लेख गर्ने (सरोकारवालाहरुको भूमिका तथा लाभान्वित वर्ग वीचको सम्बन्ध तथा प्रतिफल वितरणको अबधारणा) | |

**5. कार्यक्रमबाट हासिल हुने उपलब्धिहरु**

| | |
|---|---|
| कार्यक्षेत्र बिस्तार | |
| उत्पादन बृद्धि(दैनिक/ मासिक/बार्षिक परिमाण(मे.ट.) | |
| प्रस्तावीत वाली वस्तुको मूल्य अभिबृद्धि परिमाण(मे.ट.) | |
| लाभान्वित वर्गको जिविकोपार्जन तथा जिवनस्तरमा सुधार | |
| रोजगारी तथा आर्थिक अवस्थामा सुधार | |

**आर्थिक प्रस्ताव**

प्रस्तावित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरण :

| क्र. सं. | मुख्य कृयाकलापहरु | इकाई | परिमाण | प्रतिइकाई दर (रु.) | कुल लागत (रु.) | प्रस्तावको योगदान (रु.) | सम्बन्धित कार्यालयको अनुदानबाट व्यहोरिने रकम (रु.) | प्रस्तावकले व्यहोर्ने रकमको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| **जम्मा (रु.)** | | | | | | | | |
| माथि उल्लेखित विवरणहरु ठिक साँचो छ । झुठा ठहरे कानुन बमोजिम सजायको भागिदार हुनेछु । | | | | | | | | |
| जिम्मेवार पदाधिकारीको | | | | | | | | |
| नाम | | | | | | | | |
| पद | | | | | | | | |
| हस्ताक्षर | | | | | | | | |
| मिति | | | | | | | | |
| छप | | | | | | | | |

निर्माण सम्बन्धी तथा मेशिनरी औजारहरु खरीद सम्बन्धी काम प्रस्ताव गरेको भए ड्रईङ्ग डिजायन स्टमेट तथा मेशिनरीहरुको कोटेशन ब्यवसायिक योजनासँग पेश गर्नुपर्ने छ ।

आवेदकको योगदानमा जग्गाको मूल्य र उत्पादन, भण्डारण तथा मूल्य अभिबृद्धि गर्ने कृषि उपजको मूल्य खर्चको रुपमा समावेस गर्न पाइने छैन ।

# स्थलगत प्रमाणिकरण मूल्याङ्कन फारम

**(क) सामान्य जानकारी**

(१) जिल्लाः

(२) आवेदकको नामः

(३) स्थायी ठेगानाः

(४) प्रस्तावित कार्यक्रमको नामः

(५) स्थलगत प्रमाणिकरण मितिः

**(ख) आवेदकको मूल्याङ्कन**

| क्र.सं. | मूल्याङ्कनका सूचकहरु | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | **भौतिक क्षमता** | ३० | |
| १.१ | आवेदकको पृष्ठभूमि र प्रस्तावित कार्यक्रम बिच तालमेल भए/ नभएको | ६ | |
| १.२ | भविष्यमा कार्यक्रम विस्तारका लागि संभावना छ/छैन | ६ | |
| १.३ | व्यवसाय अनुसार पूर्वाधारहरुको व्यवस्था (जग्गा तथा भवन आदि) | ६ | |
| १.४ | कार्यक्रम कार्यान्वयन स्थलमा बाटो, पानी, विजुलीजस्ता पूर्वाधारको ब्यवस्था | ६ | |
| १.५ | भौगोलिक उपयुक्तता | ६ | |
| २ | **प्राविधिक क्षमता** | १५ | |
| २.१ | प्रस्तावित कार्यक्रमसंग मेल खाने कृयाकलापमा हाल संलग्नता छ/छैन | ५ | |
| २.२ | आवश्यक प्राविधिक सेवाटेवा प्राप्त हुन सक्ने अवस्था छ/छैन | ५ | |
| २.३ | आवेदक सम्बन्धित विषयको तालिम/कामको अनुभव प्राप्त छ/छैन | ५ | |
| ३ | **वित्तिय क्षमता** | ३० | |
| ३.१ | (मौजुदा पुँजि, लक्षित वर्गवाट हुने लगानी सहभागिता, प्रस्तावकले अन्य निकायवाट जुटाउन सक्ने लगानी आदि) | २० | |
| ३.२ | प्रस्तावकले लागत साझेदारीको प्रतिवद्धता अनुसारको संभाब्यता | १० | |
| ४ | **संस्थागत क्षमता** | २५ | |
| ५ | संस्थागत/व्यवसायिक कृयाशिलता सन्तोषजनक छ/छैन | ५ | |
| ५.१ | दर्ता/नविकरण/करचुक्ता/अडिट आदि अद्यावधिक छ/छैन | ५ | |
| ५.२ | प्रस्तावित कार्यक्रमको लाभान्वित वर्गसँगको सम्बन्ध | ५ | |
| ५.३ | उत्पादित/भण्डारण गरेको वस्तुको बजारिकरण योजना | १० | |
| | **जम्मा** | १०० | |

कूल पचास अङ्क प्राप्त गर्न सफल प्रस्तावहरुको प्राथमिकिकरण गरिने छ । अन्यथा पचास भन्दा कम अङ्क प्राप्त गरेका प्रस्तावहरु छनौटका लागि प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिमा पेश गरिने छैन

**(ग) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण**

(१)

(२)

(३)

(४)

(घ) स्थलगत प्रमाणिकरण टोलको राय

| क्र.सं. | स्थलगत गर्ने पदाधिकारीहरुको नाम | पद | हुन्छ/हुँदैन | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**कार्ययोजना मूल्याङ्कन फारम (साना सित गृह, कोल्ड रुम, मासु चिस्यान घर तथा कोल्ड च्याम्बरहरु निर्माण)**

**मूल्यांकन गर्दा अनिवार्य रुपमा संलग्न गर्नु पर्ने कागज पत्रहरु**

१. साझेदार संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि । नविकरण आवश्यकता भएमा सो समेत

२. विधान/प्रबन्ध पत्र, नियमावलीको प्रतिलिपि ।

३. पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि । एक वर्षभन्दा पुरानो कम्पनी/संस्थाको हकमा गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र लेखा परीक्षण प्रतिवेदन ।

४. जमिनको स्वामित्व कम्पनी/प्रोप्राइटरको नाममा रहेको लालपुर्जा र Trace नक्सा ।

५. आगामी १० वर्षको लागि व्यवसायिकयोजना(Business Plan) ।

६. नियमानुसारप्रारम्भिक वातावरणीय मूल्याङ्कन (Initial Environmental Examination)भएको वा सोको लागि कार्य सुची (Terms of Reference) कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयमा दर्ता भएको।

७. बिस्तृत ईन्जिनियरिङ्ग डिजाईन सहितको नक्सातथा लागत अनुमान ।

८. आवेदक कम्पनीले गर्नु पर्ने लगानीको लागि सम्बन्धित बैंकको आशय पत्र (Letter of Intent)।

९. सम्भाव्यता अध्ययन, उद्देश्य तथा आवश्यकता, भौतिक पुर्वाधार, क्षमता, सञ्चालन पुंजि, व्यवसायिकयोजनासहितको पूर्ण आयोजना प्रतिवेदन (Detailed Project Report) २ प्रति ।

१०. प्रस्तावित साना शित भण्डार गृह/कोल्ड चेम्बर/कोल्ड रुमको लागि आवश्यक पर्ने मेशिनरी औजार निर्माण सम्बन्धी कार्यमा संलग्न अनुभव प्राप्त स्वदेशी/विदेशी supplier/फर्म/कम्पनीको अनुभव र कोटेशन (प्रस्ताव छनौट पश्चात मेशिनरी औजार तथा सामाग्रीको supplier/फर्म/कम्पनी परिवर्तन गर्न पाइने छैन) ।

११. प्रस्ताव छनौट भए पछि कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तहको मापदण्ड अनुसार नक्सा पास भएको प्रमाण।

| सि.नं. | आधार | अङ्क भार | कैफियत |
|---|---|---|---|
| **१.** | **जग्गा/बिजुली/सडक** | **३०** | |
| १.१ | जग्गा | २० | |
| १.१.१ | साझेदारको नाममा जग्गा भएको | २० | |
| १.१.२ | साझेदारले अन्यवाट करारनामा कम्तीमा २० वर्षको लागि लिएको | १५ | |
| **१.२** | **बिजुली/सडक** | **१०** | |
| १.२.१ | सडक | बढिमा ५ | |
| १.२.२ | बिजुली | बढिमा ५ | |

| सि.नं. | आधार | अङ्क भार | कैफियत |
|---|---|---|---|
| २. | **डिजाइन/डिटेल इस्टिमेट** | २० | |
| २.१ | डीपीआर समावेश | १५-२० | |
| २.२ | आंशिक रुपमा मात्र डिजायन स्टमेट पेश गरेको | १०-१४ | |
| २.३ | सामान्य | ९-१३ | |
| **३.** | **व्यवसायिक योजना/दिगोपना/प्रस्तावको आधार** | २० | |
| ३.१ | उत्तम | १५-२० | |
| ३.२ | राम्रो | १०-१४ | |
| ३.३ | सामान्य | ९-१३ | |
| ४. | **लगानीको आधार (%)/Letter of intent सहित** | १० | |
| ४.१ | ३०% भन्दा बढि लगानी | १० | |
| ४.२ | २५-२९% लगानी | ८ | |
| ४.३ | २४ % भन्दा कम लगानी | ६ | |
| **५.** | **शित भण्डार गृह निर्माण सम्बन्धी कार्यमा संलग्न हुने प्रस्तावित supplier/ फर्म/ कम्पनीको अनुभव** | २० | |
| ५.१ | वर्षको आधारमा | १० | |
| ५.१.१ | ५ वर्ष भन्दा बढि | १० | |
| ५.१.२ | ३-५ वर्ष | ८ | |
| ५.१.३ | ३ वर्ष भन्दा कम | ६ | |
| ५.२ | उत्पादन गरेको सामाग्री supply गरेको satisfactory letter/certificate को आधारमा | १० | |
| ५.२.१ | ५ भन्दा बढि satisfactory letter/certificate | १० | |
| ५.२.२ | ३-५ satisfactory letter/certificate | ८ | |
| ५.२.३ | ३ भन्दा कम satisfactory letter/certificate | ६ | |
| | जम्मा | १०० | |

उपरोक्तानुसार व्यवसाय योजनाको मूल्याङ्कन गर्दा न्यूनतम पचास प्रतिशत अङ्क प्राप्त गरेका प्रस्तावहरु मात्र छनौटको प्रतिष्पर्धामा सामेल हुनेछन् ।

**कार्ययोजना मूल्याङ्कन फारम (**खाद्यान्न भण्डार गृह निर्माण/ कृषि बजार पुर्वाधारहरुको निर्माण/ प्राङ्गारीक मल उत्पादन पूर्वाधार निर्माण /जैविक विषादी उत्पादन पूर्वाधार निर्माण /चैते धान तथा हिँउदे मकै सुकाउने ड्रायर जडान/अदुवा, अलैची तथा चिया भण्डारण वायरहाउस निर्माण/अन्य कृषि तथा पशुपन्छीजन्य पुर्वाधार निर्माण**)**

| सि.नं. | आधार | अङ्क भार | कैफियत |
|---|---|---|---|
| १. | **जग्गा/बिजुली/सडक** | २० | |
| १.१ | जग्गा | १० | |
| १.१.१ | साझेदारको नाममा जग्गा भएको | १० | |
| १.१.२ | साझेदारले अन्यवाट करारनामा कम्तीमा २० वर्षको लागि लिएको | ७ | |

| सि.नं. | आधार | अङ्क भार | कैफियत |
|---|---|---|---|
| **१.२** | **बिजुली/सडक** | १० | |
| १.२.१ | सडक | बढिमा ५ | |
| १.२.२ | बिजुली | बढिमा ५ | |
| **२.** | **डिजाइन/डिटेल इस्टिमेट** | २० | |
| २.१ | डिजायन स्टमेट समावेश | १५-२० | |
| २.२ | आंशिक रुपमा मात्र डिजायन स्टमेट पेश गरेको | १०-१४ | |
| २.३ | सामान्य | ९-१३ | |
| **३.** | **वजारिकरण योजना/दिगोपना** | २० | |
| ३.१ | उत्तम | १६-२० | |
| ३.२ | राम्रो | १०-१५ | |
| ३.३ | सामान्य | ४-९ | |
| **४.** | **साझेदारको लगानी** | २० | |
| ४.१ | ५० % लगानी | २० | |
| ४.२ | ३०-४०% लगानी | १६ | |
| ४.३ | ३० % भन्दा कम लगानी | १२ | |
| **५.** | **कार्यक्रम संचालनवाट समुदायमा पर्ने सकारात्क प्रभाव** | २० | |
| | समुदायको आर्थिक विकासमा पर्ने प्रभाव | ५ | |
| ५.१ | समुदायमा उत्पादन भएको कृषि/पशुवस्तु बजारिकरणमा सहयोग पुग्ने | १० | |
| ५.२ | प्रस्तावक फर्मलाई मात्र फाईदा पुग्ने | ५ | |
| ५.३ | | | |
| | जम्मा | १०० | |

उपरोक्तानुसार व्यवसाय योजनाको मूल्याङ्कन गर्दा न्यूनतम पचास प्रतिशत अङ्क प्राप्त गरेका प्रस्तावहरु मात्र छनौटको प्रतिष्पर्धामा सामेल हुनेछन्

**प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारम**

| क्र.सं | द.नं. | आवेदक संस्थाको नाम | ठेगाना | स्थलगत प्रमाणिकरणको प्राप्ताङ्क (१००) | कार्ययोजना मूल्याङ्कनको प्राप्ताङ्क (१००) | कुल प्राप्ताङ्क (२००) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | कूल प्राप्ताङ्कको आधारमा प्राथमिकिकरण गर्ने |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिकापदाधिकारीहरु

| सि.नं. | नाम थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

## ८३. कार्यक्रमको नामः कृषि/पशु सहकारीसंस्था, संघ संस्था, समिति र अन्य संस्थाहरु संग सहकार्यमा व्यवसायीक पशुपालन कार्यक्रम

**(१) उद्देश्य**

(क) कार्यक्रमहरु निश्चित विधि र प्रकृया अन्तर्गत एकरुपता कायम राखी प्रभावकारी रुपमा कार्यक्रम संचालन गर्ने ।

(ख) पशुपालन व्यवसायीकरण गर्नमा सहयोग पुऱ्याउने गराउने ।

(ग) पशुपालन पकेटहरुको बजार सम्मको पहुँच, बिस्तार र उत्पादनको व्यवसायीकरण र बजारिकरणमा टेवा पुऱ्याउने ।

(घ) स्थानिय संघ संस्था कै संलग्नतामा कृषकहरुको समस्यामा आधारित भई पशुपालन कार्यक्रमहरु संचालन गर्ने ।

**(२) कार्यक्रम सञ्चालन हुने स्थान** : पशुपालन पालनका संभाव्य भएका प्रदेश नं. १ का रहेका सबै जिल्लाहरुमा संचालन हुनेछ ।

**(३) कार्यक्रमको अबधिः** कार्यक्रमको प्रभावकारीताका आधारमा मनासिव ठहरे अन्य क्षेत्रमा समेत विस्तारगर्न सकिनेछ। पछिल्ला बर्षहरुमा सम्बन्धित सहभागिको आवश्यक्तामा आधारित फलोअप कार्यक्रमहरुमा सहयोग प्रदान गरिनेछ ।

**(४) अनुदान प्राप्त गर्न सक्ने निकायहरु :**

(क) कृषि/पशु सेवा सम्बन्धि सहकारी संघ/संस्था

(ख) कृषक समुह/समिति

(ग) गैर नाफामुलक संघ संस्थाहरु

**(५) अनुदान रकमबाट संचालन हुने कार्यक्रमहरुः**

(क) गोठ/खोर निर्माण सुधार तथा जैविक सुधार अवलम्बन गर्ने कार्यक्रम ।

(ख) पशुहरु ढुवानीमा अनुदान कार्यक्रम

(ग) पशु आहारा विकास सम्बन्धि कार्यक्रम

(घ) दुग्ध चिस्यान केन्द्र स्थापना तथा दुधको बजारीकरण

(ङ) दुग्ध ढुवानी साधन खरिद

(च) पशु उपचार र प्रयोगशाला सम्बन्धी

(छ) पशु खोप कार्यक्रमहरु

(ज) पशु नश्ल सुधार कार्यक्रमहरु

(झ) तालिम, भ्रमण, अवलोकन र अन्तरक्रिया गोष्ठी

(ञ) सम्बन्धित कार्यालय संग आवश्यकता अनुसार पशुपालन संग सम्बन्धित कार्यक्रमहरु माथि उल्लेखित बाहेक पनि सम्झौतामा उल्लेख गरि गर्न सकिनेछ ।

(६) **कार्यक्रम सम्बन्धी जिम्मेवारी तथा दायित्व**

(क) कार्यक्रम कार्यान्वयनको जिम्मेबारी सम्बन्धीत कार्यालय र साझेदारको हुने छ ।

(ख) प्रस्ताव स्वीकृत भै सके पछि कार्यक्रम संचालन गर्ने साझेदारले सेवा प्रबाहको विवरण तयार गरि कार्यालयबाट स्विकृत गराएर संचालन गर्नु पर्नेछ।

(ग) सेवा प्रबाहको बिवरण साझेदारले राख्नु पर्नेछ ।

(घ) सम्बन्धित कार्यालयलाई प्रगति बिवरण चौमासिक वा माग गरेको समयमा उपलब्ध गराउनु साझेदार संस्थाको जिम्मेवारी तथा दायीत्व हुनेछ ।

(ङ) साझेदारले कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने विशेषज्ञ सेवा सम्बन्धित कार्यालय वा अन्य निकाय र क्षेत्रबाट समेत प्राप्त वा खरिद गर्न सक्नेछ ।

(७) **अनुदान प्राप्त गर्ने शर्तहरुः**

(क) प्रचलित कानून बमोजिम दर्ता भएका कृषि/पशु/दुग्ध सहकारी संस्थाहरु मात्र यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(ख) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र यस मातहत निकायहरुबाट ३ वर्ष भित्र अनुदान प्राप्त गरि सकेको प्रस्तावलाई उही व्यवसायको लागि पुनः छनौट गरिने छैन ।

(ग) अनुदानग्राही संस्थाले अनुदान प्राप्त गरे पश्चात कम्तिमा दशवर्ष सम्म अनिवार्य रुपमा कार्यक्रम संचालन गरेको हुनु पर्नेछ ।

(घ) अनुदान रकमकोदुरुपयोग भएको पाईएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित कानून बमोजिम कार्वाही गरी सरकारी बाँकी सरह अनुदान रकम असुल उपर गरिनेछ।

(ङ) सरकारी वा गैह्रसरकारी निकायबाट यस अघि अनुदान प्राप्त गरेका प्रस्तावकले सम्झौता वा कार्यक्रम अनुरुप कार्य गरेको नपाइएमा त्यस्ता प्रस्तावलाई मूल्याँकनमा समावेश गरिने छैन ।

(च) नियमअनुसार सम्वन्धित निकायमा दर्ता भएको, करचुक्ता गरेको र स्थायी लेखा नम्वर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ।

(छ) प्रस्तावकले लागतको कम्तिमा पच्चिस प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता जनाएको हुनु पर्नेछ ।

(ज) कार्यक्रमको प्रकृति अनुसार स्पेसिफिकेसन, लागत ईष्टीमेट, नक्साङ्कन, बिल तयार गर्ने जिम्मेवारी प्रस्तावकको हुनेछ र कार्यालयबाट स्वीकृत गराउनु पर्नेछ ।

(झ) अनुदान रकमबाट संचालन भएको कार्यक्रमहरुको मासिक प्रगति प्रतिवेदन नियमित रुपमा सम्बन्धित राख्ने व्यवस्था भएको हुनु पर्नेछ।

(ञ) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्था नियमित लेखा परीक्षण गरिएको हुनु पर्छ ।

(८) **आवेदक साथ संलग्न हुनु पर्ने कागजातहरुः**

(क) आवेदन फारम

(ख) संक्षिप्त व्यवसायीक कार्ययोजना

(ग) भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस पत्र

(घ) दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर तथा लेखा परिक्षण प्रतिवेदन, प्रतिलिपी प्रतिलिपि ।

(ङ) संस्थाको सञ्चालक समितिको बैठक निर्णयको प्रतिलिपी ।

(च) सम्बन्धित स्थानीय तह वा वडाको कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र

(छ) अन्य सहयोगी दस्तावेजहरु भए समावेश गर्ने ।

**(९) संक्षिप्त व्यावसायीक योजनाः**

| | |
|---|---|
| प्रस्तावित आयोजनाको नाम | |

**आवेदक र सम्पर्क व्यक्ति सम्वन्धी विवरणः**

| आवेदक संस्थाको नामः | |
|---|---|
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| संस्था स्थापना भएको मिति | |
| सम्बन्धित निकायमा संस्था दर्ता भएको मिति | |
| टेलिफोन | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको टेलिफोनः | |
| इमेलः | |
| प्रस्तावित उप-आयोजना स्थल (कार्य क्षेत्र) | |
| प्रस्तावित आयोजनाको कूल खर्च | |
| माग गरेको कूल अनुदान रकम रु. | |
| प्रस्तावकको तर्फबाट | |

**(१) संस्थामा आवद्ध सदस्यहरुको पशुपन्छी र दूध उत्पादनको तथ्याङ्क**

| *सि.नं.* | *कृषककोनामथर* | *ठेगाना* | *पशुसंख्या* | | | *पशुजन्य उत्पादन विवरण* |
|---|---|---|---|---|---|---|
| | | | *स्थानिय* | *उन्नत* | *जम्मा* | |
| | | | | | | |
| | | | | | | |

**(२) अनुदान ग्राही संस्थाको अनुभव र अन्य विवरण**

| | |
|---|---|
| बिगतमा गरेका कामहरुको संक्षिप्त विवरण | |
| वित्तीय, मानविय र भौतिक श्रोत | |

**(३) समस्या, औचित्य, उद्देश्य तथा लाभान्वित घर परविार संख्या**

| | |
|---|---|
| तपाईको संस्थाले व्यवसाय संचालन सम्बन्धमा भोग्दै आएको समस्याहरु | |
| ब्यवसायिक योजना किन र के कार्यका लागि पेश गर्नु भएको हो | |
| आयोजनाको उद्देश्यहरु | |
| लाभान्वित घर परविार संख्या (प्रत्यक्ष तथा अप्रत्यक्ष) | |

**(४) आयोजना संचालन प्रकृया**

| | |
|---|---|
| आयोजना कसरी संचालन हुन्छ ? | |

**(५) अनुदानबाट के उपलब्धि हासिल हुने छ ?**

| | |
|---|---|
| क्षेत्रफल बिस्तार (हेक्टर) | |
| उत्पादन बृद्धि (परिमाण, मे.ट.) | |
| जिबिकोपार्जन तथा जिवनस्तर सुधार | |
| रोजगारी तथा आर्थिक अवस्था सुधार | |

**(६) प्रस्तावित कृयाकलापहरुको लागत अनुमानको विस्तृत प्रस्तावित खर्च अनुसार विवरण पेश गर्नुहोस् ।**

| *क्र.सं.* | *मुख्य कृयाकलापहरु* | *माग गरेको अनुदान* | *आवेदकको योगदान* | *कूल* | *कैफियत* |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | कूल | | | | |

| | |
|---|---|
| **माथिका उल्लेखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छुग्न कहि कतै झुठो ठहरिएमा कानुन बमोजिम सजाय भो , छौं/तयार रहेको व्यहोरा अवगत गराउँछु** | |
| संस्थाको जिम्मेवारी पदाधिकारीको | |
| नाम | |
| पद | |
| हस्ताक्षर | |
| मिति | |
| संस्थाको छाप | |

(१०) **स्थलगत प्रमाणिकरण मूल्याङ्कन फारमः** साझेदारीमा कृषि तथा पशुपन्छी पूर्वाधार विकास कार्यक्रमको फारम अनुसार हुनेछ ।

(११) **ब्यवसायीक योजना मूल्याङ्कनका आधारहरुः** पशुपन्छीजन्य उत्पादन, विविधिकरण र बजारीकरण कार्यक्रमको लागि तोकिएको फारम आधारहरु हुनेछन ।

**(१२) प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारमः** साझेदारीमा कृषि तथा पशुपन्छी पूर्वाधार विकास कार्यक्रमको फारम अनुसार हुनेछ ।

## ८४. कार्यक्रमको नामः बाख्राको बृहत्तर पकेटकार्यक्रम

**(१) उद्देश्यः**

(क) कृषक समुदायमा दिगो र सहभागितामुलक बाख्रा नश्ल सुधार प्रणाली स्थापित गर्ने ।

(ख) कृषकहरुमा बाख्रापालनका वैज्ञानिक प्रविधि तथा व्यवस्थापन अनुशरणका लागि स्रोतकेन्द्रलाई आधारभूत पाठशालाको रुपमा विकास गर्ने ।

(ग) बाख्रापालनलाई व्यवसायिकरण गरि मासु आयातलाई प्रतिस्थापन गर्न सहयोग पुऱ्याउने।

**(२) रणनीतिहरु : दफा १ बमोजिमको उद्देश्य प्राप्तिका लागि देहायका रणनीतिहरु अपनाईने छन्।**

(क) कृषक समुदायमा आधारित कृषक समुह समिति, सहकारी संस्था र बाख्रा व्यवसायीक संघ संस्था मार्फत एक पकेट एक उत्पादनको रुपमा विस्तार गर्दै लगिने छ ।

(ख) व्यवसायिक बाख्रापालनका लागि चाहिने व्यवस्थित खोर, नश्ल सुधार, आहारा, स्वास्थ्य, बजार ब्यबस्थापन एबम् कृषकको क्षमता अभिबृद्धिका कार्यक्रमहरुको प्याकेज उपलब्ध गराई नमुना बाख्रापालनको रुपमा विकास गरिने छ ।

(ग) संचालित कार्यक्रमको अवधि समाप्त पश्चात पनि यसलाई निरन्तरता दिई दिगो बनाउने छ।

(घ) सरोकारवालाहरुको संलग्नतामा असल पशुपालन अभ्यास विधि अवलम्बन गराई पाँच वर्ष सम्ममा आत्मनिर्भर बनाउन सहयोग गरिने छ ।

(ङ) भौतिक संरचना निर्माण सुधार, मेशिनरी औजार उपकरण खरिद, पशु आहारा, क्षमता अभिबृद्धि, बजार व्यवस्थापन, पशु स्वास्थ्य, प्राविधिक सहजकर्ता व्यवस्था गर्न, जैविक सुरक्षा जस्ता कार्यक्रमहरु संचाल गर्न प्रदेश सरकारबाट बजेटको व्यवस्था गरिनेछ ।

(च) पाँच वर्ष भित्रमा प्रत्येक एक पकेटमा दुई माउ बाख्राहरु हुने व्यवस्था गरिनेछ ।

(छ) घाँस खेतिको आधार पशुपालन गरिनेछ ।

(ज) कार्यक्रम संचालन, विकास र विस्तार गर्न आसपासका अन्य कृषक समुह/समिति/सहकारी/नीजि उद्यमी/कम्पनीहरुलाई पनि यस कार्यक्रमले समेटदै लगिनेछ।

(झ) अनुगमनलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

**(३) कार्यक्रमको अवधि :**

(क) यो कार्यक्रमको अवधि बढीमा पाँच वर्षको हुनेछ तर कार्यक्रमको सफलताको आधारमा फ्लोअप कार्यक्रम संचालन हुनेछ । सो अवधि पश्चात आत्मनिर्भर हुने परिकल्पना गरिएको छ ।

(ख) सफलताको आधारमा कार्यक्रमलाई थप विस्तार गरिनेछ ।

**(४) कार्यक्रम संचालनका लागि छनौटका आधारहरु :**

(क) भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले पकेट क्षेत्रको पहिचान गरी प्राथमिकरण गरि पशु विकास कार्यदलमा पेश गर्नेछ ।

(ख) पशु विकास कार्यदलले पकेट क्षेत्रको अनुमोदन गर्नु पर्नेछ ।

(ग) पशु विकास कार्यदलबाट बृहत्तर पकेट कार्यक्रम संचालन गर्ने पकेट क्षेत्र छनौट गर्दा देहाय बमोजिमको आधारमा छनौट गर्नेछ ।

(१) व्यवस्थित दिगो पकेट क्षेत्रको विकासको लागि सामाजिक, आर्थिक तथा शैक्षिक अनुकुल रहेका बाख्रा पकेट क्षेत्रको छनौट हुनु पर्नेछ ।

(२) पकेट क्षेत्र छनौट गर्दा, घाँसको विकास भएको वा घाँस विकास गर्न सकिने भू-बनोट तथा हावापानी भएको क्षेत्र हुनु पर्नेछ ।

(३) निर्वाहमूखि र परम्परागत रुपमा बाख्रापालन र भविष्यमा विस्तारका लागि प्रचुर सम्भावना भएका पकेट क्षेत्रहरु हुनु पर्नेछ ।

(४) बाह्रै महिना हरियो घाँसपात उपलब्ध हुन सक्ने क्षेत्र छनौट गर्नु पर्नेछ ।

**(५) साझेदार गर्न सक्ने निकायहरुः**

(क) कृषि/पशुपालनमा आवद्ध सहकारी संघ/संस्था

(ख) बाख्रा पालन व्यवसायीक संघ/संस्था

(ग) कृषक समुह/समिति

**(६) अनुदान रकमबाट संचालन गरिने कार्यक्रमहरु :**

(क) खोर निर्माण सुधार तथा जैविक सुधार अवलम्बन गर्ने कार्यक्रम ।

(ख) डिपिङ्ग ट्याङ्क निर्माण

(ग) प्रजनन योग्य बाख्रा र ब्याडे बोका खरिद तथा ढुवानीमा अनुदान कार्यक्रम

(घ) पशु आहारा विकास सम्बन्धि कार्यक्रम

(ङ) पशु उपचार र प्रयोगशाला सम्बन्धी

(च) पशु खोपहरु

(छ) पशु नश्ल सुधार

(ज) तालिम, भ्रमण, अवलोकन र अन्तरक्रिया गोष्ठी

(झ) प्राविधिक सहजकर्ताको पारिश्रमिक

(ञ) सम्बन्धित कार्यालय संग आवश्यकता अनुसार बाख्रा पालन संग सम्बन्धित कार्यक्रमहरु माथि उल्लेखित बाहेक पनि सम्झौतामा उल्लेख गरि गर्न सकिनेछ ।

(७) **अनुदान प्रवाहका शर्तहरुः**

- (क) प्रचलित कानुन बमोजिम दर्ता भएका समुह, समिति सहकारी संघ/संस्था र बाख्रा पालन संग सम्बन्धित संघ संस्थाहरु मात्र यस कार्यक्रम सञ्चालनका लागि योग्य मानिनेछन् ।
- (ख) अनुदान प्राप्त गर्ने कृषकहरुले कम्तिमा दश वर्ष सम्म व्यवसाय संचालन गर्नु पर्नेछ ।
- (ग) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असुल उपर र कार्वाही हुनेछ ।
- (घ) नियम अनुसार सरकारी निकायमा दर्ता भएको, कर चुक्ता गरेको र स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ ।
- (ङ) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाको नियमित लेखा परीक्षण भएको हुनु पर्नेछ।
- (च) कार्यक्रम संचालन पश्चात एक पकेट क्षेत्रबाट कम्तिमाबार्षिकदुई शय वटा सम्म खसीबोकाहरुसंगठितबजारमाआउनु पर्दछ।
- (छ) बृहत्तर पकेट कार्यक्रम आबद्ध प्रत्येक कृषक सदस्यहरुले कार्यक्रमको अन्तसम्ममा कम्तिमा दश वटा प्रजनन योग्य माउ बाख्राहरु पालन गरेको हुनु पर्नेछ ।
- (ज) एक पकेटमा कम्तिमा पचास जना बाख्रा पालन गर्ने कृषकहरु आबद्ध हुनु पर्नेछ ।
- (झ) पकेट क्षेत्रमा भएका माउ बाख्रा र बोकामा हुनु पर्ने गुणहरु उल्लेख भए बमोजिम हुनु पर्नेछ ।
- (ञ) बाख्राको खोर निर्माण गर्दा हावापानी सुहाउँदो, बैज्ञानिक, सफा र हावादार हुनु पर्नेछ।
- (ट) घाँस खेतिमा आधारित बाख्रापालनको लागि मौसम र आवश्यकता अनुसार हिउँदे, वर्षे, वहुवर्षिय घाँस खेति र साईलेज प्रविधिमा बाख्रापालन गरेको हुनु पर्नेछ ।
- (ठ) साझेदार संस्थाले हरेक महिना कार्यालयले तोके बमोजिको बमोजिमको ढाँचामा साझेदार संस्थाले कार्यालयमा प्रगति पठाउनु पर्नेछ।
- (ड) अनुदान प्राप्त गर्ने कृषकहरुले बाख्राहरुको अनिवार्य रुपमा बाख्राहरुको विमा गरेको हुनु पर्नछ ।

(८) **कार्यक्रम कार्यान्वयन सम्बन्धी जिम्मेवारी तथा दायित्वः**

- (क) कार्यक्रम कार्यान्वयनका सिलशिलामा सूचना प्रकाशन, प्रस्ताव छनौट, सम्झौता, अनुगमन र भुक्तानि सम्बन्धि जिम्मेवारी र दायित्व सम्बन्धित अख्तियार प्राप्त कार्यालयको हुनेछ ।
- (ख) सम्झौता मुताविकको कार्य निर्धारित समय सिमा भित्र सम्पन्न गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ ।
- (ग) साझेदारले कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने विशेषज्ञ सेवा सम्बन्धित कार्यालय वा अन्य निकाय र क्षेत्रबाट समेत प्राप्त वा खरिद गर्न सक्नेछ ।
- (घ) अनुदानग्राहीले कार्यक्रम संचालनको प्रगति प्रतिवेदन नियमित रुपमा सम्बन्धित कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

**(९) बाखा बृहत्तर पकेट कार्यक्रम कार्यान्वयन संचालक समिति :**

**(१)** बाखाको बृहत्तर पकेट कार्यक्रम संचालन हुने स्थानिय स्तरमा कार्यक्रम संचालन, अनुगमन, समन्वय, सुझाव तथा सहयोग र नियन्त्रण गर्न देहाय बमोजिमको ११ सदस्य संचालक समिति रहने छ ।

(क) साझेदार संस्थाको अध्यक्ष वा निजले तोकेको व्याक्ति - संयोजक

(ख) साझेदार संस्थाले तोकेको बाखा पालक कृषक प्रतिनिधिहरु ९ जना - सदस्य

(ग) सम्बन्धित कार्यालयले तोकिएको प्राविधिक - सदस्य सचिव

**(२)** उपदफा (क) बमोजिम गठन भएको संचालक समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यक्रम संचालन गर्न सम्झौता गर्ने ।

(ख) स्वीकृत कार्यक्रमहरु संचालन गर्ने गराउने ।

(ग) स्थानिय तहहरु संग समन्वय गरी आर्थिक सहयोग जुटाउने ।

(घ) पकेट क्षेत्रमा रहेका बाखाहरुको बिमा गर्ने गराउने ।

(ङ) आवश्यकता अनुसार सेवा प्रदान गरिएका सम्पूर्ण अभिलेख व्यवस्थापन गर्ने गराउने ।

(च) आफ्नो बाखाको पकेट क्षेत्रमा रहेका समस्याहरुको पहिचान गरी प्राथमिकताको आधारमा आवश्यक पर्ने कार्यक्रम तथा बजेट तर्जुमा गरी सम्बन्धित कार्यालयमा प्रस्ताव स्वीकृतिको लागि पेश गर्ने गराउने ।

(छ) व्यवसायीक रुपमा पकेट क्षेत्रमा कार्यक्रम संचालन, विकास र विस्तार गर्न आसपासका अन्य कृषक समुह/ समिति/ सहकारी/ नीजि उद्यमी/ कम्पनीहरुलाई समेत यस कार्यक्रममा संलग्नता गराउँदै लैजाने ।

(ज) बाखा पालन गर्ने कृषकहरुलाई शिप अभिबृद्धिको लागि बाखा पालन सम्बन्धि तालिम गोष्ठी, भ्रमण, बैठक संचालन गर्ने गराउने ।

(झ) खसीबोकाको बजारीकरण गर्ने गराउने ।

(ञ) घाँस खेतिको आधारमा बाखा पालन गर्ने गराउने ।

(ट) प्रवाहका सर्तहरुको पालना पकेट क्षेत्रमा आवद्ध कृषकहरुलाई गर्ने गराउने ।

(ठ) उत्पादित खसीबोकाहरु विक्री वितरणको लागि मूल्य निर्धारण सम्बन्धित कार्यालयमा समन्वय गरी गर्नु पर्नेछ ।

(ड) वित्तिय तथा भौतिक प्रगति चौमसिक रुपमा तोकिएको फर्मेट अनुसार सम्बन्धित कार्यालयमा पठाउने ।

(ढ) संचालित कार्यक्रमहरुको सार्वजनिक सुनुवाई गर्ने ।

(ण) भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पशुपन्छी तथा मत्स्य निर्देशनालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट अनुगमन क्रममा दिएका सूझाव कार्यान्वयन गर्ने गराउने ।

**(१०) अनुदान रकमको लेखा परिक्षण र प्रतिवेदन**

(क) संस्थामा उपलब्ध गराएको अनुदान रकमको लेखा परिक्षण प्रचलित कानून बमोजिम गराउनु पर्नेछ ।

(ख) अनुदान रकमको खर्चको विवरण र उपलब्धी प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिना भित्रमा सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

**(११) सहजकर्ताको व्यवस्था र परिचालनः**

(क) कृषकहरुमा प्रविधि अनुशरण, अभिलेखिकरण, खोर व्यवस्थापन, पशु आहारा सेवा, पशु स्वास्थ्य सेवा, प्रयोगशाला सेवा, कृत्रिम गर्भाधान सेवा र बजार व्यवस्थापन कार्यहरुको सहजिकरणका लागि एक जना सहजकर्ताको व्यवस्था गरिनेछ ।

(ख) सम्बन्धित कार्यालयको समन्वयमा कम्तिमा पशु विज्ञान विषय लिई टि.एस.एल.सी. उतिर्ण गरेको स्थानिय व्याक्तिलाई प्राथमिकता दिई सहजकर्ताको छनौट गर्नु पर्नेछ ।

(ग) कार्यक्रम कार्यान्वयन समितिले सहजकर्तालाई सम्झौता गराई कार्य गर्न व्यवस्था गर्नु पर्नेछ।

**(१२) बाखाको नश्ल सुधार तथा प्रजनन् व्यवस्थापनः**

(क) कार्यक्रम संचालन भएको पहिलो वर्षमा उत्पादन क्षमता न्यून भएका प्रजनन् बोकालाई खसि पार्न वा हटाउन विशेष अभियान संचालन हुने छ ।

(ख) बाखाको नश्ल सुधार तथा हाड नातामा हुने प्रजनन् रोकथामको लागि तिस माउ बाखा बराबर एक बोका व्यवस्था गरिनेछ । सम्बन्धित कार्यालय संग समन्वय गरि सिफारिस जातको प्रजनन् बोका खरिद गर्नुपर्ने छ ।

(ग) माउबाट दुध छुटाउने समयमा पाठा र पाठीलाई अलग गरिने व्यवस्था मिलाउनु पर्नेछ ।

(घ) छनौट प्रकृयामा रहेका पाठाहरुको हकमा हाडनाताबाट हुने प्रजनन् रोक्न आवश्यक व्यवस्था गर्नुपर्ने छ र छनौट गरिसके पछि अयोग्य पाठालाई खसि पार्नु पर्ने छ ।

**(१३) बाखाको बजार व्यवस्थापनः**

(क) समितिले पकेट क्षेत्रमा उत्पादित प्रजनन बोका, प्रजनन् माउ बाखा, खसी, छटनी गरिएका माउ र पाठापाठीहरुको विक्रिको बजार व्यवस्था गर्ने छ ।

(ख) बजारीकरणका लागि आवश्यकताको आधारमा कृषक समुदाय वा सामुदायिक संघ संस्था वा अन्य सम्बन्धित सरोकारवालाहरुसँगको सहकार्यमा बाखा संकलन केन्द्र स्थापना गर्न सकिनेछ ।

(ग) बाखाहरुको विक्री वितरणको लागि बाखा विकासमा संलग्न सरकारी तथा गैर-सरकारी संघ संस्था एवं कृषकहरु वीचमा समन्वय गरि गरिनेछ ।

**(१४) आवेदन साथ संलग्न हुनु पर्ने कागजातहरुः**

(क) आवेदन फारम

(ख) व्यवसायको संक्षिप्त कार्ययोजना

(ग) स्थानिय तहको सिफारिस पत्र ।

(घ) संस्थाबाट कार्यान्वयन गर्ने प्रतिवद्धताको निर्णयको प्रतिलिपि

(ङ) अन्य प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदि) का प्रमाणित प्रतिलिपि

(च) कानून बमोजिम सरकारी निकायमा दर्ता/नविकरण गरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

(छ) भ्याट/पान नं. को प्रमाणित प्रतिलिपि

(ज) अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ताको प्रतिलिपी ।

**(१५) बाखाको बृहत्तर पकेट कार्यक्रमको संक्षिप्त कार्ययोजनाः**

**१. संस्थाको सक्षिप्त विवरणः**

| | |
|---|---|
| आवेदक संस्थाको नाम | |
| संस्थाको ठेगाना | |
| संस्था स्थापना भएको मिति | |
| संस्था दर्ताभएको निकायको नाम | |
| संस्था स्थापना भएको मिति | |
| संस्थाको सम्पर्क टेलिफोन नम्बर | |
| संस्थाको सम्पर्क व्यक्तिको नाम | |
| सम्पर्क व्यक्तिको मोवाईल/टेलिफोन नं. | |
| इमेल | |
| श्रोत केन्द्र र कार्यालय राख्ने स्थान | |

**२. संस्थामा आवद्ध सदस्यहरु संग रहेको बाखाहरुको तथ्याङ्क विवरण**

| *सि. नं.* | *कृषकको नाम थर* | *ठेगाना* | *बाखा संख्या* | | | | *बार्षिक खसी उत्पादन* | *बाखाको जात* |
|---|---|---|---|---|---|---|---|---|
| | | | *प्रजनन योग्य माउ बाखा* | *ब्याडे बोका* | *पाठा पाठी* | *जम्मा* | | |
| | | | | | | | | |
| | | | | | | | | |

**३. संस्थाको अनुभव र अन्य विवरण**

| | |
|---|---|
| बिगतमा गरेका कामहरुको संक्षिप्त विवरण | |
| विद्यमान वित्तीय, मानविय र भौतिक श्रोतको विवरण | |

**४. समस्या, औचित्य, उद्देश्य तथा लाभान्वित घरपरविार संख्या**

| | |
|---|---|
| संस्थाले भोगेका वा अनभूत गरेका व्यवसायगत समस्या | |
| ब्यवसाय योजना किन र केका लागि पेश गरिएको हो | |
| प्रस्तावित कार्यक्रमको उद्देश्य | |
| लाभान्वित घर परविार संख्या (प्रत्यक्षर अप्रत्यक्ष) | |

## 6. कार्यक्रम संचालन प्रकृया

| | |
|---|---|
| प्रस्तावित कार्यक्रम कसरी संचालन गरिने हो | |

## 7. कार्यक्रमबाट हासिल हुने उपलब्धिहरु

| | |
|---|---|
| कार्यक्षेत्र बिस्तार | |
| उत्पादन बृद्धि (दैनिक/ मासिक/बार्षिक परिमाण( मे.ट.) | |
| जिविकोपार्जन तथा जिवन स्तरमा सुधार | |
| रोजगारी तथा आर्थिक अवस्थामा सुधार | |

## ७. प्रस्तावमा उल्लेखित कृयाकलापहरुको लागत अनुमान र सहकार्यकोको विस्तृत विवरण :

| क्र. सं. | मुख्य कृयाकलापहरु | इकाई | परिमाण | प्रतिइकाई दर (रु.) | कुल लागत (रु.) | प्रस्तावको योगदान (रु.) | सम्बन्धित कार्यालयको अनुदानबाट व्यहोरिने रकम (रु.) | प्रस्तावकले व्यहोर्ने रकमको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| **जम्मा (रु.)** | | | | | | | | |

| | |
|---|---|
| **माथिका उल्लेखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छुकहि कतै झुठो ठहरिएमा कानुन बमोजिम सजाय भोग्न , छौं/तयार रहेको व्यहोरा अवगत गराउँछु** | |
| संस्थाको जिम्मेवारी पदाधिकारीको | |
| नाम | |
| पद | |
| हस्ताक्षर | |
| मिति | |
| संस्थाको छाप | |

नोटः आवेदकको योगदानमा जग्गाको मूल्य र चालुखर्च समावेस गर्न पाइने छैन ।

**(१६) स्थलगत प्रमाणिकरण मूल्याङ्कन फारम**

**(क) सामान्य जानकारी**

(१) आवेदक संस्थाको नाम :

(२) कार्यक्रम संचालन स्थलको ठेगाना :

(३) प्रस्तावि कार्यक्रमको नाम :

(४) स्थलगत प्रमाणिकरण मिति :

(ख) आवेदकको मूल्याङ्कन

| क्र.सं. | मूल्याकङ्कनका सूचकहरु | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | **भौतिक पूर्वधार क्षमता** | २० | |
| १.१ | घाँस विकास गरेको वा भविष्यमा घाँस विकास गरिने जग्गा भएको नभएको | ५ | |
| १.२ | भविष्यमा कार्यक्रम विस्तारका लागि संभावना छ/छैन | ५ | |
| १.३ | कार्यक्रम कार्यान्वयन स्थलमा बाटो, पानी, विजुलीको सुविधा छ/छैन | ५ | |
| १.४ | भौगोलिक हिसावले प्रस्तावित कार्यक्रम संचालन गर्न उपयुक्त छ/छैन | ५ | |
| २ | **प्राविधिक क्षमता** | ३० | |
| २.१ | प्रस्तावित कार्यक्रमसंग मेल खाने कृयाकलापमा हाल संलग्नता छ/छैन | १० | |
| २.२ | आवश्यक प्राविधिक सेवाटेवा प्राप्त हुन सक्ने अवस्था छ/छैन | १० | |
| २.३ | आवेदक सम्बन्धित विषयको तालिम/अनुभव प्राप्त छ/छैन | १० | |
| ३ | **वित्तिय क्षमता** | १५ | |
| ३.१ | आवेदकले आवश्यक लागत साझेदारी गर्न सक्ने अवस्था छ/छैन | | |
| ३.२ | बैंक मौजदात वा संचालित कारोवारको वचत छ/छैन | | |
| ३.३ | आवश्यक रकम वित्तिय संस्थाबाट ऋण प्राप्त गर्न सक्ने अवस्था छ/छैन | | |
| ४ | **वातावरणीय/हावापानीले उपयुक्तता छ/छैन** | १५ | |
| ५ | **अन्य पक्षहरु** | १० | |
| ५.१ | संस्थागत/व्यवसायिक कृयाशिलता सन्तोषजनक छ/छैन | ५ | |
| ५.२ | उत्पादित वस्तुको सहज बजारिकरण हुन सक्ने अवस्था छ/छैन | ५ | |
| ६ | **स्थलगत टोलीको राय** | २० | |
| ६.१ | आवेदक संग लागत साझेदारी गर्नु उपयुक्त छ/छैन | | |
| | **जम्मा** | १०० | |

**नोट** : उतिर्ण हुनको लागि चालिस अङ्क प्राप्त गर्नु पर्नेछ । यदि कम्तिमा चालिस अंक भन्दा कम प्राप्त गरेमा मूल्याङ्कन समितिमा मूल्याङ्कनको लागि छनौट गरिने छैन ।

**(ग) आवेदकसंग विद्यमान भवन, सवारी साधन, ठूला मेशिनरी र उपकरणहरुको विवरण :**

| क्र.सं. | विवरण | परिमाण | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**(घ) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने ।**

१.

२.

३.

(ङ) स्थलगत प्रमाणिकरण टोलको राय

| क.सं. | स्थलगत प्रमाणिकरण गर्ने पदाधिकारीको नाम | पद | हुन्छ/हुँदैन | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

(१७) व्यवसाय योजना मूल्याङ्कनका आधारहरु

प्रस्तावकको नामः ठेगानाः

| *क. सं.* | *मूल्यांकनका आधारहरु* | *भार (प्रतिशत)* | *प्रासाङ्क* |
|---|---|---|---|
| **१** | **संस्थाको उमेर र अनुभव** | **५** | |
| १.१ | १ वर्ष भन्दा घटी | १ | |
| १.२ | १ देखि २ वर्ष सम्म | २ | |
| १.३ | २ देखि ३ वर्ष सम्म | ३ | |
| १.४ | ४ देखि ५ वर्ष | ४ | |
| १.५ | ५ भन्दा बढी | ५ | |
| **२** | **कार्यक्रम कार्यन्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था** | **१५** | |
| २.१ | सडक सुविधा भएको | २ | |
| २.२ | विजुलीको सुविधा भएको | २ | |
| २.३ | खानेपानीको सुविधा भएको | २ | |
| २.४ | घाँस खेति गरिएको जग्गा वा भविष्यमा घाँसको विस्तार गर्न सकिने | ५ | |
| २.५ | आफ्नै स्वामित्वको भवन, भौतिक पूर्वाधार, सवारी साधन, यन्त्र उपकरण भएको | ४ | |
| **३** | **प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम (संस्थाको हकमा स्थायी कामदारहरुको)** | **५** | |
| ३.१ | ७ दिन अवधि सम्मको तालिम | १ | |
| ३.२ | ७ देखि १५ दिन अवधि सम्मको तालिम | २ | |
| ३.३ | १६ देखि ३० दिन अवधि सम्मको तालिम | ३ | |
| ३.४ | १ महिना देखि ३ महिना अवधि सम्मको तालिम | ४ | |
| ३.५ | ३ महिना भन्दा बढी अवधिको तालिम | ५ | |
| **४** | **प्रत्यक्ष लाभाविन्वत संख्या** | **१५** | |
| ४.१ | ५० जना सम्म | ५ | |
| ४.२ | ५१ देखि ९९ जना सम्म | १० | |
| ४.३ | १०० देखि माथि | १५ | |
| **५** | **वातावरणिय/हावापानी उपयुक्तता** | **१०** | |

| *क्र. सं.* | *मूल्यांकनका आधारहरु* | *भार (प्रतिशत)* | *प्राप्ताङ्क* |
|---|---|---|---|
| ६ | **अन्य पक्षहरु** | २० | |
| ६.१ | प्रस्तावित कार्यक्रम विच तालमेल रहेको | ५ | |
| ६.२ | संस्थाको अवस्थिती र प्रस्तावित कार्यक्रम संचालन स्थल बिचको तादात्म्यता | १० | |
| ६.३ | भइरहेको व्यवसाय नभइ लगानी गर्न खोजिएको नयाँ व्यवसाय | ५ | |
| ७ | **स्विकृत निर्देशिकाका अनुसारका थप आधारहरु** | २५ | |
| ७.१ | आवेदक संस्थाको किसिम र सूचना मूताविक सम्बन्धित कार्यालयको प्राथमिकता | ५ | |
| ७.२ | आर्थिक प्रस्तावको गुणस्तर | ५ | |
| ७.३ | प्राविधिक प्रस्तावको गुणस्तर | ५ | |
| ७.४ | व्यावसायिक कार्ययोजनाको स्पष्टता | ५ | |
| ७.५ | निर्देशिकाको फर्मेट अनुसार | ५ | |
| ८ | **पेश भएका विवरणहरुको विश्वसनियता** | ५ | |
| ८.१ | स्थानिय तहको सिफारिस | २ | |
| ८.२ | लेखा परिक्षण प्रतिवेदन | १ | |
| ८.३ | आधिकारिक निकायमा दर्ता नविकरण | २ | |
| | **जम्मा** | १०० | |

***नोटः*** *उपरोक्तानुसार व्यवसाय योजनाको मूल्याङ्कन गर्दा न्यूनतम चालिस प्रतिशत अङ्क प्राप्त गरेका प्रस्तावहरु मात्र छनौटको प्रतिष्पर्धामा सामेल हुनेछन् ।*

### (१८) प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारम

| क्र.सं | द.नं. | आवेदक संस्थाको नाम | ठेगाना | स्थलगत प्रमाणिकरणको प्राप्ताङ्क (१००) | कार्ययोजना मूल्याङ्कनको प्राप्ताङ्क (१००) | कुल प्राप्ताङ्क (२००) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | कूल प्राप्ताङ्कको आधारमा प्राथमिकिकरण गर्ने |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**मूल्याङ्कन समितिका पदाधिकारीको नाम र सहिः**

| क्र.सं. | पदाधिकारीहरुको नाम | पद | सहि |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

**(१९) बाखाको बृहत्तर पकेट कार्यक्रम सञ्चालनका लागि सम्झौता पत्रः**

प्रदेश सरकार, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, **.........** को आ.व**............**को स्वीकृत बार्षिक कार्यक्रम अनुसार **बाखाको बृहत्तर पकेट कार्यक्रम** सञ्चालन गर्नका लागि मिति **............**गते **.........**पत्रिकामा प्रथम पटक प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये यस पशु विकास कार्यदलको मिति**..........**को**...........**स्तरिय निर्णयबाट श्री**...............**को प्रस्ताव छनौट भएको हुँदा ..............*(यस पछि प्रथम पक्ष भनिने)* र श्री ............*(यस पछि दोश्रो पक्ष भनिने)* का बीच तपसिल बमोजिमका शर्तहरु पालना गरी कार्यक्रम सन्चालन गर्न मन्जुर भै यो द्विपक्षिय सम्झौता गरिदियौं/लियौं । इति सम्बत ....साल ........महिना ....... गते .......रोज शुभम् ।

<u>तपसिल</u>

(१) उन्नत बाखाको बृहत्तर पकेट कार्यक्रम.......जिल्ला......नगर/गाउँपालिका ...........मा मिति ...........सम्ममा सम्पन्न गरिनेछ ।

(२) प्रथम पक्षले स्वीकृत वार्षिक कार्ययोजना अनुरुप कार्यान्वयको लागि दोश्रो पक्षले पेश गरेको कार्ययोजना मुताविक निम्न बमोजिमका कृयाकलापहरुका लागि अनुदान रकम कृषक सहयता कोषमा उपलब्ध गराउने छ ।

| *क्र.स.* | *कृयाकलाप विवरण* | *अनुमानित लागत रु.* | *प्रथम पक्षले व्यहोर्ने रु.* | *दोश्रो पक्षले व्यहोर्ने रु.* |
|---|---|---|---|---|
| | | | | |
| जम्मा | | | | |
| अक्षरुपी | | | | |

(३) प्रथम पक्षले प्रदानगर्ने अनुदान रकमबाट ३)तिन प्रतिशत (कन्टिजेन्सी वापत र नियमानुसारका अन्य कर कट्टा गरी बाँकी रकम दोश्रो पक्षको बैङ्क खातामा दुई किस्तामा भुक्तानी दिने छ ।

(४) कार्यक्रम संचालन भएको बाखाको बृहत्तर पकेटमा कम्तिमा एक शय जना आवद्ध भई प्रत्येक कृषक सदस्यले कम्तिमा दश वटा प्रजनन योग्य माउ पालेकोहुनुपर्नेछ र सबै बाखाहरुको बीमा गरेको हुनु पर्नेछ ।

(५) निर्धारण गरेको दररेटमा मात्र दोश्रो पक्षले उत्पादित प्रजनन योग्य पठङग्री/बोका र खसीहरु विक्री वितरण गर्नु पर्नेछ ।साथै सोको जानकारी अनिवार्य रुपमा पहिलो पक्षलाई गराउनु पर्नेछ।

(६) दोश्रो पक्षले हरेक वर्ष आफ्नो पकेट क्षेत्रहरु रहेका समस्याहरुको पहिचान गरी प्राथमिकताको आधारमा आवश्यक पर्ने कार्यक्रम तथा बजेटहरु तर्जुमा गरी सम्बन्धित कार्यालयमा कार्यक्रम स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

(७) दोश्रो पक्षले ब्यबसाय विस्तार तथा सुदृढिकरण गर्न ऋणको आवश्यकता महसुस गरेमा प्रथम पक्षले सो सम्बन्धी सहजीकरणको लागि वित्तिय संस्थासँग समन्वय गराउने छ ।

(८) कृषकहरुमा प्रविधि अनुशरण, अभिलेखिकरण, खोर व्यवस्थापन, पशु आहारा सेवा, पशु स्वास्थ्य सेवा, प्रयोगशाला सेवा, कृत्रिम गर्भाधान सेवा र बजार व्यवस्थापन कार्यहरुको सहजिकरणको लागि

सहजकर्ताको व्यवस्था गर्नु पर्नेछ । साथै सहजकर्ताको पारिश्रमिक कृषक सहयता कोषबाट उपलब्ध गराउनु पर्नेछ ।

(९) दोश्रो पक्षले स्वीकृत बार्षिक कार्ययोजना अनुरुप गरेका कार्यक्रमहरुको अद्यावधिक गरी गरी हरेक महिनाको प्रगति विवरण प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

(१०) अनुदान रकमको खर्च विवरण र उपलब्धी प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(११) दोश्रो पक्षले सम्पुर्ण कार्यहरुको अभिलेख अद्यावधिक गरि राखेको हुनु पर्नेछ ।

(१२) पहिलो पक्षले संचालित कार्यक्रमको प्रगति सन्तोषजनक नपाएमा तोकिएको अवधिसम्म कार्यक्रमलाई निरन्तरता दिन बाध्य हुने छैन ।

(१३) पहिलो पक्षको कार्यक्रम अवधि समाप्त भएपछि पनि दोस्रो पक्षले कार्यक्रमलाई निरन्तरता दिनुपर्नेछ ।

दोश्रो पक्षले यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाइएमा प्रचलित कानून बमोजिम कार्वाहीको भागेदारी हुनु पर्ने छ ।

| | |
|---|---|
| प्रथमपक्ष | दोस्रोपक्ष |
| कार्यालयको तर्फबाटसहि गर्नेको | संस्थाकोअध्यक्षको |
| नामः | नामः |
| पदः | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयकोछापः | कार्यालयको छाप |

द्रष्टव्य : आवश्यकता अनुसार उल्लेखि शर्तहरुमा थपघट गर्नसक्ने छ।

**(२०) प्रजनन् माउ बाखा र बोकामा हुनु पर्ने गुणहरु**

**१. प्रजनन् माउ बाखामा हुनुपर्ने गुणहरु**

(**क**) दुई वा दुई भन्दा बढी पाठापाठी जन्माउने माउ बाखाको सन्तान हुनु पर्ने ।

(**ख**) माऊ बाखाको माऊ (Dam) र बाऊ(Sire)को बीच नाता नभएको हुन पर्ने ।

(**ग**) पहिलो पटक व्याउने उमेर बढीमा १७ महिनासम्म हुनु पर्ने ।

(**घ**) दुई वर्षमा ३ पटक व्याउने विशेषता भएको हुनु पर्ने ।

(**ङ**) छनौट गरिने बाखाको जात अनुसार जातिय गुण प्रष्ट देखिने हुनुपर्ने ।

(**च**) राम्रो दूध उत्पादन तथा पाठापाठी हुर्काउन सक्ने क्षमता भएको, लामो खुट्टा, छिनो आकारको शारिरीक वनावट तथा कल्चौडो र थुन मिलेको हुनु पर्ने ।

(**छ**) शारिरीक वनावटमा कुनै खोट नभएको , प्रजनन् तथा अन्य रोग नभएको हुनु पर्ने ।

(ज) छनौट गर्ने बाख्राले स्थानिय हावापानी सहन सक्ने र स्थानिय रुपमा उपलब्ध घाँसपात उपयोग गर्ने खालको हुनु पर्दछ ।

२. **प्रजनन् बोकामा हुनुपर्ने गुणहरु**

(क) दुई वा दुई भन्दा बढी पाठापाठी जन्माउने माउ बाख्राको सन्तान हुनु पर्ने ।

(ख) बोकाको माऊ (Dam) र बाऊ (Sire) को बीच नाता नभएको हुनु पर्ने ।

(ग) प्रजननको लागि छनौट गरिने बोका राम्रो दूध दिने माउबाट जन्मेको हुनुपर्ने ।

(घ) आफ्नो दौतरीहरुको भन्दा बढी शारिरीक वृद्धि दर भएको छनौट हुनु पर्ने ।

(ङ) छनौट गरिने बोकाहरुको जात अनुसार जातीय गुण प्रष्ट देखिने हुनुपर्ने ।

(च) दुवै अण्डकोष राम्रोसँग विकास भएको र एकै आकार प्रकारको हुनुपर्ने ।

(छ) फुर्तिलो, दानापानी रुचाएर खाने, छाला, रौं सफा र चम्किलो, उमेर अनुसार शारिरिक वृद्धि भएको हुनुपर्ने ।

(ज) चौडा छाती, सिधा तथा बलियो खुट्टा र टाउको तथा गर्दनको अनुपात मिलेको शरीर हुनुपर्ने ।

(झ) प्रजनन सम्बन्धि रोग तथा अन्य रोगहरुबाट मुक्त हुनुपर्ने ।

**(२१) बाख्राको बृहत्तर पकेट स्थापना कार्यक्रम सञ्चालनको अनुगमन फर्मेटः**

(१) जिल्लाः

(२) श्रोत केन्द्रको नाम र ठेगानाः

(३) कार्यक्रम सञ्चालन संस्थाको नाम र ठेगानः

(४) कार्यक्रम सञ्चालन भएको मितिः

(५) कृषक सहयता कोष स्थापना भएको मितिः

(६) **कोषको आम्दानी विवरणः**

(क) सम्बन्धित कार्यालयबाट प्राप्त रकम रु.

(ख) साझेदार संस्थाबाट प्राप्त रकम रु.

(ग) अन्य संस्थाबाट प्राप्त रकम रु.

(घ) सेवा शुल्कबाट प्राप्त रकम रु.

(ङ) बैंकमा जम्मा गरेको कोषको रकमबाट प्राप्त ब्याज रकम रु.

(च) अन्य श्रोतबाट प्राप्त भएको रकम रु.

**कुल जम्मा रकम रु.**

(७) हालसम्मको खर्च रु.

(८) कोषमा बाँकी मौज्दात रु.

(९) कोषबाट हालसम्म सहयोग प्राप्त गर्ने जम्म कृषक संख्याः

(१०) कोषमा हालसम्म सहयोग गर्ने संस्थाको नाम र ठेगानाः

(११) स्थान अनुसार खोरको बनावट र वैज्ञानिक भएको वा नभएको बारेमा विवेचनाः

(१२) अन्य सुझाव केहि भएः

निरीक्षण कर्ताको नामः

पदः

मितिः

सहीः

संस्थाको छापः

संस्थाको अधिकारीक प्रतिनिधिको नामः

पदः

मिति

सहीः

**(२२) बाखाको बृहत्तर पकेट कार्यक्रमको प्रगति विवरण**

..................महिना/चौमासिक/अष्ठमासिकको लक्ष्य र प्रगति

संस्थाको नामः टेलिफोन सम्पर्क नम्वरः

ठेगानाः जिल्ला गाउपालिका/नगरपालिका

वडा नं. गाउं/टोल

आ.व. महिना प्रगति प्रतिवेदन अवधिः मासिक/अर्धवार्षिक/वार्षिक

| क्र.सं. | कार्यक्रम विवरण | इकाई | बार्षिक लक्ष्य | बार्षिक बजेट | चौमासिक लक्ष्य | चौमासिक बजेट | यस महिनाको प्रगति | यस महिनाको खर्च | चौमासिक प्रगति | चौमासिक खर्च | हाल सम्मको प्रगति | हालसम्मको खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |

वित्तिय प्रगति प्रतिशतः ..... %, भारित प्रगतिः .......... % भौतिक प्रगतिः ..............%

**(२३) सहजकर्ताको संग गरिने सम्झौता पत्र**

आज मिति.......................मा जिल्ला..................गाउँपालिका/नगरपालिकामा संचालित बाखाको पकेट कार्यक्रम अनुसार कार्य गर्न बाखाको पकेट कार्यक्रम कार्यान्वयन समिति (यस पछि पहिलो पक्ष भनिने) र जिल्ला.................. गाउँपालिका/नगरपालिका.......... वडा नं. .......... मा वस्ने श्री................ (यस पछि दोश्रो पक्ष भनिने) बीच तपसिलमा उल्लेखित शर्तहरुमा रहि सम्झौता गरि लियौ/दियौ । इति सम्बत ........ साल ........ महिना ....... गते ....... रोज शुभम् ।

तपसिलः

(१) दोश्रो पक्षले पहिलो पक्षद्वारा दिइएको निर्देशन अनुसार सहजकर्ताको रुपमा बाख्राको श्रोत केन्द्र विकासमा सेवा गर्नु पर्नेछ ।

(२) दोश्रो पक्षले कृषकहरुमा प्रविधि अनुसरण लगायत खोर व्यवस्थापन, पशु आहारा, नश्ल सुधार, पशु स्वास्थ्य सेवा, प्रयोगशाला सेवा तथा बजार व्यवस्थापनको कार्यहरुमा सहजिकरण गर्नु पर्नेछ ।

(३) दोश्रो पक्षले बाख्राको केन्द्रमा आवद्ध कृषकहरुको तथ्याङ्क संकलन गरि अभिलेख व्यवस्थापन गर्नुपर्नेछ ।

(४) दोश्रो पक्षले मासिक रुपमा पहिलो पक्षलाई प्रगति विवरण पेश गर्नु पर्नेछ ।

(५) दोश्रो पक्षले श्रोत केन्द्रमा आवद्ध कृषकहरुको समस्याहरुको पहिचान गरि दोश्रो पक्षलाई बुझाउनु पर्नेछ ।

(६) दोश्रो पक्षले प्रविधिको अनुशरणका लागि कृषकहरुलाई सदैव अभिप्रेरित गर्नु पर्नेछ ।

(७) यो सम्झौता मिति ...................देखि ..................... सम्मको लागि मात्र हुनेछ ।

(८) सहजकर्ताको मासिक पारिश्रमिक वापत प्रति महिना रु. ...............उपलब्ध गराईनेछ ।

(९) दोश्रो पक्षको काम संतोषजनक नभएमा पहिलो पक्षले सम्झौता रद्द गर्न सक्नेछ ।

(१०) दुवै पक्षको समझदारीमा अन्य सेवा शर्तहरु थप गर्न सकिनेछ ।

| | |
|---|---|
| प्रथम पक्षः | दोश्रो पक्षः |
| नामः | नामः |
| पदः | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| कार्यालयको छापः | औंठाको छापः |

रोहवर

नामः

पदः

दस्तखतः

## ८५. कार्यक्रमको नामः एक पालिका एक नर्सरी स्थापना सहयोग कार्यक्रम

**(१) उदेश्यः**

(१) स्थानीयस्तरमा गुणस्तरीय फलफुल विरुवा/बेर्नाको सहज उपलब्धता सुनिश्चित गर्ने।

(२) **अनुदान प्राप्त गर्नसक्ने सम्भावित साझेदारहरुः** कृषक समुह/कृषि सहकारी संस्था/निजीउद्यमी

**(३) आवेदनसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(क) कृषक समुह/कृषि सहकारी संस्था/निजीउद्यमीको दर्ता तथा नविकरणको प्रमाण पत्रको प्रतिलिपि।

(ख) कृषक समुह/कृषि सहकारी संस्था/निजीउद्यमीको बैठकको निर्णयको प्रतिलिपि।

(ग) कृषक समुह/कृषि सहकारी संस्था/निजीउद्यमीको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि।

(घ) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी।

(ङ) सहकारी संस्थाको हकमा गत आ.व. को लेखापरीक्षणको प्रतिलिपि।

(च) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।

(छ) कार्यक्रमको लागि लागत सहभागिता खुलेको प्रस्ताव।

(ज) नर्सरी स्थापनाको लागि आवश्यक जग्गा (तराइमा कम्तिमा तीन कठ्ठा र मध्यपहाड/उच्च पहाडमा कम्तिमा २ रोपनी) को जग्गा धनिपुर्जाको प्रमाणपत्र वा संस्थाको आफ्नै जग्गा नभएमा कम्तिमा १० वर्षसम्म जग्गा लिजमा लिएको कानुनसम्मत प्रमाण।

(झ) स्थानीय तह/ कृषि शाखाको सिफारिश।

(ञ) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र पेश गर्नु पर्नेछ।

**(४) सहजीकरण सेवा तथा सुविधाः** एक पालिका एक नर्सरी स्थापना सहयोग कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरुमा तोकिए अनुसार सेवा उपलब्ध हुनेछ ।

| सि. नं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| १ | पूर्वाधार स्थापना | कम्तिमा १० वटा माउ बोट अटाउने क्षमता भएको स्क्रीन हाउस वा सेड हाउस आदि | प्रचलित बजार मुल्यमा पचहत्तर प्रतिशत अनुदान | प्राविधिक ईस्टमेट अनुसार |
| २ | उत्पादनसामाग्री सहयोग | श्रोत वीउ, वेर्ना, माउ वोट/विरुवा, स्प्रेयर,नर्सरी जाली,नर्सरी व्यवस्थापनसंग सम्बन्धित अन्य सामग्रीहरु | प्रचलित बजार मुल्यमा पचहत्तर प्रतिशत अनुदान | नेपाल सरकारले तोकेको श्रोत केन्द्रबाट विउ तथा विरुवा व्यवस्थापन गर्नु पर्ने। सो नभएमा स्थानीय दररेट तथा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम । |
| ३ | कृषिऔजार उपकरण खरिद | साना यन्त्र उपकरण (वडिङ्ग/ग्राफ्टिङ्ग छुरी, सिकेचर, प्रुनिङ्ग-स)आदि | प्रचलित बजार मुल्यमा पचहत्तर प्रतिशत अनुदान | |
| ४ | सिंचाई व्यवस्थापन | पोखरी (प्लाष्टिक तथा सिमेन्ट), भूमिगत सिंचाई, पाईप आदि | प्रचलित बजार मुल्यमा पचहत्तर प्रतिशत अनुदान | |

(५) **कार्यक्रम संचालनका आधारभूत पक्ष र मूल्याङ्कनका आधारहरुः**

(क) यो कार्यक्रम संचालन गर्नका लागि फलफुल व्यवसायिक सम्भाव्यता भएका स्थानीय तहको छनौट कृषि ज्ञान केन्द्रले गर्नेछ| स्थानीय तह छनौट गरे पश्चात सम्भावित साझेदारका लागि सूचना आव्हान गरिने छ|

(ख) फलफुलको नर्सरी स्थापनाको लागि तराइमा कम्तिमा दुई कठ्ठा र मध्यपहाडउच्च पहाडमा / कम्तिमादुई रोपनीजग्गाको व्यवस्था भएको हुनु पर्नेछ।

(ग) अनुदानग्राहीले नर्सरी स्थापना भईसके पछि कम्तिमा पनि ५वर्ष अविछिन्नरुपमा विरुवा उत्पादन गर्नुपर्नेछ।

(घ) अनुदानग्रहीले स्क्रीन हाउस वा सेड हाउसपूर्वाधार स्थापना र संचालन कार्ययोजना भएको,तोकिएको लागत बमोजिमको योगदान व्यहोर्न सक्ने हुनुपर्नेछ।

(ङ) वार्षिक रुपमा कम्तिमा दश हजारविजु, ग्राफ्टिङ्ग फलफुलका विरुवा उत्पादन गर्न सक्ने क्षमता भएको संरचनाको डिजाईन र स्थानीय दररेट अनुसार लागत अनुमान तयार गरेको हुनु पर्नेछ।

(च) अनुदानग्राहीले पूर्वाधार निर्माणका लागि स्वयं दक्ष भएको हुनुपर्ने वा दक्ष प्राविधिकको व्यवस्था गरेको हुनुपर्नेछ।

(छ) विगतमा पनि फलफुल वालीको नर्सरी सम्बन्धी काम गरिरहेकाअनुभवी अनुदानग्राहीलाई विशेष प्राथमिकता दिईने छ।

(ज) अनुदानग्राहीले निर्माण हुने कामको विवरण,लागत,सम्पन्न अवधि ईत्यादिको होर्डिङ वोर्ड निर्माणस्थलमा राख्ने व्यवस्था गर्नुपर्नेछ।

(झ) फलफुलका विरुवा उत्पादनको निरिक्षण र आवश्यक परेमा प्रयोगशाला परिक्षण गरेर बेच्न योग्य प्रमाणित भएपछि मात्र सम्बन्धित स्थानीय तह/कृषि ज्ञान केन्द्रको समन्वयमा विक्रि वितरण गर्नुपर्नेछ।

(६) **मूल्याङ्कनका आधारहरु** :फलफूल नर्सरी स्थापना सहयोग कार्यक्रमको फिल्ड निरिक्षण तथा प्रस्ताव मूल्याङ्कनका आधारहरुः-

| क्र.सं. | मुल्याङ्कनका आधार | मापदण्ड | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | **जग्गाको क्षेत्रफल** | | २० | |
| | | आफ्नै स्वामित्व भएको | २० | |
| | | कम्तिमा दश वर्ष लिजमा लिएको । | १५ | |
| २ | **पूर्वाधारको अवस्था** | | **१५** | |
| | | सडक, विजुली तथा सिचाईको पर्याप्त सुविधा भएको | १५ | |
| | | सडक, विजुली तथा सिचाईको सुविधा पर्याप्त नभएको | १० | |
| ३ | **प्राविधिक मापदण्ड** | | **१५** | |
| | प्रस्तावित वाली अनुसारको भौगोलिक अनकूलता र प्राविधिक मापदण्ड | स्क्रीन हाउस वा सेड हाउसको स्थापनाको लागि प्राविधिक मापदण्ड अनुसार भएको र क्षमता पर्याप्त भएको | १५ | |
| | | स्क्रीन हाउस वा सेड हाउसको स्थापनाको लागि प्राविधिक | १० | |

| क्र.सं. | मुल्याङ्कनका आधार | मापदण्ड | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|
| | | मापदण्ड अनुसार भएको र क्षमता कम भएको | | |
| ४ | **क्षेत्र विस्तारमा पुऱ्याउन सक्ने योगदान** | | **१५** | |
| | | सम्बन्धित वालीको पकेट क्षेत्रमा नै स्थापना हुने | १५ | |
| | | सम्बन्धित वालीको पकेट क्षेत्रबाट नजिकै वा सम्बन्धित पालिकाभित्र स्थापना हुने | १० | |
| ५ | उत्पादन हुने फलफुल विरुवाको संख्या | | २० | |
| | | दश हजारभन्दा बढी विरुवा उत्पादन(जसमध्ये ५ हजारभन्दा बढी कलमी विरुवा उत्पादन हुनसक्ने) | २० | |
| | | कम्तिमा दश हजार विरुवा उत्पादन(जसमध्ये कम्तिमा ५ हजार कलमी विरुवा उत्पादन हुनसक्ने) | १५ | |
| ६ | **जनशक्तिको अवस्था** | | **१५** | |
| | | कृषि विषय अध्ययन गरी नर्सरी व्यवस्थापनमा तालिम तथा १ वर्ष अनुभव प्राप्त गरेको जनशक्ति | १५ | |
| | | नर्सरी व्यवस्थापनमा तालिम तथा २ वर्ष अनुभव प्राप्त गरेको जनशक्ति व्यवस्थापन गरेको | १० | |
| | **जम्मा** | | १०० | |

## ८६. कार्यक्रमको नामः एकिकृत कृषि सिकाइ केन्द्र (Integrated Agriculture Learning Centre ) संचालन कार्यक्रम

**(१) उदेश्य**

(क) नवीनतम कृषि प्रविधिहरुको प्रसार गर्नु,

(ख) स्थानीयस्तरमा नविनतम प्रविधिहरुको उपयोगिता परिक्षण गर्नु,

(ग) कृषकहरुलाई व्यवहारिक ज्ञान मार्फत प्रविधि अनुसरणमा सहयोग पुऱ्याउनु ।

**(२) अनुदान प्राप्त गर्नसक्ने सम्भावित साझेदारहरुः**

(क) कृषक समुह

(ख) कृषि सहकारी संस्था

**(३) आवेदनसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(क) कृषक समुह/ कृषि सहकारी दर्ता/नवीकरणको प्रमाणपत्र

(ख) प्यान/भ्याट दर्ताको प्रमाणपत्र

(ग) सहकारीको हकमा कर चुक्ता/लेखापरीक्षणको प्रमाणपत्र

(घ) सम्बन्धित स्थानीय तहको कृषि शाखाको सिफारिस

(ङ) सिकाइ केन्द्रको लागि आवश्यक जग्गा (तराइमा घटीमा ३ कठ्ठा र मध्यपहाड/उच्च पहाडमा घटीमा २ रोपनी) को जग्गा धनिपुर्जाको प्रमाणपत्र वा संस्थाको आफ्नै जग्गा नभएमा कम्तिमा ५ वर्षसम्म जग्गा लिजमा लिएको कानुनसम्मत प्रमाण

(च) सिकाइ केन्द्रमा संचालन हुने गतिविधिहरु संग सम्बन्धित विस्तृत योजना (कृषि ज्ञान केन्द्र/स्थानीय तहको कृषि शाखासंग समन्वय गरि तयार गर्न सकिने)

**(४) सहजिकरण सेवा तथा सुविधाः**

| क्रस. | क्रियाकलाप | खर्च गर्न सकिने क्षेत्र | अनुदान रकम | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | जग्गा व्यवस्थापन | जग्गाको भाडा | बार्षिक ५००० प्रति कठ्ठा वा प्रति रोपनी | शत प्रतिशत | जग्गा भाडामा लिनुपर्ने अवस्थामा मात्र |
| २ | अभिमुखीकरण गोष्ठी | चियापान, स्टेशनरी कार्यपत्र , | अधिकतम २०००० | शत प्रतिशत | |
| ३ | उत्पादन सामग्री | बिउ, जैविक तथा रासायनिक बिषादी, नर्सरी ट्रे, स्प्रेयर, बेर्ना, नर्सरी जाली, कोको पिट, सुक्ष्मतत्व, सुक्ष्म खाध तत्व, आइ.पि.एम संग सम्बन्धित सामग्रीहरु | अधिकतम ७५००० बर्ष/ | ७५ प्रतिशत | |
| ४ | पूर्वाधार | नर्सरी हाउस, ग्रिन हाउस, थोपा सिंचाई, प्लास्टिक मल्च, साना यन्त्र उपकरण (खन्ने, जोत्ने, बिउ छर्ने, रोप्ने, काट्ने), होर्डिङ बोर्ड, | अधिकतम ५००००० बर्ष/ | ७५ % | |
| ५ | सिकाइ केन्द्र फेजआउट कार्यक्रम | चियापान, स्टेशनरी | २०००० | शत प्रतिशत | |
| ६ | सहजकर्ता पारिश्रमिक | प्राविधिक कर्मचारिको पारिश्रमिक | प्रति दिन १२०० ४० * =वटा कक्षा ४८००० | शत प्रतिशत | |

**(५) कार्यक्रम संचालनका आधारभूत पक्ष र मूल्याङ्कनका आधारहरुः**

यस कार्यक्रम संचालन गर्नका लागि स्थानीय तहको छनौट कृषि उपज उत्पादनमा व्यवसायिक सम्भाव्यता भएका स्थानीय तहहरु कृषि ज्ञान केन्द्रले छनौट गर्नेछ । स्थानीय तह छनौट गरे पश्चात सम्भावित साझेदारका लागि सूचना आव्हान गरिने छ ।

**(६) कार्यक्रम संचालनको प्राविधिक पक्षः**

(क) तराइमा खाद्यान्न, तरकारी, फलफुल वालीमा यो कार्यक्रम संचालन गर्न सकिनेछ भने पहाडको हकमा तरकारी, फलफुल र मसला बाली (अदुवा, अलैंची) मा कार्यक्रम संचालन गर्न सकिनेछ।

(ख) कार्यक्रम संचालन गर्ने संस्था छनौट भइ कृषि ज्ञान केन्द्र संग सम्झौता भएपछि छनौट भएको संस्थाले संस्थाका सदस्यहरु सहित सरोकारवालाहरुको उपस्थितिमा एक दिने अभिमुखीकरण गोष्ठी संचालन गर्नुपर्नेछ।

(ग) अभिमुखीकरण गोष्ठीमा छनौट र सम्झौता भएका संस्थाले कृषि ज्ञान केन्द्रसंगको समन्वयमा कम्तिमा ३ बर्षसम्म उक्त केन्द्रमा संचालन हुने क्रियाकलापहरु र उक्त क्रियाकलापहरु संचालन गर्नको लागि आवश्यक पुर्वाधारहरुको एकिन गरि बिस्तृत कार्ययोजना तयार गर्नुपर्नेछ | यो कार्यक्रम संचालन गर्न छनौट भएको कृषक समुह/कृषि सहकारीले कार्यक्रम संचालनका लागि ३ सदस्यीय कार्यक्रम संचालन समिति बनाउनु पर्नेछ। उक्त समितिले कार्यक्रम संचालन तथा व्यवस्थापनमा सहजिकरण गर्नेछ।

(घ) संचालन भएका यस्ता सिकाइ केन्द्रमा छनौट भएका संस्थाले प्रविधियुक्त क्रियाकलाप छनौट गरिमाथि उल्लेखित वालीहरुको १ बर्षमा कम्तिमा २ बाली चक्र पुरा हुने गरि जग्गा तयारि देखि उत्पादन लिने र बजारीकरण गर्ने सम्मका क्रियाकलापहरु संचालन गर्नुपर्नेछ ।

(ङ) बाली छनौट भई सकेपछि छनौट भएका बालीमा अनुसन्धानवाट सिफारिस भएका तर उक्त क्षेत्रमा प्रयोगमा नआएका वा कम विस्तार भएका प्रविधिहरुको एकिकृत प्याकेज बनाइ सिकाइ केन्द्रमा संचालन गर्नुपर्नेछ ।

(च) कार्यक्रम संचालन गर्नको लागि आवश्यक स्रोत आंकलन गर्ने, निर्माण गर्ने पूर्वाधारहरु र संरचनाहरुको लागत तयार गर्ने, आवश्यक सामाग्रीहरु तयार गर्ने, खरिद गर्ने, उत्पादन योजना तयार गर्ने, सिकाइ केन्द्रमा सहभागी हुने कृषकहरु छनौट गर्ने, हप्तामा १ दिन सिकाइ केन्द्रमा कम्तिमा २५ जना कृषकको उपस्थितिमा कृषि ज्ञान केन्द्रको प्राविधिक वा स्थानीय तह कृषि शाखाको प्रतिनिधिको सहजीकरणमा १ घण्टा सैद्धान्तिक र २ घण्टा व्यावहारिक कक्षा संचालन गर्ने, हाजिरी रेकर्ड व्यवस्थापन गर्ने जस्ता क्रियाकलापहरु छनौट भएको संस्थाले संचालन गर्नुपर्नेछ।

(छ) सिकाइ केन्द्रमा नविनतम प्रविधि प्रयोग गरि बालीको उत्पादन चक्र समाप्त भई एक चक्र पुरा भएपछि व्यवस्थापन समितिले पहिलो बर्षको फेज आउट कार्यक्रम एक समारोह आयोजना गरि

सरोकारवालाहरुको उपस्थितिमा संचालन गर्नुपर्नेछ र उक्त सिकाइ केन्द्रको प्रतिफलको वारेमा समेत जानकारी गराउनुपर्नेछ ।

(ज) एक बर्षमा कम्तिमा २ बालीमा सिकाइ केन्द्र संचालन गर्नुपर्नेछ र पहिलो वर्ष समाप्त भएपछि आगामी बर्षको लागि समितिले योजना निर्माण गरि पहिलो बर्षको जस्तै न्युनतम २५ जना कृषकहरुलाई समेटी कार्यक्रम संचालन गर्नुपर्नेछ ।

(झ) एकीकृत सिकाइ केन्द्र संचालन गर्दा कम्तिमा ३ बर्ष सम्म एक स्थानमा संचालन गर्नुपर्नेछ र उक्त केन्द्रमा निर्माण भएका सामाग्रीहरु/पूर्वाधारहरु कार्यक्रम समाप्त भएपछि सम्बन्धित कृषक समुह/कृषि सहकारीलाई हस्तान्तरण हुनेछ ।

(ञ) सिकाइ केन्द्रबाट प्रत्येक वर्ष भएको उत्पादन समितिले बजारीकरण गर्नुपर्नेछ र उक्त उत्पादनबाट भएको आम्दानीलाई कृषक समुह/कृषक सहकारीको खातामा राखी दुई वर्षसम्म (दोस्रो र तेस्रो वर्ष) आम्दानीको कम्तिमा ५०% हिस्सा सिकाइ केन्द्रमा कार्यक्रम संचालन गर्नको लागि प्रयोग गर्नुपर्नेछ । चौथो वर्षदेखि सम्बन्धित कृषक समुह/कृषि सहकारीको निर्णय अनुसार संचालन गर्न सकिने छ।

(ट) दोस्रो र तेस्रो वर्षको कार्यक्रम संचालनका लागि कृषि ज्ञान केन्द्रले आवश्यक वजेट राख्नु पर्ने छ।

## ८७. कार्यक्रमको नामः ग्रामिण कृषि कार्यकर्ता परिचालन कार्यक्रम

**(१) उदेश्यः**

(क) कृषि प्रसार तथा कृषक विवरण अद्यावधिक कार्यक्रम सञ्चालन गर्न सहयोग पुऱ्याउने।

(ख) कृषि तथ्याङ्क संकलनमा सहयोग पुऱ्याउने ।

(२) **कार्यक्रममा सहभागी हुन सक्ने सहभागीहरु/साझेदारहरुः** कृषि सँग सम्वन्धित मान्यताप्राप्त निकायबाट ५१ दिने तालिम प्राप्त गरेका ग्रामिण कृषि कार्यकर्ताहरु।

**(३) आवेदनसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(क) नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

(ख) तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि।

(ग) कुनै पनि सरकारी तथा गैह्रसरकारी संस्थामा आवद्ध नभएको स्वघोषणापत्र ।-

(घ) स्थानीय तहको सिफारिस पत्र।

**(४) सहजीकरण सेवा तथा सुविधाः**

ग्रामिण कृषि कार्यकर्तालाई रु .६०० भत्ता र रु. १०० सञ्चार वापत गरी प्रति दिन जम्मा रु ७०० प्रदान गरिने छ । कामको आवश्यकता अनुसार कृषि ज्ञान केन्द्रले निश्चित कामका लागि पटक पटक

तोकिएको अवधिसम्मका लागि खटाउन सक्नेछ । खटाएको कामको कार्य सम्पन्न प्रतिवेदन सम्वन्धित कार्यालयमा वुझाए पश्चात तोकिएको अवधिको रकम भुक्तानी हुनेछ।

(५) **कार्यक्रम संचालनका आधारभुत पक्ष तथा मूल्याङ्कनका आधारहरुः**

(क) सम्वन्धित जिल्लामा रहेका इच्छुक ग्रामिण कृषि कार्यकर्ताहरुलाई कार्यक्रममा सहभागी हुन आवेदन दिनका लागि सुचना प्रवाह गरिनेछ ।

(ख) ग्रामिण कृषि कार्यकर्ता छनौट गर्दा सम्बन्धित स्थानीय तहका स्थानीय व्यक्तिलाई प्राथमिकता दिनुपर्ने छ।छनौट भएका ग्रामिण कृषि कार्यकर्तालाई कृषि ज्ञान केन्द्रको आवश्यकता अनुसार सम्झौता गरि कृषि तथ्याङ्क सङ्कलन र कृषि प्रसारको कार्यक्रममा खटाउन सकिने छ।

(ग) कामको प्रकृति र स्थान कृषि ज्ञान केन्द्रले तोके वमोजिम हुनेछ।

(घ) छनौट भएका ग्रामिण कृषि कार्यकर्ताले कृषि ज्ञान केन्द्रको निर्देशनमा रहि स्थानीय तहको कृषि शाखा सँग समन्वय गरि काम गर्नु पर्नेछ।

(ङ) ग्रामिण कृषि कार्यकर्ताले सम्झौता वमोजिमको समय सिमा भित्र कार्य सम्पन्न गरि कृषि ज्ञान केन्द्रमा अनिवार्य रुपमा कार्य सम्पन्न प्रतिवेदन वुझाउनुपर्ने छ।

## ८८. कार्यक्रमको नामः वेरोजगार कृषि प्राविधिकलाई व्यवसायिक कृषि उद्यम विकासका लागि प्रस्तावनामा आधारित व्यवसायिक कृषि कार्यक्रम

(१) **उदेश्यः**

(क) व्यवसायिक कृषि उत्पादन प्रवर्द्धन गरि रोजगारीको श्रृजना गर्ने।

(ख) कृषि विषय अध्ययन गरेका व्यक्तिहरुको प्राविधिक ज्ञानको उपयोग गर्दै व्यवसायिक खेती तर्फ उन्मुख गराउन सहयोग गर्ने।

(२) **अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः** कृषि विषयमा कम्तिमा प्राविधिक एस.एल.सि. वा मान्यता प्राप्त शिक्षण संस्थाहरुवाट कृषि विषय अध्ययन गरि बेरोजगार वसेका युवाहरु।

(३) **आवेदनसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(क) नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

(ख) आफुले गर्न चाहेको व्यवसायमा आधारित प्रस्तावना।

(ग) तालिम लिएको वा सो सम्वन्धी अध्ययन गरेको प्रमाणपत्रको प्रतिलिपि।

(घ) कानुन वमोजिम सरकारी निकायमा दर्ता/नविकरण गरेको प्रमाण पत्र, स्थायी लेखा नम्वर, कर चुक्ताको प्रमाणपत्र प्रतिलिपि।

(ङ) जग्गा धनिपुर्जा वा जग्गा भाडामा भए करारनामा पत्र।

(च) अन्य कुनै पेशामा संलग्न नभएको स्व-घोषणापत्र ।

(छ) स्थानीय तहको सिफारीस पत्र।

(ज) कृषि ज्ञान केन्द्रको सिफारीस पत्र।

(४) **सहजीकरण सेवा तथा सुविधाः** व्यवसायिक कृषि कार्यक्रम सञ्चालनका लागि प्रस्तावकले कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम अनुसार उत्पादन सामाग्री वा पुर्वाधार विकास, सिंचाई पूर्वाधारमा, वजारिकरणमा पचहत्तर प्रतिशतसम्म अनुदान उपलव्ध हुनेछ र यस अन्तर्गत तलका मध्ये कुनै एक कार्यक्रममा सहभागी हुन सक्नेछ।

**(क)** **व्यवसायिक तरकारी उत्पादन कार्यक्रमः** व्यवसायिक कृषि कार्यक्रमको लागि प्रस्तावकले हिमाली तथा पहाडी क्षेत्रमा कम्तिमा पाँच रोपनी क्षेत्रफलमा तरकारी खेती वा कम्तीमा २ वटा थोपा सिंचाई सहितको प्लाष्टिक घर निर्माण भएको हुनुपर्ने छ ।तराइ क्षेत्रमा १० कट्ठा क्षेत्रफलमा व्यवसायिक रुपमा तरकारी खेती गरेको हुनुपर्ने छ।तरकारी खेती गर्दा नविनतम प्रविधिको नमुनाको रुपमा उच्चतम प्रयोग गर्नुपर्ने छ।

**(ख)** **व्यवसायिक च्याउ उत्पादन कार्यक्रमः** कन्ये च्याउ तथा Milky white च्याउको हकमा कम्तिमा २ वटा (१४×२२ फिट) टहरामा च्याउ खेती गर्नु पर्ने छ।सिताके च्याउ ३-८ ईन्च व्यास भएको १ मी. लम्वाइ भएको कम्तिमा ७५ वटा काठको मुढामा खेती गर्नु पर्ने छ। गोव्रे च्याउ २००० के.जी. को कम्पोष्ट तयार तथा प्रयोग भएको हुनुपर्ने र २ वटा (१४×२२ फिट) लम्वाइको टहरामा च्याउ खेती गर्नुपर्ने छ।

**(ग)** **व्यवसायिक मौरी पालन कार्यक्रमः** कम्तिमा २० वटा नयाँ घारमा मौरी पालन गर्नु पर्ने छ।

**(घ)** **व्यवसायिक फलफुल उत्पादन कार्यक्रमः** कार्यक्रम सञ्चालनका लागि कम्तिमा उच्च पहाडमा २ रोपनी, पहाडमा ३ रोपनी र तराइमा ५ कट्ठा हुनु पर्ने छ।

(५) **कार्यक्रम संचालनका आधारभुत पक्ष तथा मूल्याङ्कनका आधारहरुः**

(क) भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गतका निकायहरुवाट अघिल्लो ३ वर्ष भित्र अनुदान प्राप्त गरिसकेको प्रस्तावलाई छनौट गरिने छैन।

(ख) प्रस्तावकले लागतको कम्तिमा पच्चिस प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता जनाएको हुनुपर्ने छ।

(ग) अनुदानग्राहीले अनुदान प्राप्त गरे पश्चात कम्तिमा तीन वर्षसम्म अनिवार्यरुपमा कार्यक्रम सञ्चालन गरेको हुनु पर्नेछ।

(घ) कार्यक्रमको प्रकृति अनुसार स्फेसिफिकेसन, लागत स्टिमेट, नक्साङ्कन, विल तयार गर्ने जिम्मेवारी प्रस्तावकको हुनेछ र सम्वन्धित कार्यालयवाट स्वीकृत गराउनु पर्नेछ।

(६) **मुल्याङ्कनका आधारहरु**

| क्र.सं. | मुल्याङ्कनको आधार | अधिकतम अङ्कभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | **भौतिक क्षमता** | **५०** | | |
| ११. | आवेदकको पृष्ठभुमि र प्रस्तावित कार्यक्रम वीच को अनुभव भए नभएको | २० | | |

| क्र.सं. | मुल्याङ्कनको आधार | अधिकतम अङ्कभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १२. | भविष्यमा कार्यक्रम विस्तारका लागि सम्भावना छ /छैन | ५ | | |
| १३. | व्यवसाय अनुसार पुर्वाधारको व्यवस्था (जग्गा तथा भवन) | १० | | |
| १४. | कार्यक्रम कार्यान्वियन स्थलमा बाटो पानी विजुली जस्ता पुर्वाधारको व्यवस्था | ५ | | |
| १५. | भौगोलिक उपयुक्तता | १० | | |
| २ | **प्राविधिक क्षमता** | २० | | |
| २१. | प्रस्तावित कार्यक्रमसँग मेल खाने कृयाकलापमा हाल संलग्नता छ/छैन | १० | | |
| २२. | प्रस्तावित कार्यक्रमसँग सम्बन्धित तालिम प्राप्त गरेको/नगरेको | १० | | |
| ३ | **वित्तिय क्षमता** | १० | | |
| ३१. | मौजुदा पूँजीप्रस्तावकले अन्य निकायवाट जुटाउन ,लगानी सहभागिता , सक्ने लगानी आदि | १० | | |
| ४ | **संस्थागत क्षमता** | ३० | | |
| ४१. | दर्ता /नविकरण/करचुक्ता छ/छैन | १० | | |
| ४२. | उत्पादित / भण्डारण गरेको वस्तुको बजारिकरण योजना तथा सहजता | १० | | |
| ४३. | प्रस्तावित कार्यक्रमवाट लाभान्वितसगँको सम्वन्ध | १० | | |
| | **जम्मा** | १०० | | |

## ८९. कार्यक्रमको नामः कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यक्रम

(१) **उद्देश्यः**

वाली उत्पादनमा यान्त्रिकरण गर्न सहयोग

पुऱ्याई प्रति इकाई उत्पादन वृद्धि तथा उत्पादन लागत घटाउने ।

**(२) अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः**

(क) व्यक्तिगत वा कृषक उपभोक्ता (एक वा संयुक्तरुपमा एकभन्दा बढी मिलेर आउन सक्ने)

(ख) संस्थागत उपभोक्ता (कृषि सहकारी, कृषक समुह, निजी फर्म)

**(३) संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

**(क) व्यक्तिगत वा कृषक उपभोक्ता (एक वा संयुक्तरुपमा एक भन्दा बढी मिलेर आएमा) को लागिः**

१ नागरिकता प्रमाण पत्रको प्रतिलिपी

२ मेशिनरी औजार संचालन तथा मर्मत सम्बन्धि तालिम लिएको भए सो प्रमाण पत्रको प्रतिलिपि

३ जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी

खाद्यान्न बाली, तरकारी बाली, आलु वाली, फलफुल वाली आदिः तराईका लागि१.५ हेक्टर ( ३० रोपनी वा ४५ कट्ठा ), पहाडका लागि ०.५ हेक्टर (१० रोपनी वा १५ कट्ठा ), हिमालका लागि ०.२५ हेक्टर ( ५ रोपनी वा ७.५ कट्ठा )

४ आफ्नो नाममा जग्गा नभई आफ्नै एकाघरको परिवारका नाममा जग्गा भएमा नाता खुल्ने कागजातको प्रमाण र सम्बन्धित जग्गाधनीको मन्जुरीनामा पेश गर्नुपर्ने छ ।

५ आफूले कमाई आएको जग्गा (गुठी स्वामित्वको वा आफू मोही भएको समेत) वा करारमा लिएको भए कम्तिमा पाँच वर्ष सम्झौता अवधि बाँकी रहेको प्रमाण सहित पेश गर्नुपर्नेछ।

**(ख) संस्थागत उपभोक्ताको लागि (कृषि सहकारी, कृषक समुह, निजी फर्म):**

(१) संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि

(२) संस्था नविकरणको प्रमाण पत्रको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र अनिवार्य पेश गर्नु पर्नेछ।

(३) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि

(४) गत आको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि .व.

(५) संस्थाको निर्णय प्रतिलिपि

(६) संस्थाले अनुदान प्रक्रियाको लागि जिम्मेवार दिई खटाउने पदाधिकारीलाई दिएको अख्तियारी पत्र

(७) अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र पासपोर्ट साइजको फोटो १ प्रति

(८) जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी

(९) खाद्यान्न बाली, तरकारी बाली, आलु वाली, फलफुल वाली आदिः तराईका लागि ४ हेक्टर (८० रोपनी वा १२० कठ्ठा), पहाडका लागि १.५ हेक्टर (३० रोपनी वा ४५ कठ्ठा), हिमालका लागि ०.५ हेक्टर (१० रोपनी वा १५ कठ्ठा)

(१०) संस्थाको आफ्नो नाममा जग्गा नभई करारमा लिएको भए कम्तिमा ५ वर्ष सम्झौता अवधि बाँकी रहेको प्रमाण सहित पेश गर्नुपर्नेछ ।

**नोटः** माथि उल्लेखित आवेदकहरुले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र समेत पेश गर्नु पर्ने छ ।

**(४) सहजीकरण सेवा तथा सुविधा :**

| **सि.नं.** | **कृषि मेशीनरी, औजार उपकरणहरुको नाम** | **क्षमता (Hp)** | **अनुदान %** | **कैफियत** |
|---|---|---|---|---|
| १ | चार पाङ्ग्रे ट्र्याक्टरका एटयाचमेन्टहरु | | ७५% | चार पाङ्ग्रे ट्र्याक्टरको एटयाचमेन्टहरु अनुदानमा लिनका लागि उपभोक्ताको नाममा ट्र्याक्टरको सवारी दर्ता प्रमाणपत्र (ब्लु बुक) अनिवार्य पेश गर्नु पर्नेछ। |
| २ | पावर टिलर विथ कल्टिभेटर | अधिकतम २० एच.पी. सम्म | ५०% | |

| सि.नं. | कृषि मेशीनरी, औजार उपकरणहरुको नाम | क्षमता (Hp) | अनुदान % | कैफियत |
|---|---|---|---|---|
| ३ | पावर टिलरका एटयाचमेन्टहरु | | ७५% | |
| ४ | मिनि टिलर | अधिकतम ९ एच.पी. सम्म | ७५% | |
| ५ | मिनिटिलरका एटयाचमेन्टहरु | | ७५% | |
| ६ | स्वचालित उपकरणहरु | | ७५% | |

नोटः माथि उल्लेखित कृषि यन्त्र उपकरण सेटमा माग गर्दा एकै प्रकारको दोहोरो माग गर्न पाईने छैन ।जिल्लाको आवश्यकता, कृषकहरुको माग, विगतको मागको अनुभव/सिकाई आदिको आधारमा कृषि यन्त्र उपकरणहरुको सूची थपघट गर्न सकिने छ।सिंचाई, पशुपंक्षीपालन, माछापालनसँग सम्बन्धित यन्त्र उपकरण समावेश हुने छैन।

**(५) कार्यक्रम संचालनका आधारभूत पक्ष, प्रक्रिया मूल्याङ्कनका आधारः**

**(क) आपूर्तिकर्ताबाट प्रस्ताव माग गर्नेः**

(१) कृषि ज्ञान केन्द्रले कृषि यन्त्र उपकरणहरुको आपुर्ति गर्न ईच्छुक आपुर्तिकर्ताहरुलाई शिलवन्दी प्रस्ताव पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) आपूर्तिकर्ताले प्रस्ताव पेश गर्दा कृषि ज्ञान केन्द्रले निर्धारण गरेको संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु सहजीकरण सेवा तथा सुविधामा उल्लेखित उपकरणको विस्तृत तालिका र, आपूर्तिकर्ताको निवेदन विवरण समेत पेश गर्नु पर्नेछ ।

(३) आपूर्तकर्ताले बुदा नं (१) र (२) बमोजिम तयार गरिएका प्रस्ताव तोकिएको म्यादभित्र कृषि ज्ञान केन्द्रमा पेश गर्नु पर्नेछ ।

(४) प्रस्ताव साथ आपूर्तिकर्ताको निवेदन विवरणमा पेश गरेको एक आ.व. मा आपूर्ति गर्न सक्ने रकमको २.५% बराबरको अर्को आर्थिक वर्षको श्रावण मसान्तसम्म म्याद भएको बैंक ग्यारेन्टी वा सो बराबरको रकम कृषि ज्ञान केन्द्रले तोकेको प्रदेश लेखा ईकाइको एकलखातामा जम्मा गरी सक्कल भौचर सहित पेश गर्नु पर्नेछ।

**(ख) आपूर्तिकर्ता मूल्याङ्कन/छनौट समितिः**

(१) आपूर्तिकर्ता छनौट प्राविधिक र आर्थिक प्रस्तावको मूल्याङ्कनको आधारमा कृषि ज्ञान केन्द्रले सार्वजनिक खरिद ऐन, नियमावली अनुसारको मूल्याङ्कन समिति मार्फत गर्नुपर्नेछ।

**(ग) आपूर्तिकर्ता मूल्याङ्कन/छनौट समितिको काम,कर्तव्य र अधिकारः**

(क) आपूर्तिकर्ता तथा कृषि यन्त्र उपकरणको छनौट गर्ने ।

(ख) छनौट भएका आपूर्तिकर्ताले प्रस्ताव गरेका यन्त्र उपकरणहरुको किसिम (Type), क्षमता (Capacity/ Horse power), मोडेल (Model), ब्राण्ड (Brand) र अन्य स्पेशिफिकेशन (Specification) को आधारमा एकै खालका यन्त्र उपकरणहरुको समुहकृत गरी, उक्त समुहमा सबै भन्दा न्यूनतम मूल्यलाई (Lowest Rate) आधार मानी अनुदानको रकम तोक्ने प्रस्तावमा पेश भएका यन्त्र उपकरण समुहकृत गर्न नमिलेका अवस्थामा पेश गरेको सोही दरलाई न्युनतम् मूल्य आधार मानी अनुदानको रकम तोक्ने।

(ग) प्रस्तावमा पेश भएका यन्त्र उपकरण समुहकृत गर्न नमिलेका अवस्थामा पेश गरेको सोही दरलाई न्युनतम् मूल्य आधार मानी अनुदानको रकम तोक्ने ।

(घ) अनुदान दिने प्रयोजनका लागि छनौट गरिएका आपूर्तिकर्ता तथा कृषि यन्त्र उपकरणहरुको विवरण, छनौट भएका आपूर्तिकर्ताहरुको नामावली,उपलब्ध हुने स्थान र अनुदान रकम आदि विवरणहरु तयार गर्ने ।

(ङ) छनौट भएका आपूर्तिकर्ता र कृषि ज्ञान केन्द्रवीच सम्झौता गर्न सिफारिश गर्ने।

(च) कृषि ज्ञान केन्द्रलाई कार्यक्रम संचालनमा आवश्यक राय तथा सुझाव दिने।

**(घ) पूर्तिकर्ताबाट प्राप्त प्रस्ताव मूल्याङ्कनका आधारः**

(१) प्रस्तावहरुको आर्थिक मूल्याङ्कनको लागि पैतिस अंक र प्राविधिक मूल्याङ्कनका लागि पैसठ्ठी अंक भार मानी कुल एक भारमा मूल्याङ्कन गरिने छ।

(२) बुदा नं (१) बमोजिम मूल्याङ्कन गर्दा साठी अंक भार प्राप्त गर्ने प्रस्तावहरु अनुदानमा कृषि यन्त्र उपकरण आपूर्ति गर्न छनौट गरिने छ ।

**(ङ) कृषक उपभोक्ताहरुबाट निवेदन माग गर्नेः**

(१) कृषि ज्ञान केन्द्रले छनौट भएका आपूर्तिकर्ताहरुद्वारा आपूर्ति गर्ने यन्त्र उपकरणहरुको किसिम(Type), क्षमता(Capacity/HP), मोडल(Model) ब्राण्ड(Brand) र अन्य स्फेशिफिकेशन(Specification) तथा कृषि यन्त्र उपकरणको मूल्य र कृषि ज्ञान केन्द्रले प्रदान गर्ने अनुदानको आधारमा कुन कृषि यन्त्र उपकरण लिने हो सो का लागिकृषि ज्ञान केन्द्रले स्थानीय छापा तथा संचार माध्यम मार्फत सूचना प्रकाशन गरी कृषक उपभोक्ताहरुबाट निवेदन माग गर्नुपर्नेछ ।उक्त सूचना जिल्लास्थित सबै स्थानीय तहहरुमा समेत पठाउनु पर्ने छ।

(२) अनुदान लिन चाहने उपभोक्ताले तोकिए बमोजिमका कागजातहरुका प्रमाण संलग्न गरी कृषि ज्ञान केन्द्रले तोकेको ढाँचामा तोकिएको म्यादभित्र सम्बन्धित कृषि ज्ञान केन्द्रहरुमा स्वयं उपस्थित भई आधारभूत विवरण सहित निवेदन दिनु पर्नेछ ।उपभोक्ता स्वयं उपस्थित नभई उपभोक्ताको तर्फवाट अरुले पेश गरेको निवेदन मान्य हुने छैन तरसम्बन्धित उपभोक्ता स्वयं उपस्थित हुन नसक्ने विशेष अवस्थामा एका घरको परिवारको कुनै सदस्यलाई मन्जुरीनामा दिई निवेदन (नागरिकताको प्रमाण सहित/नाता खुल्ने कागजात) दिन वाधा पर्ने छैन।

(३) कृषि ज्ञान केन्द्रहरुले उपभोक्ताहरुले निवेदन मार्फत लिन चाहेको यन्त्र तथा उपकरणको समूहमा अन्य आपूर्तिकर्ताले आपूर्ति गर्ने सो यन्त्र तथा उपकरणको मुल्य तथा अनुदान सम्बन्धमा कृषि ज्ञान केन्द्रले तयार गरेका ढाँचामा अनिवार्य रुपमा जानकारी गराउनु पर्नेछ साथै सो को प्रतिलिपि सम्बन्धित कृषकको फायलमा समेत संलग्न गर्नुपर्नेछ ।

(४) कृषि ज्ञान केन्द्रले कृषक उपभोक्ताहरुबाट प्राप्त निवेदन उपरस्वीकृत वजेटको परिधिभित्र रही कृषक उपभोक्ताहरु छनौट गर्नु पर्नेछ ।

(५) कृषि ज्ञान केन्द्रले आपूर्तिकर्ता वा आपूरर्तिकर्ताको स्थानीय आधिकारिक डिलरको मौज्दात (कृषक उपभोक्ताबाट माग भएका उपकरणको) क्षरीनिरी छनौट भएका कृषक उपभोक्ताहरुलाईग कृषि यन्त्र उपकरण उपलब्ध गराउन सिफारिस गर्नुपर्नेछ ।

**(च) आपूर्तिकर्ताले पालन गर्नुपर्ने शर्तहरुः**

आपूर्तिकर्ताले कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमका शर्तहरु पालना गर्नुपर्ने छ ।

(१) सिफारिस गरिएका कृषि यन्त्र उपकरणहरु भन्दा बढी विक्री गरेमा बढि विक्री गरिएको कृषि यन्त्र उपकरणहरुमा अनुदान दिइने छैन र सोको जिम्मेवार आपूर्तिकर्ता स्वयम् नै हुनेछ ।

(२) सिफारिस भई आएका यन्त्र उपकरणहरुको वितरण कृषि ज्ञान केन्द्रको आधिकारिक प्रतिनिधिको उपस्थितिमा कृषि ज्ञान केन्द्रको समन्वयमा वितरण गर्नुपर्नेछ ।

(३) अनुदान लिने उपभोक्तालाई कृषि यन्त्र उपकरण संचालन तथा मर्मत सम्बन्धी अभिमुखिकरण गराई मात्र कृषकहरुलाई वितरण गर्नु पर्नेछ ।

(४) अनुदानमा वितरित कृषि यन्त्र उपकरणहरुमा कृषि ज्ञान केन्द्रले निर्धारण गरेकोढाँचा अनुसार प्रिन्ट वा प्लेटमा लेखी टाँस गर्नु पर्नेछ।

**(छ) उपभोक्ताले पालन गर्नुपर्ने शर्तहरुः**

कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमका शर्तहरु पालन गर्नु पर्नेछ ।

(१) उपभोक्ता कृषि पेशा/व्यवसायमा संलग्न भएको हुनु पर्नेछ ।

(२) उपभोक्ताले सेटमा मात्र कृषि यन्त्र उपकरण अनुदान पाउने छन् ।

(३) अनुदानमा उपलब्ध गरिएको कृषि यन्त्र उपकरणहरु कृषि कार्यको समय कृषि कार्यमा प्रयोग नगरी अन्य गैर कृषि कार्यमा प्रयोग गर्न पाइने छैन ।

**(६) अनुदान प्रवाह विधिः**

अनुदान प्रवाह विधि देहाय बमोजिम हुनेछ।

(क) कृषि ज्ञान केन्द्रले अनुदानका लागि छनौट भएका अनुदानग्राहीले माग गरेको कृषि यन्त्र उपकरणहरुको सिफारिस पत्र तयार गरि अनुदानग्राहीलाई उपलब्ध गराउनु पर्नेछ।

(ख) उक्त सिफारिस पत्र अनुदानग्राहीले आपूर्तिकर्तालाई दिनु पर्नेछ।

(ग) आपूर्तिकर्ताले उक्तसिफारिस पत्र अनुसारको कृषि यन्त्र उपकरणहरुको पुरा मूल्यमा नियम अनुसार लाग्ने १५.% आयकर घटाई कृषि यन्त्र उपकरणहरु अनुदानग्राहीलाई उपलब्ध गराउनु पर्नेछ।

(घ) आपूर्तिकर्ताले अनुदानग्राहीलाई कृषि यन्त्र उपकरणहरु उपलब्ध गराएको प्रमाणित कागजात, बिल विजक सहित अन्य आवश्यक कागजात अनुदानग्राहीलाई उपलब्ध गराउनु पर्ने छ।

(ङ) अनुदानग्राहीले आपूर्तिकर्ताबाट कृषि यन्त्र उपकरणहरु प्राप्त गरेको प्रमाणित कागजात, बिल विजक सहित तोकिएको ढाँचामा अनुदान रकम माग गरी कृषि ज्ञान केन्द्रमा निवेदन दिनु पर्ने छ।

(च) कृषि ज्ञान केन्द्रले आपूर्तिकर्ताले कृषि यन्त्र उपकरणहरु उपलब्ध गराएको प्रमाणित कागजात, बिल विजक सहित अन्य आवश्यक कागजातअनुदानग्राहीबाट प्राप्त गरे पश्चात सम्बन्धित अनुदानग्राहीकोबैंक खातामा अनुदान रकम उपलब्ध गराउनु पर्नेछ।

(छ) अनुदान रकम भुक्तानी गर्दा नेपाल सरकारले तोके अनुसारको अग्रिम कर कट्टा गर्नु पर्नेछ।

**(७) अनुदानग्राही छनौट मूल्याङ्कन का आधारहरु :**

प्रस्ताव छनौटका आधारहरु देहाय बमोजिमहुनेछन् :

(क) उपभोक्ताको योग्यता, सक्रियता तथा सवलता

(ख) गत आ.व.मा छनौटमा परी वजेटको सीमाले र अन्य उचित कारणले गर्दा अनुदान लिन वञ्चित भएका

(ग) हालसम्म यन्त्र उपकरण लगायत अन्य कुनै पनि अनुदान कार्यक्रममा सहभागी हुन अवसर नपाएका

(घ) सेटमा यन्त्र उपकरण लिनेलाई प्राथमिकता

समावेशिता

## ९0. कार्यक्रमको नामः मागमा आधारित कृषि कार्यक्रम

(१) **उद्देश्य :** विशेष कारणले कृषि विकास कार्यक्रमबाट लाभ लिन नसकेका कृषक/ कृषक समूह/ कृषि फर्म/ कृषि उद्यमीहरुले गरिरहेको व्यवसायलाई व्यवसायिक र दिगोरुपमा सञ्चालन गर्न आवश्यक पूर्वाधार/सामाग्री जस्ता विषयहरु सम्भाव्यता तथा आवश्यक्ताका आधारमा तत्काल सम्बोधन गरी कृषि व्यवसायिकरणमा टेवा पुऱ्याउने।

**(2) कार्यक्रममा सहभागी हुन सक्ने सहभागीहरु/साझेदारहरुः**

(क) कृषक

(ख) कृषक समूह

(ग) कृषि फर्म

(घ) कृषि उद्यमीहरु

**(3) आवेदनसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(क) नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

(ख) कार्यालयले तोके अनुसारको निवेदन र संक्षिप्त कार्ययोजना

(ग) सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि (कृषक समूह/ कृषि फर्मको हकमा)

**(4) सहजीकरण सेवा तथा सुविधाः**

(क) ज्ञान केन्द्र/विज्ञ केन्द्र मार्फत सञ्चालन गरिने कार्यक्रमका लागि बढीमा रु.५०००० (पचास हजार मात्र) निर्देशनालयहरु मार्फत सञ्चालन गरिने कार्यक्रमका लागि बढीमा रु.२००००० (दुई लाखमात्र) र मन्त्रालय मार्फत बढीमा रु.५००००० (पाँच लाखमात्र) अनुदान उपलब्ध गराउन सकिने छ।

**(5) कार्यक्रम संचालनका आधारभुत पक्ष तथा मूल्याङ्कनका आधारहरुः**

(क) आफ्नो कार्य क्षेत्रमा सञ्चालित विभिन्न कृषि कार्यक्रमहरुको अनुगमनको सिलसिलामा कुनै विशेष कारणले लाभ लिन नसकेका कृषक/कृषक समूह/कृषि फर्म/ कृषि उद्यमीहरुबाट उनीहरुले गरिरहेको व्यवसायलाई व्यवसायिक र दिगोरुपमा सञ्चालन गर्न आवश्यक पूर्वाधार/सामाग्री जस्ता विषयहरु (जसमा खनजोत/बारबन्देज जस्ता खर्च समावेश हुने छैन) सम्भाव्यताका आधारमा तत्काल सम्बोधन गर्न यो कार्यक्रमले सहयोग गर्नेछ।

(ख) सम्बन्धित कृषक/ कृषक समूह/कृषि फर्म/ कृषि उद्यमीहरुबाट कार्यालयले तोके वमोजिमको निवेदन सहित संक्षिप्त कार्य योजना विवरण लिनु पर्नेछ।

(ग) कृषक/ कृषक समूह/कृषि फर्म/ कृषि उद्यमीहरुबाट प्राप्त निवेदन उपर कार्यालयमा विषयगत शाखाहरुसँग छलफल गरी अनुदानका लागि निर्णय गर्नुपर्ने छ।

(घ) सम्बन्धित कार्यालयवाट उपलब्ध गराइने अनुदान रकम सम्झौता वमोजिम उपलव्ध गराइने छ।यसका लागि अनुदान दिने कार्यालयलेबुँदा नं.(ख) वमोजिम निर्णय भैसकेपछि कार्यक्रम कार्यान्वयन गर्नु अघि अन्तिम कार्यान्वयन योजना तयार गरी दुवै पक्षको उत्तरदायित्व स्पष्टरुपले तोकी सम्झौता गर्नुपर्नेछ ।

(ङ) कार्य सम्पन्न भैसकेपछि उपभोक्ता कृषक/कृषक समूह/कृषि फर्म/ कृषि उद्यमीले कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ। सो प्रतिवेदनका आधारमा कार्यालयबाट स्थलगत निरीक्षण गरी कार्यालयतर्फबाट उपलब्ध गराइने अनुदान रकम बैंक खाता मार्फत एकमुष्ट रुपमा भुक्तानी गरिनेछ।

## ९१ कार्यक्रमको नामः नश्ल सुधारका लागि उन्नत माउ माछा खरिदतथा मत्स्य बिज ढुवानी अनुदान कार्यक्रम

**(क) नश्ल सुधारका लागि उन्नत माउ माछा खरिदमा अनुदानः**

(१) **उद्देश्य :** मत्स्य ह्याचरीहरुमा माछाको नश्ल शुद्धता कायम राख्दै माछाको उत्पादकत्व बढाउन माउमाछाको आनुवांशिक व्यवस्थापनमा (Genetic Management of Brood stock)विशेष ध्यान दिदै मत्स्य उत्पादकत्व बृद्धी गर्दै लाने उद्देश्य बमोजिम शुद्ध नश्लका माउ माछाहरु खरिदमा अनुदान प्रवाह गरी मत्स्य ह्याचरीहरुलाई उपलब्ध गराउने कार्यक्रम रहेको छ।

(२) **अनुदान प्राप्तगर्न सक्ने साझेदारहरु:** निजि/कृषक समूह/समिति/सहकारीबाट संचालित मत्स्य ह्याचरीहरु

(३) **उन्नत माउ माछामा हुनुपर्ने गुणहरुः**

(क) माउ माछा शुद्द नश्लको PIT(Passive Integrated Transponder) Tag लगाएको हुनुपर्दछ।

(ख) नेपाल सरकारले तोकेको मापदण्ड अनुसारको शुद्ध नश्लको हुनुपर्ने छ।

(४) **अनुदान प्रवाहका शर्तहरु**

(क) पहिचान चिन्ह (ट्याग लगाईएका PIT) सहितका शुद्ध नश्लका भविष्यमा तयार हुने माउहरु सरकारी मत्स्य विकास केन्द्रहरुबाट वा नेपाल सरकारले सिफारिस गरेको श्रोत केन्द्रले उत्पादन गरेको हुनु पर्नेछ ।

(ख) उक्त माउहरु स्टक गर्नका लागि ह्याचरीकर्ताले छुट्टै ब्यवस्थित माउ पोखरीको ब्यवस्थापन गर्नु पर्नेछ।

(ग) माउ माछा प्राप्त भए पश्चात माछाको बिमा अनिवार्य गराउनु पर्नेछ ।

(घ) श्रोत केन्द्रबाट खरिद गरि अनुदानग्राहीको फार्म सम्म दुवानी वापतको रकम प्रचलित जिल्ला दर रेट अनुसार भुक्तानी गराइनेछ।

**(ख) मत्स्य बिज ढुवानी अनुदान कार्यक्रम**

(१) **उद्देश्य :** मत्स्य ब्यवसाय गरिरहेका कृषकहरुलाई मत्स्य बिजमा ढुवानी अनुदान सहयोग गरि स्वस्थ भुरा सहज रुपमा वितरण भै उत्पादनमा बृद्धि गर्ने उद्धेश्यका साथ यो कार्यक्रम संचालन गरिने छ ।

(२) **अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः** मत्स्य कृषक/निजि मत्स्य फर्म/नर्सरीकर्ताहरु हुनेछन् ।

(३) **अनुदान प्रवाहका शर्तहरु**

(**क**) मत्स्य बिज ढुवानी अनुदानका लागि तराईको हकमा मत्स्य नर्सरीकर्ताले Hatchling ढुवानीमा मात्र आवेदन दिन सक्नेछन।

(**ख**) मत्स्य बिज ढुवानीमा पहाडको हकमा मत्स्य कृषकले Hatchling,Fry, र Fingerlings ढुवानीमा आवेदन दिन सक्नेछन।

(ग) मत्स्य बिज खरिद गर्दा दर्ताभएका निजि मत्स्य फर्म/ह्याचरी/सरकारी फर्म वा श्रोत केन्द्रबाट उत्पादितभएको हुनुपर्नेछ।उक्तमत्स्य बिजनेपाल सरकारले सिफारिस गरेकोजातको हुनुपर्ने छ ।

(घ) मत्स्य बिज ढुवानीको हकमा सम्बन्धित जिल्लाको प्रचलित दर रेट अनुसार भुक्तानी हुनेछ ।

## ९2. कार्यक्रमको नामः वंगुर विकास कार्यक्रम

**(१) उद्देश्य :**

(क) बंगुरपालन व्यबसायबाट आयआर्जन गरी स्वरोजगार बनाई वंगुर पालनालाई व्यवसायिकरण गरि मासु उत्पादनमा बृद्धि गर्ने ।

**(२) कार्यक्रमको अवधि:**

(क) कार्यक्रमको अवधि बढीमा तीन वर्षको हुनेछ । तर सरकारी सहयोग अधिकतम तीन वर्षसम्म मात्र उपलब्ध गराईनेछ।दोश्रो र तेस्रो वर्षमा कार्यक्रमको निरन्तरताको लागि संस्थाको कार्ययोजनाको आधारमा न्यूनतम फलोअप कार्यक्रम संचालन हुनेछ।

(ख) दोश्रो र तेस्रो वर्षमा फलोअपका लागि सम्बन्धित कार्यालयले बजेट तर्जुमाका समयमा नै बजेटको सुनिश्चित गर्नुपर्नेछ ।

**(३) साझेदार गर्न सक्ने साझेदारहरु:**

(क) कानून बमोजिम दर्ता भएका कृषि/पशुपालनमा आवद्ध सहकारी संस्था

(ख) कृषक समूह/समिति

**(४) अनुदान रकमबाट संचालन गरिने क्रियाकलापहरुः**

(क) बंगुरको खोर निर्माण सुधार ।

(ख) जैविक सुरक्षा व्यवस्थापन।

(ग) प्रजनन योग्य भुनि तथा ब्याडे विर खरिद तथा ढुवानी ।

(घ) स्थानिय तहमा उत्पादन हुने बंगुरको लागि स्थानीय स्तरमा आहारा विकाससम्बन्धि कार्य ।

(ङ) पशु उपचार तथाखोप ।

(च) बंगुरकोकृत्रिम गर्भाधान।

(छ) तालिम, भ्रमण, अवलोकन र अन्तरक्रिया गोष्ठी।

(ज) वंगुर पालनको लागि आवश्यक यान्त्रिकरण (दाना बनाउने मिक्सचर मेशिन, पिंग क्याचर, तौलने मेशिन आदि)

(झ) बजारिकरणसँग सम्वन्धित (मासु पसल, संकलन केन्द्र, बंगुर ढुवानी आदि)

(ञ) सम्बन्धित कार्यालय संग आवश्यकता अनुसार वंगुरपालन संग सम्बन्धित कार्यक्रमहरु माथि उल्लेखित बाहेक पनि सम्झौतामा उल्लेख गरि गर्न सकिनेछ।

**(५) कार्यक्रम कार्यान्वयनका लागि संस्था छनौटका आधारहरु:**

(क) निर्वाहमुखी रपरम्परागत रुपमा सुंगुर/वंगुर पालिएको र व्यवसायीकरण तर्फ उन्मुख हुन सक्ने सुँगुर/बंगुर पालन गरिने कृषकहरु भएको क्षेत्रलाई पहिचान गरी संस्थाको छनौट गर्नु पर्नेछ।

(ख) विगत देखि संचालनमा रहेका तर पछाडि परेका बंगुरका पकेट क्षेत्र र भविष्यमा व्यवसायीक रुपले बंगुर उत्पादन र बजारिकरणको संभावना भएका स्थानहरुको संस्था मात्र छनौट गर्नु पर्नेछ।

(ग) सामाजिक रुपमा पछाडि परेका लक्षित वर्ग दलित, आदिवासी तथा जनजातिहरु सहभागी भएका संस्था छनौटमा प्राथमिकरण गर्नु पर्नेछ ।

(घ) सम्बन्धित कार्यालयको समन्वयमा कम्तिमा पशु विज्ञान विषय लिई टि.एस.एल.सी. उतिर्ण गरेको स्थानिय व्याक्तिलाई प्राथमिकता दिई सहजकर्ताको छनौट गर्नु पर्नेछ । सहजकर्तालाई कार्यक्रम खर्च वाट रकम भुक्तानी दिईनेछ ।

**(६) कार्यक्रम संचालनका आधारभूत पक्षहरुः**

(क) कम्तीमा पचास जना बंगुर पालन गर्ने कृषकहरु सहभागी गराउनु पर्नेछ ।

(ख) कार्यक्रम संचालन पश्चात कार्यक्रममा आवद्ध प्रत्येक कृषकहरुले प्रजननको लागि पालन गर्नेको हकमा कम्तीमा पाँच वटा माउ र एक बीर र मासुको लागि पालन गर्नेको हकमा दश वटा उन्नत बंगुर पालन गरिएको हुनु पर्नेछ ।

(ग) प्रस्ताव छनौट पश्चात प्रस्तावक र सम्बन्धित कार्यालय बीच प्रचलित ऐन, कानून तथा लागत अनुमान समेत राखि सम्झौता गर्नु पर्नेछ ।

**(७) व्यवसायिक योजनाका मूल्याङ्कनका आधारहरुः**

(क) व्यवसाय प्रति संस्थाको अनुभव-१०

(ख) पेश गरेको कार्ययोजना-२०

(ग) कार्यक्रमसंग सम्बन्धित लक्षित वर्गको (दलित, आदिवासी, जनजाती) सहभागिता- २०

(घ) व्यवसायको प्राविधिक सम्भाव्यता उपयुक्तता-३०

(ङ) स्वलगानी तथा उत्पादन हुने वस्तुको बजारिकरणको संभावना-२०

## ९३. कार्यक्रमको नामः वातावरण संरक्षण एवं पोषण सुधारका लागि करेसा पोखरी निर्माण कार्यक्रम

पहाडी क्षेत्रका वजारमा दिनानुदिन माछाको माग बढदै गएको हालको अवस्थामा यो प्रविधि विस्तार गर्नु आवश्यक रहेको छ। एकिकृत कृषि पद्दतीको एक प्रमुख हिस्साको रुपमा स्थापित गरि प्राणी प्रोटिनको सस्तो र सर्वसुलभ आपुर्ती बढाउन यस प्रविधीमुलक कार्य अर्गानिक खेतीमा समेत सहयोग सिद्ध हुनेछ । तसर्थ यस किसिमको प्रविधि संम्भाव्य जिल्लाहरुमा अभियानको रुपमा नै कार्यान्वयन गर्दै लैजान कृषकहरुलाई उत्प्रेरित गर्नेछ।

१. **उद्देश्यः** एकिकृत मत्स्यपालन प्रविधिको प्रसारण गरि पारिवारिक पोषण अभिवृद्धिका साथै आयस्तरमा सहयोग पुर्याउने ।

(२) **अनुदान प्राप्त गर्न सक्ने साझेदारहरु :** कृषक /कृषक समूह/समितीहरु हुनेछन्।

(३) **अनुदान प्रवाहको शर्तहरुः**

(क) पोखरीको जलाशय क्षेत्रफल प्रति व्यक्ति कम्तीमा १०० वर्ग.मी. हुनुपर्ने छ।

(ख) पोखरीमा पानीको गहिराइ कम्तिमा १२० से.मी. गहिरो हुनुपर्ने छ।

(ग) यस कार्यक्रममा अनुदान प्रवाह गर्दा माटोको संरचना निर्माणर संरक्षणका लागि मात्र गरिने छ ।

(घ) पानीको स्थायी तथा दिगो स्रोतको व्यवस्था भएको हुनुपर्ने छ ।

(ङ) एकिकृत खेती प्रणाली अपनाएको कृषकलाई प्राथमिकता दिइनेछ।

(च) कार्यक्रममा छनौट गर्दा क्लस्टर क्षेत्र बढी हुन सक्ने सम्भावना भएको स्थानलाई प्राथमिकता दिनु पर्नेछ ।

(छ) माछापालन गर्दा स्थान विशेषका आधारमा मत्स्य प्राविधिकले सिफारिस गरेअनुसारको जात स्टक गर्नुपर्दछ।

(ज) पोखरी निर्माण सम्पन्न भएपश्चात नाँपजाँच गरी तोकिएको मापदण्ड पुरा गरेका कार्यक्रमलाई मात्र भुक्तानी दिईनेछ।

## ९४. कार्यक्रमको नामः सहकारी संस्था मार्फत कृत्रिम गर्भाधान प्रवर्द्धन कार्यक्रम

(१) **कार्यक्रमको उद्देश्यः**

(क) सहकारी संस्था मार्फत गाई/भैसीमा कृत्रिम गर्भाधान द्वारापशुहरुको नश्ल सुधारवाट उन्नत नश्लका पशुहरुको उत्पादन गर्ने ।

(२) **कार्यक्रमको अवधिः**

(क) यो कार्यक्रम कम्तिमा तीन वर्ष सम्म संचालन हुनेछ।

**(३) अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः**

(क) कानून बमोजिम दर्ता भएका सहकारी संस्थाहरु

**(४) अनुदान रकमबाट संचालन गर्न सक्ने कृयाकलापहरुः**

(क) कृत्रिम गर्भाधानका लागि आवश्यक पर्ने उपकरणहरु खरिद ( A.I. Container, A.I. referee, A.I. Gun)

(ख) लिक्वीड नाईट्रोजन, सिमेन, सिथ, ग्लोब तथा कृत्रिम गर्भाधानको लागि आवश्यक पर्ने सामग्री खरिद

(ग) कृत्रिम गर्भाधान गर्ने प्राविधिकको सहजिकरण तथा सुविधा ।

(घ) प्राविधिकलाईकृत्रिम गर्भाधान सम्बन्धि प्रवर्द्धनात्मक तालिम, अन्तरक्रिया गोष्ठी, प्रचार प्रसार आदि कार्यक्रमहरुमा संचालन गर्न सकिनेछ ।

**(५) कार्यक्रम कार्यान्वयनका लागि सहकारी छनौटका आधारहरुः**

(क) कृत्रिम गर्भाधान कार्यक्रम सरकारी सेवाको पहुँच भन्दा बाहिर रहेको स्थानमा रहेका सहकारी संस्थाहरु प्राथमिकरण गरी छनौट गर्नु पर्नेछ।

(ख) विगत देखि संचालनमा रहेका तर अन्य कार्यक्रममा समावेश गराउन छुटेका गाई/भैसी पकेट क्षेत्रहरु वा व्यवसायीक रुपले दुध उत्पादन, विविधिकरण र बजारिकरणको संभावना भएका क्षेत्रका सहकारी संस्थाहरु छनौट गर्नु पर्नेछ ।

**(६) कार्यक्रम सञ्चालनका आधारभूत पक्षहरुः-**

(क) प्रस्ताव छनौट पश्चात प्रस्तावक तथा सम्बन्धित कार्यालय बीच प्रचलित ऐन, कानून तथा स्थानीय दररेटलाई आधार मानी स्वीकृत लागत अनुमान समेत राखी सम्झौता गर्नु पर्नेछ ।

(ख) अनुदान प्राप्त गर्ने संस्थाहरुले पहाडमाकम्तीमाएक सय पचास र तराईमा तिन सयवटा बार्षिक गाई/भैसीमा कृत्रिम गर्भाधान गरेको हुनु पर्नेछ ।वार्षिक रुपमा उल्लेखित संख्या भन्दा कमकृत्रिम गर्भाधान गराउने संस्थामा फलोअप कार्यक्रम संचालन गरिने छैन ।

(ग) सहकारीलेसम्झौता बमोजिम कार्य सम्पन्न भैसके पछी कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ र सम्पन्न कार्यको मूल्याङ्कन गरी सम्बन्धित संस्थाको बैंक खातामा रकम भुक्तानी गरिनेछ ।

(घ) यस कार्यक्रम मार्फत गराईने कृत्तिम गर्भाधान शुल्क लागत मुल्यका आधारममा सम्बन्धित सहकारीले तोक्नुपर्नेछ ।

**(७) व्यवसायिक योजना मुल्यांकनका आधारहरुः-**

(क) व्यवसायिक अनुभव-१०

(ख) पेश गरेको कार्ययोजना-२०

(ग) व्यवसायको प्राविधिक सम्भाव्यता उपयुक्तता-२०

(घ) कृत्रिम गर्भाधान गराउने प्राविधिक जनशक्तिको ब्यवस्था- ३०

(ङ) स्वलगानी -२०

## ९५. कार्यक्रमको नामः द्वन्द पिडित लक्षित कृषि विकास राहत अनुदान कार्यक्रम संचालन

**उद्धेश्य** :

न्युन आय भएका द्वन्द पिडितका परिवारका सदस्यहरुलाई लक्षित गरी कृषि कार्यक्रम संचालन गरी वाली वस्तु तथा पशुपंक्षी जन्य व्यवसाय सुरु तथा प्रवर्द्धन मार्फत जिवनस्तरमा सुधार ल्याउने।

(१) **सझेदारहरुः** द्वन्ड पिडित तथा सशस्त्र द्वन्दका शहिद घरपरिवारहरु

**(२) संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(क) नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(ख) नेपाल सरकारबाट उपलब्ध गराईएको द्वन्द पिडित वा सशस्त्र द्वन्दको शहिद परिवार/वेपत्ता परिवार भएको प्रमाणपत्रको प्रतिलिपि।

(ग) आफुले गर्न चाहेको कृषि तथा पशुपंक्षी पालन व्यवसायको प्रस्तावना।

(घ) कार्यक्रम संचालनको लागि आवश्यक जग्गाको लालपुर्जाको प्रतिलिपि वा करारमा लिएको जग्गा हो भने न्युनतम पाँच वर्ष करार सम्झौता गरेको सम्झौतापत्रको प्रतिलिपि।

(ङ) तालिम लिएको, सो सम्बन्धि अध्ययन गरेको भए सोको प्रमाणपत्र।

(च) स्थानीय तह कृषि/पशुपंक्षी विकास शाखाको सिफारिश।

(छ) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यक्रमका लागि अन्य निकायबाट सहयोग नलिएको र नलिने स्वःघोषणापत्र।

(३) **सहजीकरण सेवा तथा सुविधाः** सम्बन्धित कार्यालयबाट प्रस्तावित कामका आधारमा प्रति प्रस्ताव अधिकतम रु. पाँच लाख सम्म वा कम्तीमा पाँच जनाको समुहमा कम्पनी/संस्था दर्ता गरी कृषि व्यवसाय संचालनका लागि प्रति प्रस्ताव बढीमा रु. विस लाख सम्म अनुदान रकम उपलब्ध गराईने छ।

| सि.नं. | विवरण | सहजीकरण सेवा |
|---|---|---|
| १ | व्यवसायिक रुपले वाली तथा पशुवस्तु उतपादन गर्नको निम्ति उत्पादन सामग्रीहरु तथा पशुधनमा सहयोग (वीउ, बेर्ना, विषादी, सूक्ष्म तथा झोल मल, कृषि चून, प्लास्टिक घर, गाई, भैंसी, बाखा, बंगुर, कुखुरा, हाँस, माछा आदि) | शत प्रतिशत |
| २ | कृषि तथा पशुपंछी उत्पादन सम्बद्ध औजार उपकरणहरु | शत प्रतिशत |
| ३ | व्यवसाय सम्बद्ध भौतिक पुर्वाधार संरचना निर्माणमा | शत प्रतिशत |
| ४ | कृषिजन्य, दुधजन्य, मासुजन्य पदार्थहरुको उत्पादन, विविधिकरण, कृषि तथा पशुपंक्षीजन्य पदार्थहरु प्रशोधन उद्योग तथा बजारिकरण आदि | शत प्रतिशत |

**(४) कार्यक्रम संचालनका आधारभुत पक्ष**

(क) प्रस्ताव छनौट पश्चात प्रस्तावक तथा सम्बन्धित कार्यालयविच प्रचलित ऐन, कानून तथा स्वीकृत स्थानीय दररेटलाई आधार मानी स्वीकृत लागत अनुमान समेत राखी सम्झौता गर्नु पर्नेछ।

(ख) कार्य सम्पन्न भईसकेपछि कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ। सम्पन्न कार्यको मूल्याङ्कन गरी बैंक खाता मार्फत रकम भूक्तानी गरिनेछ।

(ग) कृषि पशु विकास सम्बन्धी कार्यक्रम मार्फत अनुदान पाएका कृषकलाई र एक पटक द्वन्द पिडित तथा शहिद परिवारका कृषक समुदाय लक्षित कार्यक्रममा अनुदान प्राप्त किसानलाई पुनः कार्यक्रममा सहभागी गराईने छैन।

**(५) मुल्याङ्कनका आधारहरुः**

(क) कृषि व्यवसाय प्रतिको अनुभव -२०

(ख) पेश गरेको कार्ययोजना -३०

(ग) प्रस्तावित व्यवसायको प्राविधिक सम्भाव्यता उपयुक्तता -३०

(घ) स्वलगानी तथा उत्पादन हुने वस्तुको बजार संभावना -२०